आर्थिक वर्ष २०८२।०८३ मा

स्थानीय तहवाट सञ्चालन गरिने स्वास्थ्य तर्फका

सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरू सञ्चालन सम्वन्धी मार्गदर्शन

(माननीय मन्त्रीस्तरवाट मिति २०८२।०४।२३ गते स्वीकृत)

नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

रामशाहपथ, काठमाडौं

साउन २०८२

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

विषय सूची

समष्टिगत मार्गदर्शन १

ब.उ.शि.नं. ३७०००११४ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम ३

ब.उ.शि.नं. ३७००१०१२ प्राथमिक स्वास्थ्य सेवा कार्यक्रम ११

ब.उ.शि.नं. ३७००११०१ राष्ट्रिय क्षयरोग केन्द्र १५

ब.उ.शि.नं. ३७००११०२ एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम २५

ब.उ.शि.नं. ३७००११०३ परिवार कल्याण कार्यक्रम ३२

ब.उ.शि.नं. ३७००११०५ महामारी तथा रोग नियन्त्रण कार्यक्रम १५२

ब.उ.शि.नं. ३७००११०७ स्वास्थ्य व्यवस्थापन कार्यक्रम १९९

ब.उ.शि.नं. ३७००११०९ राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र २०१

ब.उ.शि.नं. ३७००१११० राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र २०३

ब.उ.शि.नं. ३७००१११५ उपचारात्मक सेवा महाशाखा २०५

ब.उ.शि.नं. ३७००१११६ नर्सिङ्ग तथा सामाजिक सुरक्षा कार्यक्रम २०९

ब.उ.शि.नं. ३७००३१०२ आयुर्वेद सेवा कार्यक्रम २२१

समष्टिगत मार्गदर्शन

स्वास्थ्य क्षेत्रसँग सम्बद्ध कार्यक्रमहरूको निर्दिष्ट उद्देश्य बमोजिम कार्य सञ्चालनमा एकरूपता भई कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहजीकरण प्रदान गर्ने अपेक्षा सहित यो समष्टिगत मार्गदर्शन तयार गरिएको छ। कार्यक्रम सम्पन्न भएपश्चात सम्वन्धित प्रदेश मन्त्रालय, सङ्घको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय एवम् सम्वन्धित विभाग, महाशाखा तथा केन्द्रमा प्रतिवेदन गर्नु पर्नेछ। स्थानीय तहको आन्तरिक श्रोतबाट सञ्चालित स्वास्थ्य क्षेत्र सम्बन्धित कार्यक्रमहरूको विवरण समेत प्रतिवेदनमा समावेश गर्नुहुन अनुरोध छ।

- कार्यक्रम तथा स्वास्थ्य सेवाको प्रवाह एवम् सेवाको प्रयोगबारेको विवरणका आधारमा कार्यक्रमहरूको नियमित रुपमा अनुगमन गरिने हुँदा स्थानीय तह अन्तर्गत प्रदान गरिने स्वास्थ्य सेवाको तथ्याङ्कीय विवरण स्वास्थ्य सूचना प्रणालीमा मासिक रुपमा प्रविष्ट गर्नु, गराउनु पर्नेछ। साथै अन्य व्यवस्थापन सूचना प्रणालीको मापदण्ड अनुसार तथ्याङ्कको प्रविष्टि तथा प्रतिवेदन गर्नुपर्नेछ।
- कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्राविधिक सहयोग तथा सहजीकरणका लागि प्रदेश मन्त्रालय, स्वास्थ्य निर्देशनालय साथै सङ्घमा सम्बन्धित महाशाखा तथा केन्द्रहरूसँग समन्वय गर्न सकिनेछ। मन्त्रालयबाट कार्यक्रमहरूको अनुगममन हुन सक्नेछ।
- कार्यक्रमका लागि विनियोजित रकम अपुग भएमा वा कार्यक्रम विस्तार गरी सञ्चालन गर्न आवश्यक भएमा दोहोरोपन नहुने गरी स्थानीय तहबाट थप श्रोत परिचालन गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।
- स्थायी कर्मचारीहरूको तलब, भत्ता, पोसाक लगायत अनिवार्य दायित्व तर्फ प्रभावित नहुने गरी बजेटको व्यवस्थापन गर्नुपर्नेछ।
- कार्यक्रम सञ्चालनका लागि यस निर्देशिकामा बाँडफाँडका आधार उल्लेख गरिएकोमा सोहि बमोजिम तथा बाँडफाँडका आधार उल्लेख नगरिएकोमा कार्यक्रम तथा क्रियाकलापको उद्देश्य र अपेक्षित लक्ष्य अनुरुप हुने गरी स्थानीय आवश्यकता तथा विद्यमान नियमानुसार बजेटको बाँडफाँड गरी कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्नुपर्नेछ।
- स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा सुचारूलाई प्राथमिकता दिई सेवा करारका कर्मचारीको व्यवस्थापन गर्नुपर्नेछ।
- महामारी तथा महामारीजन्य अवस्थाको प्रभावकारी व्यवस्थापन तथा नियन्त्रणका लागि आवश्यकता अनुसार प्रदेश तथा सङ्घसँगको समन्वय तथा सहकार्यमा प्राथमिकताकासाथ कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।
- औषधी तथा औषधीजन्य सामग्री खरिद गर्दा सङ्घ तथा प्रदेशबाट प्राप्त नहुने वा कम मात्रामा प्राप्त हुने तथा आधारभूत सेवा प्रवाहका लागि स्थानीय तहमा बढि आवश्यक हुने औषधी तथा सामग्रीहरूलाई प्राथमिकता दिनुपर्नेछ। आवश्यक औषधी तथा औषधीजन्य सामग्रीहरूको

अभाव हुन नदिने गरी प्रदेश सरकारसँग आवश्यक समन्वयका साथै आन्तरिक श्रोत साधनको कुशल व्यवस्थापन मार्फत गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्नुहुनेछ।

- वैदेशिक सहायता समावेश भएको कार्यक्रमको हकमा आवश्यकता अनुसार सम्बन्धित निकायसँगको समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने र तोकिए बमोजिम प्रतिवेदन गर्नुपर्नेछ।
- स्वीकृत कार्यक्रम तथा प्राप्त अख्तियारी अनुसारको निर्देशन र खर्च गर्दा आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, भ्रमण खर्च नियमावली २०६४, कार्य सञ्चालन निर्देशिका २०८१ अनुरुप कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। यसका साथै अर्थ मन्त्रालय तथा यस मन्त्रालयबाट जारी गरिएका निर्देशिका तथा परिपत्र अनुरुप गर्नुहुनेछ।
- कार्यक्रम सम्पन्न भएपश्चात कार्यक्रमसँग सम्वन्धित भौतिक तथा वित्तीय प्रगति लगायतका सबै विवरणहरू समेटी सम्वन्धित विभाग, महाशाखा, केन्द्रलाई अनिवार्य रुपमा प्रतिवेदन गर्नु पर्नेछ।
- कार्यक्रम/तालिम सञ्चालन गर्दा आवश्यकता अनुसार तहाँ प्रदेश तथा स्थानीय तहमा रहेका सङ्घीय अस्पतालहरूसँग समेत समन्वय गर्नु हुनेछ।
- कार्यक्रम सञ्चालन सम्बन्धमा कुनै समस्या हुन गएमा वा थप जानकारी आवश्यक भएमा सम्वन्धित विभाग, केन्द्र, महाशाखासँग समन्वय गर्नुहुनेछ।

ब.उ.शि.नं. ३७०००११४ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम

आधारभूत अस्पताल भवन निर्माण कार्यक्रम

आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रममा "भूगोल र जनसंख्याको आधारमा हरेक स्थानीय तहमा ५ देखि १५ शैय्यासम्मको आधारभूत अस्पताल स्थापना तथा स्तरोन्नती गरिने छ भन्ने उल्लेख भए बमोजिम मिति २०७७।०९।१२ मा माननीय मन्त्रीस्तरवाट २६१ वटा स्थानीय तहहरूमा आधारभूत अस्पताल निर्माण तथा स्तरोन्ती गर्ने निर्णय भएको। आ.व. २०८१।८२ मा निर्माणाधिन ५।१०।१५ शैय्या अस्पतालको सिर्जित दायित्व भुक्तानी वापत "पालिका अन्तरगत निर्माणाधिन ५।१०।१५ शैय्या आधारभूत अस्पतालको मोबिलाईजेसन तथा श्रृजित/दायित्व भुक्तानी" शिर्षकमा सशर्त अनुदानमा रकम विनियोजन भएको छ। सो रकम अधिकार प्राप्त निकायबाट DPR स्वीकृत भई सिर्जित दायित्व मात्र भुक्तानी गर्नुपर्नेछ। प्रगति विवरण यस मन्त्रालयको इमेल ठेगानाः progressreportmohp@gmail.com मा पठाउनु पर्नेछ।

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधी उपचार खर्च बापत उपलब्ध गराइने रकम

मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधी उपचार बापत उपलब्ध गराउने कार्यविधि, २०७८ अनुसार मासिक रु. ५ हजार लक्षित समूहका विरामीहरूको लागि सोधभर्ना रकम स्थानीय तहहरूलाई उपलब्ध गराउदै आएकोमा गरिवी परिचय पत्रका आधारमा मात्र उपलब्ध गराउने र अन्य जिल्लाको हकमा कार्यविधि बमोजिम समितिले सिफारिस अनुसार हुने व्यवस्था मिलाउने गरी सशर्त अनुदानको रुपमा रकम विनियोजन गरिएको छ। सो रकमवाट अघिल्लो आ.व. २०८१।८२ मा भुक्तानी गर्न बाँकी रकम सोधभर्ना उपलब्ध गराउन बाधा पर्ने छैन। क्यान्सरका विरामीलाई रकम उपलब्ध गराउँदा रेडियोथेरापी तथा केमोथेरापी गरिरहेको वा तत्काल सर्जरी गरेको खुल्ने कागजात हुनुपर्नेछ, औषधी सेवन गरिरहेका विरामीहरूको हकमा निरन्तर औषधी सेवन गरिरहेको कागजातवाट खुल्नु पर्नेछ। सोधभर्नाको लागि यस मन्त्रालयको इमेल ठेगानाः mohp.planning@gmail.com मा २०८३ बैशाख मसान्तभित्रै तोकिएको अनुसूची नियमानुसार भरी यस मन्त्रालयमा पुग्ने गरी पठाउनु पर्नेछ। तोकिएको समय भन्दा पछी प्राप्त विवरण तथा माग सम्बोधन गर्न बाध्य हुने छैन। औषधी उपचार खर्च बापत उपलब्ध गराइने रकम र विरामीको विवरण सहितको प्रतिवेदन अनिवार्य रूपमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई गर्नु पर्नेछ।

म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम

नेपालको संविधानले स्वास्थ्य सेवालाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। जनस्तरबाटै जनताको स्वास्थ्य स्तरमा सुधार ल्याउने उद्देश्यले सङ्घीय संरचना अन्तर्गत स्थानीय तहहरूलाई आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन र सेवा प्रवाहको प्रमुख जिम्मेवारी प्रदान गरिएको छ। यसै सन्दर्भमा, स्वास्थ्य क्षेत्रले हालसम्म हासिल गरेका उपलब्धीहरूलाई संस्थागत गर्दै नेपालको संविधान, राष्ट्रिय स्वास्थ्य नीति, सङ्घीय एवम् प्रादेशिक नीति तथा योजना एवम् अन्तराष्ट्रिय प्रतिबद्धता, सम्झौता, घोषणा साथै सम्बन्धित अन्य दस्तावेजहरूको

आधारमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क, गुणस्तरिय सेवामा प्रत्येक नागरिकको पहुँच, आकस्मिक सेवामा सबैको निर्वाध रुपमा पहुँच तथा आफ्नो उपचारको सम्बन्धमा जानकारी पाउने अधिकार, प्रत्येक महिलालाई सुरक्षित मातृत्व एवम् प्रजनन् स्वास्थ्यको सुनिश्चितता गर्न संविधान प्रदत्त जनस्वास्थ्यका विषयको प्रभावकारी कार्यान्वयन गर्न, अस्वस्थकर जीवनशैलीका कारण वढ्दो नसर्ने रोगको भारलाई न्यूनीकरण गर्न, रोग लागेपछि उपचारमात्र होइन रोग लाग्नै नदिन व्यक्ति र समुदायस्तरबाटै प्रवर्द्धनात्मक कार्यक्रमलाई केन्द्रित गरी **"म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम"** तय गरी एक स्थानीय तहः एक जनस्वास्थ्य अधिकृतको व्यवस्था गरिएको छ। प्रत्येक स्थानीय तहमा निर्वाचित प्रमुख तथा पदाधिकारी र कार्यकारी प्रमुख प्रति प्रत्यक्ष उत्तरदायी र जवाफदेही हुने गरि खटिएका जनस्वास्थ्य अधिकृतहरूको नीति, कार्यक्रम, रणनीति र जनस्वास्थ्य कार्यक्रम तथा अभियानहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न महत्वपूर्ण भूमिका, जिम्मेवारी तथा अधिकार रहने छ।

उद्देश्यहरूः

स्थानीय तहहरूमा देहाएका उद्देश्य हासिल गर्नका लागि जनस्वास्थ्य अधिकृतहरू खटाईनेछ।

- सम्बन्धित गाउँ/नगरपालिकामा समग्र जनस्वास्थ्य प्रणालीको सबलीकरण र सुदृढीकरण गर्न सहयोग गर्नु।
- तथ्यमा आधारित योजना तर्जुमा, अभिलेखीकरण तथा कार्यान्वयन तथा प्रतिवेदनमा प्राबिधिक नेतृत्व प्रदान गर्नु। जनस्वास्थ्य कार्यक्रमहरूको सञ्चालन, समन्वय, निगरानी गर्नु।
- स्वास्थ्य कार्यक्रमहरूको सञ्चालन, समन्वय, निगरानी र सहयोगात्मक सुपरिवेक्षण तथा मूल्याङ्कन गर्नु।
- बहुपक्षीय समन्वयद्वारा सर्ने, नसर्ने तथा मानसिक रोग रोकथाम, नियन्त्रण तथा व्यवस्थापन तथा गुणस्तरीय स्वास्थ्य सेवाको व्यवस्थापनमा पैरवी तथा सहजीकरण गर्नु।
- समुदाय केन्द्रित जनस्वास्थ्य कार्यक्रम, विद्यालय स्वास्थ्य कार्यक्रम, नागरिक आरोग्य जस्ता कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि नेतृत्व गर्नु।
- प्रत्यायोजित अधिकारको अधिनमा रही तोकिए बमोजिमका कार्यक्रम तथा क्रियाकलापहरू गर्ने।

कार्य विवरण (Job Descriptions)

पद (Post)	जनस्वास्थ्य अधिकृत
तह (Level)	अधिकृत सातौ
सेवा (Service)	नेपाल स्वास्थ्य
समुह (Group)	हेल्थ इन्सपेक्सन
न्युनतम शैक्षिक योग्यता (Minimum Acedemic Qualifications)	जनस्वास्थ्य बिषयमा कम्तिमा स्नातक तह योग्यता हासिल गरेको
उत्तरदायित्व Responsible to	प्रमुख प्रशासकीय अधिकृत
सुपेरिबेक्षण (Supervision)	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य बिषय हेर्ने प्रादेशिक स्वास्थ्य मन्त्रालय तथा निर्देशनालय, जिल्ला स्थित स्वास्थ्य कार्यालय सम्बन्धित स्थानीय तह
सम्बन्ध (Relation)	स्थानीय तह स्वास्थ्य शाखा, तालुक निकाय तथा मातहातका स्वास्थ्य संस्थाहरू,

	अस्पतालहरू, निजी क्षेत्र, गैरसरकारी संस्थाहरू, बिषयगत कार्यालय तथा निकायहरू
कार्यक्षेतत्र (Scope)	यो कार्यविधि स्थानीय तहहरूमा लागू हुनेछ, नेपाल सरकारले छुट्टाएको बजेट अनुसार सम्बन्धित स्थानीय तहबाट जनस्वास्थ्य अधिकृतको पदस्थापन हुनेछ, स्थानीय तह र अन्तर्गत प्रदान गरिने प्रतिकारात्मक, प्रवर्द्धनात्मक सेवाको कार्यान्वयन, समन्वय, सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने तथा तपसिलमा उल्लेखित कार्यसम्पादन गर्ने गरि जनस्वास्थ्य अधिकृतको प्रमुख कार्य तथा जिम्मेवारीहरू (ToR) तय गरिएको छ।
सेवा अवधि र मूल्याङ्कन	सेवाको प्रकारः सेवा करार सेवा अवधिः चालु आर्थिक वर्षको १० महिनाका लागि पुग्ने गरी रकम व्यवस्थापन गरिएको छ। स्थानीय तहले आवश्यक ठानेमा स्थानीय तहको स्रोतवाटै तलव भत्ता व्यवस्थापन हुने गरी सेवा अवधि थप गर्न सक्नेछ। छनौट प्रकृयाः प्रचलित नियमानुसार प्रतिस्पर्धाका आधारमा कर्मचारी नियुक्ति गर्नु पर्नेछ। कार्यसम्पादन मूल्याङ्कनः गुणस्तर, समन्वय तथा नवप्रवर्तनलाई मूल्याङ्कनका आधार मानी अर्धवार्षिक र वार्षिक रुपमा गरिनेछ। कर्मचारीको नियुक्ति पश्चात कर्मचारीको नाम, मोवाइल नम्वर, इमेल आदि विवरण खुलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई जानकारी दिनु पर्नेछ।

जनस्वास्थ्य अधिकृतको प्रमुख कार्य विवरण तथा जिम्मेवारीहरू (Term of Reference)

योजना तर्जुमा, नीति र कार्यान्वयन

- स्थानीय तहका स्वास्थ्य सूचकांक पहिचान एवम् विश्लेषण गरि तथ्यमा आधारित (Evidence-Based), नवप्रवर्तनकारी कार्यक्रमहरू सहितको योजना तर्जुमा प्रस्तुत गर्ने, स्थानीय स्वास्थ्य नीति तर्जुमामा सहजीकरण गर्ने।
- राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्वास्थ्य नीति, रणनीति, कार्ययोजना र निर्देशिकाहरूको पालना गरी स्थानीय अबस्था र आवश्यकता अनुसार तथ्यमा आधारित योजना तर्जुमा तथा कार्ययोजना तयार गर्न प्राविधिक नेतृत्व प्रदान गर्ने।
- स्थानीय तहको परिवार स्वास्थ्य प्रोफाइल (Family Health Profile) तयार गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने।

जनस्वास्थ्य कार्यक्रमहरू व्यवस्थापन, सञ्चालन तथा सहजीकरण

- बाल स्वास्थ्य (खोप, पोषण तथा ५ वर्ष मुनिका बालबालिकाहरूको रोगको एकीकृत व्यवस्थापन कार्यक्रम) परिवार स्वास्थ्य (परिवार नियोजन, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य) रोग नियन्त्रण (क्षयरोग, कुष्ठरोग, एचआईभी/एड्स, मलेरिया, कालाजार लगायत कीटजन्य रोगहरू), स्वास्थ्य आपूर्ति व्यवस्थापन कार्यक्रम लगायतका आधारभूत स्वास्थ्य सेवा तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।

- जनस्वास्थ्य आपतकालिन अवस्थाहरू जस्तै; संक्रामक रोगहरूको महामारी, बाढी, पहिरो, भूकम्प पश्चात् हुने विपद आदिको, पूर्व तयारी, आपतकालीन व्यवस्थापन सहजीकरण र प्रतिकार्य योजना कार्यान्वयनमा प्राविधिक नेतृत्वका साथै विपद जोखिम सञ्चार र अभिलेख प्रतिवेदन गर्ने।
- स्थानीय द्रुत प्रतिकार्य टोली (RRT) तथा समितीसँग सहकार्य, पैरवी र जनस्वास्थ्य निगरानी तथा वकालत कार्य (Public Health Surveillance) सुदृढीकरण गर्ने।
- जनस्वास्थ्यका राष्ट्रिय, प्रादेशिक तथा स्थानीय अभियानहरू सञ्चालनमा प्राबिधिक सहजीकरण गर्ने, (बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन कार्यान्वयन, निरोगी नेपाल अभियान, क्षयरोग मुक्त पालिका अभियान, बाल बिबाह मुक्त अभियान आदि)।
- "क्षयरोग मुक्त पालिका आभियान" सञ्चालनका लागि स्क्रिनिङ, निगरानी, परीक्षण र पहिचानमा पहुँच वृद्धि, गरि, गुणस्तरीय उपचार सेवा सुनिश्चितता र सामुदायिक सहभागिता तथा सचेतना अभिवृद्धि गर्ने कार्यमा संयोजकको भूमिकामा कार्यसम्पादन गर्ने।
- नागरिक आरोग्य कार्यक्रम अन्तर्गत स्वास्थ्य जाँच, जीवनशैली सुधार, समुदाय योग कार्यक्रम संचालनार्थ सम्बन्धित पक्ष र समुदायसँग समन्वय, सहजीकरण गर्ने।
- समुदाय केन्द्रित जनस्वास्थ्यका अभियान तथा क्रियाकलापहरू सञ्चालन सहजीकरण, तथा अनुगमन र सुपेरिबेक्षण गर्ने, स्वास्थ्य कार्यक्रमहरूको तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सहजीकरण गर्ने।

नसर्ने रोग तथा मानसिक स्वास्थ्य कार्यक्रम व्यवस्थापन

- "फागुन महिनाः नसर्ने रोगको स्क्रिनिङ महिना" कार्यक्रमलाई प्रभावकारी बनाउन अग्रसरता लिने, जोखिमयुक्त समुह, समुदाय र टोलमा जनस्वास्थ्य प्रबर्द्धन, मेला तथा शिविर साथै स्वास्थ्य संस्था मार्फत नियमित स्क्रिनिङको लागि आवश्यक व्यवस्था मिलाउन सहजीकरण गर्ने; सोको अभिलेख र प्रतिवेदन गर्ने।
- नसर्ने रोगहरू तथा मानसिक स्वास्थ्य सम्बन्धी समुदायमा निरोधात्मक र प्रवर्धनात्मक कार्यक्रमहरू सञ्चालन गरी नसर्ने रोगहरू तथा मानसिक स्वास्थ्य समस्याहरू पहिचान, उचित परामर्श, उपचार तथा प्रेषण गर्ने व्यवस्था मिलाउने, सहजीकरण गर्ने।
- कडा तथा दीर्घरोगको उपचार गराइरहेका वा औषधी सेवन गरिरहेका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका स्वास्थ्य संस्थामा जान नसक्ने व्यक्तिहरू तथा अन्य जोखिम समुदायहरूको लगत तयार गर्ने, साथै घरदैलो स्वास्थ्य सेवाको व्यवस्थापन गर्न सहजीकरण गर्ने।
- स्वस्थकर व्यवहार र जीवनशैली, सन्तुलित पौष्टिक आहारको प्रवर्द्धन, रैथाने स्वस्थकर खानपान, स्वस्थ भान्सा र स्वच्छता प्रवर्द्धन, पोषण गृह उद्यान, नमुना तथा स्वस्थ गाउँ, टोल र शहरका लागि पहलकदमी लिने, नसर्ने रोगका कारक तत्वहरू निरुत्साहित गर्ने अभियान सञ्चालन गर्ने।

बहुक्षेत्रीय समन्वय

- एक स्वास्थ्य रणनीति (One Health Strategy) को अवधारणा कार्यान्वयनको लागि सम्बन्धित पक्षहरूसँग आवश्यक समन्वय, पैरवी र सहजीकरण गर्ने।
- हरेक नीतिमा स्वास्थ्य अवधारणा (One Health Concept) बमोजिम स्थानीय तहका अन्य शाखा (शिक्षा, कृषि तथा पशुपन्छी विकास, महिला तथा बालबालिका, वन तथा वातावरण, खानेपानी तथा सरसफाई आदि) सँग विभिन्न Cross Cutting Issues मा पैरवी, सहकार्य, नीति र कार्यक्रमगत समन्वय गर्ने।

- स्थानीय तह तथा अन्तर्गतको स्वास्थ्य समिति र सामाजिक विकास समिति तथा जनप्रतिनिधिसँग नियमित समन्वय र पैरवी तथा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति एवम् जनप्रतिनिधिहरूसँग निरन्तर समन्वय गरी जनस्वास्थ्य प्रवर्द्धनका विषयमा सहजीकरण गर्ने, क्षमता विकास कार्य गर्ने।
- पेशागत स्वास्थ्य, खानेपानी गुणस्तर निगरानी, खाद्य सम्प्रुभता तथा स्वच्छता, घरायासी एबम स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन लगायतका विषयमा नीतिगत सहजीकरण तथा समुदाय स्तरमा गतिविधी सञ्चालन गर्न समन्वय, पैरवी र सहजीकरण गर्ने।
- वातावरणीय स्वास्थ्य र जलवायु परिवर्तनबाट जनस्वास्थ्यमा पारेको असर बारेमा अग्रसरता लिई जलवायु परिवर्तन तथा स्वास्थ्य चुनौतीको समाधान सहितको क्लाइमेट हेल्थ रेजिलियन्स स्थानीय तह निर्माणको लागि पैरवी गर्ने।

स्वास्थ्य सेवा गुणस्तर सुधार

- स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्न आवश्यक अनुगमन तथा पृष्ठपोषण गर्ने साथै सेवाग्राहीको गुनासो व्यवस्थापन प्रणाली स्थापना तथा सुदृढीकरण गर्न समन्वय र सहजीकरण गर्ने।
- स्वास्थ्य कार्यक्रमहरूको तालिम आबश्यकता पहिचान गरि सोहि बमोजिम क्षमता अभिवृद्धि, तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन एवम् सहजीकरण गर्ने।
- स्वास्थ्य सुशासनको सूचकहरूले पूर्णता पाउने गरि कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने।
- स्वास्थ्य संस्थाहरूको न्यूनतम सेवा मापदण्डको कार्यान्वयन एबम कार्ययोजना पूर्णतामा सहजीकरण गर्ने।
- Nepal Health Facility Registry (NHFR) र Nepal Health Workforce Management Information System (NHWMIS) अनलाइन प्रवष्टि एवम् नियमित अद्यावधिक कार्य गर्ने/गराउने।
- स्वास्थ्य कार्यक्रमका कार्यक्रमगत प्रोटोकल एवम् निर्देशिका बमोजिम कार्यसम्पादन भएको सुनिश्चित गर्ने।

जनस्वास्थ्य प्रवर्द्धन तथा जनचेतना कार्यक्रम

- स्थानीय तहमा जनस्वास्थ्य जोखिम मूल्याङ्कन एवम् जोखिम समुह पहिचान गरी, उक्त समुहका व्यक्तिहरूको नियमित परीक्षण, परामर्श लगायतका सेवा उपलब्ध गराउनको लागि योजना तर्जुमा गर्ने।
- स्वास्थ्य प्रबर्धन अभियान, स्वास्थ्य सम्बन्धी विभिन्न दिवस मनाउने, सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन, लागुऔषध प्रयोग न्यूनीकरण, नसर्ने रोगको स्क्रिनिङ, मानसिक स्वास्थ्य प्रवर्द्धन, वातावरणीय सरसफाई तथा स्वच्छता, मेला महोत्सबमा स्वास्थ्य प्रदर्शनी आदिको योजना, व्यवस्थापन र सञ्चालनमा सहजीकरण तथा नेतृत्व गर्ने।
- "बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम" सञ्चालन सहजीकरण एवम् पैरवी कार्य, साथै बिद्यालय स्वास्थ्य शिक्षक तथा नर्सलाई अभिमुखीकरण कार्य गर्ने। Junk Foods नियन्त्रण लगायतका अभियान सञ्चालन गर्ने। विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरि विद्यालय स्तरमा बिद्यार्थी स्वास्थ्य दूत कार्यक्रम सञ्चालन गर्ने, विद्यालय-घर सन्देश प्रवाह अभियान थालनी गर्ने।

- सडक सवारी दुर्घटना नियन्त्रण, अखाद्य वस्तु बिक्री वितरण न्यूनीकरण, कृषिजन्य बिषादी न्यूनीकरण क्रियाकलापमा पहलकदमी र पैरवी गर्ने।
- स्वस्थकर जीवनशैलीका लागि शारीरिक व्यायामको प्रोत्साहन गर्न समुदायमा व्यायाम र शारीरिक सक्रियताका अभियान योग तथा खेलकुद कार्यक्रम सञ्चालनका लागि समन्वय गर्ने।
- गाउँ/नगरपालिकाभित्र रहेका खानेपानी मुहान तथा आयोजनाको गुणस्तर निगरानी तथा परीक्षण लगायत सरसफाइको अवस्था अनुगमन, अभिमुखीकरण, अनुशिक्षण प्रदान गर्ने।
- स्थानीय जनप्रतिनिधि, राजनीतिक नेतृत्व, समुदायका अगुवा र सामाजिक सङ्ग सस्था, युवा महिला र अन्य सरोकारवालाका वीचमा "जनस्वास्थ्य संवाद" गर्ने।
- स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारी कार्यन्वयनकालागि स्थानीय तहको योजना तर्जुमा र बजेट व्यवस्थापन कार्यमा सहजीकरण गर्ने, बीमामा नागरिकको आबद्धता बढाउन जनचेतना अभिवृद्धि गर्ने, सूचीकृत सेवा प्रदायक स्वास्थ्य संस्थाहरूसँग स्वास्थ्य बीमाको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने।

अध्ययन, विश्लेषण, प्रतिवेदन तथा अभिलेखीकरण

- स्थानीय तहमा सञ्चालन हुने स्वास्थ्य गतिविधिहरू तथा सेवा प्रवाहको नियमानुसार (DHIS2/HMIS, eTB, eLMIS, PAMS आदि) अभिलेख र प्रतिवेदन सुनिश्चित गर्ने र विश्लेषण सहितको मासिक, चौमासिक र वार्षिक समीक्षा गरि प्रतिवेदन तयार गर्ने र तोकिए बमोजिमका निकायमा पेस गर्ने।
- स्थानीय तहमा विद्यमान स्वास्थ्य अवस्था, अवसर तथा चुनौती लगायतका विषयमा अध्ययन, प्रतिवेदन विश्लेषण गरी नियमित जनस्वास्थ्य बुलेटिन, पार्श्वचित्र प्रकाशन गर्ने, तथ्यगत सिफारिस गर्ने।
- सबै कार्यक्रमको दस्तावेजहरू सम्भब भए सम्म Digital Platform मा राख्ने, सफलता र चुनौतीहरूको विश्लेषण सहितको अभिलेख राख्ने र उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने

सिकलसेल एनिमिया, थालासेमिया लगायतका रक्तजन्य रोगीहरूको सचेतना कार्यक्रम

परिचय	हेमोग्लोबिनोप्याथी सम्बन्धी रोग जस्तै सिकलसेल एनिमिया, थालासेमिया आदि देशभरि नै विद्यमान भएपनि नेपालको लुम्बिनी र सुदुरपश्चिम प्रदेशमा रोगको भार ज्यादा छ। यी समस्याहरूको सम्बोधनका लागि नेपाल सरकारले विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। हेमोग्लोबिनोप्याथी सम्बन्धी रोगहरूको समुदायमा पहिचान तथा व्यवस्थापनका लागि विविध कार्यक्रम सञ्चालन गर्नु पर्दछ।
उद्देश्य	हेमोग्लोबीनोप्याथी जस्तै सिकलसेल एनिमिया, थालासेमिया लगायतका रक्तजन्य रोगहरू सम्बन्धी समुदायमा ज्ञान, सीप र धारणाको अभिवृद्धि गरि जनचेतना अभिवृद्धि गर्ने
अपेक्षित प्रतिफल	• Hemoglobinopathy, Sickle Cell Anaemia and Thalassaemia को बारेमा जनचेतना अभिवृद्धि हुने • Hemoglobinopathy, Sickle Cell Anaemia and Thalassaemia रोगको सुरुकै अवस्थामा पहिचान हुने साथै निदान र उपचारमा सहजता हुने
कार्यान्वयन गर्ने निकाय	सम्बन्धित स्थानीय तहहरू
सञ्चालन प्रक्रिया	१. स्थानीय तहमा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रमः

- सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि, समुदाय लगायत स्वास्थ्यकर्मीहरूलाई समावेश गरि अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने
- स्रोत व्यक्तिः प्रदेश अन्तर्गतको जिल्ला स्वास्थ्य कार्यालयहरूबाट सो सम्बन्धी विषय विज्ञ
- सहभागीः स्थानीय तहका जनप्रतिनिधि, उपभोक्ता हित संरक्षण मञ्च, युवा क्लब, पत्रकार, हेमोग्लोबिनोप्याथी सम्बन्धी कार्यरत विभिन्न सङ्घ संस्थाहरू, स्थानीय तह भित्रका सङ्घीय र प्रदेश अस्पताल, आधारभूत अस्पताल, आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट स्वास्थ्यकर्मीहरू, प्रदेश स्थित निजी, सामुदायिक अस्पतालहरू, सामुदायिक महिला स्वास्थ्य स्वयं सेवक, सिकलसेल एनिमिया, थालासेमिया लगायतका रक्तजन्य रोगहरूका बिरामीहरू आदि
- सहभागी संख्याः ३५-४०, अवधिः १ दिन

२. Hemoglobinopathy (Sickle Cell Anaemia and Thalassaemia) सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नेः

- स्थानीय तहमा रहेका एफ.एम. रेडियो मार्फत उल्लेखित स्वास्थ्य समस्याबाट बच्ने उपायहरू प्रसारण
- स्थानीय मेला पर्वको अवसरमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने
- स्वास्थ्य शिक्षा सामग्री छपाई गरि स्वास्थ्य संस्था मार्फत वितरण गर्ने
- बिद्यालय स्वास्थ्य शिक्षा

स्थानीय तहको आवश्यकतालाई ध्यानमा राखेर थप बजेटको व्यवस्था गरि कार्यक्रमलाई अझै प्रभावकारी बनाउन सक्नेछन।

बजेट बाँडफाँड

स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत तल उल्लेखित प्रत्येक स्थानीय तहका लागि रु. १ लाख बजेट बिनियोजन भएको छ।

लुम्बिनी प्रदेश

सि.नं.	स्थानीय तह कोड	स्थानीय तहको नाम	जिल्ला
१	८०१०५०३२	घोराही उपमहानगरपालिका	दाङ
२	८०१०५०३३	तुल्सीपुर उपमहानगरपालिका	दाङ
३	८०१०५०३४	नेपालगञ्ज उपमहानगरपालिका	बाँके
४	८०१०५१२५	लमही नगरपालिका	दाङ
५	८०१०५१२६	कोहलपुर नगरपालिका	बाँके
६	८०१०५१२७	गुलरिया नगरपालिका	बर्दिया
७	८०१०५१२८	ठाकुरबाबा नगरपालिका	बर्दिया
८	८०१०५१२९	बाँसगढी नगरपालिका	बर्दिया
९	८०१०५१३०	मधुवन नगरपालिका	बर्दिया
१०	८०१०५१३१	राजापुर नगरपालिका	बर्दिया
११	८०१०५१३२	बारबर्दिया नगरपालिका	बर्दिया
१२	८०१०५३५९	गढवा गाउँपालिका	दाङ
१३	८०१०५३६०	दंगीशरण गाउँपालिका	दाङ
१४	८०१०५३६१	बंगलाचुली गाउँपालिका	दाङ

१५	८०१०५३६२	बबई गाउँपालिका	दाङ
१६	८०१०५३६३	राजपुर गाउँपालिका	दाङ
१७	८०१०५३६४	राप्ती गाउँपालिका	दाङ
१८	८०१०५३६५	शान्तिनगर गाउँपालिका	दाङ
१९	८०१०५३६६	खजुरा गाउँपालिका	बाँके
२०	८०१०५३६७	जानकी गाउँपालिका	बाँके
२१	८०१०५३६८	डुडुवा गाउँपालिका	बाँके
२२	८०१०५३६९	नरैनापुर गाउँपालिका	बाँके
२३	८०१०५३७०	बैजनाथ गाउँपालिका	बाँके
२४	८०१०५३७१	राप्तीसोनारी गाउँपालिका	बाँके
२५	८०१०५३७२	गेरुवा गाउँपालिका	बर्दिया
२६	८०१०५३७३	बढैयाताल गाउँपालिका	बर्दिया

सुदुरपश्चिम प्रदेश

२७	८०१०७०३१	धनगढी उपमहानगरपालिका	कैलाली
२८	८०१०७१०१	गोदावरी नगरपालिका	कैलाली
२९	८०१०७१०२	गौरीगंगा नगरपालिका	कैलाली
३०	८०१०७१०३	घोडाघोडी नगरपालिका	कैलाली
३१	८०१०७१०४	टिकापुर नगरपालिका	कैलाली
३२	८०१०७१०५	भजनी नगरपालिका	कैलाली
३३	८०१०७१०६	लम्किचुहा नगरपालिका	कैलाली
३४	८०१०७३०१	कैलारी गाउँपालिका	कैलाली
३५	८०१०७३०२	चुरे गाउँपालिका	कैलाली
३६	८०१०७३०३	जानकी गाउँपालिका	कैलाली
३७	८०१०७३०४	जोशीपुर गाउँपालिका	कैलाली
३८	८०१०७३०५	बर्दगोरिया गाउँपालिका	कैलाली
३९	८०१०७३०६	मोहन्याल गाउँपालिका	कैलाली
४०	८०१०७१२७	कृष्णपुर नगरपालिका	कन्चनपुर
४१	८०१०७१२८	पुनर्वास नगरपालिका	कन्चनपुर
४२	८०१०७१२९	बेदकोट नगरपालिका	कन्चनपुर
४३	८०१०७१३०	बेलौरी नगरपालिका	कन्चनपुर
४४	८०१०७१३१	भिमदत्त नगरपालिका	कन्चनपुर
४५	८०१०७१३२	माहाकाली नगरपालिका	कन्चनपुर
४६	८०१०७१३३	शुक्लाफाँट नगरपालिका	कन्चनपुर
४७	८०१०७३५३	बेलडाँडी गाउँपालिका	कन्चनपुर
४८	८०१०७३५४	लालझाडी गाउँपालिका	कन्चनपुर

अनुगमन तथा सुपरिबेक्षण	अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दा स्वास्थ्य कार्यालय र स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखासँग समन्वय र सहकार्य गर्नुपर्ने छ।
अभिलेख प्रतिवेदन	कार्यक्रम सम्पन्न भए पश्चात अनिवार्य रुपमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको इमेलमा प्रतिवेदन पेस गर्नु पर्नेछ।
सन्दर्भ सामग्री	National Guideline for Haemoglobinopathies 2081 सचेतना कार्यक्रमका लागि राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रबाट निर्मित स्वास्थ्य सामग्रीहरू केन्द्रको वेबसाइट तथा फेसबुक पेजबाट प्राप्त गर्न सकिनेछ। साथै थप सहयोग आवश्यक भए केन्द्रमा सम्पर्क गर्न सकिनेछ। www.nheicc.gov.np, www.edcd.gov.np www.facebook.com/nheicc.nepal

ब.उ.शि.नं. ३७००१०१२ प्राथमिक स्वास्थ्य सेवा कार्यक्रम

स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरूमा कार्यरत स्थायी कर्मचारीहरूको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोसाक भत्ता

परिचय	कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरू समायोजन भई कार्यरत रहेका स्थानीय तह अन्तर्गत रहेका स्थायी दरबन्दीमा शुरुमा पदस्थापन भएका (स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरूमा) स्थायी कर्मचारीहरूको कर्मचारी समायोजन ऐन, २०७५ बमोजिमको स्वीकृत दरवन्दी तथा पद/तह अनुसारको मात्र हिसाव गरी तलव, महगी भत्ता र पोसाक भत्ता लगायत अनिवार्य दायित्व भुक्तानीको लागि यो कार्यक्रम राखिएको छ।
उदेश्य	नेपाल सरकार, स्वास्थ्य सेवा तर्फका स्थायी कर्मचारीहरू (स्वीकृत दरवन्दी अनुसार) लाई तलव, भत्ता र पोसाक भत्ता उपलब्ध गराउने
अपेक्षित प्रतिफल	स्थानीय तहहरूमा रहेका स्वास्थ्य संस्थामा स्वीकृत दरवन्दी अनुसारका चिकित्सक, नर्स, स्वास्थ्यकर्मीहरू, करारका कार्यालय सहयोगीहरूले तलव, महङ्गी भत्ता समयमै प्राप्त गरेको हुनेछ।
सञ्चालन प्रकृया	स्वास्थ्य संस्थामा कार्यरत देहाय अनुसारका कर्मचारीहरूको नियमानुसार तलव भत्ता भुक्तानी गर्नेः • स्थानीय तहका स्वास्थ्य शाखामा कार्यरत स्थायी कर्मचारीहरू • स्वास्थ्य चौकीमा कार्यरत स्थायी कर्मचारीहरू • प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत स्थायी कर्मचारीहरू • स्थानीय तहका अस्पतालमा कार्यरत स्थायी कर्मचारीहरू • स्थानीय तहका आयुर्वेद औषधालयहरूमा कार्यरत स्थायी कर्मचारीहरू • स्वीकृत दरबन्दी अनुसार स्थानीय तहको स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरू • दरबन्दी रिक्त रही सेवा निरन्तरता दिन दरबन्दी करारमा कार्यरत कार्यालय सहयोगीहरू • नेपाल सरकरकाले कडा रोग भनि तोकेका रोगहरूलागि सङ्घीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले काम काज गर्न खटाएका पदाधिकारीको हकमा भने तलव भत्ता भुक्तानी गर्न बाधा पर्ने छैन। (मृगौला प्रत्यारोपण गरेका, डाइलाईसिस गराई रहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात) यदि कडा रोगलागेका कर्मचारीहरूले स्वेच्छाले दरबन्दी मिलान गरी

	नगएको हकमा नियमानुसार कामकाज लगाइ भुक्तानी गर्ने। • स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग र प्रदेश स्वास्थ्य मन्त्रालय वा निर्देशनालय मार्फत छात्रबृत्ति करारमा खटाइएका विशेषज्ञ चिकित्सक/चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको तलव भत्ता लगायतका सुविधाहरू सम्बन्धित प्रदेश मन्त्रालय/ निर्देशनालयमा एकमुष्ठ पठाईएकोले उक्त कर्मचारीहरूको तलव भत्ता प्रदेश मार्फत भुक्तानी हुने गरी स्थानीय तहले प्रदेशसँग समन्वय गरी तलव भत्ताको व्यवस्था मिलाउने। स्वास्थ्य संस्थामा कार्यरत देहाय अनुसारका कर्मचारीहरूको तलव भत्ता भुक्तानी यस शिर्षकबाट नगर्नेः • प्रदेश तथा स्थानीय तहबाट O&M सर्भे भई दरबन्दी कायम भएका, स्तरबृद्धी भएका तथा सङ्घीय सरकारलाई आर्थिक भार पर्ने गरी स्थानीय तहबाटै दायित्व सृजना भएका पद तथा उक्त पदमा कार्यरत कर्मचारीहरूको तलव भत्ता यस शिर्षकमा प्राप्त रकमबाट भुक्तानी गर्न पाईने छैन। • सम्बन्धित स्थानीय तहमा दरबन्दी मिलान भएको तर अन्यत्र निकायमा कामकाज गर्ने गरी खटिईएका कर्मचारीहरूको तलव भत्ता यस शिर्षकमा प्राप्त रकमबाट भुक्तानी गर्न पाईने छैन।
बजेट बाँडफाँड	कर्मचारीहरूको तलब, महंगी भत्ता, स्थानीय भत्ता, पोसाक लगायत अनिवार्य दायित्वमा बाहेक अन्य शिर्षकमा रकम विनियोजन गर्न पाइने छैन।
निर्णय	स्वास्थ्य सेवाका कर्मचारीहरूको दरबन्दी मिलान/कामकाजमा खटाउने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्वाट भएको निर्णय कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन भई कार्यरत स्वास्थ्यकर्मीहरूको व्यवस्थापन सम्बन्धमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा बमोजिम देहायबमोजिम गर्न स्वीकृति प्रदान भएको। क. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन हुँदा समायोजन हुन नसकी फाजिलमा रहेका, दरबन्दी नभएको तहमा समायोजन भएका र दरबन्दीभन्दा बढि समायोजन भएका स्वास्थ्यकर्मीको सम्बन्धमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम सम्बन्धित प्रदेश वा स्थानीय तहको सहमति र त्यस्ता कर्मचारीको माग बमोजिम प्रदेश वा स्थानीय तहमा एक पटकका लागि आर्थिक वर्ष २०८१।०८२ भित्र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वीकृत रिक्त दरबन्दीमा समायोजन गर्ने। ख. कर्मचारी समायोजनको क्रममा प्रदेश र स्थानीय तहमा समायोजन भएका तर सो समयमा पत्र जारी हुन बाँकी स्वास्थ्यकर्मीको हकमा समायोजन पत्र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गर्ने। ग. कर्मचारी समायोजन ऐन २०७५ बमोजिम सङ्घ पुलमा समायोजन भएका चिकित्सक र मेडिकल बोर्डको सिफारिसमा सङ्घ पुलमा समायोजन भएका स्वास्थ्यकर्मीको प्राथिमकता समेतलाई हेरी आर्थिक वर्ष २०८१।०८२ भित्र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सङ्घ/प्रदेश/स्थानीय तहको रिक्त दरबन्दीमा समायोजन गर्ने। घ. सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन भई कार्यरत स्वास्थ्यकर्मीलाई प्रदेश वा स्थानीय

	तहको दोहोरो सहमतिका आधारमा माग बमोजिम दरबन्दी तथा तलव सुनिश्चितगरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले देहाय बमोजिम कामकाजमा खटाउने। १. सङ्घबाट प्रदेश तथा स्थानीय तहमा २. एक प्रदेशबाट अर्को प्रदेशमा ३. एक स्थानीय तहबाट अको स्थानीय तहमा ङ. साविकमा मेडिकल अधिकृतको पदमा स्थानीय तहमा समायोजन भई हाल विशेषज्ञता MD/MS हासिल गरेका चिकित्सकलाई निज कार्यरत रहेको स्थानीय तह तथा सम्बन्धित प्रदेशको सहमतिका आधारमा आवश्यकता अनुसार निजको योग्यता र विशेषज्ञताको उपयोग हुने गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले हाललाई प्रदेश वा अन्तर्गत कामकाजमा खटाउने। च. स्थानीय तह र प्रदेशमा स्वीकृत दरबन्दीभन्दा बढी कामकाजमा खटिएका स्वास्थ्यकर्मीलाई स्वीकृत दरबन्दीभन्दा बढी नहुने गरी अन्तर स्थानीय तह समन्वय गरी प्रदेशभित्रको स्थानीय तहमा सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आर्थिक वर्ष २०८१।०८२ भित्र दरबन्दी मिलान गर्ने। छ. कर्मचारी सरुवा तथा व्यवस्थापन सम्बन्धी कानून नवनेको प्रदेशको हकमा प्रदेशमा समायोजन भएका स्वास्थ्यकर्मीको सम्बन्धित प्रदेश भित्रका कार्यालय र स्थानीय तहमा समायोजन भएका स्वास्थ्यकर्मीको प्रदेशभित्रको स्थानीय तहको दोहोरो सहमतिका आधारमा दरवन्दी तथा तलवको सुनिश्चित गरी मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले देहाय बमोजिम कामकाजमा खटाउने। १. प्रदेश तहमा समायोजन भएका स्वास्थ्यकर्मीलाई प्रदेशस्तरीय कार्यालयहरूमा। २. स्थानीय तहमा समायोजन भएका स्वास्थ्यकर्मीहरूलाई प्रदेशभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ज. उल्लिखित प्रक्रियाबाट व्यवस्थापन गरिएका कर्मचारीको अद्यावधिक विवरण स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले राख्ने
थप तलव भत्ता माग	थप तलव भत्ता माग गर्ने आधारहरुः • स्वीकृत दरवन्दी भित्रका स्थायी कर्मचारीहरूको सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पास भएको विवरणको प्रमाणित छायाप्रति। • केही स्थानीय तहहरूमा दरबन्दी भन्दा केही बढी संख्यामा नेपाल सरकारले तोकेका कडा रोग (मृगौला प्रत्यारोपण गरेका, डाइलाईसिस गराई रहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात) भएका र मेडिकल बोर्डबाट सिफारिस भएका स्वास्थ्यकर्मीहरू समायोजन एवम् मन्त्रालयले काम काज गर्ने वा अर्को व्यवस्था नभए सम्मका लागि भनी तोकेका कर्मचारी पदाधिकारीहरूको हकमा छुट्टै विवरण र रोग प्रमाणित कागजात। • आ ब २०८२/०८३ को बजेट मार्फत थप भएको महङ्गी भत्ता स्वीकृत दरवन्दी भित्रका स्थायी कर्मचारीहरूको। • थप तलव भत्ता माग गर्दा २०८३ बैशाख मसान्त भित्र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा पुग्ने गरी पठाउनु पर्नेछ। • तोकएबाहेकको विवरणका आधारमा बाहेक थप तलव भत्ता गर्नु हुने छैन।

प्रतिवेदन	स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाहरूको विवरण नेपाल स्वास्थ्य संस्था पञ्जीकरण प्रणाली (NHFR) र कर्मचारीहरूको विवरण स्वास्थ्य जनशक्ति व्यवस्थापन सूचना प्रणालीमा अनिवार्य अद्यावधिक गर्नुपर्नेछ।

१ . आकस्मिक अवस्थामा औषधी एवम् ल्याब सामाग्री ढुवानी र स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण तथा क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण

१.१ आकस्मिक अवस्थामा औषधी एवम् ल्याब सामाग्री ढुवानी

परिचय	क्षयरोगको औषधी अभावका कारण क्षयरोगका बिरामीको उपचारमा अवरोध हुन नदिन एवम् क्षयरोग निदानका लागि आवश्यक ल्याब सामाग्री उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो।
उद्देश्य	क्षयरोग निदानका लागि आवश्यक ल्याब सामाग्री तथा क्षयरोगका औषधीको अभाव (stock out) हुन नदिने
कार्यक्रम सञ्चालन /कार्यान्वयन प्रकृया	औषधी एवम् ल्याब सामाग्री ढुवानी • उपचाररत तथा अनुमानित थप हुने नयाँ बिरामीको (डि आर बिरामी समेत) आधारमा आवश्यक पर्ने औषधी तथा ल्याब केमिकल्सको अनुमानित लगत तयार गर्ने। • उपचार केन्द्रमा आवश्यक भएका बखत क्षयरोगका (डि आर बिरामी समेतका लागि) औषधी, ल्याब केमिकल्स तथा अन्य सामग्रीहरू ढुवानी गर्ने। • ढुवानी गर्दा स्थानीय यातायात तथा छिटो छरितो साधनको प्रयोग गर्ने।
बजेट खर्च	विनियोजित बजेटको परिधिभित्र रही खर्च गर्ने।
अभिलेख प्रतिवेदन	अनुसूची १ बमोजिमको प्रतिवेदन तयार गरी आर्थिक प्रशासनमा पेस गर्ने।

१.२ स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण तथा क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण

परिचय	क्षयरोग निदान तथा उपचार सेवाको अनुगमन तथा अनुशिक्षण गरी कार्यक्रम सञ्चालन गर्दा आई परेको समस्या समाधान गर्न, उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूलाई क्षयरोग कार्यक्रमको नीति तथा निर्देशिकाबारे अभिमुखीकरण तथा अद्यावधिक गराउन र क्षयरोगका बिरामीको निदान र उपचार नतिजाका साथै क्षयरोग कार्यक्रम प्रगतिको विश्लेषण गर्न यो क्रियाकलाप राखिएको हो।
उद्देश्य	• राष्ट्रिय क्षयरोग कार्यक्रमलाई बिरामी केन्द्रित, व्यवस्थित, उपचारमुखी र उपलब्धिमूलक बनाउनका साथै कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरूलाई समयमा सम्बोधन गर्ने। • उपचार केन्द्रहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई क्षयरोग उपचार व्यवस्थापनबारे ज्ञान सीप अद्यावधिक गर्ने। • राष्ट्रिय क्षयरोग कार्यक्रमका सूचकहरूको प्रगति विश्लेषण तथा विवेचना गर्ने। • कार्यक्रम कार्यान्वयनमा आई परेका समस्या पहिचान तथा सम्बन्धित निकायबाट गरिनु पर्ने समस्या समाधानका उपायहरूको विश्लेषण गरी कार्यान्वयन गर्ने।
सुपरिवेक्षण गर्ने पदाधिकारी	स्वास्थ्य शाखा प्रमुख/संयोजक, क्षयरोग कार्यक्रम फोकल पर्सन, ल्याबकर्मी आदि।

गोष्ठीका सहभागी/सहजकर्ता	सहभागीहरुः • स्थानीयतह अन्तर्गतका स्वास्थ्य संस्थाबाट क्षयरोग सम्पर्क व्यक्ति १ जना • TB designated माईक्रोस्कोपी तथा mWRD (जिन एक्सपर्ट सेन्टर)बाट प्रयोगशालाकर्मी १ जना • डी आर सेन्टर र सब सेन्टर क्षयरोग सम्पर्क व्यक्ति १ जना • क्षयरोग कार्यक्रम सम्बन्धी सहयोगी संस्था र एसआरबाट १ जना • सहजकर्ता • स्वास्थ्य शाखा प्रमुख, क्षयरोग सम्पर्क व्यक्ति, स्वास्थ्य कार्यालयका प्रमुख तथा क्षयरोग सम्पर्क व्यक्ति र तथ्यांक अधिकृत/सहायक, जिल्ला ल्याब सुपरभाइजर
अवधि	• स्वीकृत सुपरिवेक्षण अनुगमन कार्ययोजना अनुसार • समीक्षा गोष्ठी १ दिन (भाद्र महिनाको पहिलो साता भित्र जिल्लाको गोष्ठी अगावै गर्ने)
सञ्चालन प्रकृया	**क. नियमित अनुगमन तथा स्थलगत अनुशिक्षण** • सुपरिवेक्षण अनुगमन गर्नु अगावै त्रैमासिक अनुगमन/सुपरिवेक्षण कार्ययोजना (सुपरिवेक्षण गर्ने व्यक्ति, स्थान तथा अवधि खुल्ने गरि) तयार गर्ने। • सुपरिवेक्षण कार्ययोजना तयार गर्दा क्षयरोग निदान तथा उपचार व्यवस्थापन सुचकाङ्क कमजोर भएका उपचारकेन्द्रहरूलाई प्राथमिकता दिने। • स्वास्थ्य संस्थाको सुपरभिजन चेक लिष्टको प्रयोग गरी सुपरिवेक्षण गर्ने। • संलग्न सुपरिवेक्षण चेक लिष्ट अनुसारका विषयबस्तुमा स्वास्थ्य संस्था प्रमुख र अन्य कर्मचारीहरूसँग छलफल गर्ने • स्वास्थ्य संस्थाले क्षयरोग सेवा अभिलेख (ल्याब रजिस्टर, क्षयरोग सेवा, तथा क्षयरोग कार्ड) अद्यावधिक गरे नगरेको तथा स्थानीयतह तथा स्वास्थ्य कार्यालयमा मासिक प्रतिवेदन पठाए नपठाएको सुनिश्चित गर्ने। • क्षयरोग निदान तथा उपचार व्यवस्थापनसँग सम्बन्धित निर्देशिकाहरू स्वास्थ्य संस्थामा भए नभएको तथा पालना गरे नगरेको अनुगमन गर्ने र निर्देशिका उपलब्ध नभए तत्काल आपूर्ति गर्ने गराउने। • क्षयरोगको औषधीको उपलब्धता, उपयुक्त भण्डारण र जिन्सी किताब अद्यावधिक भए नभएको अनुगमन गर्ने। • सुपरभिजन गर्दा सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीहरूको दक्षता अभिबृद्धि हुने गरी गर्नुपर्नेछ। **ख. कोहर्ट विश्लेषण तथा कार्यक्रमको वार्षिक समीक्षा** • समीक्षा गोष्ठी १ दिन भाद्र महिनाको पहिलो साता भित्र जिल्लाको गोष्ठी अगावै सम्पन्न गर्ने० • राष्ट्रिय क्षयरोग कार्यक्रमले लक्ष्य तोकेका कार्यक्रमहरू (डीआर तथा ल्याब समेतको) निर्दिष्ट सूचकांकहरूमा आधारित प्रस्तुतिकरणको ढाँचा बनाई सो अनुसार प्रस्तुतीकरण गर्न लगाउने। • समीक्षा गोष्ठी अघी eTB Register र DHIS 2 प्रणालीमा प्रविष्ट भएको क्षयरोग तथ्याङ्क

रूजू गरी फरक परेको विवरण टिपोट गरी राख्ने। गोष्ठी अवधिमा फरक परेको विवरण सच्याई eTB Register तथा DHIS 2 प्रविष्ट गर्न लगाउने। साथै डिआरटी बिरामीका साथै ल्याबको विवरण NTPMIS मा प्रविष्ट भएको तथ्याङ्क रूजू गरी फरक परेको विवरण टिपोट गरी राख्ने। सो विवरण फरक परेमा सही विवरण प्रविष्ट गर्न लगाउने।

- ल्याब भएका स्वास्थ्य संस्थाका ल्याब कर्मचारीले समीक्षा गोष्ठीमा आउँदा माइक्रोस्कोपी सेन्टरमा LQAS विधि अनुसार संकलन गरिएका ल्याब स्लाइडहरू स्वास्थ्य कार्यालय, जिल्लाका ल्याब सुपरभाइजर (Lab supervisor)/क्षयरोग सम्पर्क व्यक्ति (TB focal person)/प्रतिनिधिलाई उपलब्ध गराउने।
- जिल्लाका ल्याब सुपरभाइजर (Lab supervisor)/क्षयरोग सम्पर्क व्यक्ति (TB focal person)/प्रतिनिधिले समीक्षामा QC प्रदेश जनस्वास्थ्य ल्याबमा QC को लागि पुर्याउने।

समीक्षा गोष्ठीमा छलफल गर्ने विषयवस्तु

- डी एस तथा डी आर पहिचान, निदान तथा उपचारमा गरिएका क्रियाकलाप र त्यसका मुख्य सुचकांकको अवस्था।
- वार्षिक अवधिमा क्षयरोगको निदानका लागि ल्याब परीक्षण कार्य (जिन एक्सपर्ट समेत) को मूल्याङ्कन, चुनौति र समाधानमा गरिएका कार्यको विश्लेषण।
- अघिल्लो गोष्ठीमा औल्याईएका चुनौती तथा समस्या समाधानका लागि गरिएका क्रियाकलाप र हाल उक्त समस्याहरूको अवस्था
- क्षयरोगको औषधी, ल्याब सामाग्री, कार्यक्रमका फर्मफरमेट आदिको उपलब्धता, मौज्दात एवम् प्रयोग
- क्षयरोग र सहसंक्रमण जस्तै एच.आइ.भि., मधुमेह, कोभिड १९ जस्ता सहसंक्रमण र त्यसका प्रभाव
- सहयोगी संस्थाबाट सञ्चालन भएका कार्यक्रमको उपलब्धि, समस्या तथा चुनौती र समाधानका उपायहरू
- क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रमको उपलब्धि, समस्या तथा चुनौती र समाधानका उपायहरू ९क्षयरोग मुक्त नेपाल अभियान लागु भएका स्थानीयतह०
- वार्षिक कार्यक्रम सञ्चालनमा आइपरेका समस्या तथा चुनौतिहरूको समाधानका उपाय खोज्ने।
- राष्ट्रिय क्षयरोग कार्यक्रमको नीति रणनीति तथा निर्देशिकामा भएका परिमार्जन अद्यावधिक गर्ने।
- कार्यक्रमको रेकर्डिङ तथा रिर्पोटिङ लगायत अन्य सम्बन्धित विषयमा स्वास्थ्यकर्मीहरूको ज्ञान तथा सीप अभिवृद्धि।
- उत्कृष्ट कार्यसम्पादन गर्ने स्वास्थ्य संस्थाको अनुभव आदान प्रदान गर्ने।
- कार्यक्रम सञ्चालनमा आई परेका समस्याहरूको समाधानका लागि कार्ययोजना निर्माण।

	• स्थानान्तरण भई आएका तथा स्थानान्तरण भइ गएका क्षयरोगका बिरामीहरूको उपचार नतिजा मिलान गर्ने। • बिरामीका संख्याका आधारमा आगामी चौमासिक अवधिका लागि आवश्यक औषधी परिमाण निर्धारण गरि माग गर्ने।
बजेट बाँडफाँड	स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण, स्वीकृत कार्यक्रम तथा बजेटको परिधिमा रही भ्रमण खर्च नियमावली, २०६४ (संशोधन सहित) अनुसार गर्ने।
अपेक्षित प्रतिफल	• क्षयरोगका संभावित बिरामीको निदान तथा उपचार व्यवस्थापन प्रभावकारी भएको हुनेछ। • क्षयरोगको तथ्यांक तथा रेकर्डिङ्ग र रिपोर्टिङ्गको गुणस्तरमा सुधार हुनेछ।
अभिलेख प्रतिवेदन	• तोकिएका ढाँचामा संकलन गरिएको तथ्यांक स्वास्थ्य कार्यालयमा तथा स्वास्थ्य निर्देशनालय पठाउने। • अनुसूची १ बमोजिमको प्रतिवेदन तयार गर्ने।

२. क्षयरोगका जोखिम समुह तथा स्वास्थ सेवाको पहुँच कम भएका समुदायमा सक्रिय क्षयरोग खोजपडताल कार्यक्रम र पि.बि.सि. बिरामीका घरपरिवारका सदस्यहरूको सम्पर्क परिक्षण

२.१ क्षयरोगकाजोखिम समुह तथा स्वास्थ सेवाको पहुच कम भएका समुदायमा सक्रिय क्षयरोग खोजपडताल कार्यक्रम

परिचय	स्वास्थ्य संस्थाबाट टाढा भएका कारण क्षयरोग सेवा लिन आउन नसकेका र क्षयरोगका जोखिममा रहेका समूहहरू (Slums, Internally Displaced Population लगायत अन्य) मा क्षयरोगका बिरामीहरू निदानका लागि यो कार्यक्रम राखिएको हो। यस कार्यक्रम अन्तर्गत क्षयरोगका जोखिम समूहरूमा क्षयरोगको स्क्रीनिङ्ग गरी पहिचान भएका सम्भावित बिरामीको खकार संकलन गरी mWRD तथा TB designated माइक्रोसकोपी सेन्टरमा खकार परीक्षण गरी क्षयरोगको निदान तथा उपचार गरिने छ।
उद्देश्य	स्वास्थ्य सेवा पहुँच कम भएका समुदाय तथा जोखिम समूहमा क्षयरोग शिघ्र निदान गरी उपचार सेवा उपलब्ध गराउने।
अवधि	• क्षयरोगको जोखिम समूहमा २ देखि ३ दिन सक्रिय खोजपडताल • स्वास्थ्य सेवाको पँहुच नभएका स्थानमा ३ देखि ४ दिन सक्रिय खोजपडताल
सञ्चालन प्रकृया	क) जोखिम समुदाय तथा स्वास्थ्य सेवाको पहुँच नभएका समूह पहिचान • धेरै जनसङ्ख्या भएका गाँउबस्ती, सिमान्तकृत तथा पिछडिएका वर्ग बसोवास गरेको क्षेत्र, गुम्बा, वृध्दाश्रम, होस्टेल, मदरसा, कारखाना, सुकुम्बासी बस्ती, मौसमी बसाई सराई हुने स्थल जस्तैः इट्टाभट्टा, निर्माण कार्यमा संलग्न मजदुरहरू, प्रवासी कामदारहरू आदि), चुरेभावर क्षेत्रको आसपास र नदी किनारामा रहेको बस्ती, धार्मिक मेलापर्व, वेदशाला, घुम्ति विद्यायल आदि लाई नक्सांकन (mapping) गरी क्षयरोगको उच्च जोखिम क्षेत्र पहिचान गर्ने। • पहिचान गरिएका क्षयरोग जोखिम स्थानमा वर्षमा २ पटक कार्यक्रम सञ्चालन गर्ने।

	ख) क्षयरोगको सक्रिय खोजपडताल तयारी • प्राथमिकताको आधारमा लक्ष्य समूह र सम्भावित लाभग्राही संख्या उल्लेख गरी तालिका निर्माण गर्ने • क्याम्प सफल बनाउन नगरपालिका, वडा कार्यालय, स्वास्थ्य शाखा, NGOs/INGOs र समुदाय प्रतिनिधिहरूसँग समन्वय बैठक गरी समन्वयमार्फत स्थान, जनशक्ति, प्रचार-प्रसार र आवश्यक अनुमतिहरू सुनिश्चित गर्ने। • जोखिम समूहलाई सहज हुने गरी विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक भवन वा बस्तीमै क्याम्प स्थल निर्धारण गर्ने र स्थान अनुगमन गरी पूर्वतयारी तथा भीड व्यवस्थापन दृष्टिले मिति निर्धारण गर्नुपर्नेछ। • Portable Digital Chest X-ray को उपलब्धता, ढुवानी, Installation, र सञ्चालनका लागि प्राविधिक व्यवस्थापन सुनिश्चित गर्नुपर्नेछ। ग) सक्रिय क्षयरोग खोजपडताल • क्याम्पको सम्पूर्ण तयारी पूरा गरिसकेपछि राष्ट्रिय क्षयरोग कार्यक्रमको ACF सञ्चालन निर्देशिका (NATIONAL GUIDE FOR USE OF DIGITAL X-RAY WITH AI IN CAMP SETTINGS, September 2024) अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्दछ। क्याम्पमा आएका सम्पूर्ण सहभागीहरूको विवरण संकलन गरी NTPMIS (DHIS2- NTP Service Tracker) को ACF मा अध्यावधिक गर्नुपर्दछ। • क्षयरोग पुष्टि भएका व्यक्तिहरूलाई स्वास्थ्य शिक्षा प्रदान गरी उपचार सुरु गर्नका लागि नजिकको स्वास्थ्य संस्था वा DOTS सेन्टरमा प्रेषण गरी उपचारमा गएको नगएको सुनिश्चित गर्ने
बजेट बाँडफाँड	विनियोजित बजेटको परिधी भित्र रही खर्च गर्ने।
अपेक्षित प्रतिफल	समुदायमा रहेका क्षयरोग बिरामीहरू पहिचान तथा निदान भई उपचारको दायरामा आउनेछन्।
अभिलेख प्रतिवेदन	कार्यक्रम सञ्चालनको अभिलेख राखी राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमको NTPMIS मा अनिवार्य प्रविष्ट गराउनुपर्नेछ।

२.२ पि.बि.सि बिरामीका घरपरिवारका सदस्यहरूको सम्पर्क परीक्षण

परिचय	क्षयरोगका बिरामीहरूमध्ये खकार पोजेटिभ भएका बिरामीहरू रोग सार्न सक्ने खालका हुन्छन्। यी बिरामीहरूको नजिकको सम्पर्कमा रहेका व्यक्तिहरूलाई क्षयरोग सर्न सक्ने संभावना धेरै हुन्छ। त्यसैले यस्ता व्यक्तिहरूमा रोग निदान गर्नु र उपचारमा ल्याई क्षयरोग संक्रमण श्रृखंलालाई रोक्न यो कार्यक्रमको व्यवस्था गरिएको छ। साथै क्षयरोगका बिरामीहरूको सम्पर्कमा रहेका ५ वर्ष भन्दा मुनिका बालिबालिकाहरूलाई क्षयरोग संक्रमण हुन गई सक्रिय क्षयरोग हुन सक्ने संभावना धेरै हुने भएको हुनाले, सो बालबालिकाहरूमा क्षयरोग नभएको एकीन गरी सक्रिय क्षयरोग (Active TB) हुनबाट बचाउन टि.पि.टि खुवाउनु पर्नेछ।
उद्देश्य	• क्षयरोगका बिरामीहरूको सम्पर्कमा रहेका व्यक्तिहरूमा क्षयरोग निदान गरी उपचारको

	दायरामा ल्याउने। • क्षयरोगका बिरामीहरूको सम्पर्कमा रहेका र सक्रिय क्षयरोग नभएका व्यक्तिहरूलाई टि.पि.टि. उपलब्ध गराउने।
लक्षित समूह	क्षयरोग बिरामीको घरपरिवारको सम्पर्कमा रहेका व्यक्तिहरू
सञ्चालन प्रक्रिया	• यो कार्यक्रम ग्लोबल फण्डको अनुदान अन्तर्गत SR मार्फत सञ्चालन भएका स्थानीयतह बाहेकका स्थानीय तह एवम् अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा लागु हुनेछ। • जिल्ला तथा स्थानीयतहका क्षयरोग सम्पर्क व्यक्तिले सम्बन्धित स्वास्थ्यसंस्थाका क्षयरोग सम्पर्क व्यक्तिलाई यस क्रियाकलापका बारेमा अनुशिक्षण गर्नेछन। • सम्पर्क परीक्षणकर्ता सामुदायिक स्वयंसेवक (FCHVs/Community volunteers), क्षयरोग निको भएका बिरामी, आमा समूहको सदस्यहरू, क्षयरोग कार्यक्रम बुझेका समुदायका व्यक्ति जस्तै : शिक्षक, सामाजिक परिचालक, विधार्थी, स्थानीयसंस्था वा क्लवका सदस्य तथा स्वास्थ्य सम्बन्धी तालिम, अध्ययन गरेका जस्तै CMA, ANM, HA, Staff Nurse आदि व्यक्तिहरूबाट छनौट गर्ने। • स्वास्थ्यसंस्थाका क्षयरोग सम्पर्क व्यक्तिले सम्पर्क परीक्षणको (क्षयरोग लक्षणहरू, स्क्रिनिङ्ग फाराम (HMIS 6.6), प्रोत्साहन भत्ता आदि) बारेमा सम्बन्धित सम्पर्क परीक्षणकर्तालाई जानकारी गराउने । • स्वास्थ्य संस्थाले उपलब्ध गराएको पिबिसी बिरामीहरूको विवरणका आधारमा स्वयंसेवकहरूले क्षयरोगको बिरामीको घरपरिवारको सम्पर्कमा रहेका व्यक्तिहरूलाई क्षयरोगको चिन्ह तथा लक्षणका आधारमा सम्भावित क्षयरोगका बिरामीहरूको पहिचान गर्ने। सम्पर्कमा रहेका ५ वर्ष भन्दा माथिको व्यक्तिहरूलाई छातीको एक्सरे र TBST (Cy TB) जाँच द्वारा क्षयरोगको संक्रमण भए/नभएको एकीन गर्ने (विस्तृत जानकारीको लागि टी. पी. टी प्रोटोकल २०२४ हेर्नुहुन) • संभावित क्षयरोगका बिरामीहरूलाई रोग निदानका लागि नजिकको अस्पतालमा प्रेषण गर्ने। • क्षयरोग परीक्षणमा पोजेटिभ भएका व्यक्तिहरूलाई नजिकको पायक पर्ने डट्स केन्द्रमा पठाई उपचारमा रहेको सुनिश्चित गर्ने। **क्षयरोग रोकथाम उपचार (टी.पि.टी.)** • पिबिसि क्षयरोग बिरामीको सम्पर्क परीक्षणमा भेटिएका पाँच वर्ष मुनिका बालबालिकाहरूलाई सम्पर्क परीक्षणकर्ताले क्षयरोग स्क्रीनिङ्गका लागि स्वास्थ्य संस्थामा पठाउने। • सम्पर्क परीक्षणकर्ताले प्रेषण गरेका पाँच वर्ष मुनिका बालबालिकाहरूलाई क्षयरोगको चिन्ह तथा लक्षणका आधारमा स्वास्थ्यकर्मीले सक्रिय क्षयरोग नभएको एकिन गरि टी. पी. टी सुरू गर्ने। • यदी यी बालबालिकाहरूमा क्षयरोगको चिन्ह तथा लक्षण (HMIS 6.6 मा उल्लेख भए अनुसारका) हरू भएको अवस्थामा क्षयरोगको भए/नभएको एकीन गर्नको लागि सम्बन्धित चिकित्सक (बाल रोग विशेषज्ञ, क्षयरोग तालिमप्राप्त मेडिकल अफिसर) को मा

	पठाउने। • ती बालबालिकाहरूमा यदी क्षयरोग निदान भएमा उपचारका लागि नजिकको पायक पर्ने उपचार केन्द्रमा पठाई उपचारको सुनिश्चित गर्ने र यदी क्षयरोग निदान नभएमा टी. पी. टी सुरू गर्ने। • त्यसै गरी सम्पर्क परीक्षणमा भेटिएका ५ वर्ष भन्दा माथिका घरपरिवारका सदस्यहरूलाई छातीको एक्सरे तथा TBST (cy-TB) जाँच गर्न नजिकको स्वास्थ्यसंस्थामा पठाउने र चिकित्सकले सक्रिय क्षयरोग नभएको एकीन गरेको अवस्थामा टी.पी.टी. सुरू गर्ने। • टी.पी.टी. सुरु गर्दा राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रबाट जारी गरिएको निर्देशिका बमोजिम औषधी खुवाउने। • टी.पी.टी औषधी मासिकरूपमा उपलब्ध गराउने। संख्याको आधारमा स्वास्थ्य संस्थाले टी.पी.टी का लागि आवश्यक औषधी जिल्लासँग माग गर्ने।
बजेट बाँडफाँड	• सम्पर्क परीक्षणकर्ताले स्वास्थ्य संस्थामा क्षयरोग संभावित व्यक्तिलाई प्रेषण गरी वा ल्याई क्षयरोग पत्ता लागेमा रु १००० प्रति बिरामी र तीन जना भन्दा बढी पत्ता लागेमा एकमुष्ट रु ५,००० उपलब्ध गराउने। • घर भेट सम्पर्क परीक्षण कार्यक्रममा जाँदा आर्थिक नियमावली, २०६४मा तोकिए अनुसार स्वयम सेवकलाई यातायात खर्च दिने। • प्रोत्साहन भत्ता वितरण गर्न सम्बन्धित स्वास्थ्य संस्थाले यस कार्यक्रम अन्तर्गत क्षयरोग निदान भएका बिरामीको छुटै अभिलेख राखी प्रतिवेदन सम्बन्धित पालिकाको स्वास्थ्य शाखामा पठाउनु पर्नेछ र यसरी पठाएको प्रतिवेदनमा स्वास्थ्य शाखा प्रमुखले सुनिश्चित गरी स्थानीय तहको आर्थिक प्रशासन शाखालाई सिफारिश गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्ने। • औषधी संकलनका लागि प्रति महिना यातायात खर्चका लागि आतेजाते रू ४०० उपलब्ध गराउने साथै स्वास्थकर्मीलाई उपचार अवधिमा एकपटक घरभेटका लागि रू ६०० यातायात खर्च उपलब्ध गराउने। • यदि बजेट अपुग भएमा थप बजेटको लागि सम्बन्धित स्थानीयतहमा अनुरोध गर्ने।
अपेक्षित प्रतिफल	• क्षयरोग बिरामीको सम्पर्कमा रहेका व्यक्तिहरूमा क्षयरोगका नयाँ बिरामी पत्ता लागि उपचारको दायरामा आउनेछन् । • क्षयरोगका बिरामीको घरपरिवारको सम्पर्कमा भएका व्यक्तिहरूमा सक्रिय क्षयरोग रोकथाम हुनेछ।
अभिलेख प्रतिवेदन	• सम्बन्धित स्वास्थ्यसंस्थाले contact tracing र टी पी टी मा दर्ता भएका बालबालिकाहरूको अभिलेख तथा प्रतिवेदन HMIS 6.7 (सम्पर्क परीक्षण तथा क्षयरोग प्रतिरोधात्मक उपचार रजिष्टर) मा अद्यावधिक गर्ने। • यस कार्यक्रम अन्तर्गत क्षयरोग पत्ता लागेका र रोग निको भएका बिरामीहरूको विवरण स्थानीय स्वास्थ्य संस्थाबाट HMIS वा NTPMIS/eTB Master Register मा प्रतिवेदन गर्नुपर्नेछ।

३. क्षयरोग मुक्त अभियान निरन्तरताका लागि विभिन्न कार्यक्रमहरू (जनशक्ति बाहेक)

क्षयरोग मुक्त अभियान निरन्तरताका लागि स्थानीय तहमा तर्जुमा गरिएको सूक्ष्मयोजनाको आधारमा तल उल्लेखित तथा अन्य आवश्यकताका क्रियाकलापहरूमा बजेट बाँडफाँड (स्थानीय तथा प्रदेशबाट विनियोजन गरिएको बजेट समेत) गरी प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय गराई कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

१. क्षयरोगको जोखिम समूहहरूमा क्षयरोगको सक्रिय खोजपड्ताल कार्यक्रम (ACF Camp)
२. सम्पर्क परीक्षण लगायत TPT कार्यक्रम
३. खकार ढुवानी सेवा कार्यक्रम
४. क्षयरोगका कार्यक्रमको समीक्षा तथा कोहर्ट विश्लेषण गर्ने
५. सूक्ष्मयोजना अनुसारका क्रियाकलाप कार्यान्वयन
६. क्षयरोग प्रभावित व्यक्ति तथा समुदायको सहभागीतामूलक योजना, अनुगमन तथा मूल्याङ्कन गर्ने
७. अति गरिब तथा कुपोषित क्षयरोगका बिरामीहरूलाई पोषण सहयोग
८. आकस्मिक अवस्थामा औषधी एवम् प्रयोगशाला सामाग्री ढुवानी आदि।
९. क्षयरोग मुक्त अभियानमा समुदायको (युवा, नागरिक समाज संगठन, म.स्वा.स्वयं.से आदि) संलग्नताका क्रियाकलापहरू

यी क्रियाकलापहरूको मार्गदर्शन क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०७८ (पछिल्लो संशोधित संस्करण) अनुसार सञ्चालन गर्नुपर्नेछ। यो मार्गदर्शन राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रको वेवसाईट www.nepalntp.gov.npबाट download गरी प्रयोग गर्न सकिनेछ।

४. औषधी प्रतिरोधी क्षयरोग बिरामीहरूका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च

४१. औषधी प्रतिरोधी क्षयरोग बिरामीहरूका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च

परिचय	यो क्रियाकलापको रकम विनियोजन रहेको औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि सम्बन्धित स्वास्थ्य कार्यालयहरूमा राखिएको हो। औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि आधारभूत परीक्षण तथा औषधीहरूबाट हुने प्रतिकूल असरहरू र हुन सक्ने जटिलता व्यवस्थापनका साथै पोषण तथा यातायात खर्चको व्यवस्थापन गर्ने उद्देश्यले यो कार्यक्रमको व्यवस्था गरिएको हो। बजेट शिर्षकमा औषधी प्रतिरोधी क्षयरोग बिरामीहरूका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च (मिर्चैया नगर अस्पतालको) को लागि),औषधी प्रतिरोधी क्षयरोग बिरामीहरूका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च (लालबन्दी नगर अस्पताल) को लागि) र औषधी प्रतिरोधी क्षयरोग बिरामीहरूका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च (चन्द्रौटा नगर अस्पताल) को लागि) को कार्यक्रम यही शिर्षक अन्तर्गत पर्दछ।
उद्देश्य	औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूलाई आवश्यक पर्ने आधारभूत परीक्षणका साथै पोषण तथा यातायात खर्च भार कम हुने र औषधीहरूबाट हुने प्रतिकूल असरहरू व्यवस्थापनका

	लागि आवश्यक एन्सिलरि औषधीहरूको समयमै व्यवस्थापन भई उपचार नियमिततामा सुधार हुनुका साथै बिरामी निको हुने दरमा वृद्धि हुने।
अपेक्षित प्रतिफल	• औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूको आधारभूत परीक्षणहरू हुनेछ • औषधीहरूबाट हुन सक्ने प्रतिकूल असरहरू तथा जटिलताको व्यवस्थापन हुनेछ • औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि पोषण, यातायात खर्च भारमा कमी आउनेछ • औषधी प्रतिरोधी क्षयरोग बिरामीको उपचार सफलता दरमा वृद्धि हुनेछ।
कार्य सञ्चालन प्रकृया	सुविधा खर्च पाउने व्यक्तिः उपचारमा रहेका औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरू सुविधा पाउने अवधिः उपचार अवधिभरि **कार्यान्वयन प्रकृया** • यस अस्पतालको डि आर सेन्टरमा दर्ता भई उपचारमा रहेका औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूलाई विनियोजन गरिएको रकमबाट आधारभूत परीक्षणका साथै पोषण तथा यातायातका लागि आवश्यक खर्च रकम उपलब्ध गराउने। • बिरामीहरूको विवरण सहित आवश्यक कागजात पेस गरी बिरामीको खातामा रकम जम्मा गरिदिने। • जटिलता व्यवस्थापनका लागि आवश्यक औषधी लगायत अन्य खर्चको व्यवस्थापन सो रकमबाट व्यवस्थापन गर्ने। रकम अपुग भएको अवस्थामा एन्सिलरी औषधीका लागि डीआर सेन्टरमा उपचाररत क्षयरोगका बिरामीको लगत तयार गरी स्वास्थ्य निर्देशनालयसँग माग गर्ने।
बजेट बाँडफाँड	• दैनिक डि आर सेन्टरमा आएर सेवा लिने बिरामीलाई पोषण तथा यातायात खर्च बापत मासिक ३०००।- • आवास सुविधा प्रयोग गर्ने बिरामीलाई पोषण तथा यातायात खर्च बापत मासिक रु १०००।- • नेपाल सरकारले औषधी प्रतिरोधी क्षयरोगका बिरामीका लागि (परिवारका ५ जना सदस्यहरूलाई समेत) निशुल्क बीमाको व्यवस्था गरेको हुनाले सबै बिरामीलाई बीमा सेवामा अनिवार्य आबद्ध गरी निदान, आधारभूत परीक्षण, फलोअप परीक्षण तथा जटिलता व्यवस्थापनका लागि बीमा सुविधायुक्त अस्पतालमा प्रेषण गरी सेवा प्रदान गर्ने। • अघिल्लो आर्थिक वर्षमा यातायात र पोषण वापत बिरामीले पाउनु पर्ने रकम भुक्तानी गर्नुपर्ने बाँकी भएमा नियमानूसर यस आर्थिक वर्षको बजेटबाट भुक्तानी गर्न सकिनेछ।
अभिलेख प्रतिवेदन	खर्चको अभिलेख अध्यावधिक राख्ने।

अनुसूची १
कार्यक्रम सम्पन्न प्रतिवेदन नमूना

१. कार्यक्रमको नामः

२. स्वीकृत बजेट र खर्च शीर्षक नं.

३. कार्यक्रमको सङ्क्षिप्त परिचय तथा उदेश्यः
४. कार्यक्रम सञ्चालन प्रकृयाः
५. कार्यक्रम सञ्चालन स्थान र मितिः
६. कार्यक्रममा संलग्न जनशक्तिको नामावलीः
७. कार्यक्रमका सवल पक्षः
८. कार्यक्रममा सुधार गर्नु पर्ने पक्षः
९. खर्च रकमको विस्तृत विवरण

सि.नं.	विवरण	प्रस्तावित/विनियोजित रकम	खर्च रकम	बाँकी
	सहभागी भत्ता			
	.....			
जम्मा				

१०. सहभागीहरूको नाम र कार्यालयः
११ फोटो तथा अन्य विवरणः

ब.उ.शि.नं. ३७००११०२ एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम

एआरटी काउन्सेलरको तलब तथा पोशाक भत्ता, एआरटी सञ्चालन खर्च (कार्यालय मसलन्द सामान खर्च), एआरटी कमी टीका लागि समन्यव बैठक खर्च र निर्देशिका बमोजिमको ढुवानी खर्च

एआरटी काउन्सेलरको तलब तथा पोशाक भत्ता

<table>
<tr><td>परिचय</td><td>एआरटी केन्द्रमा सेवाग्राहीहरूलाई गुणस्तरीय सेवा प्रदान गर्न तोकिएको एआरटी केन्द्रमा करार सेवामा एकजना एआरटी काउन्सेलरको तलव भत्ता सशर्त अनुदान तर्फ नेपाल सरकार स्रोत तर्फ सम्बन्धित स्थानीय तहहरूमा व्यवस्था गरिएको छ।</td></tr>
<tr><td>उद्देश्य</td><td>एआरटी केन्द्रमा सेवाग्राहीहरूलाई गुणस्तरीय सेवा प्रदान गर्न कर्मचारीलाई करारमा नियुक्त गर्ने।</td></tr>
<tr><td>अपेक्षित प्रतिफल</td><td>एचआईभी सक्रमितहरूको स्वास्थ्य परिणामहरूमा सुधार हुनेछ।</td></tr>
<tr><td>सञ्चालन प्रक्रिया</td><td>कार्यरत कर्मचारीको कार्यसम्पादन सन्तोषजनक भएमा निजको करार सेवा नविकरण गर्न सकिनेछ वा नेपाल सरकारको नियमानुसार करार मा नियुक्त गर्नु पर्नेछ। एआरटी साइटहरूको लागि अनुसूची-१ हेर्नुपर्ने छ।</td></tr>
<tr><td>बजेट वाँडफाँड/ स्रोत</td><td>एआरटी काउन्सेलरको तलव भत्ता देहाय बमोजिमको हुनेछ।
<table>
<tr><th>विवरण</th><th>संख्या</th><th>दर</th><th>महिना/पटक</th><th>जम्मा रकम</th><th>कैफियत</th></tr>
<tr><td>एआरटी काउन्सेलरको तलब</td><td>१</td><td>३४,७३०</td><td>१३</td><td>४५१,४९०</td><td>चाडपर्व खर्च समेत</td></tr>
<tr><td>पोशाक भत्ता</td><td>१</td><td>१०,०००</td><td>१</td><td>१०,०००</td><td>वार्षिक</td></tr>
<tr><td colspan="4">जम्मा रकम</td><td>४,६१,४९०</td><td></td></tr>
</table></td></tr>
<tr><td>सन्दर्भ सामग्री</td><td>एआरटी काउन्सेलरहरूका लागि केन्द्रद्वारा पठाईएको “सन्दर्भका शर्तहरू” TOR र प्रचलित ऐन, नियम, निर्देशिका र मापदण्ड बमोजिम।</td></tr>
<tr><td>अभिलेख तथा प्रतिवेदन</td><td>खर्च र कार्यक्रमको त्रैमासिक तथा वार्षिक प्रतिवेदन राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको ईमेल ncascnepal@gmail.com मा अनिवार्य रुपमा पठाउनु पर्नेछ। प्रतिवेदन प्राप्त नभएमा आगामी आर्थिक वर्षमा बजेट विनियोजन गरिने छैन। खर्च गर्ने संस्थाले लेखा परीक्षण गराउनु पर्नेछ।</td></tr>
</table>

एआरटी सञ्चालन खर्च (कार्यालय मसलन्द सामान खर्च), सञ्चार खर्च, एआरटी कमीटीका लागि समन्वय बैठक खर्च र निर्देशिका बमोजिमको ढुवानी खर्च

परिचय	एआरटी केन्द्रको सेवालाई नियमित र प्रभावकारी रुपमा सञ्चालन गर्न यो बजेटको व्यवस्था गरिएको छ। यसवाट एआरटी केन्द्रमा आवश्यक पर्ने कार्यालय सञ्चालन स्टेशनरी, मर्मत, सञ्चार, एआरटी काउन्सेलरलाई सञ्चार खर्च, एआरटी कमीटिको समन्वय बैठक र आवश्यकता

	अनुसार ढुवानी तथा भ्रमण सम्बन्धी खर्च आदिका लागि बजेटको व्यवस्था गरिएको छ।
उद्देश्य	सम्बन्धित स्थानमा रहेका एआरटी केन्द्रहरू मार्फत प्रवाह गरिने सेवाहरूको प्रभावकारी व्यवस्थापन गर्ने।
अपेक्षित प्रतिफल	सबै एआरटी केन्द्रहरू प्रभावकारी रुपले सञ्चालन भएको हुनेछ।
सञ्चालन प्रक्रिया	एआरटी केन्द्रमा आवश्यक पर्ने कार्यालय सामान, मसलन्द, मर्मतसम्भार, सञ्चार, इन्टरनेट सेवा, एआरटी कमीटिको समन्वय बैठक, प्रदेशबाट एआरटी केन्द्रसम्म औषधी ल्याउन लाग्ने ढुवानी खर्च तथा कहिलेकाही कुनै सेवाग्राहीहरू बिभिन्न परिस्थिति वा अशक्तको कारणले एआरटी सेवा केन्द्र सम्म सेवा लिन आउने स्थिति नभएको खण्डमा सेवाग्राहीहरूको घरसम्म औषधी पुर्याउन लाग्ने भ्रमण खर्च तथा एआरटी कन्सुलरले सेवाग्राहीहरूलाई नियमित औषधी सेवनको लागि SMS पठाउनु तथा मोवाईलद्वारा सम्पर्क गर्दा लाग्ने खर्च आदिका लागि बजेटको व्यवस्था गरिएको छ। एआरटी कमिटिको समन्वय बैठक वर्षमा एकपटक अनिवार्य बस्नु पर्नेछ र बैठक अनुसूची २ अनुसार सञ्चालन गर्नु पर्ने छ। एआरटी केन्द्रहरूले अस्पताल/स्वास्थ्य संस्थासँग समन्यवय गरि वार्षिक कार्य योजना सहित खर्च गर्नु पर्ने छ।
बजेट वाँडफाँ/ स्रोत	प्रत्येक एआरटी केन्द्रलाई तपसिल अनुसारको दरले बजेट बिनियोजन गरिएको छ । यो कार्यक्रम ससर्त अनुदान को नेपाल सरकार स्रोत तर्फ रहेको छ।

विवरण	संख्या	दर	जम्मा महिना/पटक	जम्मा रकम	कैफियत
एआरटी सञ्चालन खर्च	१	१०,५१०	१	१०,५१०	एक पटक
एआरटी कमीटिको समन्वय बैठक खर्च	२	२,०००	२	४,०००	कम्तिमा वर्षको दुई पटक
Communication cost for ART Counsellor (Phone Recharge)	१	३,०००	१	३,०००	वार्षिक
Field visit and Viral load sample, EID/DBS Card Transportation cost (ART Counsellor and Lab Personnel)	३	७,०००	३	२१,०००	
			जम्मा रकम	३८,५१०	

सन्दर्भ सामग्री	सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४, कार्य सञ्चालन निर्देशिका २०८१, साथै प्रचलित ऐन नियम अनुसार।
अभिलेख प्रतिवेदन	खर्च गर्ने संस्थाले सम्पूर्ण अभिलेख राखी, लेखा परीक्षण सम्बन्धित निकाय आफैंले गर्नुपर्नेछ। खर्च र कार्यक्रमको त्रैमासिक तथा वार्षिक प्रतिवेदन राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको ई-मेल ncascnepal@gmail.comमा अनिवार्य रुपमा पेस गर्नुपर्नेछ।यदि चालु आर्थिक वर्षमा सम्पादन गरिएका कार्यहरूको प्रतिवेदन प्राप्त नभएमा आगामी आर्थिक वर्षमा सो संस्थाको लागि बजेट विनयोजन गरिने छैन।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

एआरटीमा रहेका व्यक्तिको ल्याव जाच सोधभर्ना अस्पतालको लागी

परिचय	एचआईभी संक्रमितहरूको स्वास्थ्य परीक्षण गर्ने, औषधी शुरुवात पूर्व तथा औषधी सेवन गरि रहेकाहरूको स्वास्थ्य स्थितीको वारेमा आधारभूत प्रयोगशाला परीक्षण निःशुल्क प्रदान गर्ने स्वास्थ्य निकायहरूलाई सो वापतको रकम सोधभर्नाका लागि विनियोजित गरिएको छ।
उद्देश्य	एचआइभी संक्रमितहरूलाई अस्पतालवाट प्रदान गरिने प्रयोगशाला सेवा तथा अन्य परीक्षण निःशुल्क गर्ने।
अपेक्षित प्रतिफल	एचआइभी संक्रमितहरूको स्वास्थ्य अवस्थाको समय मै निदान भई उपचार हुनेछ।
सञ्चालन प्रक्रिया	अस्पतालहरूले एचआइभी संक्रमितलाई निशुल्क प्रयोगशाला तथा अन्य परीक्षण सेवा उपलब्ध गराए वापत अस्पतालहरूले सोधभर्नाको रुपमा रकम पाउने छन र विनियोजित बजेटको परिधि भित्र रही नेपाल सरकारको नियमाअनुसार खर्च भूक्तानी गर्न सकिने छ।साथै केन्द्रबाट बजेट व्यवस्थापन हुन नसक्ने संस्थाहरूले स्वयम् बजेटको व्यवस्थापन गर्नु पर्ने छ। प्रयोगशाला जाँचका लागि अनुसूची ३ मा उल्लेख गरिएको छ।
बजेट वाँडफाँड/ स्रोत	गह्रौ प्राथमिक अस्पताल, स्याङ्जाको लागि रु २८,०००, चोरमारा प्राथमिक स्वास्थ्य केन्द्र, नवलपरासी (बर्दघाट सुस्तापूर्व) को लागि रु ३२,००० र दमक अस्पताल झापाको लागि रु ३२,००० नेपाल सरकार स्रोत तर्फ रहेको छ।
सन्दर्भ सामग्री	सम्बन्धित ART साईटमा उपचाररत तथा अन्य सेवा लिईरहेका PLHIV हरू।
अभिलेख प्रतिवेदन	खर्च गर्ने संस्थाले सम्पूर्ण अभिलेख राखी, लेखा परीक्षण सम्बन्धित निकाय आफैंले गर्नुपर्नेछ। खर्च र कार्यक्रमको त्रैमासिक तथा वार्षिक प्रतिवेदन राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको ई-मेल ncascnepal@gmail.com मा अनिवार्य रुपमा पेस गर्नुपर्नेछ।यदि चालु आर्थिक वर्षमा सम्पादन गरिएका कार्यहरूको प्रतिवेदन प्राप्त नभएमा आगामी आर्थिक वर्षमा सो संस्थाको लागि बजेट विनियोजन गरिने छैन।

अनुसूची -१
स्थानीय तह अन्तरर्गत पर्ने एआरटी केन्द्रहरू

सि.न.	एआरटी केन्द्रहरू	जिल्ला	प्रदेश	स्थानीय निकायको नाम
१	गह्रौ प्राथमिक अस्पताल	स्याङ्जा	गण्डकी	वालिङ नगरपालिका
२	चोरमारा प्राथमिक स्वास्थ्य केन्द्र	नवलपरासी (पूर्व)	गण्डकी	मध्यबिन्दु नगरपालिका
३	महाराजगञ्ज प्राथमिक स्वास्थ्य केन्द्र	कपिलवस्तु	लुम्बिनी	महाराजगञ्ज नगरपालिका
४	राकम कर्णाली आधारभूत अस्पताल	दैलेख	कर्णाली	आठबिस नगरपालिका
५	कमलबजार प्राथमिक स्वास्थ्य केन्द्र	अछाम	सु.प.	कमल बजार नगरपालिका
६	चौरमाण्डु प्राथमिक स्वास्थ्य केन्द्र	अछाम	सु.प.	चौरपाटि गाउँपालिका
७	केशरपुर प्राथमिक स्वास्थ्य केन्द्र	बैतडी	सु.प.	मेलौली नगरपालिका
८	दोधारा प्राथमिक स्वास्थ्य केन्द्र	कञ्चनपुर	सु.प.	चाँदनी-दोधारा नगरपालिका
९	जोगबुडा अस्पताल	डडेलधुरा	सु.प.	परसुराम नगरपालिका
१०	दमक अस्पताल	झापा	कोशी	दमक नगरपालिका
११	सालकोट प्राथमिक स्वास्थ्य केन्द्र	सुर्खेत	कर्णाली	पन्चपुरी नगरपालिका
१२	लम्किचुहा नगर अस्पताल	कैलाली	सु.प.	लम्किचुहा नगरपालिका
१३	बघौडा अस्पताल	चितवन	बागमती	माडी नगरपालिका
१४	पोखरीया अस्पताल	पर्सा	मधेश	पोखरिया नगरपालिका
१५	मालाखेती अस्पताल	कैलाली	सु.प.	गोदावरी नगरपालिका
१६	कोल्टी अस्पताल	बाजुरा	सु.प.	बुढीनन्दा नगरपालिका
१७	दुल्लु अस्पताल	दैलेख	कर्णाली	दुल्लु नगरपालिका

अनुसूची -२
एआरटी कमीटी बैठक सञ्चालन निर्देशिका

१. एआरटी समितिको बैठक वर्षमा कम्तिमा दुई पटक बस्नु पर्नेछ।
२. अध्यक्षले बैठकको मिति समय र स्थान तोकी बैठक बोलाउनु पर्नेछ।
३. बैठकका छलफलका एजेन्डा सहित २४ घण्टा अगाबै लिखित रुपमा सूचना प्रदान गर्नुपर्ने छ
४. एआरटी व्यवस्थापन समितिको बैठकमा तपसिलमा उल्लेखित बिषयबस्तुमा रही छलफल गनुपर्ने छ।
   - एआरटी केन्द्रले प्रदान गरेका सेवा तथा कार्यक्रम र उपलब्धिहरूको जानकारी गराई समीक्षा गर्ने।
   - एआरटी कार्यक्रमको सुदृढीकरण, ए.आर.टि. केन्द्र व्यवस्थापन, नयाँ तथा पुराना संक्रमितहरूको उपचार तथा हेरचाह, उनीहरूको उपचारमा निरन्तरताका साथै प्रेषण प्रणाली (Referal), रि-एन्रोल्लमेंट (Re-Enrollment), लस्ट टु फलो अप (Lost to Follow Up), ट्रान्सफर आउट (Transfer Out), ट्रान्सफर इन् (Transfer In) व्यवस्थापन तथा उपचारमा निरन्तरताका बिषयमा छलफल गर्ने।

- एआरटी खाईरहेका जम्मा विरामी मध्य भाइरल लोड (Viral Load) जाँच गरिएका र भाइरल सप्रेसन (Viral Supression) नभएका बिरामीका बारेमा समीक्षा गर्ने।
- आइ.पी.टि. (IPT) मा रहेका बिरामी तथा टिबी स्क्रीनिंग (TB Screening) गरेका बिरामीका बारेमा समीक्षा गर्दै अन्य टिबी- एचआइभी कोलाबोरेशन (TB-HIV Collaboration) सम्बन्धी गतिबिधीबारे लेखाजोखा गर्ने।
- STI Treatment and Diagnosis को सम्बन्धमा छलफल गर्ने।
- ए.आर.भी ड्रग्स (ARV Drugs), ओ आइ ड्रग्स (OI Drugs), ल्याब रिएजेन्ट (Lab Reagent) र एचआइभी टेस्ट किट्स (HIV Test Kits) को उपलब्धता र सप्लाईबारे छलफल गर्ने।
- हरेक एआरटी केन्द्रको रिपोर्टिंग समयमा, पूर्ण रुपमा र सहि तरीकाले भए नभएको समीक्षा गर्ने।
- सुधार गर्नुपर्ने पक्षहरूको छलफल गरी कार्य योजना बनाउने।
- सम्बन्धित स्वास्थ्य संस्थाको आवश्यकता अनुसार अन्य विषयहरू जस्तै कार्यक्रम निर्देशिका, तालिम र अन्य समन्वयका बारेमा छलफल गर्ने।

५. बैठकको लागि आवश्यक पर्ने खाजा को रकम सम्बन्धित संस्थामा नै समावेश गरिएको छ ।

६. एआरटी समितिका सदस्यहरू (बैठकका सहभागीहरू):

प्रत्येक एआरटी सेन्टर प्रभावकारी रुपमा सञ्चालन गर्न एआरटी सञ्चालन कमी टी रहने छ सो कमी टी देहाय बमोजिम का सदस्यहरू रहने छन।

१.	अस्पताल प्रमुख	अध्यक्ष
२.	अस्पताल व्यवस्थापन समिती अध्यक्ष	सदस्य
३.	ओ.पि.डी.इन्चार्ज	सदस्य
४.	इमर्जेसी इन्चार्ज	सदस्य
५.	MNH Clinic इन्चार्ज	सदस्य
६.	नर्सिङ्ग इन्चार्ज	सदस्य
७.	प्रयोगशाला इन्चार्ज	सदस्य
८.	प्रसूति तथा स्त्री रोग विशेषज्ञ	सदस्य
९.	Internal Medicine रोग विशेषज्ञ	सदस्य
१०.	चर्म तथा यौन रोग विशेषज्ञ	सदस्य
११.	बालरोग विशेषज्ञ	सदस्य
१२.	सम्बन्धित स्वास्थ्य कार्यालय प्रतिनिधी	सदस्य
१३.	एचआईभी कार्यक्रमसँग सम्बन्धित गैरसरकारी संस्थाहरूको प्रमुख वा प्रतिनिधिहरू	सदस्य
१४.	सामाजिक सुरक्षा कार्यक्रमको प्रतिनिधी	सदस्य
१५.	प्रशासन शाखा प्रमुख	सदस्य
१६	आर्थिक प्रशासन शाखा प्रमुख	सदस्य
१७.	मेडिकल रेकर्डर	सदस्य
१८.	स्टोर प्रमुख	सदस्य
१९.	एआरटी काउन्सेलर	सदस्य सचिव

नोटः एआरटी सञ्चालन कमीटीका सदस्य आवस्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थाले आवश्यकता अनुसार थप घट गर्न सक्नेछन।

अनुसूची - ३
एचआइभी संक्रमितका लागि आवश्यक ल्याब जाँचको सूची

Specific ARV drugs	2 weeks	1-month visit	3-month visit	Every 6-month visit
TDF	-	-	Blood urea, creatinine	Blood urea, creatinine
AZT	Hb	Hb	Hb, CBC	Hb, CBC
ATV/r	SGPT, S. bilirubin	SGPT, S. bilirubin	SGPT, S. bilirubin	LFT, RBS and lipid profile
LPV/r, DRV/r	-	-	-	RBS and lipid profile
DTG	-	SGPT/ALT	SGPT/ALT	SGPT/ALT

AZT: Zidovudine, ATV: Atazanavir, DTG: Dolutegravir, LFT: Liver function test, r: Ritonavir, RBS: Random blood sugar, SGPT/ALT: Serum glutamic pyruvate transaminase /alanine aminotransferase, TDF: Tenofovir, LPV: Lopinavir, DRV: Darunavir

The national programme recommended VL testing routinely as the preferred ARV drug monitoring tool. The national programme recommended VL testing and CD4 count at 6 month and 12 months and only VL for stable patients every 12 months, CD4 testing is stopped in virally suppressed patients.

- 6 months and 12 months for new clients: conduct VL, CD4
- Every 12 months for stable clients: conduct VL every year

In addition to regular test mentioned for ARV monitoring, PLHIV may require lab investigation to diagnose opportunistic infections like CXR, Sputum for GeneXpert, Cr Ag test, Blood and Urine c/s test, CT scan, lumbar puncture for CSF test , as per National HIV testing and treatment guideline 2022.

ब.उ.शि.नं. ३७००११०३ परिवार कल्याण कार्यक्रम

राष्ट्रिय खोप कार्यक्रम

खोप कार्यक्रम आधारभूत स्वास्थ्य सेवा मध्य अत्यन्त महत्वपूर्ण र प्रमुख सेवा हो। नेपालको संविधान अनुसार आधारभूत स्वास्थ्य सेवा स्थानीय तहबाट प्रदान गरिने व्यवस्था भए अनुरुप सबै बालबालिकालाई पूर्ण खोपको सुनिश्चित गरी रोगहरूको नियन्त्रण, निवारण र उन्मुलन गर्न राष्ट्रिय र अन्तराष्ट्रिय लक्ष्य हासिल गर्नका लागि कार्यक्रमको व्यवस्थापन, सञ्चालन र बजेट स्थानीय तहमा समेत विनियोजित भएको छ। नेपाल सरकारको नीति तथा कार्यक्रममा वडा स्तरबाट नै नियमित खोप सुदृढीकरण र सुक्ष्म योजना तर्जुमा कार्यक्रम सञ्चालन गर्ने, नियमित खोप कार्यक्रम अन्तर्गत विद्यालय केन्द्रित खोप (एच.पि.भी खोपलाई) अभियानको रूपमा सञ्चालन गर्न, खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल तथा निगरानीलाई सशक्त बनाउनका साथै पूर्णखोप सुनिश्चितता तथा दीगोपना घोषणा गर्नका लागि विनियोजित बजेटको परिधिभित्र रहेर तोकिएका ४ वटै शिर्षकका क्रियाकलापहरू सञ्चालन गर्नुका साथै बजेट अपुग भएमा स्थानीय तहको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने छ।

स्थानीय तहमा सशर्त अनुदान मार्फत विनियोजित क्रियाकलापहरू र सञ्चालन मार्गदर्शन र सञ्चालन प्रकृयाः

यस आ.व. मा स्थानीय तहबाट सञ्चालन गरिने निम्न कार्यक्रमहरूको शिर्षकमा नेपाल सरकारको स्रोतबाट बजेट विनियोजन गरिएको छ। यस क्रियाकलापमा विनियोजित बजेट अपुग भएमा तथा अन्य क्रियाकलापहरू आवश्यक्ता भएमा स्थानीय तहबाट थप बजेटको व्यवस्था गरेर सम्पन्न गर्नु पर्दछ। तसर्थ क्रियाकलाप सञ्चालन गर्दा निर्देशिकामा उल्लेख भए अनुसार गर्नुपर्नेछ। साथै स्थानीय तहले खोप सेवा सञ्चालन गर्ने जिम्मेवार स्वास्थ्य संस्था पहिचान गरी उक्त स्वास्थ्य संस्थाको जिम्मेवार स्वास्थ्यकर्मी समेत तोकी खोप सेवा सञ्चालन गर्ने व्यवस्था गर्नु पर्नेछ।

विनियोजित क्रियाकलापः

स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण, नियमित खोपमा विद्यालय केन्द्रित खोप अभियान सञ्चालन, सरसफाई प्रवर्द्धन कार्यक्रम निरन्तरता, खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल तथा निगरानी, पूर्ण खोप सुनिश्चतता र दीगोपनाका लागि व्यवस्थापन खर्च

सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूः

१.१ नियमित खोप सुदृढीकरण र सुक्ष्म योजना तर्जुमा कार्यक्रम (स्वीकृत बजेटको अधिकतम २० प्रतिशत, स्थानीय सरकारले सञ्चालन गर्नुपर्ने छ)

१.२ नियमित खोपमा विद्यालय केन्द्रित खोप (एच.पि.भी) अभियानको रूपमा सञ्चालन (स्वीकृत बजेटको अधिकतम ४५ प्रतिशत, स्थानीय सरकारले सञ्चालन गर्नुपर्ने छ)

१.३ खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल तथा निगरानी (स्वीकृत बजेटको अधिकतम ५ प्रतिशत, स्थानीय सरकारले सञ्चालन गर्नुपर्ने छ)

१.४ पूर्ण खोप सुनिश्चतता तथा दीगोपना घोषणा र सरसफाई प्रवर्द्धन कार्यक्रमको निरन्तरता (स्वीकृत बजेट को अधिकतम ३० प्रतिशत वा माथिका ३ वटा क्रियाकलाप सञ्चालन पश्चात बाँकी रकमवाट सञ्चालन गर्नुपर्ने छ)

नोटः केही कारणले खर्च प्रकृयामा केही परिवर्तन गर्नु परेमा स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाको परिपत्र अनुसार गर्नु पर्नेछ।

कार्यक्रम सञ्चालनका लागि मार्गदर्शनः

१. कार्यक्रम सञ्चालनमा, विनियोजित एकमुष्ठ रकमबाट, सो अन्तर्गतका क्रियाकलाप सञ्चालन गर्न मार्गदर्शनमा उल्लेख भएका सम्पूर्ण क्रियाकलापको अनिवार्य रुपमा अग्रिम बजेट बाँडफाँड र योजना तयारी गरेर अख्तियारवाला अधिकारीबाट स्वीकृत गराएर मात्र क्रियाकलाप सञ्चालन गर्नुपर्दछ।

२. निश्चित क्रियाकलापको लागि विनियोजित बजेट अपुग भएमा अपुग बजेट स्थानीय तहको साझेदारीमा व्यवस्थापन गरि कार्य सम्पन्न गर्नु पर्दछ। खर्च योजना नेपाल सरकारको प्रचलित आर्थिक ऐन नियम अनुसार गर्नु पर्दछ।

३. कार्यक्रम सञ्चालनको योजना बनाउदा र कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम सञ्चालनको गुणस्तर कायम राख्न स्वास्थ्य/जनस्वास्थ्य/स्वास्थ्य सेवा कार्यालय र खोप कार्यक्रममा सहयोग पुर्याउने विकास साझेदार निकायहरू साथै अन्य सरोकारवाला निकायहरूसँग अनिवार्य समन्वय गरि कार्यक्रम सञ्चालनको व्यवस्था गर्नुपर्नेछ।

४. कार्यक्रमको उद्देश्य अनुसार सञ्चालन प्रकृया, सहजकर्ता तथा सहभागी तोकिए अनुसार योजना बनाएर कार्यक्रम सञ्चालन गर्नु पर्दछ।

५. कार्यक्रमसँग सम्वन्धित निर्देशिका, सन्दर्भ सामग्री, प्रस्तुतिकरण सामग्री आदि स्वास्थ्य/ जनस्वास्थ्य/ स्वास्थ्य सेवा कार्यालयबाट पूर्ण रुपमा प्राप्त गरी सो अनुशरण र आवश्यकता अनुसार वितरण गर्नु पर्दछ।

६. स्थानीय तहका स्वास्थ्य महाशाखा, शाखाले विनियोजित कार्यक्रमहरूको अध्ययन गरि निर्देशिकामा उल्लेख भए अनुसार समीक्षा, अभिमुखीकरण र सुक्ष्मयोजना तोकिएको त्रैमासिकमा सम्पन्न गर्न योजना वनाई कार्यक्रम सञ्चालन गर्ने।

७. वडा/स्वास्थ्य संस्थास्तरमा सञ्चालन गर्दा कार्यक्रमहरू प्रभावकारी बनाउन स्थानीय स्तरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, स्थानीय तहबाट समेत सहजीकरण गर्ने तथा प्रस्तुतिकरण सामग्री उपलब्ध गराउनु पर्दछ।

१.१ नियमित खोप सुदृढीकरण र सुक्ष्म योजना तर्जुमा कार्यक्रम

परिचय	स्थानीय तहमा स्वास्थ्य संस्था स्तरीय नियमित खोप सुदृढीकरणका लागि प्रगतिको समीक्षा, सुक्ष्मयोजना, सरसफाई प्रवर्द्धन कार्यक्रमको, नयाँ खोप तथा खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल बारेमा जानकारीका लागि स्थानीय तहका स्वास्थ्य संस्थाका प्रमुखहरू र खोप सेवामा संलग्न स्वास्थ्यकर्मीहरूको क्षमता विकास गर्नुका साथै स्वास्थ्य संस्था स्तरीय सुक्ष्म योजना अनिवार्यरुपमा तोकिएको समयमा अध्यावधिक गरी खोप कार्यक्रम प्रभावकारी बनाउन यो कार्यक्रमको व्यवस्था गरिएको छ।
उद्धेश्य	• खोप कार्यक्रमको उपलब्धि, प्रगतिको अवस्था विश्लेषण एवम् समीक्षा गरी सुधारको लागि स्वास्थ्य संस्था स्तरीय सुक्ष्म योजना बनाउने क्षमता विकास गर्ने। • खोप कार्यक्रमबाट प्राप्त उपलब्धि कायम राख्दै गुणस्तरीय खोप सेवा मार्फत पूर्ण खोप सुनिश्चित गर्न उपलब्ध स्रोत साधनको उचित परिचालनको योजना बनाउने।

अपेक्षित प्रतिफल	• स्वास्थ्य संस्था स्तरीय कार्य प्रगति, उपलब्धि, सुधार गर्नुपर्ने पक्षहरूको पहिचान भई गुणस्तरीय र प्रभावकारी खोप सेवा सञ्चालन गर्न योजना निर्माण गर्न क्षमता विकास हुनेछ। • स्वास्थ्य संस्था स्तरीय सुक्ष्म योजना बनाउने क्षमता विकास गर्नु को साथै तोकिएको समयमा सम्बधित निकायमा पठाउने प्रणालीको विकास हुनेछ।
सञ्चालन प्रक्रिया	लक्षित समूहः सहभागीः खोप सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थाका प्रमुख, खोप सेवामा संलग्न स्वास्थ्यकर्मीहरू र बजेटको परिधिमा रहि अन्य सरोकारवालाहरू। सहजकर्ताः स्थानीय तहका स्वास्थ्य महाशाखा/शाखाका प्रमुख तथा खोप कार्यक्रम फोकल पर्सन, स्वास्थ्य/जनस्वास्थ्य/स्वास्थ्य सेवा कार्यालय, डब्लु.एच.ओ, युनिसेफ, वाटरएड आदि । सञ्चालन गर्ने अवधिः कार्यक्रम सञ्चालन गर्दा माथि उल्लेखित सहभागीहरूलाई सहभागिता गराई १ दिन मात्र स्थानीय तहमा तोकिएको समय भित्र सञ्चालन गर्नुपर्नेछ। सञ्चालन प्रकृयाः • स्वास्थ्य संस्थाका खोप सेवामा संलग्न स्वास्थ्यकर्मीहरू र महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको उपस्थितिमा स्वास्थ्य संस्था स्तरिय नियमित खोप कार्यक्रमको सुक्ष्म योजना तथा विद्यालय केन्द्रित खोप (एच.पि.भी. खोप लगायत अन्य) कार्यक्रम सञ्चालनको लागि अनिवार्य रुपमा योजना बनाउने र गोष्ठीमा आउँदा लिएर आउन पत्राचार गर्नु पर्नेछ। • स्वास्थ्य संस्थाले बनाएर ल्याएको सुक्ष्म योजनामा सबै क्षेत्र समेटेर वडा अनुसारको नियमित खोप कार्यक्रमको सुक्ष्म योजना बनाउनु पर्नेछ। • स्थानीय तहले सबै वडा समेटेर महानगर/ उप-महानगर/ नगर/ गाउँ पालिका अनुसारको नियमित खोप कार्यक्रमको सुक्ष्म योजना बनाउनु पर्नेछ। • स्थानीय तहले अनिवार्य रुपमा नियमित खोप कार्यक्रमको सुक्ष्म योजना अनुसार स्वास्थ्य/जनस्वास्थ्य/ स्वास्थ्य सेवा कार्यालयबाट खोप तथा खोपजन्य सामग्री माग गरि स्वास्थ्य संस्थालाई वितरण गर्नु पर्नेछ। • स्वास्थ्य/जनस्वास्थ्य/ स्वास्थ्य सेवा कार्यालय सञ्चालन गर्ने सुक्ष्म योजना तर्जुमा गोष्ठीमा स्थानीय तहले पूर्णरुपमा भरेको नियमित खोप कार्यक्रमको सुक्ष्म योजना अनिवार्य एक प्रति लिएर जानु पर्नेछ। • स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरू समीक्षामा आउँदा स्वास्थ्य संस्था स्तरको अघिल्लो ३ आर्थिक वर्षको पूर्ण रुपमा भरिएको सुक्ष्म योजना फारम, अघिल्लो आर्थिक वर्षको खोप केन्द्र अनुसारको ट्यालि सिट, खोप सेवा रजिस्टर, प्रतिवेदन फाराम ९.२ र ९.३ र खोपको पहुँचबाट टाढा रहेका बस्ती/समुदायको विवरण तयार गरी लिएर आउन पत्राचार गर्नु पर्दछ। • कार्यक्रम समापन पश्चात पेश्की फछर्योट गर्दा अनिवार्य रुपमा महानगर/ उप-महानगर/ नगर/ गाउँ पालिका स्तरिय पूर्ण रुपमा भरिएको सुक्ष्म योजना फाराम आर्थिक कागजातसँग संलग्न गर्नु पर्नेछ।

	नोटः कुनै कारणबस खर्च प्रकृयामा केहि परिवर्तन गर्नु परेमा स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाको परिपत्र अनुसार गर्नु पर्नेछ।
कार्य सम्पादन सूचक	तोकिएको समय (श्रावण ७ भित्र स्वास्थ्य संस्थाले सम्बन्धित स्थानीय तह) मा स्वास्थ्य संस्था स्तरीय सुक्ष्म योजना स्वास्थ्य/जनस्वास्थ्य/स्वास्थ्य सेवा कार्यालय पठाएको।
बजेट बाँडफाँड	यो कार्यक्रममा विनियोजित बजेट नेपाल सरकारको आर्थिक ऐन, नियम र अन्य प्रचलित ऐन, नियमावली अनुसार खर्च योजना तयार गरि स्वीकृत गराई क्रियाकलाप सञ्चालन गर्नुपर्दछ।
सन्दर्भ सामग्री	अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका-२०८१, प्रस्तुतिकरण स्लाईड, स्वास्थ्य संस्था स्तरको सुक्ष्म योजना फाराम।
अभिलेख/ प्रतिवेदन	• महानगर/ उप-महानगर/नगरपालिका/ गाउँपालिका स्तरिय पूर्ण रुपमा भरिएको सुक्ष्म योजना फाराम एक प्रति खोप तथा खोपजन्य सामग्री बितरण स्थानमा राख्नु पर्नेछ। • स्थानीय तहले हरेक आर्थिक वर्षको सुरूवात (श्रावण १५ गते भित्र) एक प्रति सुक्ष्म योजना फाराम स्वास्थ्य/जनस्वास्थ्य/स्वास्थ्य सेवा कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

१.२ नियमित खोपमा विद्यालय केन्द्रित खोप (एच.पि.भी लगायतका अन्य) अभियानको रूपमा सञ्चालन

परिचय	नियमित खोपमा विद्यालय केन्द्रित मासिक रूपमा सञ्चालन हुने नियमित खोप सेसन भन्दा फरक वार्षिक रूपमा एचपिभी खोप सेवा सञ्चालनको लागि यो कार्यक्रम र बजेटको व्यवस्था गरिएको छ। पाठेघरको मुखको क्यान्सरको प्रतिरोधात्मक क्षमता बृद्धी गर्न गत आ।व। मा देशब्यापी रूपमा विद्यालयमा अध्ययनरत कक्षा ७ देखि १० का छात्राहरू तथा विद्यालय नजानेको हकमा ११ देखि १४ वर्ष उमेर समूहका किशोरीहरूलाई अभियान मार्फत र कक्षा ६ का छात्राहरू र विद्यालय नजानेको हकमा १० वर्ष उमेर समूहका किशोरीहरूलाई नियमित खोपमा एचपीभी खोप प्रदान गरिएको थियो। तसर्थ यस आव देखि कक्षा ६ का छात्राहरू र विद्यालय नजानेको हकमा १० वर्ष उमेर समूहका किशोरीहरूलाई नियमित खोपमा एचपीभी खोप प्रदान गर्नको लागि विद्यालय केन्द्रित वर्षको एक पटक अभियानको रूपमा खोप सञ्चालन गर्नको लागि स्थानीय तहमा बजेट व्यवस्था गरिएको छ।
उद्देश्य	• तोकिएको लक्षित समूह सत् प्रतिशतलाई खोप उपलब्ध गराउने • नियमित खोपमा विद्यालय केन्द्रित खोप सेवा सञ्चालन गर्ने
अपेक्षित प्रतिफल	• विद्यालयका कक्षा ६ का छात्राहरू तथा विद्यालय नजाने १० वर्षका किशोरीहरूलाई एच।पी।भी। खोपको प्रदान गरी भविष्यमा पाठेघरको मुखको क्यान्सर विरुद्धको रोग तथा प्रकोपमा कमी आउने। • नियमित खोपमा विद्यालयबाट प्रदान गरिने खोपहरू सफलतापूर्वक सम्पन्न भई सत् प्रतिशत कभरेज हासिल हुनेछ।
क्रियाकलाप र सञ्चालन प्रकृया	**लक्षित समूहः** विद्यालयका कक्षा ६ का छात्राहरू तथा विद्यालय नजानेको हकमा १० वर्षका किशोरीहरू **सञ्चालन गर्ने अवधिः** "पाठेघरको मुखको क्यान्सर गराउने Human Papillomavirus विरूद्धको एच.पी.भी. खोप सेवा सञ्चालन निर्देशिका २०८१ अनुसार फागुन महिना एच.पी.भी. खोप

	सञ्चालन गर्ने उल्लेख भएतापनि खोपको उपलब्धता लगायत अन्य व्यवस्थापकिय पक्षलाई मध्यनजर गरि परिवार कल्याण महाशाखाले तय गरे अनुसार एच.पी.भी. खोप सेवा सञ्चालन गर्नु पर्नेछ। साथै स्थानीय तहमा बजेट बिनियोजन जुनसुकै त्रैमासिकमा भए पनि एच.पी.भी. खोप सेवा सञ्चालन भएको भुक्तानी यसै बजेटबाट गर्नु पुर्नेछ। सञ्चालन प्रक्रियाः • एच.पी.भी. खोप अभियान तथा नियमित खोपमा शूरूवातको लागि यस अघि सङ्घीय तहबाट जारी भएको निर्देशिकामा नियमित खोपमा एच.पी.भी. खोप सञ्चालनको लागि क्रियाकलापहरू उल्लेख भएको हुदाँ सोहि निर्देशिका अनुसार सञ्चालन गर्नु पर्दछ। • नियमित खोपमा विद्यालय केन्द्रित एच.पी.भी. खोप अभियान सञ्चालनका लागि नेपाल सरकारबाट विनियोजित बजेटबाट निम्न क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछः १. पालिकास्तरिय खोप समन्वय समितिको बैठकमा मार्फत विद्यालय केन्द्रित खोप (एच.भी.पी.) कार्यक्रम सञ्चालन बारे छलफल, खोप सञ्चालनको बिधि, प्रक्रिया, मिति तथा वार्षिक सुक्ष्म योजनामा तयार गरिएको योजना आदिको जानकारी गराउने साथै आवश्यक सहयोग, सहजीकरणको लागि प्रस्ताव गर्ने। २. वडा स्तरिय खोप समन्वय समितिको बैठकमा सम्बन्धित स्वास्थ्य संस्थाका खोप दिने स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेवक, कक्षा ६ अध्ययन अध्यापन गराउने विद्यालयबाट विद्यालय नर्स तथा विद्यालय नर्स नभएको अवस्थामा सम्बधित विद्यालयबाट कक्षा ६ मा अध्यापन गराउने एक जना महिला शिक्षकलाई अनिवार्य आमन्त्रण गरी, विद्यालय केन्द्रित खोप (एच.भी.पी.) कार्यक्रम सञ्चालनको बारे जानकारी गराउने। ३. विद्यालय केन्द्रित खोप (एच.भी.पी.) कार्यक्रम सञ्चालन गर्दा नियमित खोप रजिस्टर अनुसार खोप प्राप्त गरेका किशोरीहरूको तथ्याङ्क पूर्ण रुपमा भर्ने। ४. विद्यालय केन्द्रित खोप (एच.भी.पी.) कार्यक्रम सञ्चालन गर्न जाँदा खटी जाने कर्मचारीलाई नेपाल सरकारको नियमानुसार यातायात खर्च यसै बजेटबाट व्यवस्थापन गर्ने। ५. विद्यालय नजाने १० वर्षका किशोरीहरूलाई खोप सेवामा समेट्न आवश्यक प्रचार प्रसार तथा सामाजिक परिचालनको लागि बजेटको परिधिभित्र रहेर क्रियाकलापहरू सञ्चालन गर्ने। ६. निर्देशिकाले तोके बमोजिम खोप सेवाको पूर्व तयारी, खोप सेवा सञ्चालनको समयमा अनुगमन तथा द्रुत सुलभ सर्वेक्षणको भुक्तानी यसै बजेटबाट गर्ने नोट- एच.पी.भी खोप अभियान सञ्चालनको लागि खोप केन्द्र व्यवस्थापन, जनशक्ति परिचालन, सामाजिक परिचालन, ए.ई.एफ. आई व्यवस्थापन तथा अनुगमन सुपरिवेक्षणका क्रियाकलापहरूको योजना तयार गरी सो क्रियाकलापहरू स्वास्थ्य कार्यालयसँग समन्वय गरी सम्पन्न गर्नुपर्दछ।
कार्य सम्पादन सूचक	खोपको प्रगति प्रतिवेदन DHIS-2 मा अनिवार्य रुपमा प्रविष्ट गरी एक प्रति प्रतिवेदन स्वास्थ्य/जनस्वास्थ्य/स्वास्थ्य सेवा कार्यालय पठाएको हुनुपर्नेछ।
बजेट बाँडफाँड	स्वीकृत विनियोजित बजेट नेपाल सरकारको प्रचलित आर्थिक ऐन/नियम अनुसार खर्च

	गर्नुपर्नेछ। स्थानीय तहमा बजेट विनियोजन जुन सुकै त्रैमासिकमा भए पनि एचखोप .भी.पी. सञ्चालन सेवा भएको भुक्तानी यसै बजेटबाट गर्नुपर्नेछ।
सन्दर्भ सामग्री	अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०८१, एच .भी.पी.खोप कार्य सञ्चालन निर्देशिका।
अभिलेख/ प्रतिवेदन	• विद्यालय केन्द्रित एच.भी.पी. खोप कार्यक्रम सञ्चालन गर्दा अनिवार्य रुपमा नियमित खोप रजिस्टरमा अभिलेख राख्ने। • खोपको प्रगति प्रतिवेदन राष्ट्रिय खोप कार्यक्रम DHIS-2 मा अनिवार्य प्रविष्ट गर्नु पर्नेछ।

१.३ खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल तथा निगरानी

परिचय	खोप सेवा तथा खोपबाट बचाउन सकिने रोगहरू खोजपड्ताल, शंकास्पद बिरामी तथा महामारीको अनुसन्धान र निगरानी निरन्तर रूपमा गरी समुदायमा खोजीकार्य सुदृढ गर्नको लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ।
उद्देश्य	• खोपबाट बचाउन सकिने रोगहरूको निगरानी योजना (संक्रमणकालीन पोलियो योजना) २०७९-८६ को कार्यान्वयन गर्ने। • पोलियो रोग उन्मूलनको लागि हालसम्म गरिएका निगरानीकाका कार्यहरू नेपाल सरकारलाई हस्तान्तरण गर्ने निति अनुरूप सो सम्बन्धी क्रियाकलापहरू नेपाल सरकार मार्फत सञ्चालन गर्ने।
अपेक्षित प्रतिफल	नेपाल सरकारबाट अनुमोदित खोपबाट बचाउन सकिने रोगहरूको निगरानी योजना (संक्रमणकालीन पोलियो योजना) २०७९-८६ कार्यान्वयन भई सबै तहमा रोगहरूको खोजपड्ताल, शंकास्पद बिरामीको अनुसन्धान, निगरानी जस्ता कार्य नेपाल सरकारलाई प्राप्त स्रोत साधन मार्फत सञ्चालन हुने।
सञ्चालन प्रक्रिया	• तोकिएको Active Surveillance Site मा नियमित निगरानी। • खोपबाट बचाउन सकिने रोगहरूको निगरानी, अनुसन्धान। • शंकास्पद बिरामीको नमूना सङ्कलन, ढुवानी तथा जनशक्ति परिचालन जस्ता। • माथि उल्लेखित कार्यका लागि यसै शिर्षकबाट खर्च गर्नुपर्नेछ। • बजेट अपुग वा कुनै कारणवश भुक्तानी गर्न नसकिने परिस्थति सृजना भएमा सो कार्यको भुक्तानी को लागि प्रमाणित कागजात सहित सम्बन्धित स्वास्थ्य/जनस्वास्थ्य /स्वास्थ्य सेवा कार्यालयमा भुक्तानीको लागि सहजीकरण गर्नुपर्दछ। महामारी प्रमाणित भएको अबस्थामा अनुसन्धान र निगरानी, समुदायमा शंकास्पद बिरामीको नमूना सङ्कलन, ढुवानी तथा जनशक्ति परिचालन जस्ता कार्य गर्न RRT परिचालन व्यवस्था अनुसार गर्नु पर्ने छ। सो को लागि यो महामारी शिर्षकबाट खर्च गर्ने।
कार्य सम्पादन सूचक	खोपबाट बचाउन सकिने रोगहरूको निर्देशिका अनुसार सूचकहरू कायम गर्नु पर्नेछ।
बजेट बाँडफाँड	यो कार्यक्रममा विनियोजित बजेट नेपाल सरकारको आर्थिक ऐन, नियम अनुसार खर्च गर्नु पर्ने छ। रकम भुक्तानी गर्दा नेपाल सरकारको आर्थिक ऐन, नियममा प्रष्ट नभएको अवस्थामा

	चलनचल्तीको दर अग्रिम स्विकृत गराई गर्नु पर्नेछ।
सन्दर्भ सामग्री	अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका-२०८१, सार्वजनिक खरिद ऐन र नियमावली, खोपबाट बचाउन सकिने रोगहरूको निगरानी योजना (संक्रमणकालीन पोलियो योजना) २०७९-८६ आदि।
अभिलेख/ प्रतिवेदन	• खोपबाट बचाउन सकिने रोगहरूका बिरामीहरूको विस्तृत विवरणको अभिलेख स्वास्थ्य संस्था तथा स्थानीयतहमा अनिवार्य राख्नु पर्ने। • शंकास्पद बिरामीको नमूना सङ्कलन पठाउदा एक प्रति विस्तृत विवरण फाराम अनिवार्य पठाउने।

१.४ पूर्ण खोप सुनिश्चतता तथा दीगोपना र सरसफाई प्रवर्द्धन कार्यक्रमको निरन्तरता

परिचय	योजना अनुसार स्थानीय तहको नियमित खोपको सुदृढीकरण को लागि वडास्तरमा पूर्णखोपको अबस्था कायम राख्न, सरसफाई कार्यक्रमको निरन्तरता तथा परिमार्जित पूर्ण खोप निर्देशिका २०७७ ले निर्दिष्ट गरेका उद्देश्य परिपूर्ति गर्न यो कार्यक्रमको व्यवस्था गरिएको छ।
उद्देश्य	स्वास्थ्यकर्मी, जनप्रतिनिधि, खोप समन्वय समितिका पदाधिकारी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका लगायतका सरोकारवालाहरूलाई पूर्णखोप दीगोपनाको औचित्य, महत्व, प्रक्रिया र सरसफाई कार्यक्रमको निरन्तरता तथा दीगोपनाको बारेमा जानकारी गराई अपनत्व विकास गर्ने।
अपेक्षित प्रतिफल	• स्थानीय तहको नेतृत्वमा मातहतका स्वास्थ्य संस्थाबाट पूर्ण खोप घोषणा र निरन्तरतामा तिव्रता ल्याई पूर्ण खोप प्राप्ति भएको अनुमोदन र प्रमाणिकरण हुनेछ। • पूर्ण खोप सुनिश्चितता र दीगोपनामा स्थानीय तहको वार्षिक कार्यक्रम मार्फत साझेदारी र सहकार्यको विकास हुनेछ। • गर्भवती, सुत्केरी आमाको सरसफाई सम्बन्धी व्यवहारमा सकारात्मक परिवर्तन हुनेछ ।
सञ्चालन प्रकृया	• नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चतता र दीगोपना तथा सुक्ष्म योजना अध्यावधिक र सरसफाई प्रवर्द्धन प्याकेज कार्यक्रमको समीक्षा। • स्थानीय तहको पूर्ण खोपको औचित्य, महत्व, प्रक्रिया लगायतका विषयवस्तुमा आधारित रही स्वास्थ्यकर्मी, खोप समन्वय समितिका पदाधिकारी, लगायत अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने। • अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दा स्वास्थ्य शाखाले कार्यपालिकासँग समन्वय गरि कार्यस्थानीय तहको पूर्ण बैठकमा नै उक्त अभिमुखीकरण कार्यक्रम सञ्चालनको व्यवस्था गर्नुपर्ने । • समुदाय भित्र खोप छुट हुन सक्ने सम्भावित क्षेत्र पहिचान हुने तथा उक्त क्षेत्रमा गरिने थप खोप क्रियाकलापको योजना गर्ने गरि खोप दिने स्वास्थ्यकर्मी समेतको सहभागीता गराई खोप कार्यक्रमको प्रगतिको एवम् सरसफाई प्रवर्द्धन कार्यक्रमको समीक्षा गरी

	वडास्तरको सुक्ष्मयोजना तयारी गर्ने। • वडामा घरधुरी सर्वेक्षण, वडा भेरिफिकेसन, अनुगमन तथा प्रमाणीकरणको लागि व्यवस्थापन। • योजना अनुसार वडा स्वास्थ्य संस्थाबाट घरधुरी सर्वेक्षणको लागि जनशक्ति परिचालन योजना र आवश्यक खर्च योजना समेत तयार गरि स्थानीय तहबाट वडाहरूमा उपलब्ध गराउने। • वडा स्तरबाट घरधुरी सर्वेक्षण सम्पन्न भै छुट खोप पुरा गराई सकेपछि वडाबाट प्रमाणिकरण गरि निर्देशिका अनुसारको अनुसूचीमा प्रतिवेदन र पत्र सहित स्थानीय तहमा पठाउने। • स्थानीय तहले सबै वडाको प्रतिवेदन प्राप्त गरि समीक्षा गर्ने साथै बच्चा छुट हुन सक्ने वडाहरूमा भेरीफिकेसनको लागि स्थानीय तह खोप समन्वय समितिबाट निर्णय गरी भेरीफिकेसन टिम गठन गरी भेरिफिकेसन गराउने। • भेरिफिकेसन पश्चात प्रतिवेदनको समीक्षा गर्ने, खोप छुट बच्चा पहिचान भएमा खोप पुरा गराउन सम्बन्धित स्वास्थ्य संस्थालाई जानकारी गराई खोप पुरा गराउने। • सबै खोप पुरा भै सकेपछि स्थानीय तहले मातहतका वडाहरू र स्थानीय तह घोषणा र प्रमाणिकरण गर्ने। • घरधुरी सर्वेक्षण, प्रमाणीकरण गर्न जाँदा नेपाल सरकारको नियम अनुसार यातायात खर्च दिने। • प्रत्येक वर्षको वडा तथा स्थानीय तहको वार्षिक सभामा पूर्ण खोप सुनिश्चितता कार्यक्रम समावेश र प्रमाणिकरण गर्ने। • स्थानीय तहबाट पूर्ण खोप सुनिश्चितताको लागि कार्यक्रम तथा बजेट समावेश गर्ने। **कार्यक्रम सञ्चालन गर्ने निकाय र सञ्चालन गर्नुपर्ने समयः** • स्थानीय तह, स्वास्थ्य संस्था र वडाको पूर्ण खोप घोषणाको योजना अनुसार स्वास्थ्य संस्था स्तरबाट मंसीर महिना देखि नै घरधुरी सर्वेक्षण शुरु गरि छुटेको बालबालिकाहरू लाई छुट खोप पुरा गराई, वडा भेरिफिकेसन गरेर वैशाख महिना भित्रमा वडा, स्थानीय तह प्रमाणिकरण तथा घोषणा गर्नु पर्नेछ।
कार्य सम्पादन सूचक	पूर्ण खोप निर्देशिका अनुसारका पूर्णखोप सुनिश्चितता तथा दीगोपना घोषणा हुनेछ।
बजेट बाँडफाँड	यो कार्यक्रममा विनियोजित बजेट नेपाल सरकारको आर्थिक ऐन, नियम अनुसार खर्च गर्नु पर्ने छ। यदी कुनै भुक्तानी गर्नुपर्ने रकम नेपाल सरकारको आर्थिक ऐन, नियममा प्रष्ट नभएको अवस्थामा चलनचल्तीको दर अग्रिम स्विकृत गराई भुक्तानी गर्ने।
सन्दर्भ सामग्री	पूर्ण खोप घोषणा निर्देशिका, स्थानीय तह, स्वास्थ्य संस्थाको पूर्ण खोप घोषणा र दीगोपना योजना एवम् अभिलेख, स्वास्थ्य संस्थाको प्रगति आदि।
अभिलेख/ प्रतिवेदन	• घरधुरी सर्वेक्षणको विवरण • स्थानीय तह खोप समन्वय समितिबाट निर्णय गरी भेरीफिकेसन गरिएको निर्णय

आईएमएनसिआई कार्यक्रम

१. बाल स्वास्थ्य कार्यक्रम

१.१ सीबीआईएमएनसिआई स्थलगत अनुशिक्षण कार्यक्रम।

परिचय	नवजात शिशु तथा IMNCI सेवाको सुचकाङ्कहरू कमजोर रहेको स्वास्थ्य संस्थाहरूको पहिचान गर्ने र स्वास्थ्यकर्मीहरूको विद्यमान ज्ञान, सीप र धारणामा अभिवृद्धि गर्न स्थलगत अनुशिक्षण तथा सहयोगात्मक सुपरिबेक्षण तालिम तथा कार्यक्रम सञ्चालन गर्ने उदेश्यले यो कार्यक्रम तय गरिएको छ।
उद्देश्य	• स्वास्थ्यकर्मीहरूको विद्यमान ज्ञान र सीप अभिवृद्धि गर्ने। • कार्यक्रमका समस्याहरू पहिचान गर्ने र उक्त समस्याहरूको समाधानका लागि संयुक्तरुपमा कार्ययोजना तयार गर्ने।
अपेक्षित प्रतिफल	• CBIMNCI सेवाको गुणस्तर सुधार हुनेछ। • CBIMNCI सेवाको सुचकाङ्कहरूमा सुधार हुनेछ।
सञ्चालन प्रकृया	लक्षितसमूहः CBIMNCI सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरू सञ्चालन विधिः • कार्यक्रम शुरु गर्नुपूर्व जन/स्वास्थ्य कार्यालयसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। • जिल्लाको।MNCI समीक्षा कार्यक्रमबाट पहिचान भएका सेवाको सुचकाङ्कहरू कमजोर रहेको स्वास्थ्य संस्थाहरूमा CBIMNCI Coaching कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। • स्वास्थ्य संस्थाहरूमा CBIMNCI Coaching कार्यक्रम सञ्चालन CBIMNCI Coaching Guidelines मा उल्लेख भए बमोजिम स्थानीय तहको स्वास्थ्य शाखा मार्फत गर्नुपर्नेछ
कार्य सम्पादन सूचक	अनुशिक्षण चेकलिस्ट तथा प्रतिवेदन
बजेट बाँडफाँड	यो कार्यक्रम स्वीकृत बजेटको परिधि भित्र रही सम्पन्न गर्नुपर्ने छ। यस क्रियाकलाप सञ्चालन गर्नको लागि प्रत्येक स्थानीय तहलाई रु १ लाख विनियोजित गरिएको छ।
सन्दर्भ सामग्री	CBIMNCI Coaching Guidelines र अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिकाको परिमार्जित संस्करण
अभिलेख तथा प्रतिवेदन	अनुशिक्षण चेकलिस्ट तथा प्रतिवेदन

पोषण कार्यक्रम

आमाको दुध प्रतिस्थापन गर्ने बस्तुहरूको (बिक्री वितरण नियन्त्रण) ऐन २०४९ को कार्यान्वयनको निरीक्षण तथा अनुगमन

परिचय	स्तनपानको संरक्षण, प्रबद्र्धन गर्दै स्तनपानलाई निरुत्साहित गर्ने वस्तुको अनुचित बजारीकरणलाई नियन्त्रण गर्न आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ र नियमावली, २०५१ विद्यमान छ। ऐनका प्रावधानहरूको कार्यन्वयन मार्फत स्तनपानलाई संरक्षण र सम्बद्र्धन गर्ने कार्य भइरहेको छ। ऐनको दफा १३ ले व्यवस्था गरेबमोजिम ऐन तथा नियमावलीको कार्यन्वयनको निरीक्षण तथा अनुगमन कार्यका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ।
उद्देश्य	• आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको बिक्री वितरण नियन्त्रण गर्ने। • आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ र नियमावली, २०५१ को प्रभावकारी कार्यान्वयन गराउने।
अपेक्षित प्रतिफल	• आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको बिक्री वितरण नियन्त्रण हुनेछ। • आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ र नियमावली, २०५१ को प्रभावकारी कार्यान्वयन हुनेछ।
सञ्चालन प्रकृया	• प्रदेश तथा स्वास्थ्य कार्यालयबाट आमाको दुध प्रतिस्थापन गर्ने बस्तुहरूको ९बिक्री वितरण नियन्त्रण० ऐन २०४९ को अभिमुखीकरण पश्चात स्थानीय तहहरूले आमाको दुध प्रतिस्थापन गर्ने बस्तुहरूको (बिक्री वितरण नियन्त्रण) ऐन २०४९ को कार्यान्वयनका लागि आमाको दुध प्रतिस्थापन गर्ने बस्तुहरूको (बिक्री वितरण नियन्त्रण) नियमावली २०५१ अनुसार पालना गर्नुपर्ने विषयहरू पालना गरिएको छ, छैन सुपरिवेक्षण गर्नुपर्नेछ। • सुपरिवेक्षण पश्चात उपर्युक्त ऐन र नियमावली अनुसार सम्बन्धित निकायमा प्रतिवेदन पेस गर्नुपर्नेछ।
बजेट बाँडफाँड	• यस कार्यक्रमको विस्तृत बजेट यस निर्देशिकाको बजेट बाँडफाँड खण्डमा समावेस गरिएको छ। • कार्यक्रम सञ्चालनका लागि विनियोजित रकम अपुग भएमा सम्बन्धित स्थानीय तहले आफ्नो स्रोतबाट अपुग बजेटको व्यवस्थापन गर्नु पर्नेछ।
अभिलेख तथा प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात स्थानीय तहले अभिलेख राख्नुपर्नेछ र सो को प्रतिवेदन प्रदेश स्वास्थ्य निर्देशनालय र परिवार कल्याण महाशाखामा अनिबार्य पठाउनु पर्ने छ।
सन्दर्भ सामग्री	आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ र नियमावली, २०५१।

७५३ पालिकाहरूबाट भिटामिन ए क्याप्सुल आम वितरण कार्यक्रमका लागि स्वास्थ्यकर्मी र म.स्वा.स्व.से. परिचालन खर्च

परिचय	६ देखि ५९ महिनासम्मका बालबालिकाहरूलाई भिटामिन ए र १२ देखि ५९ महिनासम्मका बालबालिकाहरूलाई जुकाको औषधी वर्षमा २ पटक (बैशाख र कार्तिक महिनामा) खुवाउने कार्यक्रममा परिचालन हुने म.सा.स्वा.स्व.से.हरूलाई एक पटकमा २ दिन गरी चार दिनको यातायात खर्च उपलब्ध गराईएकोमा सो को निरन्तरताका लागि यो क्रियाकलापको व्यवस्था गरिएको छ।
उद्देश्य	महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाले लक्षित उमेरका बालबालिकाहरूलाई भिटामिन 'ए' तथा जुकाको औषधी खुवाउन सहजताका लागि यातायात खर्च उपलव्ध गराउने।
अपेक्षित प्रतिफल	बैशाख ६ र ७ र कार्तिक २ र ३ गते भिटामिन ए तथा जुकाको औषधी आम वितरण अभियान अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाले लक्षित उमेरका ६ देखि ५९ महिनाका बालबालिकाहरूलाई भिटामिन 'ए' तथा १ वर्ष देखि ५ वर्ष सम्मका बालबालिकाहरूलाई जुकाको औषधी (अल्बेन्डाजोल) खुवाएको हुनेछन्।
सञ्चालन प्रकृया	**सञ्चालन बिधिः** • बैशाख ६ र ७ र कार्तिक २ र ३ गते वा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको मितिमा ६ महिना देखि ५९ महिनाका बालबालिकाहरूलाई भिटामिन ए तथा १ वर्ष देखि ५ वर्ष सम्मका बालबालिकाहरूलाई जुकाको औषधी आम वितरण अभियान सम्पन्न भए पश्चात् म.सा.स्वा.स्व.से.हरूलाई यो परिचालन खर्च उपलब्ध गर्नुपर्नेछ। कार्यक्रम सम्पन्न भएको एक हप्ता भित्र म.सा.स्वाले भिटामिन ए र अल्बेन्डाजोल खुवाएको रिपोर्ट सम्बन्धित स्थानीय .से.स्व. तहमा बुझाउनु पर्नेछ। • भिटामिन ए कार्यक्रमसँग सँगै थप ३ दिन सुनौला हजार दिनका आमाहरू साथै ५ वर्ष मुनिका बालबालिकाहरूको समुदायस्तारमा पोषण लेखाजोखा कार्यक्रम पनि सञ्चालन गर्नु पर्नेछ।
बजेट बाँडफाँड	• प्रत्येक महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरूलाई प्रति दिन रु ४००/- को दरले २ दिनको यातायात खर्च दिनुपर्नेछ। • स्थानीय तह, स्वास्थ्य शाखाबाट ३ जना कर्मचारीका लागि प्रति दिन प्रति व्यक्ति रू १०००/- का दरले दुइ दिनको अनुगमनका लागि खर्च गर्न पर्नेछ। • प्रत्येक स्वास्थ्य संस्थाबाट २ जना कर्मचारीका लागि प्रति दिन प्रति व्यक्ति रू १०००/- का दरले दुइ दिनको अनुगमनका लागि खर्च गर्न पर्नेछ। • निर्देशिका भन्दा बाहिरका व्यक्ती वा स्वास्थ्यकर्मीहरूको अनुगमनमा खटाइएमा उक्त अनुगमन बापतको भत्ता सम्बन्धित स्थानीय तहले आफ्नो स्रोतबाट भुक्तानी गर्नुपर्नेछ। • अनुगमन बापतको रकम भुक्तानीका लागि अनुगमन प्रतिवेदन अनिवार्य पेस गर्नु पर्ने छ। • विस्तृत बजेट यस निर्देशिकाको बजेट बाँडफाँड खण्डमा समावेस गरिएको छ। • कार्यक्रम सञ्चालनका लागि विनियोजित रकम अपुग भएमा सम्बन्धित स्थानीय तहले आफ्नो स्रोतबाट अपुग बजेटको व्यवस्थापन गर्नु पर्नेछ।
अभिलेख प्रतिवेदन	• कार्यक्रम सञ्चालन पश्चात स्थानीय तहले अभिलेख राख्नुपर्नेछ र सो को प्रतिवेदन HMIS मा अनिवार्य प्रविष्ट गर्नुपर्नेछ। • कार्यक्रम सञ्चालन पश्चात स्थानीय तहले अभिलेख राख्नुपर्नेछ र सो को आर्थिक प्रतिवेदन प्रदेश

	स्वास्थ्य निर्देशनालय र परिवार कल्याण महाशाखामा अनिवार्य पठाउनु पर्ने छ।

स्तनपान र स्थानीय पोषणयुक्त तथा स्वस्थ खानाको उपभोग प्रवर्द्धनका लागि सचेतना अभिवृद्धि

परिचय	स्तनपान र पोषण मानव जीवनको आधारभूत आवश्यकता हुन्। शिशु जन्मेपछि पहिलो ६ महिनासम्म केवल आमाको दूध (पूर्ण स्तनपान) नै पर्याप्त पोषणको स्रोत हो। यसले शिशुको शारीरिक, मानसिक, र रोग प्रतिरोधात्मक क्षमताको विकासमा महत्वपूर्ण भूमिका खेल्दछ। नेपालमा अझै पनि धेरै आमाहरूले नवजात शिशुलाई प्रारम्भिक स्तनपान गराउन ढिलो गर्ने, पानी वा अन्य खानेकुरा दिन थाल्ने, वा परम्परागत मान्यता अनुसार घिउ, मह, वा अन्य पदार्थ खुवाउने चलन छ। यसले शिशुको स्वास्थ्यमा नकारात्मक असर पार्दछ। त्यसैगरी, हाम्रो समाजमा स्थानीय रुपमा पाइने पोषणयुक्त खाद्य पदार्थको प्रयोग पर्याप्त नभएको पाइन्छ। विशेष गरी गर्भवती र सुत्केरी महिलाहरू तथा साना बालबालिकालाई सस्तो, सजिलै उपलब्ध र पोषिलो खाना दिने अभ्यासको अभावले गर्दा कुपोषणको जोखिम बढेको छ। बजारमा पाइने अत्यधिक प्रशोधित खानाको उपभोगले गर्दा पोषणको सन्तुलन बिग्रँदै गएको छ। त्यसैले, स्तनपानको महत्त्व, समयमै स्तनपान सुरु गर्ने, ६ महिनासम्म पूर्ण स्तनपान गराउने, र त्यसपछि थप पोषिलो खाना दिने अभ्यासलाई प्रवर्द्धन गर्नु आजको आवश्यकता हो। साथै, स्थानीय स्रोतबाट उपलब्ध अन्न, दलहन, तरकारी, फलफूल, गेडागुडी, दुधजन्य पदार्थ आदि प्रयोग गरेर सस्तो र पोषिलो खाना तयार गर्न सकिने ज्ञानसमेत समुदायमा प्रवाह गर्न आवश्यक छ। मातृशिशु पोषणको अवस्था सुधार गर्न, पोषण सम्बन्धी गलत धारणाको निराकरण गर्न, र समुदायमा दीगो रूपमा स्वस्थ आहार व्यवहार बसाल्न सहयोग पुग्ने भएकाले यस कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ।
उद्देश्य	• स्तनपानको महत्त्व र उचित अभ्यासबारे आमाबुबा र समुदायलाई जानकारी गराउने। • स्थानीय रुपमा पाइने पोषणयुक्त खाद्य वस्तुहरूको उपभोग प्रवर्द्धन गर्ने।
अपेक्षित प्रतिफल	• आमाहरूले नवजात शिशुलाई ६ महिना पूर्ण स्तनपान गराउने अभ्यासमा वृद्धि हुनेछ। • समुदायमा स्थानीय स्वस्थ खाना उपभोगको दरमा वृद्धि हुनेछ। • पोषण र स्वास्थ्यसम्बन्धी गलत अवधारणामा कमी आउनेछ।
सञ्चालन प्रकृया	• स्थानीय तहहरूले आफ्नो कार्यक्षेत्र भित्र रहेको स्वास्थ्य आमा समूह हरूको नियमित बैठकमा सुनौलो हजार दिनका आमाहरू लक्षित गरि स्तनपान र स्थानीय पोषणयुक्त तथा स्वस्थ खानाको उपभोग प्रवर्द्धनका लागि सचेतना अभिवृदी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। • बैठक सञ्चालनको समयमा पोषण नाङ्गलो, स्वास्थ्य सूचना तथा सञ्चार सामग्रीहरूको प्रदर्शनी गर्नुपर्नेछ। • बैठकको सहजीकरण नर्सिङ्ग स्वास्थ्यकर्मीले गरेको हुनुपर्नेछ। • बजेटको परिधिभित्र रहि स्थानीय तहहरूले आफ्नो आवश्यक्ता अनुसार बजेट बाँडफाँड गरि कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। परिवार कल्याण महाशाखा/प्रादेशिक/स्थानीय निकायले आबश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने छ।
बजेट	• विस्तृत बजेट यस निर्देशिकाको बजेट बाँडफाँड खण्डमा समावेस गरिएको छ।

बाँडफाँड	• प्रचलित आर्थिक ऐन नियमको परिधि भित्र रहि आवश्यकता अनुसार बाँडफाँड गर्न सकिने छ। कार्यक्रम सञ्चालनका लागि विनियोजित रकम अपुग भएमा सम्बन्धित स्थानीय तहले आफ्नो स्रोतबाट अपुग बजेटको व्यवस्थापन गर्नु पर्नेछ।
अभिलेख प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात स्थानीय तहले अभिलेख राख्नुपर्नेछ र सो को प्रतिवेदन प्रदेश स्वास्थ्य निर्देशनालय र परिवार कल्याण महाशाखामा पठाउनु पर्ने छ।
सन्दर्भ सामग्री	स्तनपान परामर्श सम्बन्धी फ्लिप चार्ट, बृहत पोषण प्याकेजको फ्लिप चार्ट, असलखानपान सम्बन्धी निर्देशिका

स्थानीय तहमा नमूना पोषण बिशेष कार्यक्रम सञ्चालन

परिचय	विगत लामो समयदेखि सञ्चालनमा रहेको कुपोषणको पहिचान, रोकथाम तथा व्यवस्थापनका कार्यक्रमहरू नेपालमा कुपोषणको समस्या न्यूनिकरण गर्नमा मद्दत पुर्याएको छ। नेपाल सरकारद्वारा सञ्चालनमा रहेका पोषणका विभिन्न सेवालाई प्रभावकारी रुपमा प्रवाह गर्न सके मात्र बालबालिकामा कुपोषणको समस्या न्यूनिकरण गर्न सकिन्छ भन्ने तथ्य विगतका अनुभव तथा हालसालैका अध्ययन अनुसन्धानले उजागर गरेका छन्। पोषयण कार्यक्रमकरूलाई एकीकृत रूपामा सञ्चालन गर्नका लागि धेरै चूनौतीहरू सम्बोधन गर्न तथा यस सेवालाई समय सापेक्ष परिमार्जन गरी यसको प्रभावकारीतामा वृद्धि गर्नका लागि स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाले यो कार्यक्रम तयार पारेको छ। विशेष गरेर बहुक्षेत्रीय पोषण योजना दोस्रो तथा राष्ट्रिय पोषण रणनीति २०७७ को मर्म बमोजिम पोषणका कार्यक्रमहरूलाय परिमार्जित गरी सुदृढीकरण गर्नका लागि यो कार्यक्रम तयार गरिएको छ। अतः यस कार्यक्रमको प्रभावकारीता बृद्धि गर्नका लागि समुदाय मै आधारित अवधारणाको प्रभावकारीताको परीक्षण गर्नका लागि इलाम, झापा, सुनसरी, सप्तरी, सर्लाही, रौतहट, नुवाकोट, सिन्धुली, चितवन, गोरखा, स्याङ्गजा, पर्वत, कपिलबस्तु, दाङ्ग, बाँके, डोल्पा, जाजरकोट, सुर्खेत, बैतडी, डडेलधुरा र कैलाली गरि २१ जिल्लाका प्रति जिल्ला १ पालिका अनुसार यो क्रियाकलापकम लागि बजेट विनियोजन गरिएको हो।
उद्देश्य	विद्यमान नीति तथा रणनीतिहरूको अधिनमा रही तयार गरिएका पोषण बिशेष कार्यक्रम सम्बन्धी निर्देशिका, कार्यविधि र मार्गदर्शन पूर्ण रुपमा कार्यान्वयन गरि पोषण बिशेष सेवाहरूसँग जोडिएका समस्याहरू समाधान गरि समग्रमा कुपोषणको समस्यालाई न्यूनिकरण गर्न सहयोग पुग्ने छ।
अपेक्षित प्रतिफल	• स्थानीय तहमा पोषण बिशेष कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन भएका हुने छन्। • पोषण बिशेष कार्यक्रमको अभिलेखीकरण तथा प्रतिवेदनको गुणस्तर सुधार भएको हुनेछ। • बालबालिकाहरूको नियमित पोषण लेखाजोखा भई कुपोषणको उचित व्यवस्थापन भएको हुनेछ।
सञ्चालन प्रकृया	• प्रति प्रदेशबाट ३ जिल्ला छनौट गरि हाललाई यो कार्यक्रमलाई नमुनाको रूपमा सञ्चालन गरिने छ। • छनौट गरिएका प्रत्येक जिल्लाबाट १ स्थानीय तहमा यो कार्यक्रम लागु गरिने छ।

	• कार्यक्रम लागु भएका स्थानीय तहहरूमा राष्ट्रीय पोषण बिशेष कार्यक्रम अन्तर्गत सञ्चालनमा रहेका सम्पुर्ण क्रियाकलापहरू सञ्चालन गरिनु पर्नेछ। **कार्यक्रम अनुगमन तथा सुपरिबेक्षणः** परिवार कल्याण महाशाखाले तथा प्रादेशिक निकायले आबश्यकतानुसार कार्यक्रमको अनुगमन गर्नेछ।
बजेट बाँडफाँड	• यस कार्यक्रमको विस्तृत बजेट यस निर्देशिकाको बजेट बाँडफाँड खण्डमा समावेस गरिएको छ। • प्रचलित आर्थिक ऐन नियमको परिधि भित्र रहि आवश्यकता अनुसार बाँडफाँड गर्न सकिने छ। कार्यक्रम सञ्चालनका लागि विनियोजित रकम अपुग भएमा सम्बन्धित स्थानीय तहले आफ्नो स्रोतबाट अपुग बजेटको व्यवस्थापन गर्नु पर्नेछ।
अभिलेख तथा प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात स्थानीय तहले अभिलेख राख्नुपर्नेछ र सो को प्रतिवेदन प्रदेश स्वास्थ्य निर्देशनालय र परिवार कल्याण महाशाखामा पठाउनु पर्ने छ।
सन्दर्भ सामग्री	स्थानीय तहमा नमूना पोषण विशेष कार्यक्रम सञ्चालन मार्गदर्शन २०८०।

विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धी विद्यालयमा कक्षा सञ्चालन तथा विद्यालय उमेरका बालबालिका तथा किशोरकिशोरीमा कुपोषण तथा नसर्ने रोगको जोखिम न्यूनीकरण गर्न विद्यालयमा मासिक कक्षा सञ्चालन तथा पोषण लेखाजोखा

परिचय	बालबालिकाहरूको पोषण स्वास्थ्यमा सुधार गर्न विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको महत्वपूर्ण भूमिका रहेको छ।यस कार्यक्रमलाई शिक्षा र स्वास्थ्यका सम्बन्धित निकायहरूको समन्वयबाट प्रभावकारी कार्यान्वयन गर्न सकिएमा विद्यार्थीहरूको स्वास्थ्य स्थितिमा सुधार आई शैक्षिक उपलब्धिमा गुणस्तरीयता कायम हुनेछ। बालबालिकाहरूको अधिकांश समय विद्यालयमा नै बित्ने गरेको हुँदा विद्यालयमा हुने हरेक क्रियाकलापहरूले उनीहरूमा प्रत्यक्ष रुपले प्रभाव पारिरहेको हुन्छ। हाल विद्यालय उमेरका बालबालिकहरूमा मानसिक स्वास्थ्य समस्या, लागुऔषधको दुर्वेसनी, सरुवा रोगहरू सँगै नसर्ने रोगहरूको संक्रमण देखिन थालेको छ। यसले उनीहरूको र्सवांगिण विकासमा नकारात्मक असर पार्दछ, यसर्थ राष्ट्रिय पोषण रणनीति २०७७ मा उल्लेख भए अनुसार विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको प्रभावकारी कार्यन्वयनको सुनिश्चतताको लागि यो कार्यक्रम तयार गरिएको छ।
उद्देश्य	• सम्बन्धित स्थानीय तहबाट विद्यालयमा स्वास्थ्य तथा पोषण सेवाहरू सम्बन्धी ज्ञान प्रदान गरी, व्यवहार परिवर्तनका सन्देशहरू दिने र विद्यालय मार्फत प्रदान गरिने आधारभूत स्वास्थ्य तथा पोषणका सेवाहरू प्रभावकारी रुपमा सञ्चालनका लागि आवाश्यक सहयोग तथा समन्वय गर्ने सिप तथा क्षमता विकास गर्नु। • विद्यालय उमेरका बालबालिका तथा किशोरकिशोरीमा कुपोषण तथा नसर्ने रोगको — जोखिम न्यूनीकरण गर्नु। • विद्यालयस्तरमै पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्नु।

	• विद्यार्थी तथा अभिभावकमाझ स्वास्थ्य र पोषणप्रति सकारात्मक व्यवहार निर्माण गर्नु।
अपेक्षित प्रतिफल	• विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको प्रभावकारीता बढ्नेछ। • विद्यार्थीहरूमा पोषण र स्वास्थ्यसम्बन्धी ज्ञान अभिवृद्धि हुनेछ। • विद्यालयस्तरमा पोषणको नियमित लेखाजोखा सुरु हुनेछ। • कुपोषण तथा नसर्ने रोगको जोखिम घट्नेछ। • समुदायमा समेत पोषण र स्वास्थ्यप्रति सचेतना बढ्नेछ।
सञ्चालन प्रकृया	• प्रत्येक स्थानीय तहबाट आफ्नो पालिका अन्तर्गतका विद्यालयहरूमा महिनाको ३ वटत विद्यालयमा गएर विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको बारेमा कक्षा सञ्चालन गर्नु पर्नेछ (एक वर्षमा ३६ कक्षा सञ्चालन गर्नु पर्नेछ)। • कक्षा सञ्चालनको बेला गएका स्वास्थ्यकर्मीहरूले विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको लागि आवश्यक तथ्याङ्क, प्रतिवेदन सङ्कलन गरि ल्याउनुपर्नेछ। • स्वास्थ्य शिक्षक वा स्थानीय स्वास्थ्य संस्थाबाट प्रशिक्षक बोलाउनु पर्नेछ। • कक्षामा पोषणयुक्त आहार, हात धुने तरिका, व्यक्तिगत सरसफाइ, नियमित वजन र उचाइ मापन तथा सामान्य स्वास्थ्य समस्या बारे जानकारी दिनु पर्नेछ। • विद्यार्थीहरूको तौल, उचाइ, BMI आदिको अभिलेख राख्नुपर्नेछ। • आवश्यक परेमा अभिभावकलाई समेत सहभागी गराउन सकिनेछ।
बजेट वाँडफाँड	विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको लागि कक्षा सञ्चालनमा जानुभएका स्वास्थ्यकर्मीलाई प्रति कक्षा सञ्चालन बापत रू ५०० का दरले बजेट विनियोजन गरिएको छ। कार्यक्रम सञ्चालनका लागि विनियोजित रकम अपुग भएमा सम्बन्धित स्थानीय तहले आफ्नो स्रोतबाट अपुग बजेटको व्यवस्थापन गर्नु पर्नेछ।
अभिलेख तथा प्रतिवेदन	कार्यक्रम सञ्चालन पश्चात स्थानीय तहले अभिलेख राख्नुपर्नेछ र सो को प्रतिवेदन प्रदेश स्वास्थ्य निर्देशनालय र परिवार कल्याण महाशाखामा अनिवार्य पठाउनु पर्ने छ।
सन्दर्भ सामग्री	विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सहजकर्ता तालिम पुस्तिका २०७९ तथा अन्य सामग्रीहरू

सुनौला हजार दिनका आमाहरू साथै ५ वर्ष मुनिका बालबालिकाहरूको समुदायस्तारमा पोषण लेखाजोखा कार्यक्रम

८०१०४३४४	तमानखोला गाउँपालिका	७५	८४		१००
८०१०४१२४	ढोरपाटन नगरपालिका	८०	९३		१५०
८०१०४३४६	निसीखोला गाउँपालिका	१००	८७		११६
८०१०४३४७	वढिगाड गाउँपालिका	६५	९७		१६६
८०१०४१२२	गल्कोट नगरपालिका	१५०	१००		१८२
८०१०४३४८	बरेङ गाउँपालिका	४०	८१		८४
८०१०४१२३	जैमिनी नगरपालिका	६०	९७		१६६
८०१०५३४०	पुथा उत्तरगंगा गाउँपालिका	८५	१०९		२३२
८०१०५३४२	सिस्ने गाउँपालिका	८५	९०		१३४
८०१०५३४१	भूमे गाउँपालिका	९०	९३		१५०
८०१०५३५०	सुनछहरी गाउँपालिका	७०	८७		११६
८०१०५३४४	थवाङ गाउँपालिका	८०	८१		८४
८०१०५३४५	परिवर्तन गाउँपालिका	५०	८४		१००
८०१०५३४९	गंगादेव गाउँपालिका	६०	८७		६६
८०१०५३४६	माडी गाउँपालिका	७०	८४		६६
८०१०५३४३	त्रिवेणी गाउँपालिका	९५	८७		११६
८०१०५१२२	रोल्पा नगरपालिका	१००	९७		१६६
८०१०५३४७	रुन्टीगढी गाउँपालिका	८०	९३		१५०
८०१०५३५१	सुनिल स्मृति गाउँपालिका	६०	९०		१३४
८०१०५३४८	लुङग्री गाउँपालिका	४०	८७		६६
८०१०५३५३	गौमुखी गाउँपालिका	८०	८७		११६
८०१०५३५५	नौबहिनी गाउँपालिका	९५	९०		१३४
८०१०५३५४	झिमरुक गाउँपालिका	८५	९०		१३४

स्थानीय तहको संकेत नं	स्थानीय तहको नाम	2.7.22.10790- परिवार योजना सेवा	2.7.22.10791- किशोरकिशोरी स्वास्थ्य सेवा	2.7.22.10504- प्रजनन् रुग्णता स्वास्थ्य सेवा	
		परिवार योजना सेवा कार्यक्रम	किशोर किशोरी स्वास्थ्य कार्यक्रम तथा महिनावारी स्वास्थ्य	HPV DNA विधिबाट	एकीकृत स्क्रिनिङ सेवा
८०१०५१२३	प्यूठान नगरपालिका	१५०	९७		१६६
८०१०५१२४	स्वर्गद्वारी नगरपालिका	८०	९३		१५०
८०१०५३५७	माण्डवी गाउँपालिका	८०	८१		३४
८०१०५३५६	मल्लरानी गाउँपालिका	५०	८१		८४
८०१०५३५२	ऐरावती गाउँपालिका	७०	८४		१००
८०१०५३५८	सरुमारानी गाउँपालिका	९५	८४		६६
८०१०५३३१	कालीगण्डकी गाउँपालिका	२०	८७		११६
८०१०५३३९	सत्यवती गाउँपालिका	८०	९०		१३४
८०१०५३३३	चन्द्रकोट गाउँपालिका	५०	९०		६६
८०१०५१२०	मुसिकोट नगरपालिका	५५	९३		१५०
८०१०५३३०	इस्मा गाउँपालिका	३५	८४		१००
८०१०५३३७	मालिका गाउँपालिका	६५	९०		१३४
८०१०५३३६	मदाने गाउँपालिका	४०	८७		११६
८०१०५३३५	धुर्कोट गाउँपालिका	४०	८७		११६
८०१०५१२१	रेसुंगा नगरपालिका	१२०	१०९		२३२
८०१०५३३२	गुल्मीदरबार गाउँपालिका	४०	८७		११६
८०१०५३३४	छत्रकोट गाउँपालिका	५५	८४		१००
८०१०५३३८	रुरु गाउँपालिका	४५	८४		१००
८०१०५३१९	छत्रदेव गाउँपालिका	८०	९०		१३४
८०१०५३२१	मालारानी गाउँपालिका	६०	९३		१५०
८०१०५११५	भुमिकास्थान नगरपालिका	६०	९७		१६६
८०१०५११७	सन्धिखर्क नगरपालिका	१००	१०३		२००
८०१०५३२०	पाणिनी गाउँपालिका	९५	९०		१३४
८०१०५११६	शितगंगा नगरपालिका	९५	१०९		२३२
८०१०५११९	रामपुर नगरपालिका	१००	९७	✓	१७८
८०१०५३२४	पूर्वखोला गाउँपालिका	४५	८४	✓	१६४
८०१०५३२७	रम्भा गाउँपालिका	४५	८१	✓	२५४
८०१०५३२५	बगनासकाली गाउँपालिका	५०	९३	✓	२३८
८०१०५११८	तानसेन नगरपालिका	१५०	१०९	✓	२५४
८०१०५३२८	रिब्दीकोट गाउँपालिका	६०	९०	✓	१६४
८०१०५३२९	रैनादेवी छहरा गाउँपालिका	६०	९०	✓	२२४
८०१०५३२२	तिनाउ गाउँपालिका	४०	८४	✓	२०८
८०१०५३२६	माथागढी गाउँपालिका	५०	९०	✓	१७८

स्थानीय तहको संकेत नं	स्थानीय तहको नाम	2.7.22.10790- परिवार योजना सेवा	2.7.22.10791- किशोरकिशोरी स्वास्थ्य सेवा	2.7.22.10504- प्रजनन् रुग्णता स्वास्थ्य सेवा	
		परिवार योजना सेवा कार्यक्रम	किशोर किशोरी स्वास्थ्य कार्यक्रम तथा महिनावारी स्वास्थ्य	HPV DNA विधिबाट	एकीकृत स्क्रिनिङ सेवा
८०१०५३२३	निस्दी गाउँपालिका	३०	८७	✓	२०८
८०१०५१०१	बर्दघाट नगरपालिका	१६०	११५		२६६
८०१०५१०३	सुनवल नगरपालिका	१३०	१०६		२१६
८०१०५१०२	रामग्राम नगरपालिका	२००	१२२		२९८
८०१०५३०२	पाल्हीनन्दन गाउँपालिका	१६०	८४		१००
८०१०५३०४	सरावल गाउँपालिका	९५	८७		११६
८०१०५३०३	प्रतापपुर गाउँपालिका	१७०	९३		१५०
८०१०५३०१	सुस्ता गाउँपालिका	९५	८१		८४
८०१०५१०५	देवदह नगरपालिका	१६०	१०३		२००
८०१०५०३१	बुटवल उपमहानगरपालिका	२००	१२५		३१६
८०१०५१०८	सैनामैना नगरपालिका	१००	१००		१८२
८०१०५३०६	कन्चन गाउँपालिका	१००	८१		८४
८०१०५३०८	गैडहवा गाउँपालिका	१५०	९३		१५०
८०१०५३१२	शुद्धोधन गाउँपालिका	११०	८७		६६
८०१०५३१४	सियारी गाउँपालिका	१००	८७		११६
८०१०५१०४	तिलोत्तमा नगरपालिका	१८०	११९		२८२
८०१०५३०५	ओमसतिया गाउँपालिका	८५	८४		६६
८०१०५३११	रोहिणी गाउँपालिका	७५	८७		११६
८०१०५१०७	सिद्धार्थनगर नगरपालिका	१८०	१०६		२१६
८०१०५३१०	मायादेवी गाउँपालिका	६५	९०		१३४
८०१०५१०६	लुम्विनी सांस्कृतिक नगरपालिका	१५०	१०६		२१६
८०१०५३०७	कोटहीमाई गाउँपालिका	५०	८७		११६
८०१०५३१३	सम्मरीमाई गाउँपालिका	८०	८७		११६
८०१०५३०९	मर्चवारी गाउँपालिका	९५	८७		११६
८०१०५१११	बाणगंगा नगरपालिका	१३०	१००		१८२
८०१०५११२	बुद्धभुमी नगरपालिका	२००	९७		१६६
८०१०५११४	शिवराज नगरपालिका	२००	१००		१८२
८०१०५३१७	विजयनगर गाउँपालिका	११०	८७		६६
८०१०५११०	कृष्णनगर नगरपालिका	११०	१०३		२००
८०१०५११३	महाराजगञ्ज नगरपालिका	११०	१००		१८२
८०१०५१०९	कपिलवस्तु नगरपालिका	२००	१०३		२००
८०१०५३१६	यसोधरा गाउँपालिका	९०	९०		१३४
८०१०५३१५	मायादेवी गाउँपालिका	६५	९०		६६

स्थानीय तहको संकेत नं	स्थानीय तहको नाम	2.7.22.10790- परिवार योजना सेवा	2.7.22.10791- किशोरकिशोरी स्वास्थ्य सेवा	2.7.22.10504- प्रजनन् रुग्णता स्वास्थ्य सेवा	
		परिवार योजना सेवा कार्यक्रम	किशोर किशोरी स्वास्थ्य कार्यक्रम तथा महिनावारी स्वास्थ्य	HPV DNA विधिबाट	एकीकृत स्क्रिनिङ सेवा
८०१०५३१८	शुद्धोधन गाउँपालिका	१५०	८४		६६
८०१०५३६१	बंगलाचुली गाउँपालिका	६०	९०		१३४
८०१०५०३२	घोराही उपमहानगरपालिका	२००	१२५		३१६
८०१०५०३३	तुल्सीपुर उपमहानगरपालिका	२२०	१२५		३१६
८०१०५३६५	शान्तिनगर गाउँपालिका	६०	८७		६६
८०१०५३६२	बबई गाउँपालिका	५५	८७		६६
८०१०५३६०	दंगीशरण गाउँपालिका	११०	८७		११६
८०१०५१२५	लमही नगरपालिका	१३५	९३		१५०
८०१०५३६४	राप्ती गाउँपालिका	२१०	९३		१५०
८०१०५३५९	गढवा गाउँपालिका	१२०	९०		६६
८०१०५३६३	राजपुर गाउँपालिका	१००	८७		६६
८०१०५३७१	राप्तीसोनारी गाउँपालिका	२२०	९३		१५०
८०१०५१२६	कोहलपुर नगरपालिका	२००	११२		२५०
८०१०५३७०	बैजनाथ गाउँपालिका	७५	९०		६६
८०१०५३६६	खजुरा गाउँपालिका	११०	९०		१३४
८०१०५३६७	जानकी गाउँपालिका	१००	८४		१००
८०१०५०३४	नेपालगञ्ज उपमहानगरपालिका	१५०	१३७		३८२
८०१०५३६८	डुडुवा गाउँपालिका	६५	८४		६६
८०१०५३६९	नरैनापुर गाउँपालिका	९५	८४		६६
८०१०५१२९	बाँसगढी नगरपालिका	१६०	९३		१५०
८०१०५१३२	बारबर्दिया नगरपालिका	१५०	१००		१८२
८०१०५१२८	ठाकुरबाबा नगरपालिका	१२०	९३		१५०
८०१०५३७२	गेरुवा गाउँपालिका	७०	८४		१००
८०१०५१३१	राजापुर नगरपालिका	१३५	९७		१६६
८०१०५१३०	मधुवन नगरपालिका	१६०	९३		१५०
८०१०५१२७	गुलरिया नगरपालिका	१८०	१०३		२००
८०१०५३७३	बढैयाताल गाउँपालिका	१५०	९३		१५०
८०१०६३०७	डोल्पो बुद्ध गाउँपालिका	१०	८४		६६
८०१०६३०९	शे फोक्सुन्डो गाउँपालिका	१०	९३		६६
८०१०६३०६	जगदुल्ला गाउँपालिका	१०	८४		१००
८०१०६३०८	मुड्केचुला गाउँपालिका	१०	९३		१५०
८०१०६१०३	त्रिपुरासुन्दरी नगरपालिका	३५	९७		१६६
८०१०६१०२	ठूलीभेरी नगरपालिका	१००	१००		१८२

स्थानीय तहको संकेत नं	स्थानीय तहको नाम	2.7.22.10790- परिवार योजना सेवा	2.7.22.10791- किशोरकिशोरी स्वास्थ्य सेवा	2.7.22.10504- प्रजनन् रुग्णता स्वास्थ्य सेवा	
		परिवार योजना सेवा कार्यक्रम	किशोर किशोरी स्वास्थ्य कार्यक्रम तथा महिनावारी स्वास्थ्य	HPV DNA विधिबाट	एकीकृत स्क्रिनिङ सेवा
८०१०६३०४	काईके गाउँपालिका	१०	८७		११६
८०१०६३०५	छार्का ताङसोङ गाउँपालिका	१०	८४		१००
८०१०६३०२	मुगुमकार्मारोंग गाउँपालिका	३०	९३		१५०
८०१०६१०१	छायाँनाथ रारा नगरपालिका	१५०	१०९		२३२
८०१०६३०३	सोरु गाउँपालिका	६०	१००		६६
८०१०६३०१	खत्याड गाउँपालिका	४५	१००		१८२
८०१०६३१२	चंखेली गाउँपालिका	३०	८४		१००
८०१०६३११	खार्पुनाथ गाउँपालिका	१०	८१		३४
८०१०६३१६	सिमकोट गाउँपालिका	६५	९०		१३४
८०१०६३१४	नाम्खा गाउँपालिका	१०	८४		१००
८०१०६३१५	सर्केगाड गाउँपालिका	१०	९०		१३४
८०१०६३१०	अदानचुली गाउँपालिका	१०	८४		६६
८०१०६३१३	ताँजाकोट गाउँपालिका	१०	८१		८४
८०१०६३२१	पातारासी गाउँपालिका	१०	८७		६६
८०१०६३१७	कनकासुन्दरी गाउँपालिका	२५	९०		१३४
८०१०६३२२	सिंजा गाउँपालिका	२५	८४		१००
८०१०६१०४	चन्दननाथ नगरपालिका	१००	९७		१६६
८०१०६३१८	गुठिचौर गाउँपालिका	२५	८१		८४
८०१०६३१९	तातोपानी गाउँपालिका	२५	९०		१३४
८०१०६३२०	तिला गाउँपालिका	५०	९३		१५०
८०१०६३२३	हिमा गाउँपालिका	३०	८७		११६
८०१०६३२७	पलाता गाउँपालिका	५०	९३		१५०
८०१०६३२६	पचालझरना गाउँपलिका	९०	९३		१५०
८०१०६१०७	रास्कोट नगरपालिका	६०	९३		१५०
८०१०६३२९	सान्नी त्रिवेणी गाउँपालिका	३०	९३		१५०
८०१०६३२५	नरहरिनाथ गाउँपालिका	७०	९३		१५०
८०१०६१०५	खाँडाचक्र नगरपालिका	१००	१००		१८२
८०१०६१०६	तिलागुफा नगरपालिका	३०	१००		१८२
८०१०६३२८	महावै गाउँपालिका	२५	८७		११६
८०१०६३२४	शुभ कालिका गाउँपालिका	५०	९०		१३४
८०१०६३५१	नौमुले गाउँपालिका	७०	९०		१३४
८०१०६३५४	महाबु गाउँपालिका	९०	८४		१००
८०१०६३५३	भैरवी गाउँपालिका	२०	८७		६६

स्थानीय तहको संकेत नं	स्थानीय तहको नाम	2.7.22.10790- परिवार योजना सेवा	2.7.22.10791- किशोरकिशोरी स्वास्थ्य सेवा	2.7.22.10504- प्रजनन् रुग्णता स्वास्थ्य सेवा	
		परिवार योजना सेवा कार्यक्रम	किशोर किशोरी स्वास्थ्य कार्यक्रम तथा महिनावारी स्वास्थ्य	HPV DNA विधिबाट	एकीकृत स्क्रिनिङ सेवा
८०१०६३४९	ठाँटीकाँध गाउँपालिका	९०	८४		१००
८०१०६१२२	आठबीस नगरपालिका	४५	९३		१५०
८०१०६१२३	चामुण्डा बिन्द्रासैनी नगरपालिका	४५	९३		१५०
८०१०६१२४	दुल्लु नगरपालिका	२००	१०६		२१६
८०१०६१२५	नारायण नगरपालिका	१००	१००		१८२
८०१०६३५२	भगवतीमाई गाउँपालिका	३०	८७		११६
८०१०६३५०	डुंगेश्वर गाउँपालिका	४०	८४		१००
८०१०६३४८	गुराँस गाउँपालिका	६०	९०		१३४
८०१०६३४६	बारेकोट गाउँपालिका	११०	९३		१५०
८०१०६३४४	कुसे गाउँपालिका	९०	९३		१५०
८०१०६३४५	जुनीचाँदे गाउँपालिका	३५	१००		१८२
८०१०६११९	छेडागाड नगरपालिका	५५	१०६		२१६
८०१०६३४७	शिवालय गाउँपालिका	१०	९३		६६
८०१०६१२१	भेरीमालिका नगरपालिका	९०	१०६		२१६
८०१०६१२०	नलगाड नगरपालिका	१२०	१०६		२१६
८०१०६१०८	आठबिसकोट नगरपालिका	२००	१०९		२३२
८०१०६३३२	सानीभेरी गाउँपालिका	११०	१००		१८२
८०१०६३३१	बाँफिकोट गाउँपालिका	५०	९७		१६६
८०१०६११०	मुसिकोट नगरपालिका	१३०	१०९		२३२
८०१०६३३०	त्रिवेणी गाउँपालिका	८०	९७		१६६
८०१०६१०९	चौरजहारी नगरपालिका	७०	१०९		२३२
८०१०६३३९	दार्मा गाउँपालिका	७०	८४		१००
८०१०६३३५	कुमाख गाउँपालिका	४५	८७		११६
८०१०६११२	बनगाँड कुपिण्डे नगरपालिका	१४०	१०३		२००
८०१०६३३७	सिद्ध कुमाख गाउँपालिका	२५	८१		८४
८०१०६१११	बागचौर नगरपालिका	१००	१०३		२००
८०१०६३३६	छत्रेश्वरी गाउँपालिका	४०	८७		११६
८०१०६११३	शारदा नगरपालिका	२३५	११२		२५०
८०१०६३३४	कालिमाटी गाउँपालिका	१००	८७		११६
८०१०६३३८	त्रिवेणी गाउँपालिका	४०	८४		१००
८०१०६३३३	कपुरकोट गाउँपालिका	६०	८४		१००
८०१०६३४३	सिम्ता गाउँपालिका	५०	९३	✓	२०८
८०१०६३४०	चिङ्गाड गाउँपालिका	६५	८४	✓	१६४

स्थानीय तहको संकेत नं	स्थानीय तहको नाम	2.7.22.10790- परिवार योजना सेवा	2.7.22.10791- किशोरकिशोरी स्वास्थ्य सेवा	2.7.22.10504- प्रजनन् रुग्णता स्वास्थ्य सेवा	
		परिवार योजना सेवा कार्यक्रम	किशोर किशोरी स्वास्थ्य कार्यक्रम तथा महिनावारी स्वास्थ्य	HPV DNA विधिबाट	एकीकृत स्क्रिनिङ सेवा
८०१०६११७	लेकबेसी नगरपालिका	५०	९७	✓	२२४
८०१०६११४	गुर्भाकोट नगरपालिका	१२०	१०९	✓	२८४
८०१०६११६	भेरीगंगा नगरपालिका	१२०	१०६	✓	३१४
८०१०६११८	बीरेन्द्रनगर नगरपालिका	१८०	११५	✓	३१४
८०१०६३४२	बराहताल गाउँपालिका	६५	९७	✓	२०४
८०१०६११५	पञ्चपुरी नगरपालिका	९५	१००	✓	२३८
८०१०६३४१	चौकुने गाउँपालिका	५५	९७	✓	२२४
८०१०७३२४	हिमाली गाउँपालिका	४०	८७		११६
८०१०७३२०	गौमुल गाउँपालिका	१००	८४		१००
८०१०७११६	बुढीनन्दा नगरपालिका	७०	९७		१६६
८०१०७३२३	स्वामीकार्तिक खापर गाउँपालिका	५०	८१		८४
८०१०७३२२	जगन्नाथ गाउँपालिका	१०	८४		३४
८०१०७११४	बडिमालिका नगरपालिका	११५	९३		१५०
८०१०७३२१	खप्तड छेडेदह गाउँपालिका	३५	८७		११६
८०१०७११५	बुढीगंगा नगरपालिका	७५	९७		१६६
८०१०७११३	त्रिवेणी नगरपालिका	६०	९३		१५०
८०१०७३२५	साईपाल गाउँपालिका	१०	८१		८४
८०१०७११८	बुंगल नगरपालिका	४०	१००		१८२
८०१०७३३४	सूर्मा गाउँपालिका	५५	८१		३६
८०१०७३२९	तालकोट गाँउपालिका	२०	८७		६६
८०१०७३३२	मष्टा गाउँपालिका	३०	८७		११६
८०१०७११७	जयपृथ्वी नगरपालिका	८०	१००		१८२
८०१०७३२८	छबिसपाथिभेरा गाँउपालिका	२५	८७		११६
८०१०७३३१	दुर्गाथली गाँउपालिका	३०	८७		११६
८०१०७३२६	केदारस्युँ गाँउपालिका	७५	९३		१५०
८०१०७३३३	वित्थडचिर गाँउपालिका	५०	९३		१५०
८०१०७३३०	थलारा गाँउपालिका	६०	९३		१५०
८०१०७३२७	खप्तडछान्ना गाँउपालिका	५०	८७		११६
८०१०७३३८	व्याँस गाउँपालिका	४०	८४		१००
८०१०७३३६	दुहुँ गाउँपालिका	५५	८१		८४
८०१०७११९	महाकाली नगरपालिका	१६०	९३		१५०
८०१०७३३७	नौगाड गाउँपालिका	५०	८४		१००
८०१०७३३५	अपिहिमाल गाउँपालिका	५०	८४		१००

स्थानीय तहको संकेत नं	स्थानीय तहको नाम	2.7.22.10790-परिवार योजना सेवा	2.7.22.10791-किशोरकिशोरी स्वास्थ्य सेवा	2.7.22.10504-प्रजनन् रुग्णता स्वास्थ्य सेवा	
		परिवार योजना सेवा कार्यक्रम	किशोर किशोरी स्वास्थ्य कार्यक्रम तथा महिनावारी स्वास्थ्य	HPV DNA विधिबाट	एकीकृत स्क्रिनिङ सेवा
८०१०७३३९	मार्मा गाउँपालिका	९०	८४		१००
८०१०७१२०	शैल्यशिखर नगरपालिका	८५	९३		१५०
८०१०७३४०	मालिकार्जुन गाउँपालिका	६०	९०		१३४
८०१०७३४१	लेकम गाउँपालिका	४०	८४		१००
८०१०७३४२	डीलासैनी गाउँपालिका	५०	८७		११६
८०१०७३४३	दोगडाकेदार गाउँपालिका	१००	९०		१३४
८०१०७१२३	पुर्चौडी नगरपालिका	१५०	९७		१६६
८०१०७३४७	सुर्नया गाउँपालिका	६०	९०		१३४
८०१०७१२१	दशरथचन्द नगरपालिका	१००	१००		१८२
८०१०७३४४	पंचेश्वर गाउँपालिका	७५	८४		१००
८०१०७३४५	शिवनाथ गाउँपालिका	५०	८४		१००
८०१०७१२४	मेलौली नगरपालिका	१२०	९३		१५०
८०१०७१२२	पाटन नगरपालिका	१४०	९७		१६६
८०१०७३४६	सिगास गाउँपालिका	८०	९३		१५०
८०१०७३५१	नवदुर्गा गाउँपालिका	६५	८१		८४
८०१०७१२५	अमरगढी नगरपालिका	११०	१००		१८२
८०१०७३४८	अजयमेरु गाउँपालिका	५०	८४		१००
८०१०७३५२	भागेश्वर गाउँपालिका	४०	८१		८४
८०१०७१२६	परशुराम नगरपालिका	९०	१०३		२००
८०१०७३४९	आलिताल गाउँपालिका	६०	९०		१३४
८०१०७३५०	गन्यापधुरा गाउँपालिका	४०	८१		८४
८०१०७३१०	पूर्वीचौकी गाउँपालिका	४०	८७		११६
८०१०७३१३	सायल गाउँपालिका	४०	८४		१००
८०१०७३०७	आदर्श गाउँपालिका	५५	८७		११६
८०१०७१०८	शिखर नगरपालिका	९५	१००		१८२
८०१०७१०७	दिपायल सिलगढी नगरपालिका	५०	९३		१५०
८०१०७३०८	के.आई.सिं. गाउँपालिका	८५	८७		११६
८०१०७३१२	बोगटान फुड्सिल गाउँपालिका	५०	८७		११६
८०१०७३११	बडीकेदार गाउँपालिका	५०	८१		८४
८०१०७३०९	जोरायल गाउँपालिका	११०	८४		१००
८०१०७११०	पंचदेवल विनायक नगरपालिका	५०	९३		६६
८०१०७३१९	रामारोशन गाउँपालिका	६०	८७		६६
८०१०७३१८	मेल्लेख गाउँपालिका	६०	९०		१३४

स्थानीय तहको संकेत नं	स्थानीय तहको नाम	2.7.22.10790- परिवार योजना सेवा	2.7.22.10791- किशोरकिशोरी स्वास्थ्य सेवा	2.7.22.10504- प्रजनन् रुग्णता स्वास्थ्य सेवा	
		परिवार योजना सेवा कार्यक्रम	किशोर किशोरी स्वास्थ्य कार्यक्रम तथा महिनावारी स्वास्थ्य	HPV DNA विधिबाट	एकीकृत स्क्रिनिङ सेवा
८०१०७११२	साँफेवगर नगरपालिका	१००	१००		२३२
८०१०७३१४	चौरपाटी गाउँपालिका	९५	८७		११६
८०१०७१११	मंगलसेन नगरपालिका	८०	१००		२३२
८०१०७३१७	बान्नीगढी जयगढ गाउँपालिका	६०	८४		१००
८०१०७१०९	कमलबजार नगरपालिका	१००	९७		१६६
८०१०७३१५	ढकारी गाउँपालिका	१००	९०		१३४
८०१०७३१६	तुर्माखाँद गाउँपालिका	४०	९०		१३४
८०१०७३०६	मोहन्याल गाउँपालिका	१३०	८७	✓	१८०
८०१०७३०२	चुरे गाउँपालिका	११०	८४	✓	१६६
८०१०७१०१	गोदावरी नगरपालिका	२५०	१००	✓	२५६
८०१०७१०२	गौरीगंगा नगरपालिका	२५०	१००	✓	२४०
८०१०७१०३	घोडाघोडी नगरपालिका	२५०	१०३	✓	२५६
८०१०७३०५	बर्दगोरिया गाउँपालिका	१४५	८४	✓	१६६
८०१०७१०६	लम्किचुहा नगरपालिका	२५०	९७	✓	२२६
८०१०७३०३	जानकी गाउँपालिका	१२०	९३	✓	२१०
८०१०७३०४	जोशीपुर गाउँपालिका	२००	८७	✓	१८०
८०१०७१०४	टिकापुर नगरपालिका	२००	९३	✓	२१०
८०१०७१०५	भजनी नगरपालिका	२००	९३	✓	२१०
८०१०७३०१	कैलारी गाउँपालिका	२००	९३	✓	२१०
८०१०७०३१	धनगढी उपमहानगरपालिका	१५०	११५	✓	३६०
८०१०७१२७	कृष्णपुर नगरपालिका	२००	९०		१५०
८०१०७१३३	शुक्लाफाँट नगरपालिका	१५०	१०३		२००
८०१०७१२९	बेदकोट नगरपालिका	२४०	९७		१६६
८०१०७१३१	भिमदत्त नगरपालिका	१७०	१२५		३१६
८०१०७१३२	चाँदनी-दोधारा नगरपालिका	२५०	९७		१६६
८०१०७३५४	लालझाडी गाउँपालिका	१७०	८४		१००
८०१०७१२८	पुनर्वास नगरपालिका	१७०	१००		१८२
८०१०७१३०	बेलौरी नगरपालिका	२००	९७		१६६
८०१०७३५३	बेलडाँडी गाउँपालिका	९०	८१		८४

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

मातृ तथा नवजात शिशु कार्यक्रम

सि. नं.	क्रियाकलापहरू
१.	स्थानीय तह मार्फत मातृ तथा नव शिशु कार्यक्रम सञ्चालन
१.१	स्थानीय तहमा उत्तर प्रसूति घरभेट (PNC Home visit) कार्यक्रम सञ्चालन
१.२	आमा तथा नवजात शिशु कार्यक्रमको अनुगमन
१.३	अस्पताल तथा प्रसूति केन्द्रहरूमा २४ सै घण्टा प्रसूति सेवा सञ्चालन गर्न, स्थायी जनशक्तिको कमी भएको स्वास्थ्य संस्थामा जनशक्ति व्यवस्थापन गर्न (करार अनमी नियुक्ति)
१.४	MPDSR कार्यक्रमको कार्यन्वयन
१.५	CEONC कार्यक्रम सञ्चालन
१.६	ग्रामीण अव्स्टेट्रिक अल्टासाउण्ड कार्यक्रम (ROUSG) सञ्चालन
१.७	अस्पताल, प्रा.स्वा.के. तथा वर्थिङ सेन्टरहरूबाट गर्भवती, सुत्केरी तथा नवजात शिशुलाई आकस्मिक रुपमा प्रेषण
१.८	Maternity Waiting Home सञ्चालन कार्यक्रम
२.	स्थानीय तह तर्फ मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसञ्चार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम
३.	SNCU कार्यक्रमको लागि स्वास्थ्य उपकरण खरिद

१. स्थानीय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सञ्चालनः

१.१ स्थानीय तहमा उत्तर प्रसूति घरभेट (Post Natal Home Visit) कार्यक्रम सञ्चालन

परिचय	नेपालले सन् २०३० सम्म मातृ मृत्यु प्रति लाख जिवित जन्ममा ७० र नवजात शिशुको मृत्युदर प्रतिहजार जिवित जन्ममा १२ मा झार्ने लक्ष्य राखेको छ। राष्ट्रिय जनगणना २०२१ बमोजिम नेपालमा प्रति लाख जिवित जन्ममा १५१ जना आमाहरू गर्भवती भएकै कारण ज्यान गुमाउन बाध्य छन् भने ६१% मृत्यु सुत्केरी अवस्थामा हुने गरेको छ। साथै नेपालमा नवजात शिशुको मृत्युमा पनि २०१६ को तुलनामा कुनै कमी आएको छैन र लक्ष्य भन्दा अधिक (२१ प्रति हजार जिवित जन्म) रहेको छ (नेपाल जनसांख्यिकी तथा स्वास्थ्य प्रतिवेदन २०२२)। हाल सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक आदि कारणले आधा भन्दा कम महिलाले (४४%) मात्र ३ पटक सुत्केरी जाँच गर्ने गरेका छन् (HMIS आ.व २०७९/८०) र विगतझैं सुत्केरी तथा नवजात शिशुका स्वास्थ्य जटिलताहरू समयमा नै पहिचान र निराकरण गर्न स्वास्थ्य प्रणाली अग्रसर नभएमा दीगो विकास लक्ष्य हासिल गर्न असक्षम हुनेछौं। सोही कारण स्थानीय तहमा उत्तर प्रसूति घरभेट कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आबश्यक रहेको छ।
उद्देश्य	सुत्केरी अवस्थामा आमा तथा नवजात शिशुको जाँच गरी जटिलताहरू समय मै पहिचान, व्यवस्थापन तथा प्रेषण गरी मातृ तथा शिशु मृत्यु कम गर्ने।

अपेक्षित प्रतिफल	कार्यक्रम सञ्चालन पश्चात सुत्केरी पछिको जाँचमा उल्लेख्य सुधार हुनेछ साथै समयमै जटिलताहरू पहिचान, व्यवस्थापन तथा प्रेषण भइ मातृ मृत्यु कम हुनेछ।
सञ्चालन प्रकृया	गत वर्ष कार्यक्रम सुरु भएका स्थानीय तहहरूले सो कार्यक्रमको समीक्षा गर्दै उत्तर प्रसूति घरभेट निरन्तरता दिनु पर्नेछ। • यसरी समीक्षा सञ्चालन गर्दा स्थानीय तहमा उत्तर प्रसूति घरभेट कार्यक्रमको शुक्ष्मयोजना तथा सञ्चालन मार्गदर्शन २०७७ अनुसार गर्नु पर्नेछ। यो कार्यक्रमको जिम्मेवारी स्थानीय तहले उपलब्ध भएसम्म नर्सिङ कर्मचारी र नभएमा तोकेको कर्मचारीलाई दिनुपर्नेछ। • नर्सिङ्ग कर्मचारीले आ-आफ्नो कार्यक्षेत्र भित्र भएका सुत्केरीहरूको घरभेट दोस्रो ३ दिनमा र तेस्रो ७-१४ दिनभित्र घर मै गई जाँच गर्नुपर्नेछ र ४२ दिनमा स्वास्थ्य सस्था/खोप क्लिनिक/गाउँ घर क्लिनिकमा आमा तथा नवशिशु जाँच गर्नु पर्नेछ। साथै घरमा सुत्केरी भएको अवस्थामा २४ घण्टामा सुत्केरी महिलाको वास स्थानमा गई आमा र नवजात शिशुलाई PNC सेवा दिनुपर्नेछ र सो गरेबापत नर्सिङ स्टाफलाई यातायात खर्च दिन सकिनेछ। • कार्यक्रम सञ्चालन गर्दा स्वास्थ्य कार्यालयका MNH Focal Person सँग समन्वय गरी सञ्चालन गर्नु पर्नेछ। • नर्सिङ कर्मचारीले घरभेट गर्न जाँदा दुरी र भौगोलिक विकटताको आधारमा प्रति घरभेट (Per visit) रू २०० देखि रु ५०० सम्म यातायात खर्च घरमै गएर सेवा दिएको सुनिश्चित गरेपछी उपलब्ध गराउनु पर्नेछ। • PNC सेवामा जोड दिन/ विरामी नवजात शिशुलाई Follow Up गर्न नर्सिङ्ग कर्मचारीको लागि सञ्चार खर्च वार्षिक रकम रु १,००० सम्म दिन सकिनेछ।
बजेट बाँडफाँड	• यातायात र सञ्चार खर्च, सेवा प्रदायक नर्सिङ कर्मचारीको लागि उपलब्ध गराउनु पर्नेछ। • गत वर्ष घरभेट गर्नको लागि आवश्यक PNC HOME VISIT को लागि BAG व्यवस्था नगरेको भए सो को व्यवस्था गर्ने। • PNC job aid flex, home visit ब्यागमा रहने तर स्वास्थ्य संस्थामा उपलब्ध नभएका सामग्रीहरू (B.P।nstruments, stethoscope, Thermometer, gloves, Torch light, measuring tape, dressing set, betadine) आवश्यकता अनुसार खरिद गर्न सकिनेछ।
अभिलेख प्रतिवेदन	यसरी सुत्केरी महिलाहरूको घरभेट गरि सेवा प्रदान गर्ने नर्सिङ कर्मचारीले सुत्केरी महिला र नवजात शिशुहरूलाई अनिबार्य रुपमा स्थानीय तहमा उत्तर प्रसूति स्याहार घरभेट कार्यक्रमको सुक्ष्म योजना अनुसूची ४ र अनुसूची ९ र गर्भवती सेवा तथा सुत्केरी सेवा निरन्तरता सम्बन्धी सहजीकरण सामग्री २०७९ को परिच्छेद-६ अनुसूची ६, ७, ८ र ९ को प्रयोग गरि PNC check up गर्ने र स्वास्थ्य शिक्षा प्रदान गर्नु पर्नेछ। प्रत्येक पटकको घरभेटमा आमा तथा नवजात शिशुको जाँच गरी MNH (HMIS ३.६) रजिस्टरमा चढाउनु पर्नेछ र मासिक रुपमा HMIS/DHIS2 प्रतिवेदन पठाउनु पर्नेछ।
सन्दर्भ सामग्री	स्थानीय तहमा उत्तर प्रसूति स्याहार घरभेट कार्यक्रमको सुक्ष्म योजना तथा सञ्चालन

	निर्देशिका, २०७७, गर्भवती सेवा तथा सुत्केरी सेवा निरन्तरता सम्बन्धी सहजीकरण सामग्री, २०७९

१.२ आमा तथा नवजात शिशु कार्यक्रमको अनुगमन

परिचय	आमा सुरक्षा कार्यक्रमको प्रभावकारी सञ्चालनको सुनिश्चित गर्न र सेवाप्रदायकहरूलाई सेवा प्रदानमा सहजीकरण गर्न निरन्तर अनुगमन, मूल्याङ्कन, कोचिङ्ग आवश्यक पर्दछ।
उद्देश्य	स्थानीय तहले आफ्नो मातहतका स्वास्थ्य संस्थामा परिवार कल्याण कार्यक्रम अन्तर्गत भइरहेका कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा Onsite Coaching गरी समयमै गुणस्तर सुधारको कार्यक्रम सञ्चालन गर्ने।
अपेक्षित प्रतिफल	स्वास्थ्य संस्थाहरूमा सञ्चालन भएका प्रजनन् स्वास्थ्य कार्यक्रम अन्तरगतका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भै सेवाको गुणस्तर सुधार हुने, उपभोगमा वृद्दि हुने र मातृ तथा नवजात शिशुको स्वास्थ्य सुधार हुने।
सञ्चालन विधि	यस शिर्षकमा विनीयोजन भएको रकमबाट सुरक्षित मातृत्व कार्यक्रम, परिवार नियोजन कार्यक्रम र सुरक्षित गर्भपतन कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्नेछ। यो कार्यक्रमको फोकल व्यक्ति स्थानीय तहको स्वास्थ्य शाखामा कार्यरत नर्सिङ कर्मचारी वा MNH फोकल व्यक्ति हुनेछ। यसरी अनुगमन गर्दा वार्षिक सुपरिवेक्षण तालिका बनाई कार्यालय प्रमुखबाट स्वीकृत गराई सबै स्वास्थ्य संस्थाहरूलाई समेटने गरि गर्नुपर्नेछ। प्रत्येक पटक अनुगमन गर्दा अनुसूची १ बमोजिमको चेकलिष्ट भरी फोटोहरू सहितको प्रतिवेदन सम्बन्धित स्थानीय तहमा अनिवार्य पेस गर्नु पर्नेछ। साथै अनुगमन गर्दा विगतमा सुधार गर्नुपर्ने विषयहरूमा सुधार भए नभएको र आगामी दिनमा सुधार गर्नुपर्ने विषयमा समेत सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीहरूसँगसँग समन्वय गरी कार्य योजना बनाउनु पर्नेछ। आमा सुरक्षा कार्यक्रमको सुपरिवेक्षण गर्दा स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरूले निर्देशिका अनुसार सुविधा पाए नपाएको महिलाको घरमै गई अन्तरवार्ता गर्ने समेत यसै शिर्षकमा प्रबन्ध मिलाउनु पर्ने छ। कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण कार्यक्रमसँग सम्वन्धित फोकल व्यक्तिहरूले मात्र गर्नु पर्नेछ।
अभिलेख प्रतिवेदन	स्थानीय तहको सम्बन्धित फोकल व्यक्तिले अनुगमन गरी सोको प्रतिवेदन त्रैमासिक रुपमा यो कार्यक्रम सम्पन्न भईसकेपछि सम्बन्धित स्थानीय तहले अभिलेख राखी, प्रदेश स्वास्थ्य निर्देशनालय र परिवार कल्याण महाशाखामा प्रतिवेदन पठाउनु पर्नेछ।

१ ३. अस्पताल तथा प्रसूति केन्द्रहरूमा २४ सै घण्टा प्रसूति सेवा सञ्चालन गर्न, स्थायी जनशक्तिको कमी भएको स्वास्थ्य संस्थामा जनशक्ति व्यवस्थापन गर्न (करार अनमी नियुक्ति)

परिचय	हाल नेपाल सरकारको स्वीकृत दरवन्दी अनुसार स्वास्थ्य चौकी तथा प्रा.स्वा.के मा उपलब्ध नर्सिङ जनशक्तीले २४ सै घण्टा प्रसूति सेवा दिन नसक्ने अवस्था छ। प्रसूती सेवा को निरन्तरताको को लागि थप जनशक्ति आवश्यक भएको हुँदा यो कार्यक्रम तथा बजेट विनियोजन गरिएको छ।
उद्देश्य	प्रसूति सेवालाई २४ सै घण्टा सुचारु ढंगले सञ्चालन गर्ने।

अपेक्षित प्रतिफल	सेवालाई २४ सै घण्टा सुचारु ढंगले सञ्चालन गरि निरन्तर गुणस्तरीय प्रसूति सेवा प्रदान हुनेछ।
सञ्चालन प्रकृया	करार सेवामा भर्ना गर्दा प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ। • करार सेवामा भर्ना लिँदा नर्सिङ (समूहबाट SBA तालिम प्राप्त), स्थानीय र कार्य अनुभवलाई छनौटको आधार बनाई करारमा नियुक्त गर्ने। • बिगत देखि कार्यरत नर्सिङ कर्मचारीको हकमा नियुक्ति दिँदा कार्यसम्पादन सन्तोषजनक भएको र बजेटको परिधि भित्र रही नियमानुसार निरन्तरता दिन सकिनेछ। • करार सेवा सम्झौता अनुसार TOR बनाई नर्सिङ कर्मचारीलाई प्रसूती केन्द्रमा मात्र खटाउनु पर्नेछ र कर्मचारी ले सेवा प्रदान गर्ने संस्था स्पष्ट तोक्नुपर्ने छ। यदि खटाईएको स्थानमा नर्सिङ कर्मचारी ले सेवा नदिएमा वा दिन नमानेमा सेवा करारलाई निरन्तरता दिन स्थानीय तह बाध्य हुने छैन। • करार नर्सिङ कर्मचारी लाई नियुक्ति गर्दा प्रसूति सङ्ख्या बढी भएको र भौगोलिक दृष्टिकोणले विकट बर्थिङ्ग सेन्टरहरूलाई प्राथमिकता दिनु पर्नेछ। • बर्थिङ्ग सेन्टरमा वार्षिक रुपमा अनुमानित गर्भवतीको कम्तीमा ८० प्रतिशत सुत्केरी गराउने लक्ष्य लिने र सो का लागि हरेक महिना प्रसूती केन्द्रमा कार्यरत नर्सिङ कर्मचारी हरूले स्वास्थ्य आमा समूहसँग भेट गरि संस्थागत प्रसूति सङ्ख्या बढाउने वारे छलफल गर्ने। • २४ सै घण्टा प्रसूति सेवा उपलब्ध गराउने सम्बन्धमा स्थायी र करारको नर्सिङ कर्मचारी बीचमा Shift Rotation को व्यवस्था गरी २४ सै घण्टा प्रसूति सेवा सुचारु गर्नु पर्नेछ। • प्रसूती केन्द्रमा स्थायी/अस्थायी र करारमा नियुक्त गरेको नर्सिङ कर्मचारी सहित कम्तीमा २ जना हुने गरी व्यवस्था गर्नुपर्ने छ। लगातार तीन महिनासम्म शून्य Delivery भएको संस्थामा करारको अनमी थप गर्नुपर्ने आवश्यक छैन तर शून्य Delivery हुनुका कारण पत्ता लगाई २४ सै घण्टा प्रसूति सेवा सुधार गर्ने बारे सरसल्लाह गरी सुधार गर्ने तर्फ आवश्यक पहल गर्ने।
बजेट व्यवस्था	नेपाल सरकारले तोकेको सहायक चौथो तहको तलब दर अनुसार प्रति नर्सिङ कर्मचारी प्रति महिना नेपाल सरकारको तलब स्केल अनुसारका दरले हुने गरी बजेट विनियोजन गरिएको छ। स्थानीय तहमा नर्सिङ कर्मचारी करार नियुक्तिको लागि आएको जम्मा बजेटलाई तोकिएको तलब दरले भाग गर्दा आउने सङ्ख्या अनुसार कर्मचारी भर्ना गर्नु पर्नेछ र निर्देशिकामा तोकिए बमोजिमको तलब दरमा नघटाई सोहि दर अनुसारको तलब दिनुपर्नेछ।
अभिलेख प्रतिवेदन	यो कार्यक्रम सम्पन्न भईसकेपछि सम्बन्धित स्थानीय तहले अभिलेख राखी, प्रदेश स्वास्थ्य निर्देशनालय र परिवार कल्याण महाशाखामा प्रतिवेदन पठाउनु पर्नेछ।

१.४. MPDSR कार्यक्रमको कार्यन्वयन

परिचय	मातृ मृत्यु सम्बन्धी प्रतिवेदन सन् २०२१ बमोजिम नेपालमा मातृ मृत्यु दर प्रति लाख जिवित जन्ममा १५१ रहेको छ जस मध्ये जम्मा ४३ प्रतिशत मातृ मृत्यु घर र स्वास्थ्य संस्था लैजादै

	गर्दा बाटो मा हुने गर्दछन्। समुदायमा हुने मातृ मृत्युको पहिचान साथै मृत्युको कारणहरू लाई सम्बोधन गर्न थप तथ्य परक कार्यक्रमहरू सञ्चालन गर्न सकिएको खण्डमा मात्र दीगो विकास लक्ष्य हासिल गर्न सकिनेछ। त्यसैले, मातृ मृत्यु निगरानी तथा प्रतिकार्य समुदाय तथा स्वास्थ्य संस्थामा हुने मातृ मृत्यु घटाउन मद्दत पुर्याउछ र हाल यो कार्यक्रममा अस्पताल तथा समुदायमा सञ्चालन तथाविस्तारको लागि बजेट बिनियोजन गरिएको छ।
उद्देश्य	समुदायमा भएका मातृ मृत्युको पहिचान गर्ने, गणना गर्ने, मृत्युको कारण पहिचान गर्ने, मृत्युको समीक्षा गरि भविष्यमा त्यस्ता मृत्युहरू हुन नदिन गुणस्तर सुधारको लागि समुदाय तथा स्वास्थ्य संस्था स्तरमा उपर्युक्त क्रियाकलाप सञ्चालन गर्ने।
अपेक्षित प्रतिफल	समुदायमा हुने सबै १२ देखि ५५ वर्षका महिलाहरूको मृत्यु सूचित गर्ने र मृत्युको कारण पत्ता लगाई भविष्यमा हुन सक्ने मातृ मृत्यु कम गर्ने।
सञ्चालन विधि	**क) MPDSR कार्यक्रम लागु नभएका जिल्ला र स्थानीय तहहरूको हकमाः** • जनगणना पश्चातको मातृ मृत्यु अध्ययनमा नेपालका MPDSR कार्यक्रम लागु भएका र नभएका सबै (७५३) स्थानीय तहमा मौखिक परीक्षण (VA) को तालिम भइसकेको छ। • सबै जिल्ला (७७) र स्थानीय तहहरू (७५३) ले VA गर्न अनिवार्य छ। • यदि समुदायमा १२ देखि ५५ वर्षको महिलाको कुनै पनि कारणले मृत्यु भएमा सो स्थानीय तहले स्वास्थ्य कार्यालयको MNH Focal Person सँग समन्वय गरी, तालिम प्राप्त व्यक्तिलाई मौखिक परीक्षण गर्नको लागि मृत्यु भएको वा मृत्यु भएको जानकारी प्राप्त भएको ३० दिन भित्र पठाउनु पर्नेछ। • नोटः यदि मातृ मृत्यु भएमा MPDSR कार्यक्रम लागुभएका स्थानीय तह अनुरुप बजेट बाडफाँड गरि कार्यक्रम सञ्चालन गर्न सकिनेछ । प्रत्येक मातृ मृत्युको VA फाराम पूर्ण रुपमा भरि स्क्यान गरि प्रतिवेदन सहित परिवार कल्याण महाशाखाको इमेल mnhsectionfwd@gmail.com मा अनिवार्य पठाउनु पर्नेछ। **ख) MPDSR कार्यक्रम लागु भएका जिल्ला र स्थानीय तहहरूको हकमाः** • यो कार्यक्रम ५८ वटा जिल्लाहरूमा, पूर्ण वा आंशिक रुपमा लागु भइसकेको छ। सोको विवरण अनुसूची ४ मा रहेको छ। • यी जिल्लाहरूमा परिवार कल्याण महाशाखा/प्रदेशबाट प्रशिक्षक प्रशिक्षण तालिम भइ सकेको छ। • यदि समुदायमा १२ देखि ५५ वर्षको महिलाको कुनै पनि कारणले मृत्यु भएमा सो स्थानीय तहको महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाले मृत्युको पहिचान गरि सुचितिकरण फारम Notification form भरेर २४ घण्टा भित्र सम्बन्धित स्वास्थ्य संस्थालाई सुचित गर्नु/ पठाउनु पर्नेछ। • त्यसपछि, स्वास्थ्य संस्थाका नर्सिङ कर्मचारीले मृत्यु भएको महिलाको घरमा गएर "प्रारम्भिक पहिचान फारम Screening Form भर्नु पर्दछ। • त्यसपछि, स्थानीय तहबाट तालिम प्राप्त नर्सिङ्ग कर्मचारी (बढीमा २ जना) लाई मौखिक परीक्षण गर्नको लागि मृत्यु भएको वा मृत्यु भएको जानकारी प्राप्त भएको ३० दिनभित्र

पठाउनु पर्ने छ।

- यदि मृत्यु भएको ३० दिन पछि थाहा भएमा पनी VA अनिवार्य रुपमा गर्नु पर्नेछ।
- प्रत्येक मातृ मृत्युको पहिचान गरि "सुचितिकरण फारम" भरे वापत, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकालाई रु. १०० प्रति फाराम दिन सकिनेछ।
- प्रत्येक मातृ मृत्युको प्रारम्भिक पहिचान गरेर "प्रारम्भिक पहिचान फारम" (Screening Form) भरे वापत स्वास्थ्यकर्मी (सम्बन्धित वडाको स्वास्थ्य संस्थाबाट) लाई रु. ३०० प्रति फाराम दिन सकिनेछ।
- प्रत्येक मातृ मृत्यु पछि MPDSR समितिको बैठक बसी समीक्षा गर्नु पर्दछ।

ग) सबै (MPDSR लागु भएको र नभएको) जिल्ला र स्थानीय तहका हकमाः

- मौखिक परीक्षण (VA) गर्न जाने व्यक्ति (२ जना सम्म) को लागि भ्रमण भत्ता नेपाल सरकारको नियामानुसार लागु हुने छ।
- दैनिक तथा भ्रमण भत्ता लागु नहुने ठाउँको हकमा एउटा VA गरे वापत प्रति व्यक्ति एकमुष्ट यातायात खर्च रु १५००/ प्रति व्यक्ति दिन सकिनेछ र बढीमा दुइ जनाको टोलि जानसकिने छ।
- मौखिक परिक्षणको आधारमा मृत्युको कारण (Cause of Death Assignment) उल्लेख गरे वापत कारण उल्लेख गर्ने चिकित्सकलाई प्रत्येक मातृ मृत्युको लागि रु. १५००/प्रति केश दिन सकिनेछ।
- मातृ मृत्युको पूर्ण रुपमा भरिएको मौखिक परीक्षण फाराम (मृत्युको कारण उल्लेख र कार्य योजना समेत समावेश गरेको) अनलाईन इन्ट्री गरे वापत रु. ५००/प्रति केश दिन सकिनेछ।
- यदि कुनै कारणले स्थानीय तहबाट मौखिक परीक्षण हुन नसकेको भए जिल्लाबाट मौखिक परीक्षण गर्न सकिनेछ।
- यदि कुनै कारणले स्थानीय तहबाट मृत्युको कारण उल्लेख नभएको भए जिल्लाबाट चिकित्सकलाई सम्पर्क गरेर मृत्युको कारण उल्लेख गर्न सकिनेछ।
- यस कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक MPDSR फारमहरू, निर्देशिका, मार्ग दर्शन, परिवार कल्याण महाशाखाको वेबसाइट www.fwd.gov.np मा राखिएको छ।
- स्थानीय तहमा यो कार्यक्रम सञ्चालन गर्दा MPDSR निर्देशिका, २०७८ र MPDSR मार्ग दर्शन, २०७९ अनुसार सञ्चालन गर्नु पर्नेछ।

स्थानीय तहमा रहेको बजेटबाट निम्न थप कार्यहरू गर्न सकिनेछः

- MPDSR फाराम/निर्देशिका छाप्न वा फोटो कपी गर्न सकिनेछ।
- चाहिए अनुसारको Inernet सेवा, नोट कापी, पेन आदि स्टेशनरी खरिद गर्न सकिनेछ।
- यसै कार्यक्रमको लागि आवश्यकता अनुसार बजेटको परिधीभित्र रही वैठक खर्च गर्न सकिनेछ।
- कार्यक्रमको गुणस्तर सुधारको लागि आवश्यकता अनुसार खर्च गर्न सकिनेछ।
- यदि मातृ मृत्यु नभएको अवस्थामा पनि स्थानीय तहमा त्रैमासिक रुपमा अनिवार्य वैठक बस्नु

	पर्नेछ र उक्त बैठकमा आमा तथा नवजात शिशु को हालको अवस्था र विगतमा बनाएका कार्ययोजनाहरूबारे छलफल गर्नुपर्नेछ।
अभिलेख तथा प्रतिवेदन	• स्थानीय तह तथा स्थानीय तहका स्वास्थ्य संस्थामा भएका सबै मातृ मृत्युहरूको पहिचान भए पछि तोकिएको ढाँचामा सुचितिकरण फारम, प्रारम्भिक पहिचान फाराम र मौखिक परीक्षण फारमहरू भर्नु पर्दछ र बैठक सम्पन्न हुने वित्तिकै सबै फारमहरू अन लाईन इन्ट्री गर्नु पर्नेछ • साथै MPDSR लागु नभएका जिल्ला/स्थानीय तहहरूले मातृ मृत्युका कारण सहितको प्रस्तुति ढांचा तयार गरी समीक्षा गरी पूर्ण रुपमा भरिएको फाराम परिवार कल्याण महाशाखामा फोटो खिचेर वा इमेल (mnhsectionfwd@gmail.com) मार्फत पठाउन सक्नेछन्। • Web site - www.fwd.gov.np, http://182.93.95.238:8088/mpdsr3/
सन्दर्भ सामग्री	MPDSR निर्देशिका- २०७८, MPDSR मार्ग दर्शन – २०७९ र कार्यक्रम सञ्चालन निर्देशिका २०८२/०८३

१.५ CEONC कार्यक्रम सञ्चालन

परिचय	नेपाल सरकारले प्रत्येक नागरिकको मौलिक हक सुनिश्चितता गर्नका लागि कुनैपनि महिलाले गर्भवति, प्रसूति तथा सुत्केरीको समयमा मृत्युबाट जोगाउनका लागि आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा (Comprehensive Emergency Obstetric and Neonatal Care - CEPONC) कार्यक्रम सेवा सञ्चालन गरिरहेको छ।
उद्देश्य	स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका सबै गर्भवती महिलाहरूलाई अस्पतालहरूमा दक्ष जनशक्तिको व्यवस्थापन गरी CEONC कार्यक्रम सञ्चालन गरि मातृ तथा नबशिशु मृत्युदर घटाउने।
अपेक्षित प्रतिफल	स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका सबै गर्भवती महिलाहरूलाई अस्पतालहरूमा दक्ष जनशक्तिद्वारा CEONC सेवा प्रदान गरि मातृ तथा नबजात शिशु मृत्युदर कम हुनेछ।
सञ्चालन प्रकृया	यो कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धित अस्पतालहरूमा बजेट बिनियोजन गरिएको छ। यस शिर्षकमा विनियोजन गरिएको बजेट CEONC सेवा प्रदान गर्नको लागि चाहिने निम्न कार्यहरूमा खर्च गर्नु पर्नेछः ➢ जनशक्ति नियुक्त गर्न ➢ पारिश्रमिक दिन र सेवा अनुसार प्रोत्साहन रकममा खर्च गर्न ➢ यो बाहेक अन्य शिर्षकमा यो रकमबाट खर्च गर्न पाईने छैन। CEONC कार्यक्रम सञ्चालनको लागि जनशक्ति व्यवस्थापन निम्नानुसार गर्नुपर्नेछ। १. जनशक्ति व्यवस्थापन २४ घण्टा CEONC सेवाका लागि चाहिने आवश्यक जनशक्तिको व्यवस्थापन तपसिल बमोजिम गर्नुपर्नेछ। १.१ चिकित्सक प्राथमिकताको आधारमा स्त्री रोग बिशेषज्ञ (Gynecologist)/एम.डि.जि.पि. (MDGP/DGO) हरूबाट क्रमश छनौट गर्नु पर्नेछ। साथै माथि उल्लेखित शैक्षिक योग्यता हाशिल गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भई शल्यक्रिया सहितको प्रसूति सेवामा कम्तिमा २ वर्ष अनुभव गरेकालाई प्राथमिकता दिने। हिमाली जिल्लाको अस्पतालमा

MDGP लाई प्राथमिकता दिइनु पर्नेछ।

१.२ एनेस्थेसिया असिस्टेन्ट (कम्तिमा १ वर्षको तालिम लिई सोहि सेवामा कार्य अनुभव प्राप्त स्वास्थ्यकर्मीलाई प्राथमिकता दिइनु पर्नेछ)

१.३ स्टाफ नर्स (OT management को तालिम लिएको साथै कार्य अनुभव प्राप्तलाई प्राथिमता दिईनु पर्नेछ)।

१.४ ल्याब टेक्निसियन/असिस्टेन्ट र कार्यालय सहयोगी।

माथि उल्लेखित जनशक्ति आवश्यकता अनुसार लिन सकिनेछ।

२. CEONC साईटमा सन्तोषजनक कार्यसम्पादन गर्ने कर्मचारीलाई सेवामा निरन्तरता दिन सकिने छ।

३. पारिश्रमिक निर्धारण

३.१.यस कार्यक्रमको लागि पारिश्रमिक निर्धारण गर्दा नियमानुसार गर्नु पर्नेछ। साथै सेवा प्रदायकहरूको प्रोत्साहनको लागि थप सुबिधा दिन अस्पताल विकास समितिको निर्णयानुसार गर्न सकिनेछ।

४. नियुक्त भएका जनशक्तिले काम छोड्नु भन्दा १ महिना पूर्ब सूचना दिई मात्र छोड्न मिल्ने छ। पूर्ब सूचना बिना काम छोडेमा निजले खाईपाई आएको १ महिना बराबरको तलब कट्टी गरिनेछ।

५. माथी उल्लेखीत जनशक्तिले कार्यक्रमलाई प्राथमीकता दिई आवश्यकता अनुसार अस्पतालका अन्य सेवाहरू पनि प्रदान गर्न सक्नेछन।

६. CEONC सेवा लागु भएका अस्पतालहरूमा तोकिएको जनशक्ति उपलब्ध नभएमा सोही अस्पताल वा अन्य अस्पतालबाट माथि उल्लेखित योग्यता पुगेका चिकित्सकहरू उपलब्ध भएमा दोहरो नपर्ने गरी निजलाई थप सुबिधा प्रदान गरी काममा लगाउन सकिनेछ।

७. अन्य गैरसरकारी संस्थाको सहयोगमा सञ्चालन भएका CEONC site हरूमा १ जना नर्स तथा १ जना कार्यालय सहयोगी नियुक्त गर्न सकिनेछ। यदि उल्लेखित जनशक्तिहरू पर्याप्त भएमा CEONC site मा आवश्यक पर्ने अन्य जनशक्ति पनि नियुक्ति गर्न सकिनेछ।

८. कार्य विवरण

८.१ CEONC सेवा प्रदान गर्ने डाक्टर, नर्स, एनेस्थेसिया एसिष्टेन्ट, ल्याव प्राविधिक (Assistant/Technician) र सहयोगी कमर्चारीको कार्यविवरण (TOR) अनुसूची २ मा उल्लेख भए वमोजिम हुनेछ।

अस्पतालहरूमा निरन्तर रुपमा CEONC सेवा प्रदान गर्नका लागि चाहिने आवश्यक जनशक्तीको पारीश्रमिक तथा अन्य सुबिधाका लागि सम्झौता भए बमोजिम सेवा निरन्तरताको सुनिश्चतता गर्नुपर्दछ। सम्झौता गर्दा तल उल्लेखित अनुसूची २ बमोजिम TOR मा उल्लेख भएका बुदाँहरूलाई समेत समेटने गरी सेवालाई गुणस्तरीय बनाउन ध्यान दिनुपर्नेछ।

कार्यक्रम सञ्चालन गर्नुपर्ने अस्पतालहरूमा बजेट वाँडफाँडः

यो कार्यक्रमको लागि सम्बन्धित अस्पतालहरूमा बजेट बिनियोजन भएको छ।

यस शिर्षकमा रकम अपुग भएमा अस्पताल व्यवस्थापन समिती स्वयम् वा प्रदेश अन्तर्गत सामाजिक विकास/स्वास्थ्य मन्त्रालयसँग समन्वय गरि थप रकम व्यवस्था गर्न सकिने छ।

	कार्यक्रम सञ्चालन गर्ने निकाय: उल्लेखित जिल्लाका सम्बन्धित अस्पतालहरूमा बिनियोजन भएको छ र अस्पतालहरूले सोहि अनुसार कार्यक्रम संचालन गर्नु पर्नेछ।
अभिलेख प्रतिवेदन	कार्यक्रम पश्चात् कार्यक्रमको प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा अभिलेखमा राख्नुपर्नेछ र सोको बोधार्थ परिवार कल्याण महाशाखामा पठाउनु पर्नेछ।

१.६ ग्रामीण अव्स्टेट्रिक अल्टासाउण्ड कार्यक्रम (ROUSG) सञ्चालन

परिचय	दुर्गम तथा ग्रामीण क्षेत्रमा अल्ट्रासाउन्डको सहायताले गर्भवती महिलाहरूको समयमै जटिलता पत्ता लगाई मातृ तथा नवजात शिशुको मृत्युदर घटाउनको लागि कार्यक्रम तथा बजेट बिनियोजन गरिएको छ।
उद्देश्य	अव्स्टेट्रिक अल्ट्रासाउण्ड सम्बन्धी तालिम प्राप्त स्टाफ नर्स, सि/अ न मीले ग्रामीण अल्ट्रासाउण्ड सेवा मार्फत गर्भवती महिलाहरूको जटिलता पत्ता लगाइ समयमै CEONC Site मा रेफर गरी जटिलताको व्यवस्थापन गरी मातृ तथा नवजात शिशु मृत्युदर घटाउने उद्देश्यले यो कार्यक्रम गरिएको हो।
सञ्चालन विधि	• यो कार्यक्रम लागू भएका पालिकाका तालिम प्राप्त स्टाफ नर्स/अ.न.मी.हरूले तोकिएको दुर्गम तथा ग्रामीण क्षेत्रमा रहेको स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिकमा गर्भवती जाँचका समयमा नि:शुल्क अल्ट्रासाउण्ड सेवा कार्य तालिका बनाई सोही अनुसार सेवा प्रदान गर्नु पर्नेछ। • साथै तालिम प्राप्त स्वास्थ्यकर्मीहरूले प्रत्येक महिनामा कम्तीमा ३ वटा स्वास्थ्य संस्थाको ANC Clinic मा गई ROUSG सेवा प्रदान गर्नु पर्नेछ। यस कार्यक्रमको समन्वय सम्बन्धित स्थानीय तहको MNH फोकल व्यक्तिले गर्नु पर्नेछ। • जटिलतायुक्त गर्भवती महिलालाई CEONC सेवा भएको अस्पतालमा समन्वय गरि विशेषज्ञ चिकित्सकसँग परामर्श लिन वा जाँच गर्न पठाउनु पर्नेछ। रकम वाँडफाँड तथा व्यवस्थापनः • ROUSG गर्ने नर्स र १ जना सहयोगी (हेल्पर) ले नियमानुसार दैनिक भ्रमण भत्ता पाउनेछन। दै.भ्र.भ. लागु नहुने ठाउँको हकमा स्वास्थ्यकर्मीले दैनिक रु.१५०० का दरले र हेल्परले दैनिक रु.१००० का दरले यातायात खर्च पाउनेछन। • USG गर्ने नर्स र १ जना सहयोगी (हेल्पर) को लागि वार्षिक १।१ वटा व्याग, Rain Coat खरिद गर्न मिल्नेछ। • रजिस्टर/ फाराम छपाइ • आवश्यकता अनुसार Gel, wiper/towel तथा अन्य सामान खरिद गर्ने। • यस कार्यक्रममा विनियोजित रकम अन्य कार्यक्रमको क्रियाकलापमा खर्च गर्न पाइने छैन। नोट: विनियोजित रकम अपुग भएको अवस्थामा यस कार्यक्रमको निरन्तरताको लागि स्थानीय तहले बाँकी रकम सुनिश्चित गर्नुपर्नेछ। स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत तालिम प्राप्त नर्सिङ कर्मचारीहरूलाई सेवा प्रदान गर्न प्राथमिकता दिनुपर्नेछ।
अपेक्षित	गर्भसँग सम्बन्धित जटिलताहरू समयमै पहिचान भै व्यवस्थापन हुने र मातृ तथा पेरिनेटल मृत्यु कम

प्रतिफल	हुनेछ।
अभिलेख तथा प्रतिवेदन	अनुसूची ३ (क) र अनुसूची ३ (ख)_अनुसार प्रतिवेदन भरी अनिवार्य रुपमा स्थानीय तहले स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय र परिवार कल्याण महाशाखामा पठाउनु पर्नेछ।

१.७ अस्पताल, प्रा.स्वा.के. तथा वर्थिङ सेन्टरहरूबाट गर्भवती, सुत्केरी तथा नवजात शिशुलाई आकश्मिक रुपमा प्रेषण

परिचय	मातृ तथा नवजात शिशु मृत्युका बिभिन्न कारणहरू मध्ये समयमै स्वास्थ्य संस्था पुग्नमा हुने ढिलाई एक हो। स्वास्थ्य संस्था सेवा लिने बारे निर्णय गर्न हुने ढिलाई तथा यातायातको क्रममा हुने ढिलाई र स्वास्थ्य संस्थामा सेवा दिन हुने ढिलाईले मातृ तथा नवजात शिशु मृत्यु हुने सम्भावनालाई बढाउँछ। अतः बिभिन्न किसिमका ढिलाईहरू नहुन भन्नको लागि सुदृढ प्रेषण प्रणाली आवश्यक हुन्छ।
उद्देश्य	• जटिलतायुक्त गर्भवती, सुत्केरी र नवजात शिशुलाई समयमै सम्बन्धित स्थानमा प्रेषण गरी मातृ तथा नवजात शिशु मृत्यु कम गर्न प्रभावकारी प्रेषण प्रणालीको व्यवस्था गर्ने • कुनै पनि गर्भवती वा सुत्केरी महिलालाई आर्थिक अवस्था कमजोर भएकै कारण थप उपचारको लागि अन्य अस्पतालमा पुग्न नसक्ने अवस्था नआओस भन्नको निमित्त आर्थिक अवस्था अत्यन्तै कमजोर भएका तथा असहायहरूलाई निशुल्क प्रेषणको व्यवस्था मिलाउने।
अपेक्षित प्रतिफल	जटिलता भएमा समयमै गर्भवती वा सुत्केरी वा नवजात शिशुलाई सम्बन्धित स्थानमा प्रेषण गरी मातृ तथा नवजात शिशु मृत्यु कम गर्न प्रभावकारी प्रेषण प्रणालीको व्यवस्था हुनेछ ।
सञ्चालन प्रकृया	कार्यक्रम सञ्चालन गर्ने निकाय स्थानीय तह अन्तर्गतका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा प्रसूति केन्द्रहरू। • स्थानीय तहहरूले जिल्ला एम्बुलेन्स दर रेट निर्धारण समितिले तोकेको दरलाई आधार मान्नु पर्नेछ। • ससर्त अनुदान सहित स्थानीय तहले थप रकम विनियोजन गरी आकस्मिक प्रेषण कोषको परिचालन गर्नु पर्नेछ। ✓ एम्बुलेन्स उपलब्ध नहुने अवस्थामा स्थानीय तहमा उपलब्ध हुनसक्ने सवारी साधनहरू परिचालन गर्न सकिनेछ। ✓ स्थानीय तहहरूले प्रेषण गरे वापत प्रदान गर्ने रकमको भरपाई राख्नुपर्नेछ। ✓ गर्भवती, सुत्केरी तथा नवजात शिशुको अवस्थामा ज्यादै जटिलता आएमा र एम्वुलेन्सद्वारा नजिकैको CEONC सेवा प्रदान गर्ने अस्पतलमा पुर्याउन सम्भव नभएमा महिला तथा ज्येष्ठ नागरिक मन्त्रालयमा समन्वय गरी हवाईजहाज तथा हेलीकप्टर समेत प्रयोग गरेर आवश्यकता अनुसार दुर्गम क्षेत्रमा हवाई उद्दार कार्यक्रम लागु भएका जिल्लाहरूका लागि Air-lifting गर्ने व्यवस्था गरिएको छ। उक्त कार्यविधि निर्देशिकामा AirLifting गरि प्रेषण गर्नका लागि प्रत्येक प्रदेशमा रेफरल अस्पतालहरू तोकिएको छ। सोको व्यवस्थापन महिला, बालबालिका तथा ज्येष्ठ नागरीक

	मन्त्रालयवाट हुने गरेको छ। यसरि AirLifting गरि प्रेषण गर्दा स्वास्थ्य निर्देशनालयमा पनि समन्वय गरि गर्नु पर्नेछ।
बजेट बाँडफाँड	यो कार्यक्रमको लागि स्थानीय तहमा बजेट बिनियोजन गरिएको छ। यो बजेटबाट स्थानीय तहका गर्भवती सुत्केरी महिला तथा नवजात शिशुहरूलाई आकस्मिक प्रेषण गर्नुपर्ने अवस्थामा निशुल्क प्रेषणको व्यवस्था गर्नु पर्नेछ।
अभिलेख प्रतिवेदन	यो कार्यक्रम सम्पन्न भईसकेपछि सम्बन्धित स्थानीय तहले अभिलेख राखी ,प्रदेश स्वास्थ्य निर्देशनालय र परिवार कल्याण महाशाखामा प्रतिवेदन पठाउनु पर्नेछ।
सन्दर्भ सामग्री	राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यबिधि, २०७७

१.८ Maternity Waiting Home सञ्चालन कार्यक्रम

परिचय	नेपाल सरकारले संस्थागत सुत्केरी बढाउने लक्ष्य राखी विभिन्न कार्यक्रम गरिरहेको अवस्था हुदा-हुदै, घरमै सुत्केरी हुने सङ्ख्या अझै पनि बढी नै रहेकोछ। जसका कारणले गर्दा मातृ तथा नवजात शिशु मृत्युदर पनि बढी नै रहेकोछ। तोकिएका हिमाली जिल्लाहरूमा घर देखि स्वास्थ्य संस्थासम्मको दूरी धेरै भएका कारणले maternity waiting home को व्यवस्था तल उल्लेखित जिल्लाहरूमा गरिएको छ।
उद्देश्य	संस्थागत प्रसूति दर बढाउनुका साथै गुणस्तरीय सेवा प्रदान गर्ने।
अपेक्षित प्रतिफल	गुणस्तरीय प्रसूति सेवा प्रदान गरि जटिलतायुक्त प्रसूति घटाई मातृ मृत्यु दर कम हुनेछ
सञ्चालन प्रकृया	अस्पतालहरूमा गर्भवती तथा कुरुवाको लागि maternity waiting home तपसिल बमोजिम सञ्चालन गर्नु पर्नेछ : १. आवास — आवासको व्यवस्था नभएका अस्पतालहरूले आवासको लागि बजेटको परिधि भित्र रही घर भाडामा लिनु पर्नेछ। २. खाना/खाजा— गर्भवती तथा एक जना कुरुवाको लागि प्रति दिन maternity waiting home निर्देशिका, २०७८ बमोजिम हुनेछ। नोटः यो कार्यक्रमको लागि जिरी नगरपालिका दोलखामा बजेट विनियोजन गरिएको छ। यस बजेटबाट जिरी अस्पतालमा कार्यक्रम सञ्चालन पर्नेछ।
अभिलेख प्रतिवेदन	कार्यक्रम पश्चात् उक्त कार्यक्रमको अभिलेख स्थानीय तहमा राखी प्रतिवेदन प्रदेश स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ र सोको बोधार्थ परिवार कल्याण महाशाखामा पठाउनु पर्नेछ।

३. स्थानीय तहतर्फ मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसञ्चार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम

परिचय	आमा सुरक्षा तथा नवजात शिशु निशुल्क कार्यक्रम संस्थागत सुत्केरी वृद्धि गरी आमा तथा नवजात शिशु मृत्यु लाई कम गर्न नेपाल सरकारले आमा सुरक्षा कार्यक्रमलाई प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा सञ्चालन गर्दै आएको छ। यस कार्यक्रम अन्तर्गत आमा सुरक्षा कार्यक्रम लागु भएका स्वास्थ्य संस्थाहरूमा निशुल्क २४ सै घण्टा प्रसूति सेवा, न्यानो झोला, भिटामिन K1,

	निशुल्क गर्भपतन, निशुल्क रक्तसन्चार, Anti-D Injection तथा निशुल्क नवजात शिशु सेवा कार्यक्रम सञ्चालन गरेको छ।
उद्देश्य	संस्थागत सुत्केरी सङ्ख्या बृद्धि गराई मातृ मृत्यु तथा नवजात शिशू रुग्णता र मृत्युमा कमी ल्याउने।
अपेक्षित प्रतिफल	संस्थागत सुत्केरी सङ्ख्या बृद्धि गराई मातृ मृत्यु तथा नवजात शिशू मृत्यु र रुग्णतामा कमी आउने छ।
सञ्चालन प्रकृया	आमा सुरक्षा कार्यक्रमको लागि आवश्यक बजेट सम्बन्धित अस्पतालमा बिनियोजन गरिएको छ। • आमा सुरक्षा तथा ANC उत्प्रेरणा रकम आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८ को अनुसूची २ बमोजिम संस्थागत सुत्केरी लिए बापत यातायात खर्च निम्नानुसार हुनेछ। क) हिमाली जिल्लाहरूका लागि - रु ३००० ख) पहाडी, भित्री मधेश, काठमाडौं उपत्यकाका जिल्लाका लागि - रु २००० ग) तराई जिल्लाहरूका लागि - रु १००० यसै गरी गर्भवती उत्प्रेरणा सेवा वापत प्रोटोकल अनुसार गर्भवती जाँच गरी स्वास्थ्य संस्थामा सुत्केरी हुने सेवाग्राहीलाई रु ८०० उपलब्ध गराउनु पर्ने छ। **आमा सुरक्षा कार्यक्रमको लागि रक्तसञ्चार सेवा** CEONC सेवा विस्तार सँगै अप्रेशन सेवा भएका अस्पतालमा रक्त सञ्चार सेवा सुविधा नहुँदा वा भएकोमा पनि सशुल्क सेवा हुँदा महिलाहरूले समयमा रगत व्यवस्था गर्न नसकि अकालमा मृत्यु हुने गरेको पाईएकोले आमा सुरक्षा कार्यक्रम अन्तरगत सेवा लिने महिलाहरूलाई निशुल्क रगत उपलव्ध गराउने व्यवस्था गर्नु पर्नेछ। यस कार्यक्रम अन्तर्गत CEONC सेवा प्रदान गर्ने सम्पुर्ण अस्पतालहरूको आवश्यकता अनुसार उपलव्ध भएको रक्त सञ्चालन केन्द्रवाट केन्द्रको नियमानुसार लाग्ने शुल्क केन्द्रलाई भुक्तानी गरि CEONC सेवा लिने महिलाहरूलाई नि:शुल्क रगत व्यवस्था गर्नु पर्ने छ। यो कार्यक्रम सञ्चालनको लागि अस्पतालहरूले यसै शिर्षकमा विनियोजित बजेटबाट प्रति पिन्ट रु १००० खर्च गर्नु पर्नेछ। **आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन बापत संस्थाले पाउने सोधभर्ना** स्वास्थ्य संस्थाले निशुल्क आमा सुरक्षा कार्यक्रम सञ्चालन गरे बापत प्रति केस इकाई मूल्य आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८ अनुसार पाउने छ। स्वास्थ्य संस्था लाई प्राप्त हुने इकाई मूल्यबाट प्रसूति सेवा दिनको लागि आवश्यक उपकरण, सामग्री, औषधी (Oxytocin, calcium gluconate, magnesium sulphate, Nifedepin, Labetalol, Misoprostol, TXA, Ergometrin, Vit K1, Anti-D) र तोकिएको प्रयोगशाला सेवा लगायत अन्य सामग्रीहरू आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिकामा तोके बमोजिम खरिद गर्न सकिनेछ। आमा सुरक्षा कार्यक्रम सञ्चालन गरे बापत पाउने इकाइ मुल्यबाट खरीद गर्ने व्यवस्था मिलाउनु पर्नेछ। **Vitamin K1:** Vitamin K Deficiency Bleeding को समस्या बढ्दै गएको र रक्तश्रावबाट शिशुहरूको मृत्यु

समेत हुने गरेको हुंदा यो गम्भिर समस्याको न्यूनिकरण गर्न जन्मने बित्तिकै नवशिशुलाई मासुमा (IM) भिटामिन K1 इन्जेक्सन दिनुपर्दछ। सोहि बमोजिम खोप पश्चात हुनसक्ने अवान्छित घटना अनुसन्धान (AEFI) समितिको सिफारिस र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नीतिगत निर्णय अनुसार परिवार कल्याण महाशाखाको मातृ तथा नवशिशू शाखा मार्फत आमा सुरक्षा कार्यक्रमको प्रति एकाइ मूल्यबाट vitamin K1 र 1ml syringe खरिद गर्नु पर्नेछ।

कार्यक्रम सञ्चालन प्रक्रियाः

- सबै संस्थागत डेलिभरी भएको स्वास्थ्य संस्थाबाट नवशिशु लाई तौल लिएर आमाको दुध खुवाए पश्चात भिटामिन K1 को सुई IM दिने।
- आमा यदि घरमा सुत्केरी भएको अवस्थामा प्रथम PNC Visit मा स्वास्थ्य संस्थामा भिटामिन K1 दिने।
- यदि PNC Visit मा पनि आमा नआएमा first contact वा BCG खोप लगाउने समयमा भएपनि दिने, vitamin K1 इन्जेक्शन जन्मिने बित्तिकै देखि २८ दिन भित्रमा दिए मात्र प्रभावकारी हुन्छ।
- मात्रा 0.5 ml (0.5 ml= 1mg/1 ampoule उपलब्ध हुन्छ)
- जन्म तौल १००० gram भन्दा बढि छ भने १ मि.ग्रा दिने। नव शिशुको तौल १००० ग्रा. भन्दा कम छ भने ० .५ मि.ग्रा दिने।
- siteः तिघ्राको अगाडीको भागमा।M
- syringe 1 ml को सुईको मात्र प्रयोग गर्ने।

प्रतिवेदनः

- भिटामिन K1 दिएकोबारेमा MNH Register मा, बालस्वास्थ्य कार्ड र HMIS मा उल्लेख गर्नु पर्नेछ र DHIS मार्फत प्रतिवेदन गर्नुपर्नेछ।
- यो कार्यक्रम सञ्चालनको लागि आमा सुरक्षा कार्यक्रमको एकाइ मूल्यबाट vitamin K1, 1 ml syringe खरिद गरि व्यवस्थापन गर्नु पर्नेछ।

निशुल्क गर्भपतन सेवा

- ✓ सुरक्षित गर्भपतन सेवाकोलागि स्थानीय तह अन्तर्गतका सबै सरकारी अस्पतालहरूमा कार्यक्रम सञ्चालन गर्दा सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ को आधारमा गर्नुपर्दछ।
- ✓ सुरक्षित गर्भपतन सेवा तालिम प्राप्त र सूचीकृत सेवा प्रदायक र सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र प्रदान गर्नु पर्दछ। यस शीर्षक अन्तर्गत विनियोजित रकम सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ को आधारमा उल्लेख गरे बमोजिमको रकम बाँडफाँड र अभिलेख तथा प्रतिवेदन गर्नुपर्नेछ।

यो कार्यक्रमको लागि "सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८" अनुसार बजेटको व्यवस्था सरकारी अस्पतालमा निम्न बमोजिमको इकाई मुल्य अनुसार बजेटको व्यवस्था गरिएको छ।

- ✓ १२ हप्तासम्मको (MA र MVA) सेवाको लागि प्रति केस रु ८००।

- ✓ १२ हप्ता पछिको (D&E र MI) सेवाको लागि प्रति केस रु २०००।
- ✓ अन्य स्थानबाट वा आफै गर्भपतन भई समान्य जटिलताको व्यवस्थापन गर्न पर्ने भएमा गर्भपतन पश्चातको सेवा (PAC) को लागि प्रति केशको रु ४०००।

नोट: Incomplete गर्भपतन भई जटिलता नभएको अवस्थामा MVA/Medical management गरे वापत ईकाई मूल्य रु ८०० दावी गर्न सकिनेछ।

इकाई मुल्य बापत स्वास्थ्य संस्थालाई प्राप्त रकम निम्नानुसार खर्च गर्नुपर्ने छ।

- ✓ सुरक्षित गर्भपतन सेवाका लागि आवश्यक औषधी (Combipack) खरिदका लागि ८० प्रतिशत र सेवा प्रदायकका लागि २० प्रतिशत
- ✓ उपकरण खरीद (MVA/ Cannula लगायत संक्रमण रोकथाम, सामान्य जटिलता तथा अन्य व्यवस्थापनका लागि ७० प्रतिशत र सेवा प्रदायकलाई २० तथा सहयोगीलाई १० प्रतिशत

माथि उल्लेखित उत्प्रेरणा वापतको रकम स्वास्थ्य संस्थाको व्यवस्थापन समितको निर्णय अनुसार बाँडफाँड गर्नु पर्नेछ।

माथि उल्लेखित उत्प्रेरणा वापतको रकम स्वास्थ्य संस्थाको व्यवस्थापन समितको निर्णय अनुसार बाँडफाँड गर्नु पर्नेछ।

नोटः

- गम्भिर जटिलता व्यवस्थापन गर्नु पर्ने भएमा आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिकामा अनुसार निशुल्क सेवा प्रदान गर्नुपर्ने छ।
- आफ्नो कार्यक्षेत्र भित्रका स्वास्थ्य संस्थाहरूको लागि विनियोजित रकम अपुग भएकोअवस्थामा प्रदेश स्तरबाट बजेट व्यवस्थापन गरि निरन्तर निशुल्क सेवा प्रदान गर्न सकिनेछ।

न्यानो झोला कार्यक्रम :

नोटः न्यानो झोलाको हकमा साबिकका जिल्ला अस्पतालहरू, तथा स्थानीय तह अन्तर्गतका सरकारी अस्पतालहरू लागि मात्र बजेट बिनियोजन गरिएको छ। न्यानो झोला खरिदको specification तपसिल बमोजिम छः

ईकाई मूल्यः प्रत्येक न्यानो झोलाका लागि हिमाली जिल्लामा रु. १०००।— तथा पहाडी/तराई जिल्लाका लागि रु. ९००।— का दरले बजेटको व्यवस्था गरिएको छ। अस्पतालहरूले सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार तोकिएको Specification अनुसारको न्यानो झोला खरिद गर्नु पर्नेछ। न्यानो झोला आपूर्ति भै सकेपछि अस्पतालहरूले Specification अनुसार गुणस्तर भए नभएको एकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई भुक्तानी दिनु पर्नेछ।

न्यानो झोलामा हुनु पर्ने मापदण्डः यो न्यानो झोलामा नवजात शिशुका लागि नरम फलाटीनको २ वटा टोपी, २ वटा पेटे भोटो (नरम मलमलको भित्री), २ वटा दौरा -, एउटा र्‍यापर (एकातर्फ प्लाष्टिक र अर्को तर्फ फलाटिनको कपडा भएको) र आमालाई एउटा गाउन हुनु पर्नेछ। न्यानो झोलामा प्रयोग हुने फलाटिन कपडाको गुणस्तर कम्तीमा १२० GSM को १०० प्रतिशत cotton

	हुनुपर्नेछ। भित्री भागमा प्रयोग हुने कपडा सुति नरम १०० प्रतिशत कटन हुनु पर्ने। **गाउनको नमूनाः न्यानो झोलामा हुने लुगाहरूको नाम र Specification** गाउन: लम्वाई: ५१ इन्च, मोटाई :४२ इन्च, तिरा :१६ इन्च, बाहुलाको लम्वाई :१७ इन्च वच्चाको भोटो: लम्वाई ११ ईन्च, छाती :२० इन्च
	• Anti-D सम्बन्धमा ➢ आमालाई Anti-D दिनुपर्ने अवस्थामा कम्तिमा २४ घण्टा सम्म अरु आमा झैं स्वास्थ्य संस्थामा राख्नु पर्नेछ। ➢ Anti-D सुई मात्र लगाउनका लागि रेफर भई आएका आमाहरूलाई २४ घण्टा नपुगेको अवस्थामा रेफर भई आएको वा सुत्केरी भएको संस्थामा पूर्ण समय राख्नु पर्नेछ। ➢ Anti-D सुई निशुल्क उपलब्ध गराउनु पर्ने छ।
अभिलेख प्रतिवेदन	कार्यक्रमको प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा अभिलेख राख्नुपर्नेछ र सोको बोधार्थ परिवार कल्या महाशाखामा पठाउनु पर्नेछ।
सन्दर्भ सामग्री	आमा सुरक्षा तथा नवाजात शिशु निर्देशिका २०७८, ANC to PNC continuum of care guideline, सुरक्षित गर्भपतन सेवा निर्देशिका २०७८, जनस्वास्थ्य नियमावली २०७७

SNCU कार्यक्रमको लागि स्वास्थ्य उपकरण खरिद

सञ्चालन प्रकृया	क) सरोकारवालाहरूसँग अभिमुखीकरण तथा लामखुट्टेको वासस्थान खोजी गरी लार्भा नष्ट गर्ने कार्यहरुः कार्यक्रम सुरु गर्नुअघि एक दिने अभिमुखीकरण कार्यक्रम आयोजना गर्नुपर्नेछ, जसमा स्थानीय तहको नेतृत्वमा सरोकारवालाहरूको सहभागीता सुनिश्चित गर्नुपर्नेछ। जोखिमको प्रकृति हेरी डेंगी वा जापानिज इन्सेफ्लाइटिसलाई प्राथमिकता दिई आवश्यकताअनुसार दुवै रोग समेटेर जानकारी दिनुपर्नेछ। वासस्थान खोज र नष्ट गर्ने कार्यः स्थानीय तहको नेतृत्वमा महिला स्वास्थ्य स्वयंसेविका, टोल सुधार समिति, वडा अध्यक्ष, नागरिक समाज, प्रहरी, सेना, व्यापारी सङ्घ/संस्था, राजनीतिक दल, सञ्चारकर्मी लगायत समुदायस्तरमा सरोकारवालाहरूको सहभागितामा कम्तीमा हप्तामा एकपटक लामखुट्टेको वासस्थान खोजी गरि वासस्थान तथा लार्भा नष्ट गर्ने र वातावरणीय सरसफाइ अभियान सञ्चालन गर्नुपर्नेछ मनसुनको सुरुवातदेखि कार्तिक महिनासम्म कम्तिमा हप्तामा एकपटक निरन्तर यो अभियान सञ्चालन गर्नुपर्नेछ। अभियान "डेंगी रोकथाम र नियन्त्रणका लागि लामखुट्टेको प्रजनन स्थल तथा लार्भा/प्यूपा खोजी तथा नष्ट गर्ने कार्यविधि "अनुसार सञ्चालन गर्नुपर्नेछ। क) बिद्यालय शिक्षा कार्यक्रमः स्थानीय तहअन्तर्गतका विद्यालयहरूमा डेंगी र जापानिज इन्सेफ्लाइटिसका बारेमा विद्यार्थी, शिक्षक, र अभिभावकहरूलाई जनचेतना प्रदान गर्नुपर्नेछ। साथै, यी रोगहरू वाट बच्ने उपायहरू र लामखुट्टेको वासस्थान पहिचान तथा नष्ट गर्ने तरिकाहरूबारे जानकारी दिई

	बालबालिकालाई खोज तथा नष्ट अभियानमा सहभागी गराउने प्रेरणा दिनुपर्नेछ। ख) सामुदायिक परिचालन महामारीको अवस्थामा महिला स्वास्थ्य स्वयंसेविका तथा अन्य सामुदायिक कार्यकर्ताहरूलाई परिचालन गर्नका लागि यो बजेट प्रयोग गर्न सकिनेछ।
बजेट बाँडफाँड	विनियोजित बजेट परिधि भित्र रही बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्न सकिने छ। "खोज र नष्ट गर" अभियानमा सरिक हुने सरोकारवालालाई खाजाको व्यवस्था गर्न सकिने तर सो अभियानमा भत्ता दिन पाईने छैन। महिला स्वास्थ्यस्वयंसेविकालाई यातायात खर्च र अन्य स्वास्थ्यकर्मीहरूको हकमा स्थानीय तहको नियमानुसार यातायात खर्च दिन मिल्ने
अभिलेख प्रतिवेदन	अभियानको तथ्याँक र रिपोट अनिवार्य रूपमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा पठाउनु पर्नेछ।
सन्दर्भ सामग्री	www.edcd.gov.np, www.nheicc.gov.np लामखुट्टेको प्रजनन स्थल तथा लार्भा/प्यूपा खोजी तथा नष्ट गर्ने कार्यविधि

२. कीटजन्य रोग नियन्त्रणका लागि केश सर्भिलेन्स, विषादी छिड्काउ, समुदायिक सचेतना, अभिमुखीकरण तथा microscopic center हरूमा slide ढुवानी समेत

परिचय	कीटजन्य रोगहरू नेपालबाट निवारणको चरणमा रहेकाले यससँग सम्बन्धित कार्यक्रमहरू जस्तै रोगको रोकथाम, निदान, उपचार तथा प्रतिवेदनको ठुलो महत्त्व रहेको हुन्छ निवारणको प्रयत्नलाई टेवा पुऱ्याउन स्थानीय स्तरमा नैकेश सर्भिलेन्स, विषादी छिड्काउ, सामुदायीक सचेतना तथा अभिमुखीकरण जस्ता कार्यलाई निरनतरता दिनुपर्ने हुन्छ तसर्थ, उच्च जोखिममा रहेका स्थानीय तहहरूमा स्वास्थ्य कार्यालयबाट हुने क्रियाकलापहरूलाई थप सहयोगी हुने हेतुले एकमुष्ठ रूपमा यी क्रियाकलापलाई समावेश गरिएको हो
उद्देश्य	क) औलो तथा कालाजार रोगको प्रसारणलाई (Transmission) रोक्ने ख) स्थानीय स्तरमा औलो तथा कीटजन्य रोगहरूका रोगी देखिए नीजको सहज उपचार हुनेछ साथै सक्रिय केस खोजपड्ताल गरी निवारण कार्यमा सहयोग पुग्ने ग) उच्च जोखिम रहेका क्षेत्रहरूमा नियमित रूपमा विषादी छिड्काउ गरी प्रसार चक्रलाई अवरोध गर्ने घ) कीटजन्य रोगहरू निवारण कार्यमा सङ्घ, प्रदेश तथा स्थानीय-तहमा सरकारी तथा गैरसरकारी संस्थाहरूद्वारा भएका नीति, रणनीति र क्रियाकलापहरूको अन्तर्कृया तथा सचेतना अभिवृद्धि गर्ने ङ) मलेरियाको microscopic जाँचका लागि microscopic center मा स्लाईड ढुवानी गर्ने
अपेक्षित प्रतिफल	क) कीटजन्य रोग नियन्त्रण तथा निवारण कार्यक्रममा सफलता हासिल हुनेछ ख) कीटजन्य रोगहरू निवारण कार्यसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन भइ औलो तथा कालाजार निवारणमा सहयोग पुग्नेछ ग) कीटजन्य रोगहरू बारे सरकारको नीति, रणनीति र सञ्चालित क्रियाकलापहरू बारे जनचेतना अभिवृद्धि भई औलो निवारण कार्यक्रममा सहयोग पुग्नेछ
	क) केस सर्भिलेन्स (Active Case Detection) औलो तथा कालाजार

सञ्चालन प्रकृया	कालाजार केसबेस सर्भिलेन्समा स्थानीय तहमा रहेका मेडिकल अधिकृत वा हेल्थ असिष्टेन्ट, प्रयोगशाला प्राविधिक तथा स्वास्थ्य शाखामा कार्यरत कीटजन्य रोग हेर्ने फोकल पर्सन सहितको टिम बनाई यो क्रियाकलाप गर्नुपर्नेछसर्भिलेन्स कार्य सञ्चालनको लागि इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले तयार गरेको "कालाजार सक्रिय केस निगरानीका लागि कार्यविधि" अनुसार गर्नुपर्नेछकालाजारको हकमा थप रोगी खोजपड्तालका लागि पहिलो बिरामी (Index Case) भेटिएको घर तथा स्थानलाई केन्द्र मानी १०० मिटर भित्रकाघरधुरी (स्थानीय भौगोलिक परिवेसको आधारमा) राष्ट्रिय निर्देशिका/ कार्यविधि अनुसार कार्यान्वयन गर्नुपर्नेछ। सो कार्यका लागि सम्बन्धित स्वास्थ्य कार्यालयसँग प्राविधिक सहयोग माग गर्न सकिनेछ औलोको केस आधारित सर्भिलेन्सका लागि Implementation Guideline for Case Based ivestigation कार्यविधिको "ख" अनुसार गर्ने जस्मा सोहि कार्यविधिको "ग" मा उल्लेख भए अनुसारको सहभागितामा हुनु पर्नेछ। Foci investigation का लागि Implementation Guideline for Case Based investigation कार्यविधिको "घ" अनुसारको सहभागितामा कार्य सञ्चालन हुनु पर्नेछ। थप बिरामी पहिचान गर्नका लागि पहिलो बिरामी (index case) भेटिएको घर केन्द्र विन्दु मानेर २ कि.मि. वरपरका ५० घरधुरी (स्थानीय भौगोलिक परिवेसको आधारमा) का वासिन्दाहरूमा २ हप्ताभित्र ज्वोरो आएको भएमा उक्त ज्वोरोको जाच तथा रक्त नमूना परीक्षण घर घरमै गर्नु पर्दछ। खटिएका कर्मचारीबाट केसको खोजपड्ताल फाराम अनिवार्य अद्यावधिक गर्नुपर्नेछ। उक्त कार्यक्रम सञ्चालन गर्दा एक पटकमा बढिमा रु. १५,००० (पन्ध्र हजार) सम्म खर्च गर्न सकिनेछ कार्यक्रममा स्थानीय महिला स्वास्थ्य स्वयंसेविका र सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख वा प्रतिनिधि समेत परिचालन गरि नेपाल सरकारको नियमानुसार भुक्तानी गर्नुपर्दछ। **ख) अंतरङ्ग अवशिष्ट विषादी छिड्काउ (Indoor Residual Spraying) औलो तथा कालाजार** स्थानीय तह भित्रका उच्च जोखिममा रहेका क्षेत्रहरूमा स्वास्थ्य कार्यालयले पछिल्लो छ महिनामाविषादी छिड्काउ नगरेका स्थानहरूमा वा औलोको हकमा स्थानीय केस देखिएको स्थानमा विषादी छिड्काउ गर्न सकिने छ विषादी छिड्काउ गर्दा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले तयार गरेको "औलो तथा कालाजार सार्ने बाहक नियन्त्रणका लागि अन्तरंग अवशिष्ट विषादी छिड्काउ सम्बन्धी कार्यविधि, २०८१" को मार्गनिर्देशन अनुसार सञ्चालन गर्नु पर्नेछ। सो कार्यका लागि सम्बन्धित स्वास्थ्य कार्यालयसँग प्राविधिक सहयोग माग गर्न सकिनेछ यो क्रियाकलाप गर्दा एक केसका लागि बढीमा रू २०,००० (रू. बीस हजार) सम्म खर्च गर्न सकिने छ। **ग) कीटजन्य रोग नियन्त्रण तथा निवारणका लागि सामुदायिक सचेतना तथा अभिमुखीकरण** सरकारका नीति तथा रणनीति अनुसार, जिल्ला वा स्थानीय तहमा कीटजन्य रोग नियन्त्रणसम्बन्धी कार्यक्रमको समीक्षा तथा जानकारी प्रवाहका लागि सरोकारवालाहरूको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।सरोकारवालामध्ये सरकारी/गैरसरकारी सङ्ग-

	संस्था, नागरिक अगुवा तथा स्थानीय प्रतिनिधिहरू समावेश गरिनुपर्नेछ। आवश्यकताअनुसार लक्षित समूहलाई पनि जनचेतना अभिवृद्धिमा समावेशगर्न सकिनेछ। यो कार्यक्रम केस सर्भिलेन्स, विषादी छिड्काउ, नियमित स्वास्थ्य सम्बन्धी बैठक वा विद्यालय शिक्षा मार्फत सञ्चालन गर्न सकिनेछ यस्ता क्रियाकलाप गर्दा एकपटकमा रू. ५,००० (पाँच हजार) सम्म खाजाका लागि नियमानुसार खर्च गर्न सकिनेछ **घ) Slide ढुवानी** स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाहरूले औलो रोग परीक्षण पश्चात सबै पोजेटिभ र ५% नेगेटिभ स्लाइडहरूपालिका अन्तर्गत वा जिल्ला स्थित तोकिएको माइक्रोस्कोपी केन्द्र वा प्रादेशिक जनस्वास्थ्य प्रयोगशालासम्म ढुवानी गर्नुपर्नेछ। **ङ) कीटजन्य रोग नियन्त्रण तथा निवारणका लागि अभिमुखीकरण तथा बहुनिकाय अन्तर्कृया** यस उपशीर्षक अन्तर्गत स्थानीय स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई कीटजन्य रोगहरू सम्बन्धित अभिमुखीकरण कार्यक्रम, स्थानीय तहमा पैरवीका निम्ति जनप्रतिनिधि तथा स्थानीय तहका अन्य निकाय,स्थानीय सङ्घ संस्था, नागरिक अगुवा लगायतसँग अन्तर्कृया कार्यक्रम आयोजना गर्न सक्नेछन् यद्यपी यो क्रियाकलाप गर्दा माथिका क्रियाकलाप गर्न कुनै आर्थिक वाधा पुग्ने छैन भनी एकिन गरेर मात्र आयोजना गर्नुपर्नेछ नोटः यी क्रियाकलापहरू सम्बन्धित स्वास्थ्य कार्यालयहरूसँग समन्वय गरी सञ्चालन गर्नुपर्नेछ।
बजेट बाँडफाँड	स्थानीय तहमा प्राप्त बजेट रकमबाट सम्बन्धित गतिबिधिहरूका लागि बजेट बाँडफाँड गरि सञ्चालन गर्नुपर्नेछ
अभिलेख प्रतिवेदन	केश सर्भिलेन्स/ केस खोजपड्ताल तथा विषादी छिड्काउको अभिलेख, उपलब्ध गराईएको फाराम भरि जिल्ला स्थित स्वास्थ्य कार्यालय तथा स्वास्थ्य निर्देशनालयको कीटजन्य रोग हेर्ने फोकल पर्सनलाई अनिवार्य प्रतिवेदन गर्नु पर्नेछ
सन्दर्भ सामग्री	www.edcd.gov.np, www.nheicc.gov.np, National Guideline on Kala-azar Elimination Program, कालाजार सक्रिय केस निगरानीका लागि कार्यविधि २०७७, औलो तथा कालाजार सार्ने बाहक नियन्त्रणका लागि अन्तरंग अवशिष्ट विषादी छिड्काउ सम्बन्धी कार्यविधि २०८१, National Malaria Surveillance Guidelines 2019 तथा सुपरभिजन चेकलिष्ट

३. समुदाय औलो कार्यक्रम अन्तर्गत ग्रामीण औलो कार्यकर्ता तलब भत्ता तथा अन्य व्यवस्थापन खर्च (नेपाल सरकार/The Global Fund)

परिचय	आयातित औलोको जोखिम उच्च रहेका स्थानीय तहहरूमा समुदायमा रोग फैलन सक्ने सम्भावना न्यूनीकरण गर्न आप्रवासी जनसङ्ख्यालाई लक्षित कार्यक्रम आवश्यक छ। साथै, औलो रोग सम्बन्धी सचेतना अभिवृद्धि गर्ने, स्क्रिनिङ कार्यहरूलाई सुदृढ बनाउने तथा राष्ट्रिय औलो रणनीतिक योजनाअनुसार समुदाय परिचालनलाई प्राथमिकतामा राख्दै यस्ता कार्यक्रम सञ्चालन गर्नु अत्यावश्यक छ।

उद्देश्य	१) समुदायमै औलोका शंकास्पद बिरामीहरूको समयमै पहिचान गरी आवश्यक उपचार सुनिश्चित गर्ने। २) समुदायमा औलो रोगसम्बन्धी जानकारी र चेतना अभिवृद्धि गर्ने।
अपेक्षित प्रतिफल	१) विदेशबाट फर्किएका मध्ये शंकास्पद औलो बिरामीहरू समयमै समुदायमा पहिचान तथा उपचार भई समुदायमा रोग संक्रमण फैलन नदिन सहयोग पुग्नेछ। २) समुदायमा औलो रोगसम्बन्धी जानकारी तथा चेतना उल्लेखनीय रूपमा अभिवृद्धि हुनेछ।
सञ्चालन प्रकृया	औलो निवारण कार्यक्रम अन्तर्गत आयातित औलोको उच्च जोखिम रहेका स्थानीय तहहरूमा ग्रामीण औलो कार्यकर्ता नियुक्त गर्नुपर्नेछ। यसका लागि नेपाल सरकार अन्तर्गत १८ वटा र ग्लोबल फण्डको सहयोगमा १४ वटा गरी कुल ३२ स्थानीय तहमा बजेटको व्यवस्था गरिएको छ।स्थानीय तहले ग्रामीण औलो कार्यकर्ता छनोट गर्दा जिल्ला स्थित स्वास्थ्य कार्यालयको समेत अनिवार्य प्रतिनिधित्व गराई गर्नुपर्नेछ। नियुक्त गरिएका ग्रामीण औलो कार्यकर्ताहरूले वर्षभरि समुदायमा रही औलो रोगसम्बन्धी चेतनामूलक कार्यक्रम, स्क्रिनिङ, प्रारम्भिक उपचार, फलोअप लगायतका गतिविधिहरू रोग नियन्त्रण महाशाखाबाट उपलब्ध कार्यदिश अनुसार सञ्चालन गर्नुपर्नेछ। ग्रामीण औलो कार्यकर्ताको तलब व्यवस्थापन नेपाल सरकारको प्रचलित नियमावलीअनुसार गरिनेछ। उनीहरूले प्रत्येक महिनाको अनिवार्य प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ, जसको तथ्याङ्क सम्बन्धित तालुकदार स्वास्थ्य संस्था वा स्थानीय तहमार्फत HMIS मा समावेश हुने व्यवस्था मिलाईनु पर्नेछ।
बजेट बाँडफाँड	बजेटको परिधि भित्र रही "समुदाय स्तरमा शंकास्पद औलो बिरामीको परिक्षणका लागि सामुदायिक औलो स्वास्थ्यकर्मी (Village Malaria Worker) को नियुक्ति तथा परिचालन सम्बन्धी कार्यविधि"अनुसार आवश्यक खर्च व्यवस्था गर्ने।
अभिलेख प्रतिवेदन	ग्रामीण औलो कार्यकर्ताको मासिक प्रगति विवरण स्वास्थ्य कार्यालयका किट जन्य रोग हेर्ने फोकल पर्सनलाई अनिवार्य रूपमा प्रतिवेदन गर्नुपर्नेछ।
सन्दर्भ सामग्री	www.edcd.gov.np, समुदाय स्तरमा शंकास्पद औलो बिरामीको परिक्षणका लागि सामुदायिक औलो स्वास्थ्यकर्मीको नियुक्ति तथा परिचालन सम्बन्धी कार्यविधि, प्रतिवेदन तथा अनुगमन फारमहरू

४. औलो रोग सर्भिलान्स, बिरामी प्रेषण,बिरामीफलोअप, FCHV, VMW लाई अभिमुखीकरण, समीक्षातथा स्थानीय तहहरूमा गरिने अनुगमन मूल्याङ्कन, community led monitoring, community score कार्ड कार्यन्वयन तथा आप्रबासी कामदार केन्द्रित क्रियाकलापहरू (The Global Fund)

यस कार्यक्रम अन्तर्गत स्थानीय तहले निम्न क्रियाकलापहरू सम्पन्न गर्नुपर्नेछ।

४.१ औलो पुष्ठी भएका बिरामीहरूको फलोअप

४.२ म.स्वा.स्व.से तथा ग्रामीण औलो कार्यकर्ताहरूका लागि केस पहिचान, केस फलोअप, सामाजिक तथा व्यवहार परिवर्तन तथा प्रेषण सम्बन्धी अभिमुखीकरण

४.३. औलोको बिरामी /शंकास्पद व्यक्ति लाई स्वास्थ्य संस्थामा परीक्षण तथा/वा उपचार गर्नका लागि म.स्वा.स्व.से मार्फत प्रेषण सहायता

४.४ समुदायमा केस पहिचान र सामाजिक तथा व्यवहार परिवर्तन का लागि म.स्वा .स्व.से तथा ग्रामीण औलो कार्यकर्ताहरू मार्फत आउटरिच क्रियाकलाप

४.५ समुदायका सरोकारवालाहरूलाई औलो निवारण कार्यक्रम सम्बन्धी अभिमुखीकरण

४.६ समुदाय मार्फत सामुदायिक केस व्यवस्थापनको वार्षिक समीक्षा /सामाजिक लेखापरीक्षण

४.७ आप्रवासीहरूको समूह निर्माण तथा अभिमुखीकरण

४.८ औलो को पुनरागमनको रोकथामका लागि आप्रवासी लक्षित क्रियाकलापहरू

यी क्रियाकलापहरूको खर्च नियमानुसार बजेट बाँडफाँड गरि सञ्चालन गर्नुपर्नेछ।

४.१ औलो पुष्टी भएका बिरामीहरूको फलोअप

परिचय	P. vivax र P. ovale औलोको उपचार गराएका बिरामीहरूले सिफारिस गरिएको औषधीको पूरा मात्रा १४ दिन सम्म सेवन सुनिश्चित गर्न ३, ७, र १४ दिनमा फलोअप भेट गर्न अत्यन्त महत्वपूर्ण हुन्छ। यो औषधीको पूर्ण प्रयोगले औलो relapse जोखिमलाई समाप्त गर्नुका साथै फलोअपले Primaquine औषधीको परिपालनाको निगरानी गर्न र सम्भावित प्रतिकूल प्रभावहरू adverse effects को समयमै पहिचान गर्न समेत मद्धत गर्दछ।
उदेश्य	Primaquine औषधीको परिपालनाको निगरानी गर्नु, र सम्भावित प्रतिकूल प्रभावहरू adverse effects को पहिचान तथा अनुगमन गर्नु।
अपेक्षित प्रतिफल	राष्ट्रिय उपचार पद्दति अनुसार Primaquine औषधी १४ दिन प्रयोगले औलो relapse जोखिमलाई समाप्त गर्दछ
सञ्चालन प्रक्रिया	उपचारमा रहेका र सम्भावित प्रतिकूल प्रभावहरूको लक्षण देखाइरहेका बिरामीहरूलाई समयमै स्वास्थ्य संस्थामा भेटका लागि प्रोत्साहन गरि प्रिमाक्विनका कारण सम्भावित हेमोलाईसिसको समयमै मूल्याङ्कन र व्यवस्थापन गर्न सहयोग पुऱ्याउनेछ।
	स्थानीय तहले नियमित रूपमा औलो बिरामीहरूको) P. vivax र P. ovale(अद्यावधिक विवरण सम्बन्धित ग्रामीण औलो कार्यकर्ता र म. स्वा .स्व .से .लाई उपलब्ध गराउनुपर्नेछ। प्राप्त विवरणका आधारमा, ग्रामीण औलो कार्यकर्ता नियुक्त भएको स्थानमा कार्यकर्ता र स्वयंसेवकबीच कार्य विभाजन गरी P. vivax र P. ovale औलोको

	उपचार गराएका बिरामीहरूको फलोअपका लागि प्रोत्साहन गर्ने औलो बिरामीले उपचार सुरु गरेको तेश्रो दिन ,सातौ दिन तथा १४ दिनमा नजिकको स्वास्थ्य संस्थामा फलोअप गर्ने फलोअपमा सम्बन्धित संस्थाको स्वास्थ्य कर्मीले औलोको औषधी राष्ट्रिय औलो उपचार पद्धति २०१९ अनुसार सेवन गरेको/नगरेको ,औषधीको सम्भावित प्रतिकूल प्रभावहरूको लक्षणहरू रहे/नरहेको जांच गर्ने सबैकुराको अभिलेख राखी सम्बन्धित स्थानीय तहलाई उपचार सम्पन्न भए पश्चात सबै कुरा खुलाई पत्राचार गर्नुपर्दछ
	औलो बिरामीहरू) P. vivax र P. ovale (ले तेश्रो, सातौ र चौधौ दिनमा स्वास्थ्य संस्थामा फलोअप गर्नु पर्दछ। स्वास्थ्य संस्थाले अन्तिम फलोअपमा अभिलेख तयार गरी सम्बन्धित स्थानीय तहमा पेस गर्नुपर्छ। स्थानीय तहले अभिलेख प्रमाणीकरण गरेपछि, बिरामीलाई प्रत्येक फलोअपका लागि रु ४०० का दरले, अधिकतम तीन पटकसम्म कुल रु १२०० उपलब्ध गराउनुपर्नेछ। तर यदि बिरामीले तिन मध्ये कुनै पनि फलोअप छुटाएमा, कुनै प्रकारको आर्थिक सुविधा प्रदान गर्न पाइने छैन
सन्दर्भ सामग्री	National Malaria Treatment Protocol २०१९ ;National Malaria Surveillance Guideline

४.२ म.स्वा. स्व.से तथा ग्रामीण औलो कार्यकर्ताहरूका लागि केस पहिचान, केस फलोअप, सामाजिक तथा व्यवहार परिवर्तन तथा प्रेषण सम्बन्धी अभिमुखीकरण

परिचय	औलो रोगको रोकथाम र निवारणमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक तथा ग्रामीण औलो कार्यकर्ताको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। केसको प्रारम्भिक पहिचान, उचित फलोअप, समुदायमा सामाजिक तथा व्यवहार परिवर्तन र आवश्यक परेमा बिरामीको उचित प्रेषण सुनिश्चित गर्न उनीहरूलाई आवश्यक ज्ञान, सीप र उपकरणहरू प्रदान गर्न लक्षित अभिमुखीकरण कार्यक्रम आवश्यक छ।
उद्देश्य	१) औलो रोगको प्रारम्भिक लक्षणको पहिचान, समयमै उपचारको सन्देश प्रवाह र बिरामीको फलोअप गर्ने सीप अभिवृद्धि गर्नु। २) सामाजिक र व्यवहार परिवर्तन सञ्चार SBCC सन्देशहरू प्रभावकारी रूपमा समुदायमा प्रवाह गर्न क्षमता विकास गर्नु। ३) स्वास्थ्य संस्थामा प्रेषण प्रक्रिया र त्यसको महत्वबारे स्पष्ट जानकारी दिनु।
अपेक्षित प्रतिफल	म.स्वा.स्व.से. र ग्रामीण औलो कार्यकर्ताहरूमा औलो रोगको प्रारम्भिक लक्षण, केस पहिचान, फलोअप र प्रेषण प्रक्रेबारे स्पष्ट बुझाइ र कार्यान्वयन क्षमता अभिवृद्धि हुनेछ।
सञ्चालन प्रक्रिया	• अभिमुखीकरण प्रत्येक वडामा अलग—अलग वा कुनै वडाहरूलाई समेट्ने संयुक्त कार्यक्रम स्थानीय अनुकूलता अनुसार सञ्चालन गर्न सकिनेछ। • स्थानीय तहले सम्भव भएसम्म सबै वडाका म.स्वा.स्व.से.हरूलाई कार्यक्रममा समेट्ने प्रयास गर्नुपर्नेछ। स्रोत अपुग भएमा प्रत्येक स्थानीय तहले कम्तीमा ९ वटा वडाहरूमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। • ग्रामीण औलो कार्यकर्ता नियुक्त भएको स्थानीय तहमा अनिवार्य रूपमा सहभागी गराउनु

	पर्नेछ। • प्रत्येक कार्यक्रमका लागि अधिकतम २ जना स्रोत व्यक्ति प्रयोग गर्न सकिनेछ। • स्रोत व्यक्तिलाई आवश्यक परेमा नियमानुसार यात्रा र दैनिक भत्ता प्रदान गर्न सकिनेछ। • सरकारी नियम तथा बजेट परिधि रही सहभागीताहरूलाई यातायात खर्च, र चिया/नास्ता को व्यवस्था गर्नुपर्नेछ। • सम्भव भए सम्म स्वास्थ्य कार्यालयको किट जन्य रोग फोकल पर्सनसँगको समन्वय कार्यक्रम सञ्चालन गर्नुपर्नेछ
सन्दर्भ सामग्री	स्वास्थ्य कार्यालयको किट जन्य रोग फोकल पर्सनसँगको समन्वय सन्दर्भ सामग्री तयार गर्ने।

४.३ औलोको बिरामी/शंकास्पद व्यक्ति लाई स्वास्थ्य संस्थामा परीक्षण तथा/वा उपचार गर्नका लागि म.स्वा.स्व.से मार्फत प्रेषण सहायता

परिचय	औलो रोगको निवारणका लागि बिरामीको समयमै परीक्षण र उपचार अत्यावश्यक हुन्छ। विशेष गरी ग्रामीण क्षेत्र वा दुर्गम बस्तीहरूमा रहेका शंकास्पद वा पुष्टि भएका औलो बिरामीहरूलाई स्वास्थ्य संस्थासम्म लैजान कठिनाइ हुन सक्छ। यसलाई सम्बोधन गर्न महिला सामुदायिक स्वास्थ्य स्वयंसेवकको सक्रिय भूमिकामा आधारित प्रेषण सहायता को व्यवस्था मिलाईएको छ।
उद्देश्य	औलोका शंकास्पद वा पुष्टि भएका बिरामीहरूलाई स्वास्थ्य संस्थामा परीक्षण तथा उपचारका लागि समयमै पठाउने।
अपेक्षित प्रतिफल	१) म.स्वा.स्व.से.हरूमा औलो रोगको प्रारम्भिक लक्षण, केस पहिचान, फलोअप र प्रेषण प्रक्रेबारे स्पष्ट बुझाइ र कार्यान्वयन क्षमता अभिवृद्धि हुनेछ। २) शंकास्पद बिरामीहरूको स्वास्थ्य सेवामा पहुँच वृद्धि हुनेछ। ३) औलोको समयमै परीक्षण र उपचार सुनिश्चित हुनेछ।
सञ्चालन प्रक्रिया	• म.स्वा.स्व.से.ले समुदायमा औलो लक्षण भएका वा शंकास्पद व्यक्तिको पहिचान गर्ने। • स्वास्थ्य संस्थामा परीक्षण/उपचार आवश्यक परेको खण्डमा, म.स्वा.स्व.से.ले बिरामीलाई स्वास्थ्य संस्थासम्म लैजान/जान सहयोग गर्ने। • सम्भव भए म.स्वा.स्व.से. स्वयं बिरामीसँगै जाने वा बिरामीलाई पठाउने व्यवस्था मिलाउने। • यदि औलो पोजिटिभ आएमा यस कार्यका लागि बिरामी र म.स्वा.स्व.से.को यात्रा खर्च रू ४०० प्रतिव्यक्तिको दरले उपलब्ध गराउन सकिनेछ। • समुदायमा जाँच गर्दा पुष्टि भएका व्यक्तिहरूलाई समेत स्वास्थ्य संस्थामा उपचार प्राप्त गर्न प्रेषण सहायता प्रदान गर्न सकिनेछ।

४.४ समुदायमा केस पहिचान र सामाजिक तथा व्यवहार परिवर्तन का लागि म.स्वा.स्व.से तथा ग्रामीण औलो कार्यकर्ताहरू मार्फत आउटरिच क्रियाकलाप

परिचय	नेपालमा औलो निवारणको चरणमा रहेका स्थानीय तहहरूमा आयातित औलोको जोखिम न्यूनीकरणका लागि उच्च जोखिमयुक्त समूहहरू जस्तैः आप्रवासी कामदार, ईंटाभट्टा मजदुर, वनमा

	बसोबास गर्ने समूह, नदी आसपासका बस्तीहरू आदिमा लक्षित गरि समुदायस्तरमा केस पहिचान तथा सामाजिक र व्यवहार परिवर्तन कार्यक्रम अत्यावश्यक छन्। यस उद्देश्यका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक तथा ग्रामीण औलो कार्यकर्तामार्फत नियमित रूपमा आउटरिच क्रियाकलाप सञ्चालन गर्नुपर्ने आवश्यकता छ।
उद्देश्य	१) उच्च जोखिम समूहहरूमा औलो रोगको केस पहिचान र प्रारम्भिक परीक्षणमा पहुँच अभिवृद्धि गर्नु। २) समुदायमा औलो रोगसम्बन्धी व्यवहार परिवर्तनकारी सन्देशहरू प्रवाह गर्नु।
अपेक्षित प्रतिफल	१) जोखिमयुक्त समूहमा औलो केसहरूको समयमै पहिचान र प्रेषण सुनिश्चित हुनेछ। २) समुदायमा औलो रोगसम्बन्धी व्यवहार परिवर्तन सन्देशहरू प्रभावकारी रूपमा प्रवाह भई जोखिम न्यूनीकरणमा सहयोग पुग्नेछ।
सञ्चालन प्रक्रिया	ग्रामीण औलो कार्यकर्ता र म.स्वा.स्व.से.ले आफ्नो कार्यक्षेत्रका विभिन्न वडाहरूमा पुगेर निम्न कार्यहरू सञ्चालन गर्नुपर्नेछः ✓ शंकास्पद केसहरूको पहिचान ✓ ग्रामीण औलो कार्यकर्ताको हकमा द्रुत परीक्षण)RDT मार्फत (वा परीक्षणका लागि प्रेषण ✓ औलो रोगको लक्षण, रोकथाम, औषधी परिपालन, र अस्पतालमा जानु पर्ने अवस्थाबारे जानकारी प्रदान गर्ने ✓ IEC/BCC सामग्री वितरण ✓ साना समूहहरूमा अभिमुखीकरण सत्र सञ्चालन गरी जनचेतना अभिवृद्धि गर्ने आउटरिच गतिविधिमा निम्न विशेष समूहहरूलाई प्राथमिकताका साथ लक्षित गर्नुपर्नेछः ✓ विदेशबाट फर्किएका व्यक्तिहरू, मौसमी आप्रवासी कामदार, र उनीहरूको परिवार वा छिमेकी ✓ ईंटाभट्टा, निर्माणस्थल, वन क्षेत्र, नदी किनार आदिमा बसोबास गर्ने आप्रवासी समुदायहरू ✓ शंकास्पद लक्षण विशेषतः लामो समयको ज्वरो भएका व्यक्ति वा जोखिमयुक्त भौगोलिक क्षेत्रका बासिन्दा • आउटरिच क्रियाकलापमा सहभागी ग्रामीण औलो कार्यकर्ता तथा म.स्वा.स्व.से.लाई नेपाल सरकारको प्रचलित नियमअनुसार यात्रा खर्च प्रदान गर्नुपर्नेछ। • पालिका/स्वास्थ्य कार्यालयबाट सुपरिवेक्षण र अनुगमन गर्ने सकिनेछ।
अभिलेख प्रतिवेदन	आउटरिच क्रियाकलापमा परीक्षण गरिएको तथ्याङ्क, परीक्षण गरिएको स्थानको स्वास्थ्य संस्थाबाट अनिवार्य प्रतिवेदन गर्नु पर्नेछ

४.५ समुदायका सरोकारवालाहरूलाई औलो निवारण कार्यक्रम सम्बन्धी अभिमुखीकरण

परिचय	नेपालमा औलो रोग निवारणको चरणमा रहेका स्थानीय तहहरूमा रोगको पुनरागमनको सम्भावना न्यूनीकरण गर्न समुदायका सरोकारवालाहरूको सक्रिय सहभागिता आवश्यक छ। औलो रोगको पहिचान, रोकथाम, उपचार र जनचेतनामा समुदायकै भूमिका प्रभावकारी हुने भएकाले सरोकारवाला समूहहरू जस्तै महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक, विद्यालयका शिक्षकहरू, स्थानीय नेताहरू, वडास्तरका निर्वाचित जनप्रतिनिधिहरू लगायत लाई औलो

	निवारण कार्यक्रमको उद्देश्य, रणनीति र भूमिकाबारे अभिमुखीकरण गरिनु अत्यन्तै महत्वपूर्ण छ।
उद्देश्य	१) सरोकारवाला समूहहरूलाई औलो रोगको जोखिम, लक्षण, रोकथाम तथा उपचार सम्बन्धी जानकारी प्रदान गर्नु। २) समुदायस्तरमा औलो नियन्त्रण तथा निवारणमा उनीहरूको भूमिका स्पष्ट पार्दै सहयोग अभिवृद्धि गर्नु।
अपेक्षित प्रतिफल	१) सरोकारवालाहरूले औलोसम्बन्धी सन्देशहरू समुदायमा प्रभावकारी रूपमा प्रवाह गर्न सक्नेछन्। २) जोखिम समूहको पहिचान, शंकास्पद केसको परीक्षणमा पहुँच अभिवृद्धि र प्रेषण प्रक्रिया थप प्रभावकारी बन्नेछ।
सञ्चालन प्रक्रिया	• प्रत्येक स्थानीय तहले कम्तीमा ३ वटा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ, जसले विभिन्न वडाहरूबाट सरोकारवालाहरूलाई समेट्नु पर्नेछ। • प्रत्येक अभिमुखीकरण कार्यक्रममा कम्तिमा २० जना सरोकारवालाहरूलाई सहभागी गराउनुपर्नेछ। • स्वास्थ्य शाखा/सम्बन्धित फोकल व्यक्ति कार्यक्रमको समन्वयकर्ता रहनेछ। • अभिमुखीकरणको अवधिमा औलो रोगको अवस्था, जोखिम क्षेत्र, लक्षण, रोकथामका उपाय, र सामुदायिक भूमिकाबारे प्रस्तुति तथा छलफल गर्नुपर्नेछ। • कार्यक्रम सञ्चालनका लागि निम्न शीर्षकहरूमा खर्च गर्न सकिनेछ ✓ सहभागीहरूका लागि चिया/नास्ताको व्यवस्था ✓ सरोकारवाला सहभागीहरूको स्थानीय यातायात खर्च ✓ फोकल व्यक्तिको यातायात खर्च (एक जना)

४.६ समुदाय मार्फत सामुदायिक केस व्यवस्थापनको वार्षिक समीक्षा/सामाजिक लेखापरीक्षण

परिचय	औलो निवारण कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थाबाट प्रदान गरिने सामुदायिक केस व्यवस्थापन सेवाको गुणस्तर, पहुँच, र प्रभावकारिता सम्बन्धी स्थानीय समुदायको अनुभव र धारणा सङ्कलन गर्न सामाजिक लेखापरीक्षण महत्वपूर्ण उपकरण हो। लेखापरीक्षणले समुदाय र स्वास्थ्य सेवा प्रदायकबीच पारदर्शिता, जवाफदेहिता र सेवाको गुणस्तर सुधारमा योगदान पुर्याउँछ।
उद्देश्य	१) स्वास्थ्य संस्थाबाट प्रदान गरिएका औलोसम्बन्धी केस व्यवस्थापन सेवाको सन्दर्भमा समुदायको प्रतिक्रिया सङ्कलन गर्नु। २) सेवा पहुँच, गुणस्तर, चुनौती र सिफारिसहरूबारे सामुदायिक दृष्टिकोणमा आधारित सामाजिक लेखापरीक्षण प्रतिवेदन तयार गर्नु। ३) कार्यक्रम सुधार र जवाफदेहिता अभिवृद्धिका लागि प्रमाणाधारित सन्देश प्रदान गर्नु।
अपेक्षित प्रतिफल	१) समुदायको आवाजमा आधारित सेवा गुणस्तरको मूल्याङ्कन हुनेछ। २) सुधारका सम्भावित क्षेत्रहरू पहिचान हुनेछ। ३) समुदाय र सेवा प्रदायकबीच विश्वास तथा जवाफदेहिताको सम्बन्ध बलियो हुनेछ।

सञ्चालन प्रक्रिया	• प्रत्येक स्थानीय तहले गत ६ महिनाभित्र औलो उपचार सेवा दिएको कम्तीमा २ वटा स्वास्थ्य संस्थामा सामाजिक लेखापरीक्षण सञ्चालन गर्नुपर्नेछ। • प्रत्येक सामाजिक लेखापरीक्षणमा कम्तीमा ६ जना समुदायका सदस्य सहभागी गर्नुपर्नेछ, जस्तैः बिरामी, बिरामीको परिवार, एक जना म.स्वा.स्व.से, शिक्षक, विदेशवाट फर्किएको मौसमी कामदार आदि। • स्थानीय तह वा स्वास्थ्य कार्यालयको समन्वयमा २ जना स्रोत व्यक्तिद्वारा लेखापरीक्षण सञ्चालन गर्नुपर्नेछ। • स्रोत व्यक्तिहरूले लेखापरीक्षणका लागि प्रश्नावली र टुलहरू तयार गरी सहभागीहरूसँग समूह छलफल, अन्तर्वार्ता, मार्फत जानकारी सङ्कलन गर्नेछन्। • स्वास्थ्य संस्था व्यवस्थापन समितिको प्रतिनिधिलाई आवश्यकताअनुसार लेखापरीक्षणमा संलग्न गर्न सकिनेछ। • लेखापरीक्षण पश्चात प्रत्येक स्वास्थ्य संस्थाका लागि स्रोत व्यक्तिबाट सामाजिक लेखापरीक्षण प्रतिवेदन तयार पार्नुपर्नेछ। • कार्यक्रम सञ्चालनका लागि निम्न शीर्षकहरूमा खर्च गर्न सकिनेछ ✓ स्रोत व्यक्तिहरूका लागि जनही रु. १००० को दरले सेवा शुल्क कुल २ जनाका लागि ✓ स्रोत व्यक्ति तथा सहभागीहरूको यात्रा खर्च ✓ सहभागीहरूको लागि चिया/नास्ता ✓ स्टेशनरी तथा लेखापरीक्षण सामग्री)कलम, कापी, फाराम आदि(

४.७ आप्रवासीहरूको समूह निर्माण तथा अभिमुखीकरण

परिचय	नेपालमा औलो निवारणको चरणमा रहेका स्थानीय तहहरूमा आयातित औलोको जोखिम न्यूनीकरणका लागि आप्रवासी जनसङ्ख्यालाई लक्षित गरेर समुदायस्तरमै सँगठित रुपमा सूचनाको आदानप्रदान र संलग्नता आवश्यक छ। आप्रवासी जनसंख्यामा औलो रोगको जोखिम र चुनौती उच्च हुने भएकाले उनीहरूलाई समूहमा सँगठित गरी अभिमुखीकरण गरिनु अत्यावश्यक छ।
उद्देश्य	१) आप्रवासी समुदायलाई सँगठित समूहमा आबद्ध गराई औलो रोग सम्बन्धी जानकारी अभिवृद्धि गर्नु। २) जोखिमको चिह्न, रोकथाम, प्रारम्भिक परीक्षण र उपचारको आवश्यकता बारे चेतना फैलाउनु। ३) समुदायस्तरमै सूचना आदानप्रदान र निगरानी प्रणालीलाई बलियो बनाउनु।
अपेक्षित प्रतिफल	१) आप्रवासी समूहहरूमा औलोसम्बन्धी जानकारीको स्तरमा वृद्धि हुनेछ। २) जोखिमयुक्त समूहहरूमा समयमै केस पहिचान र उपचारका लागि स्वास्थ्य सेवामा पहुँच सुनिश्चित हुनेछ।
सञ्चालन प्रक्रिया	• प्रत्येक स्थानीय तहले कम्तीमा ४ वटा आप्रवासी समूहहरू निर्माण गर्नुपर्नेछ। • प्रत्येक समूहमा ५-७ जना आप्रवासी सदस्यहरू रहने गरी समूह गठन गर्नुपर्नेछ।

	• समूह निर्माण पश्चात संक्षिप्त अभिमुखीकरण सत्र आयोजना गर्नुपर्नेछ, जसमा निम्न विषयहरू समेटिनेछन्: ✓ औलो रोगको लक्षण, संक्रमणको तरिका र रोकथामका उपाय ✓ परीक्षण तथा उपचारका लागि उपलब्ध सेवा ✓ अस्पताल जानुपर्ने अवस्थाहरू ✓ समुदायमा खबरदारी र आपसी सहयोगको महत्व • अभिमुखीकरण सत्र स्थानीय स्वास्थ्य संस्था, ग्रामीण औलो कार्यकर्ता, वा स्वास्थ्य शाखा मार्फत सञ्चालन गर्न सकिनेछ। • कार्यक्रम सञ्चालनका लागि निम्न शीर्षकहरूमा खर्च गर्न सकिनेछ ✓ सहभागीहरूका लागि चिया/नास्ता ✓ फोकल व्यक्तिको यातायात खर्च

४.८ औलो को पुनरागमनको रोकथामका लागि आप्रवासी लक्षित क्रियाकलापहरू

परिचय	औलो रोगको पुनरागमन reintroduction विशेषगरी आयातित केसहरू मार्फत हुने सम्भावना उच्च रहेको छ। नेपालमा विदेशबाट फर्किने आप्रवासी कामदार, विशेष गरी भारतबाट फर्किनेहरू, औलोको उच्च जोखिममा पर्दछन्। तसर्थ, यस्तो जोखिम न्यूनीकरणका लागि समुदायमा गठन गरिएका आप्रवासी समूहहरूसँग निरन्तर समन्वय आवश्यक छ। स्थानीय तहका स्वास्थ्य शाखाले जिम्मेवारी दिइएका focal person हरूले समुदायमा गठन गरिएका आप्रवासी समूहहरूसँग नियमित रूपमा सम्पर्क राखी, स्वास्थ्य सेवा पहुँच, लक्षण देखिएको खण्डमा तत्काल परीक्षण तथा उपचारको सिफारिस र विदेशमै रहेका व्यक्तिहरूसँग पनि डिजिटल माध्यमबाट समन्वय गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्दछ।
उद्देश्य	१) समुदायमा गठन गरिएका आप्रवासी समूहहरूसँग नियमित र प्रभावकारी सञ्चारमार्फत औलो जोखिम न्यूनीकरणमा सहयोग पुऱ्याउनु। २) विदेशमा रहेका आप्रवासी व्यक्तिहरूसँग पनि डिजिटल सञ्चारमार्फत स्वास्थ्य सन्देश प्रवाह गर्नु। ३) लक्षण देखिएको खण्डमा स्वास्थ्य सेवा लिने व्यवहारलाई प्रवर्द्धन गर्नु।
अपेक्षित प्रतिफल	१) आप्रवासी समुदायसँग निरन्तर सम्पर्क कायम भई औलोको लक्षण देखिएमा तुरुन्तै स्वास्थ्य सेवामा पुग्ने व्यवहार प्रवर्द्धन हुनेछ। २) विदेशमै रहेका कामदारहरूसमेत स्वास्थ्य सन्देशबाट लाभान्वित हुनेछन्।
सञ्चालन प्रक्रिया	• प्रत्येक स्थानीय तहमा स्वास्थ्य शाखाद्वारा तोकिएका ४ जना focal person लाई जिम्मेवारी दिइनेछ। • फोकल पर्सनहरूले आफ्नो कार्यक्षेत्र भित्रका आप्रवासी समूहहरूसँग महिनामा कम्तीमा एकपटक अनिवार्य रूपमा फोन, म्यासेज, वा डिजिटल माध्यमबाट सम्पर्क गर्नुपर्नेछ। • देश/विदेश जहाँ भए पनि ती व्यक्तिहरूसँग संवाद कायम राखी, स्वास्थ्य जानकारी आदानप्रदान गर्नुपर्नेछ। • फोकल पर्सनहरूले मासिक रूपमा सम्पर्क विवरणसहितको छोटो प्रतिवेदन स्थानीय

	तहको स्वास्थ्य शाखामा पेस गर्नुपर्नेछ। • कार्यक्रम सञ्चालनका लागि निम्न शीर्षकहरूमा खर्च गर्न सकिनेछ ✓ सञ्चार खर्चः फोन, म्यासेज वा इन्टरनेट डाटा प्रयोगका लागि प्रति फोकल पर्सन रू ३०० प्रति महिनाको दरले

४.९ स्थानीय स्तरको सहकार्यमा समुदायमा हात्तीपाइले बिरामिहरूको स्वयम हेरचाह समूहहरू स्थापना तथा स्वयम हेरचाह सामग्री वितरण (टिकापुर नगरपालिका ९१,२५,००००, भजनी नगरपालिका १,७५,००००, कृष्णपुर नगरपालिका १,२५,००००, बाँसगढी नगरपालिका ९१,७५,००००, बारबर्दिया नगरपालिका १,३५,००००, डुडुवा गाउँपालिका ९१,२५,००००, नरैनापुर गाउँपालिका ९१,२५,००००, नीलकण्ठ नगरपालिका ९१,२०,००००, विदुर नगरपालिका ९१,४०,००००, त्रिपुरासुन्दरी गाउँपालिका ९१,२५,००००, तादी गाउँपालिका १,५५,००००, कल्याणपुर नगरपालिका ९१,७५,००००, गौशाला नगरपालिका ९१,५५,००००, मटिहानी नगरपालिका ९१,५५,००००, कचनकवल गाउँपालिका ९१,५५,०००० र झापा गाउँपालिका ९१,२५,००००)

परिचय	नेपालबाट सन् २०३० सम्म हात्तीपाईले रोग निवारण गर्ने लक्ष्य अनुरूप नेपाल सरकारद्वारा आम औषधी सेवन अभियान तथा Morbidity Management and Disability Prevention कार्यक्रम सञ्चालन हुँदै आईरहेको छ यस रोगलाई जनस्वास्थ्य समस्याको रूपबाट निवारण गर्नका लागि स्थानीय तहमापता लागेका बिरामीहरूलाई Essential Package of Care (EPC) प्रदान गरि बिरामीको पिडा घटाई जीवनस्तरमा सुधार गर्नको निमित्त समुदाय तहमा स्वयम् हेरचाह समूह गठन, व्यवस्थापन तथा परिचालन गर्नुपर्ने देखिन्छ। हात्तीपाइले रोग तथा अन्य उपेक्षित उष्ण प्रदेशिय रोगहरूबाटप्रभावित, उपचारमा रहेका र सो को कारणले अपाङ्गता भएका नागरिकहरूको औषधी उपचारमा सहज पहुँच पुर्याउन, एकल वा समूहगत रुपमा स्वयं हेरचाह गर्न, सीप विकास गरी आय आर्जनका क्रियाकलापहरूमा संलग्न हुन, व्यवसाय सञ्चालन गर्न, वचत जम्मा गरी स्वाबलम्बी बन्न, प्रभाबित नागरिकहरू प्रतिको भेदभाव र लाञ्छना हटाई सामाजिक रुपमा पुनर्स्थापना गर्न प्रदेशका स्थानीय तहमा स्वयं हेरचाह समूहको गठन, व्यवस्थापन र परिचालन गरिनेछ।
उद्देश्य	• हात्तीपाइले रोग तथा अन्य उपेक्षित उष्ण प्रदेशीय रोगहरूबाट हुन सक्ने अशक्तता तथा अपांगताको जोखिम कम गर्न स्वयं हेरचाहको दरमा बृद्धि गर्ने, अस्पतालबाट प्रदान गरिएको सेवाको माग र पहुँचमा बृद्दी गर्ने, • समुदायमा हात्तीपाइले रोग तथा अन्य उपेक्षित उष्ण प्रदेशीय सक्रिय रोगबाट प्रभावित नागरिकको स्वयम हेरचाह समूह हरूस्थापना, तथा स्वयम हेरचाह सामाग्रि बितरण ग़र्ने, • हात्तीपाइले रोग तथा अन्य उपेक्षित उष्ण प्रदेशिय रोग प्रभावित नागरिकलाई स्थानीय तहको स्वास्थ्य शाखाको समन्वयमा प्राथमिक उपचार, निदान, प्रेषण र पुनर्स्थापना का लागि सहजीकरण गर्ने, • हात्तीपाइले रोग तथा अन्य उपेक्षित उष्ण प्रदेशिय रोग प्रभावित नागरिकप्रति समुदायमा हुने भेदभाव तथा लाञ्छना हटाउन सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाको समन्वयमा व्यवहार परिवर्तन र स्वास्थ्य शिक्षा सम्वन्धी जनचेतना जगाउने,

	• समूह गठन, आयआर्जनका क्रियाकलापहरू सञ्चालन तथा सामुहिक बचत गरी स्वरोजगार/ आत्म निर्भर बनाउने र सामाजिक रुपले पुनर्स्थापना गराउने, • स्वयम् हेरचाह समूह ले गरेको कार्यक्रमहरूको अभिलेखिकरण र प्रगति विवरण स्थानीय तहको स्वास्थ्य शाखामा पेस गर्ने,
अपेक्षित प्रतिफल	स्वयम् हेरचाह समूह को सफल गठन, व्यवस्थापन र परिचालनले उपेक्षित उष्ण प्रदेशिय रोगहरू बिशेष गरि हात्तीपाईलेबाट प्रभावित नागरिकहरूको जीवनमा उल्लेखनिय सुधार ल्याउने छ र समूह का सदस्यहरूकोस्वास्थ्य, आर्थिक र सामाजिक उत्थानका लागि मद्धत गर्छ भन्ने अपेक्षा लिएको छ यसको साथसाथैlymphedema भएका मानिसहरूमा हुने acute attack को संख्यामा कमी आइ मानिसहरूको जीवनस्तरमा सुधार हुने।
सञ्चालन प्रकृया	स्थानीय तहले अनुसार १५ देखि २० जना प्रभावित नागरिकहरूको स्थानीय तहमा प्राप्त बजेट अनुसार कम्तिमा एक स्वयम् हेरचाह समूह निर्माण तथा सदस्यहरूको छनोट, समूहको व्यवस्थापन, क्षमता अभिवृद्धी, नियमित वैठक समूहको सञ्चालन तथा परिचालन, अनुगमन र प्रतिवेदन गर्ने यस प्रयोजनको लागि EDCD ले हात्तीपाइले रोग तथा अन्य उपेक्षित उष्ण प्रदेशीय रोग प्रभावित नागरिकका लागि स्वयम् हेरचाह समूह गठन, व्यवस्थापन तथा परिचालन सम्वन्धी कार्यविधि स्वीकृत गरि पठाउनेछ।
बजेट बाँडफाँड	छनोटमा परेका स्थानीय तहहरूलाई अधिकतम रू १,७५,०००/- सम्म छुट्टयाइएको छ र इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट प्राप्त कार्यविधि अनुसार बजेटको बाँडफाँड गरिनेछ कार्यक्रमको भुक्तानी नेपाल सरकारको नियमानुसार गरिनेछ।
अभिलेख तथा प्रतिवेदन	नियमित रुपमा स्थानीय तहले कार्यक्रम सम्पन्न भईसकेपछि कार्यविधि बमोजिम प्रगति प्रतिवेदन तयार गरि स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय र ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा (nationallfprogramnepal@gmail.com) पठाउनुपर्नेछ
सन्दर्भ सामग्री	हात्तीपाइले रोग तथा अन्य उपेक्षित उष्ण प्रदेशिय रोग प्रभावित नागरिकका लागि स्वयम् हेरचाह समूह गठन, व्यवस्थापन तथा परिचालन सम्वन्धी कार्यविधि

४.१०: हात्तीपाइले रोग बिरुद्ध आम औषधी सेवन कार्यक्रम] डुडुवा गाउँपालिका) १४,६०,०००), नरैनापुर गाउँपालिका) १५,१०,०००) र बैजनाथ गाउँपालिका) ५,१५,०००)

परिचय	नेपालबाट सन् २०३० सम्म हात्तीपाईले रोग निवारण गर्ने लक्ष्य अनुरूप नेपाल सरकारद्वारा सबै हात्तीपाईले रोग प्रभावित जिल्लाहरूमा आम औषधी सेवन अभियानकार्यक्रम सञ्चालन हुँदै आईरहेको छसन् २००३ मा एक जिल्ला) पर्सा(बाट शुरूवात गरिएको कार्यक्रम हालसम्म ५६ जिल्लाहरूमाहात्तीपाईले संक्रमणको प्रीभालेन्स १ प्रतिशत भन्दा तल पाईएकोले बन्द गरिसकिएको छ भने ७ वटा जिल्लाहरू अझै आम औषधी सेवन अभियान सम्पन्न भई त्यसपछि गरिने EMS)Epidemiological Monitoring Survey) सर्वेक्षण कुरिरहेका छन् भने बाँके जिल्ला)यसको केहि भूभाग सम्मिलित क्षेत्र(माIDA I mpact Survey (IIS) सर्वेक्षण असफल भई विश्व स्वास्थ्य संगठनको सुझाब अनुसारएक चरणको आम औषधी सेबन कार्यक्रम सम्पन्न भइ अर्को चरणको आम औषधी सेवन अभियानमा औषधी खान योग्य सबै नागरिकहरूलाई औषधी सेवन गराउनु जरूरी छ बाँके जिल्लामा सन् २००१ मा गरिएको आधार सर्वेक्षणमाहात्तीपाईले रोगको दर २०.८ प्रतिसत

	पाईएको थियो। यस जिल्लाले सन् २०११ देखि आम औषधी सेवन सञ्चालन गरेको हो। तर बाँके जिल्लाले Pre TAS सर्वेक्षणका श्रीन्खलाबध्द असफलता बेहोर्नु पर्यो। बिशेषगरेर आम मानिसमा ब्याप्त औषधी प्रतिको डर, बिगतमा आम औषधी सेवनका दौरान भएका अबांच्छित घटनाहरूलाई अफाबहाका रुपमा प्रचारप्रसार गरिनु लाई आम औषधी सेवन नगर्नाको मुख्य कारण को रुपमा लिईएको छ। बाँके जिल्लामा यी असफलता लाई चिर्दै फेरी अझ प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गरि दोस्रो चरणको आम औषधी सेवन अभियानमा औषधी खान योग्य सबै नागरिकहरूलाई औषधी सेवन गराउनु जरूरी छ
उद्देश्य	क) आम औषधी सेवनको प्रभावकारी कभरेज प्राप्तिकोमाध्यमबाट संक्रमणको दरलाई घटाउंदै यस रोगलाई जनस्वास्थ्य समस्याको रूपबाट निवारण गर्ने। ख) संक्रमित क्षेत्रमा बसोबास गर्ने औषधी सेवन गर्न योग्य सबै ब्यक्तीहरूलाई औषधी सेवन गराउने
अपेक्षित प्रतिफल	सम्बन्धित स्थानीय तहमा आम औषधी सेवनको उच्च प्रभावकारी epidemiological Coverage (८०%) प्राप्त हुनेछ।
सञ्चालन प्रकृया	**क. स्थानीय तह स्तरीय योजना तथा बहुनिकायगोष्ठी** यस गोष्ठी मार्फत् अभियानको प्रभावकारी कार्यान्वयनका लागि सूक्ष्म कार्ययोजना)micro plan) तयार गरिनेछ, अघिल्लो अभियानबाट प्राप्त सिकाइहरूको समीक्षा गरिनेछ, सहभागीहरूलाई कार्यक्रमका क्रियाकलापहरू सम्बन्धमा अभिमुखीकरण प्रदान गरिनेछ, AE/SAE व्यवस्थापन योजनाको जानकारी साझा गरिनेछ तथा अभियान सफलतापूर्वक कार्यान्वयन गर्न आवश्यक सहयोगको लागि सहभागीहरूसँग अनुरोध गरिनेछ उक्त गोष्ठीमा गाउँ पालिकाका अध्यक्ष/ उपाध्यक्ष, वडा अध्यक्ष,कार्यपालिका सदस्यहरू, प्रमुख प्रशासनिक अधिकृत, स्वास्थ्य तथा शिक्षा शाखा प्रमुख तथा अन्य शाखाका अधिकारीहरू, लेखा, स्टोर र प्रशासन शाखाका प्रतिनिधिहरू, स्थानीय तहका अस्पतालका मेडिकल सुपरीटेन्डेन्टहरू, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीका इञ्चार्जहरू, गाउँ पालिकामा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधिहरू तथा निजी अस्पताल तथा नर्सिङ होमका प्रतिनिधिहरू गरि ४० जना सम्मरहने छन् यो बैठक डुडुवा गाउँपालिका, नरैनापुर गाउँपालिका र नरैनापुर गाउँपालिकामा सञ्चालन गरिनेछ। यसकार्यक्रममा प्रति गोष्ठी ४० जना का दरले सहभागी गराईनिम्नानुसार खर्च गर्न सकिनेछ

विवरण	सङ्ख्या	दर	जम्मा
खाजा	४०	३००	१२०००
यातायात	४०	१०००	४००००
कार्यपत्र प्रस्तुतीकरण	२	१२००	२४००
स्टेशनरी	४०	१००	४०००
तालिम सामग्री/हल तथा ब्यानर	१	५०००	५०००
		जम्मा	**६३४००**

ख. आम औषधी खुवाउन स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयं सेविकाहरूको परिचालन, खाजा र यातायात खर्च

हात्तीपाइले रोग बिरुद्धको आम औषधी सेवन कार्यक्रमको अभिमुखीकरण गरि सबै

स्वास्थ्यकर्मीहरूले स्वास्थ्य स्वयं सेविकाहरूको सहयोगमा आफु कार्यरत रहेको स्थानमा तथ्याङ्क अद्यावधिक गर्नुपर्नेछ टोलको पायक पर्ने स्थानमा बुथ राखी वा आवश्यकताको आधारमा बिद्यालयबाटआम औषधी खुवाउने र अन्य दिनमा स्वास्थ्यकर्मीले महिला स्वास्थ्य स्वयंसेविकाहरूको सहयोगमा घरदैलो/समूहमा मान्छे भेटिने ठाउँ/कार्यालयहरू/पसलहरू/सहरी क्षेत्रमा छुट्ने सम्भावना हुने हुनाले मानिसहरूलाई खोजीखोजी आफ्नै प्रत्यक्ष निगरानीमा औषधी खुवाउनु पर्नेछ। शहरी क्षेत्रमा रहेका निजी तथा सरकारी अस्पताल तथा पोलिक्लिनिकहरूमा पनि आम औषधी खुवाउने कार्य सञ्चालन गरिनेछ औषधी खुवाउने कार्य गर्दाबिगत वर्षहरू देखिनै खान छुटेका वा नखाएका जस्तै ज्यालादारी काम गर्नेहरू/भारत लगाएत अन्य देश गएकाहरू/बिहानै निस्केर बेलुका मात्र फर्किने समुदायहरू र सहरी इलाकामा बस्ने समूह र व्यक्तिको पहिचान गरि बनाइएको योजनाको आधारमा वा नया अभ्यासको प्रयोग गरि खुवाउनुपर्नेछयस कार्य सम्पन्न गर्नको लागि स्थानीय तहमा रहेका घरधुरी सङ्ख्या तथा जम्मा जनसंख्याको आधारमा स्वास्थ्यकर्मीहरूलाई औषधी खान योग्यसबैलाई खुवाउन सक्ने गरि लाग्ने जम्मा दिनको रकम व्यवस्था गरिएको छ प्रति स्वास्थ्यकर्मी प्रतिदिन कम्तिमा ८० जना जनसङ्ख्या समेटिने गरिऔषधी सेवन गर्न योग्य जनसंख्यालाई औषधी सेवन गराउने गरि बजेट व्यवस्थापन गरिएको छ।

सो कार्यका लागि स्थानीय स्वास्थ्य संस्थाका स्वास्थ्यमकर्मीहरू परिचालन गरिनेछ र अभियानलाई सहज बनाउन गैरसरकारी क्षेत्रमा कार्यरत तथा स्थानीय निकाय अन्तर्गत बसोबासी काउन्सिलमा दर्ता भएका स्वास्थ्यकर्मीहरू समेत परिचालन गरि कार्यक्रम सम्पन्न गर्न सकिनेछ यस कार्यक्रमलाई अझ प्रभावकारी बनाउन को निमित्त स्थानीय स्तरमा कार्यरत गैरसरकारी संस्था को आवस्यक सहयोग समेत लिन सकिने तथा नया अभ्यास गर्न सकिनेछ सो कार्यमा परिचालन हुँदा निम्नानुसार खर्च गर्न सकिनेछ।

विवरण		संख्या	दर	जम्मा
डुडुवा गाउँपालिका	म.स्वा.स्वयंसेविका यातायात	५४९	४००	२१९६००
	म. स्वा. स्वयंसेविका खाजा	५४९	२००	१०९८००
	स्वास्थ्यकर्मी यातायात	५४९	५००	२७४५००
	स्वास्थ्यकर्मी खाजा	५४९	२००	१०९८००
			जम्मा	७,१३,७००
नरैनापुर गाउँपालिका	म.स्वा.स्वयंसेविका यातायात	५४९	४००	२१९६००
	म. स्वा. स्वयंसेविका खाजा	५४९	२००	१०९८००
	स्वास्थ्यकर्मी यातायात	५४९	५००	२७४५००
	स्वास्थ्यकर्मी खाजा	५४९	२००	१०९८००
			जम्मा	७,१३,७००
बैजनाथ गाउँपालिका	म.स्वा.स्वयंसेविका यातायात	१२१	४००	४८४००
	म. स्वा. स्वयंसेविका खाजा	१२१	२००	२४२००
	स्वास्थ्यकर्मी यातायात	१२१	५००	६०५००
	स्वास्थ्यकर्मी खाजा	१२१	२००	२४२००

	जम्मा	१,५७,३००

ग. दिवाकालिन समुदाय स्तरिय अर्न्तकृया कार्यक्रम

गा.पा. प्रत्येक वडाहरूका वडा अध्यक्ष, वडा सदस्यहरू, रेडक्रस प्रतिनिधि, वार्डमा रहेका सरकारी कार्यालयका प्रतिनिधि, बिद्यालय तथा कलेजका प्रतिनिधि, आमा समूह, महिला संगठनका प्रतिनिधि, रेडक्रस प्रतिनिधि, सामाजिक कार्यकर्ताहरू, धर्मगुरुहरू, अभिभाबकहरू, शिक्षकहरू वा स्थानीय तहको बिगतको तथ्यांकको आधारमा आम औषधी सेवन कम भएका समुदायलाई समाबेश गरी कम्तीमा १५ जना सम्म सहभागी गराई एउटा वडामा कम्तिमा ५ स्थानमा सञ्चालन गर्नुपर्नेछ यस कार्यक्रममास्थानीय स्वास्थ्य संस्थाको एक जनाले कार्यपत्र प्रस्तुतीकरण गर्नेछन् यस कार्यक्रममा वडा अध्यक्ष वा वडा सदस्यहरूले अध्यक्षता गर्नेछन भने पालिकाका स्वास्थ्य शाखा वा स्थानीय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीले हात्तिपाईले रोग बिरुद्धको आम औषधी सेवन अभियानको महत्व तथा यसका फाइदा बारेमा बुझाउनेछन् यस अन्तरक्रियामा सहभागीहरू मार्फत आम औषधी सेवनको जनचेतना जगाउन र केही सहभागीहरूलाई आम औषधी सेवनका बखत घरदैलोमा परिचालन गर्ने योजना बनाउनु पर्नेछ यस कार्यक्रममा यसै शिर्षकमा बिनियोजित बजेटको परिधि भित्र रहि खर्च गर्नुपर्नेछ।

यो बैठक डुडुवा गाउँपालिका, नरैनापुर गाउँपालिका सबै वडाहरूमा र बैद्यनाथ-४ मासञ्चालन गरिनेछ। यसकार्यक्रममा प्रति बैठक १५ जना का दरले सहभागी गराईनिम्नानुसार खर्च गर्न सकिनेछ

विवरण	सङ्ख्या	दर	जम्मा
खाजा	१५	३००	४५००
कार्यपत्र प्रस्तुतीकरण	१	१२००	१२००
तालिम सामग्री/हल तथा ब्यानर	१	१५००	१५००
		जम्मा	७२००

घ. अस्पतालहरूमा स्वास्थ्यकर्मीहरूलाई अभिमुखीकरण

आम औषधी सेवन अभियान कार्यक्रम सञ्चालन हुनु भन्दा करिब एक हप्ता अगाडि अस्पतालमा कार्यरत सबै स्वास्थ्यकर्मीहरूका लागि अस्पताल परिसर भित्रै हात्तीपाईले रोग निवारण कार्यक्रम अर्न्तगत आम औषधी सेवन अभियान पश्चात हुन सक्ने जटिलता तथा यसको व्यवस्थापनका बारेमा जानकारी दिनुपर्नेछ यस कार्यक्रममा अस्पतालका मे.सु. वा मे.सु.ले तोकेको चिकित्सकले र सम्बन्धित स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखले कार्यपत्र प्रस्तुतीकरण गारि कार्यक्रमका बारे जानकारी प्रदान गर्नेछन्। यस अभिमुखीकरणमा बढिमा ३० जना सम्म सहभागी गर्नुपर्नेछ यस कार्यक्रमको मुख्य उद्देश्य क्लिनिक र ओपीडीमा आउने बिरामीहरू तथा अन्य आफन्तलाई सहभागीहरूबाट हात्तीपाईले आम औषधी कार्यक्रमको बारेमा सूचना र परामर्श दिनुपर्ने कुराको योजना बनाउनु रहेको छ। यो अभिमुखीकरण डुडुवा गाउँपालिका, नरैनापुर गाउँपालिका र बैजनाथ गाउँपालिकामा सञ्चालन गरिनेछ।

विवरण	सङ्ख्या	दर	जम्मा

खाजा खर्च	३०	३००	९०००
स्टेशनरि	३०	१००	३०००
तालिम सामग्री तथा ब्यानर	१	३०००	३०००
कार्यपत्र प्रस्तुतीकरण	२	१२००	२४००
जम्मा			१७४००

ङ. बिज्ञापन गर्ने (ब्यानर तयार गरि टाँस गर्ने)

पालिकाले आम औषधी सेवन सम्बन्धी सन्देशमूलक ब्यानर तयार गरी मानिसहरूको बढि आवतजावत हुने सार्बजनिक स्थानमा सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ ब्यानर पलिकाको प्रत्येक वडामा विभिन्न स्थानहरूमा राख्नु पर्नेछ ब्यानरमा लेख्ने सूचना सम्बन्धित पलिकाको स्वास्थ्य शाखाले नै तय गर्नेछन एउटा वडामा चार वटा ब्यानर बनाउनु पर्नेछ र त्यसको लागि प्रति वडामा बढीमा रु.६,०००।– (छ हजार) सम्म खर्च गरि सबै बुथमा आवश्यक ब्यानर तयार गर्नुपर्नेछ। औषधी खुवाउने दिन भन्दा कम्तीमा २ हप्ता अगाडी नै ब्यानर टाँस गर्नुपर्नेछ

च. निरीक्षण तथा अनुगमन

पालिकाबाट सम्बन्धित बिषयमा ज्ञान तथा तालिम हासिल गरिसकेका जनशक्तीबाट औषधी खुवाउने दिन र खुवाइसकेपछिको प्रभाब, परामर्श सेवा तथा अभिमुखीकरण कार्यक्रमको स्थलगत निरीक्षण तथा अनुगमन गर्न गराउन स्थानीय तहको विभिन्न क्षेत्रमा आबश्यकता अनुसार खटाउनु पर्नेछ सो को भुक्तानी नेपाल सरकारको नियमानुसार अनुगमन तथा सुपरिबेक्षण बजेट शिर्षकबाट हुनेछ अनुगमन तथा सुपरिबेक्षणमा जाने ब्यक्तीले निर्दिष्ट ढाँचामा तयार गरिएको चेकलिष्ट भर्नुपर्दछ साथै अनुगमन तथा सुपरिबेक्षणमा जाने ब्यक्तीले आम औषधी सेवन कार्यक्रमको प्रभावकारीता मापन गर्ने उद्देश्यले विश्व स्वास्थ्य संगठनद्वारा तयार गरिएको Supervisor Coverage Tool अनिबार्य प्रयोगगरि प्रति स्थानीय तहकम्तीमा प्रति वडा २ वटा Supervisor Coverage Tools भर्नुपर्नेछ र प्रगति प्रतिवेदन EDCD (nationallfprogramnepal@gmail.com) मा पठाउनुपर्नेछ तथा पठाइएको प्रतिवेदन आगामी वर्षको योजना तर्जुमा र बजेट बिनियोजन को लागि सहयोगी हुनेछ। साथै सो प्रतिवेदन आवस्यक खर्चको पुष्टीको लागि सम्बन्धित निकायमा पेस गर्नु पर्नेछ यस शिर्षकमा प्रति पालिका (नरैनापुर, डुडुवा र बैजनाथ) ३१,१०० (एकतिस हजार एक सय) सम्म खर्च गर्न सकिनेछ।

छ. औषधी तथा सामान ढुवानी

स्थानीय तहबाट सम्बन्धित स्वास्थ्य संस्थाहरूमा औषधी तथा अन्य आबश्यक सरसामानहरू ढुवानी तथा प्याकिङ गर्नको लागि स्थानीय तहलाई निम्नानुसार बजेट छुट्टयाईएको छ नेपाल सरकारको नियमानुसार स्थानीय तहले औषधी तथा सरसामानको आबश्यक ढुवानी तथा व्यवस्थापन यसै शीर्षकको बजेटबाट गर्नेछन्

ढुवानी विवरण	सङ्ख्या	दर	दिन/पटक	जम्मा
नरैनापुर, डुडुवा, बैजनाथगा पा देखिवडा सम्म	३	१००००	१	३००००
जम्मा				३०,०००

ज. Adverse Events/Serious Adverse Events व्यवस्थापन

हात्तीपाईले रोग निवारण कार्यक्रम अन्तर्गत आम औषधी Diethylcarbamazine, l vermectin and Albendazole सेवन गर्नेहरू मध्ये कसैलाई सामान्य प्रतिकुल असर अथवा कसै कसैलाई गम्भीर असर देखिन सक्छ ,सोको व्यवस्थापनका लागि आम औषधी सेवन गर्नेहरू मध्ये कसैलाई प्रतिकुल असर देखिएमा अथवा विरामी गम्भीर हुन गएमा स्थानीय स्वास्थ्य संस्था वा अस्पतालहरूमा उपचार गराउनुपर्ने हुन्छ, सरकारी स्वास्थ्य संस्थाहरूमा सबैजसो उपचार निःशुल्क हुने भएतापनि थप परिक्षणका लागि लाग्ने खर्च तथा निःशुल्क औषधी बाहेकका औषधी खरिद गनुपर्ने भएमा हुने खर्च वा ओसारपसार, रेफरका लागि चाहिने एम्बुलेन्स तथा यातायात खर्च दिनु पर्ने भएमा यसै शीर्षकमा छुट्याईएको रकमबाट गरिनेछ यस शीर्षकमा प्रति पालिका) डुडुवा र नरैनापुर रू. ४०,००० चालिसहजार मात्र र रू. १०,००० (दस हजार) बैजनाथ गाउँपालिका वडा नम्बर-४ को लागि बिनियोजन गरिएको छ

सामूहिक औषधी सेवन (Mass Drug Administration) अवधिमा नविनतम कार्यक्रमहरू

रात्रीकालीन आम औषधी सेवन आभियानमा समुदायिक अन्तरक्रिया कार्यक्रमहरूः

गाउपालिकाहरूले रातको समयमा समुदाय अन्तरक्रिया कार्यक्रम सहित आम औषधी सेवन सत्रको योजना बनाउनेछन यस कार्यक्रमले मुख्य रूपमा आम औषधी सेवन कार्यक्रमले अहिलेसम्म नसमेटेको समूह /समुदाय/सहरी बासिन्दा वा बिभिन्न पेशा वा दैनिक ज्यालादारीमा काम गर्ने समूह जो घरभेट मा जाँदा काममा भइ छुटेका, श्रमिक, जागिर पेशामा संलग्न व्यक्ति, व्यवसायी, राजनीतिक नेताहरू, सामाजिक अगुवा जस्ता दिनभर व्यस्त रहने समूहहरूलाई लक्षित गर्नेछ। प्रत्येक वडाले २ वटा रात्रीकालीन अन्तरक्रिया कार्यक्रम आयोजना गर्न सक्नेछन र प्रत्येक कार्यक्रममा करिब १५ जनासम्म सहभागी हुन सक्नेछन कार्यक्रमको क्रममा स्थानीय स्वास्थ्य संस्थाबाट एक जना प्रतिनिधिले सम्बन्धित विषयमा कार्यपत्र प्रस्तुति गर्नेछन्। यस कार्यक्रमका लागि खर्च सोही शीर्षक अन्तर्गत विनियोजित बजेटको सीमा भित्र रही गर्नुपर्नेछ।

विवरण	सङ्ख्या	दर	जम्मा
खाजा	१५	३००	४५००
कार्यपत्र प्रस्तुतीकरण	१	१२००	१२००
तालिम सामग्री/हल तथा ब्यानर	१	१५००	१५००
जम्मा			७,२००

आम औषधी सेबन आभियान्मा प्रमुख प्रभावशाली व्यक्तिहरू (जस्तैः डाक्टरहरू, हात्तीपाइलेका बिरामीहरू, बैदेसिक रोजगार हात्तीपाइलेका कारण्ले फर्केका श्रमिकहरू, राजनीतिक नेताहरू,धर्म गुरुहरू, शिक्षकहरू आदि) को परिचालन

गाउँपालिकाहरूले आम औषधी सेवन Mass Drug Administration अभियानको समयमा डाक्टरहरू, हात्तीपाइलेका बिरामीहरू, बैदेसिक रोजगारबाट हात्तीपाइलेका कारण्ले फर्केका श्रमिकहरू, राजनीतिक नेताहरू, धार्मिक अगुवा, शिक्षकहरू तथा अन्य प्रमुख प्रभावशाली व्यक्तिहरूलाई परिचालन गर्न सक्नेछन्। प्रमुख प्रभावशाली व्यक्तिहरूले अभियानको क्रममा औषधी सेवन गर्न हिच्किचाउने वा असहयोग गर्ने व्यक्तिहरू वा अहिलेसम्मको आम औषधी सेवनमा नबुझेर वा सहि जानकारी नपाएर सहभागी नभएका मानिसहरूलाई औषधी खुवाउन सहयोग गर्नेछन ती व्यक्तिहरू वा समूहहरूलाई

सहमत गराई औषधी सेवन गराउने उद्देश्यले एउटा पालिकामापाँच जना प्रमुख प्रभावशाली व्यक्तिहरूलाई प्रति ब्यक्ति १० दिनआबश्यकता आनुसार परिचालन गरिनेछ बैजनाथ-०४ मा पाँच जना प्रमुख प्रभावशाली व्यक्तिहरूलाई प्रति ब्यक्ति १० दिनआबश्यकता आनुसार परिचालन गरिनेछ यस कार्यक्रमका लागि खर्च सोही शीर्षक अन्तर्गत विनियोजित बजेटको सीमा भित्र रही गर्नुपर्नेछ

विवरण	सङ्ख्या	दर	जम्मा
खाजा	५	३००	१५००
यातायात	५	१०००	५०००
जम्मा			६५००

आम औषधी सेबन आभियानको क्रममा माइकिंग तथा स्थानीय एफ. एम. रडिओ मार्फत सूचना प्रचार प्रसार गर्ने

आम औषधी सेवन कार्यक्रम सुरु हुनु भन्दा १ दिनअगाडि देखि, गाउँपालिकाहरूले स्थानीय भाषामा माइकिङ सुरु गर्नुपर्नेछ यसको साथै, गाउँपालिकाहरूले स्थानीय एफ.एम. रेडियोमार्फत पनि स्थानीय भाषामा आम औषधी सेवनसम्बन्धी जानकारी प्रसारण गर्न सक्नेछन् डुडुवा गा. पा. को प्रत्येक वडाले प्रतिदिन रू. ३,५०० को दरले ३ दिनसम्म र नरैनापुर गा.पा. को प्रत्येक वडाले प्रतिदिन रू. ३,५०० को दरले ५ दिनसम्म माइकिङ गर्न सक्नेछन एफ.एम. रेडियो प्रसारणका लागि क्रमसः डुडुवा गा. पा पालिका रू .१०,०००, नरैनापुर गा.पा. को लगि रु. १८,००० र बैजनाथ गा.पा. को लगि रु. १४,४०० विनियोजन गरिएको छ।

विवरण	सङ्ख्या	दर	जम्मा
माइकिंग	१	३५००	३५००
एफ. एम. रेडियो	१	१००००-१८०००	१००००-१८,०००

विद्यालय, युवा क्लब, महिलासमूह आदिमा अन्तरक्रिया कार्यक्रमहरू मार्फत आम औषधी सेवन (Mass Drug Administration) आभियान सम्बन्धी जनचेतना गतिविधिहरू सञ्चालन गर्ने

सबै तीनवटा गाउँपालिकाहरूमा प्रत्येक वडामा विद्यालय, युवा क्लब, आमा समूह वा यस्तै अन्य समूहहरूसँग समन्वय गरी ४ वटा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ। प्रत्येक अन्तरक्रियाकार्यक्रममा १५ जना सम्म सहभागी हुन सक्ने व्यवस्था गरिएको छ कार्यक्रममा सहभागी हुने व्यक्तिहरूले आम औषधी सेवन अभियानका क्रममा परिचालित भइ अभियानलाई सहयोग पुऱ्याउने छन।

विवरण	सङ्ख्या	दर	जम्मा
खाजा	१५	३००	४५००
जम्मा			१०८०००

नसर्ने रोग तथा मानसिक स्वास्थ्य

१) समुदाय स्तरमा नसर्ने रोग सम्बन्धी स्क्रिनिङ्ग (फागुन महिना) तथा जनचेतना कार्यक्रम सञ्चालन

परिचय	नेपालमा नसर्ने रोगहरूको कारण बिरामी हुने एवम् मृत्यु हुनेहरूको अनुपात धेरै हुदै गएको अवस्था छ र नेपालमा मृत्युको लगभग तीन चौथाई अनुपात नसर्ने रोगहरूले ओगटेको छ। हरेक ४ बयस्कहरूमा १ जनालाई उच्च रक्तचाप छ। त्यसैले स्वास्थ्य प्रवर्धनात्मक उपायहरू नसर्ने रोगहरूको रोकथाम गर्न र रोग लागेका व्यक्तिहरूको समयमानै पहिचान गर्ने र उपचामा सामेल गर्न जरुरि छ। यी समस्याहरूको सम्बोधनका लागि नेपाल सरकारले विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ र आ.व .२०८१/८२ देखि सबै स्थानीय तहका स्वास्थ्य संस्थाहरूबाट प्रमुख नसर्ने रोगहरू उच्च रक्तचाप, मधुमेह, मृगौला सम्बन्धी रोग तथा नसर्ने रोगको जोखिमको अवस्था शरीरको उचाई र तौलको अनुपात BMI को प्रारम्भिक निदान, पहिचान र उपचारका लागि "नसर्ने रोगहरू (मधुमेह, उच्च रक्तचाप, मृगौला सम्बन्धी रोग, शरीरको उचाई र तौलको अनुपात) पहिचानका लागि लागि एक महिने अभियान सञ्चालन निर्देशिका २०८१" अनुसार लागि प्रत्येक वर्षको फागुन महिनालाई नसर्ने रोग सम्बन्धी Screening कार्यक्रम अभियानको रुपमा सञ्चालन गर्दै आएको छ।
उद्देश्य	- प्रमुख नसर्ने रोगहरू उच्च रक्तचाप, मधुमेह, मृगौला सम्बन्धी रोग तथा नसर्ने रोगको जोखिमको अवस्था शरीरको उचाई र तौलको अनुपातको स्थानीय तहका स्वास्थ्य संस्थामा प्रारम्भिक चरणमै पहिचान गर्ने। - राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहमा हाल संचालित कार्यक्रमहरू जस्तै आधारभूत स्वास्थ्य सेवा कार्यक्रम, PEN कार्यक्रम समेतको संलग्नतामा अभियान मार्फत रोग पहिचान भएका व्यक्तिहरूको उक्त संस्थामा नै प्रचलित प्रोटोकोलको आधारमा उपचार गर्ने। - सबै स्वस्थ्य रहन स्थानीय समुदायमा नसर्ने रोगको प्रमुख जोखिम तत्वहरू जस्तै मोटोपना, धुम्रपान तथा मध्यपान, अधिक नुनको प्रयोग लगायतमा कमी ल्याउने उदेश्यले स्थानीय समुदायहरूको सहभागितामा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि राष्ट्रिय अभियान सञ्चालन गर्ने।
अपेक्षित प्रतिफल	- नेपालमा बसोबास गर्ने ३० वर्ष भन्दा माथिका मानिसहरूको प्रमुख नसर्ने रोगहरू जस्तैउच्च रक्तचाप, मधुमेह, मृगौला सम्बन्धी रोग तथा नसर्ने रोगको जोखिमको अवस्था शरीरको उचाई र तौलको अनुपात)BMI) को स्थानीय तहका स्वास्थ्य संस्थामा प्रारम्भिक चरणमै पहिचान हुने - राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहमा हाल संचालित कार्यक्रमहरू जस्तै आधारभूत स्वास्थ्य सेवा कार्यक्रम(BHS), PEN कार्यक्रम समेतको संलग्नतामा अभियान मार्फत रोग पहिचान भएका व्यक्तिहरूको उक्त संस्थामा नै प्रचलित प्रोटोकोलको आधारमा उपचार हुने - सबै स्वस्थ्य रहन स्थानीय समुदायमा नसर्ने रोगको प्रमुख जोखिम तत्वहरू जस्तै मोटोपना, धुम्रपान तथा मध्यपान, अधिक नुनको प्रयोग लगायतमा कमी ल्याउन स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि राष्ट्रिय अभियान सञ्चालन हुने
कार्यान्वयन गर्ने निकाय	स्थानीय तह अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरू

सञ्चालन प्रक्रिया	**१. समुदाय स्तरमा नसर्ने रोग सम्बन्धी स्क्रिनिङ्ग फागुन महिना कार्यक्रमः** - लक्षित समूहः नेपाल भित्र बसोबास गर्ने ३० वर्ष भन्दा बढी उमेरका सबै व्यक्तिहरू - अभियान सञ्चालन अवाधारणा : – समयः हरेक वर्षको फाल्गुन महिना – स्थानः प्रत्येक स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाहरू, आयुर्वेद औषधालय तथा आधारभूत अस्पतालहरू – सञ्चार र प्रचारः रेडियो, स्थानीय पत्रिका र सामुदायिक बैठकहरू मार्फत प्रचार प्रसार • बस्ति तथा जनघनत्वको आधारमा सम्बन्धित बस्तीमा स्थानीय तहको स्वास्थ्य शाखाको समन्वयमा स्क्रिनिंग कार्यक्रम सञ्चालन गरि परीक्षण गर्ने • अभियान महिना सुरु हुनु पूर्वको महिनाको दोश्रो साता देखि अभियानको तयारी स्वरूप समुदाय स्तरमा परिचालन हुन सक्ने सबै किसिमका संयन्त्र सञ्जाल प्रतिनिधि निकायसँग समन्वयात्मक बैठक बसी हरेक स्थानीय तहले सुक्ष्म योजना तयार गर्ने • स्थानीय तहको सुक्ष्म योजना तय भइसकेपछि प्रचारप्रसारको लागि घर दैलो अभियान सञ्चालन गर्ने • स्थानीय तहहरूबाट घरदैलो प्रचारप्रसार सूचना सम्प्रेषण लगायतका अभियानहरू सञ्चालन भइसकेपछि हरेक स्थानीय तहका स्वास्थ्य संस्थाहरूबाट कार्यक्रम कार्यान्वयन गर्ने • बिरामीहरूको उपचारका लागि सम्बन्धित अस्पतालहरूमा प्रेषण गर्ने • फाल्गुन महिनाभर हरेक स्थानीय तहका स्वास्थ्य संस्थाहरूबाट कार्यक्रम कार्यान्वयन भए नभएको अनुगमन, पैरवी र समन्वय गर्ने • यस अभियानको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ, प्रदेश र अन्य सरोकारवालाहरूसँग योजना तर्जुमा र समीक्षा गर्ने **२. मधुमेहको स्क्रिनिङः** • युरिन डिपस्टिकको प्रयोग गरी रगतमा चिनीको स्तर पहिचान, • Glucometer को माध्यमबाट रगतमा चिनीको मात्रा परीक्षण गर्ने, • खाली पेटमा रगत जाँच गर्दा Fasting plasma blood sugar ≥126mg/dl वा जुनसुकै बेलाको रगत र Random plasma blood sugar ≥200 mg/dl, • खाली पेटको युरिन र रगत परीक्षण गर्दा पोजिटिभ देखिएमा थप व्यवस्थापनको लागि प्रदेश अस्पतालमा प्रेषणगर्न, • मधुमेह सम्बन्धी जनचेतना र शिक्षा प्रदान गर्न। **३. उच्च रक्तचापको स्क्रिनिङः** • प्रत्येक व्यक्तिको रगतचाप मापन। • यदि रक्तचापः १४०/९० mmHg भन्दा वा सो भन्दा बढी भएमा थप परीक्षण र परामर्शको व्यवस्थापन गर्ने। • केहि दिनको अन्तरालमा पुनः रक्तचाप १४०/९० mmHg वा सो भन्दाभएमा राष्ट्रिय

	प्रोटोकल BHS STP र PEN Protocol अनुसार व्यवस्थापन गर्ने **४. मिर्गौंला सम्बन्धी रोगको स्क्रिनिङः** • युरिन डिपस्टिकको प्रयोग गरी पिसाबमा प्रोटिनको स्तर पहिचान गर्ने। • साथै रक्तचाप मापन, खुट्टा सुन्निएको आदि हेर्ने • पिसाबमा प्रोटिन देखिएमा विस्तृत जानकारी र निश्चित परिणामका लागि थप परीक्षणहरू गर्नका लाई प्रदेश अन्तागत्का अस्पतालमा प्रेषण गर्ने **५. शरीरको तौल र उचाइको अनुपात)BMI) को मापनः** • तौल र उचाइको आधारमा BMI मापन। • BMI मापनः तौल किलोग्रामलाई उचाइ मीटरले दुई पटक भाग गर्दा आउने प्रतिफल नै BMI हो kg/m^2। • मानकः – दुब्लोपनाः BMI = १८.५ भन्दा कम – सामान्यः BMI = १८.५ - २४.९ – बढी तौलः BMI = २५-२९.९ – मोटोपनाः BMI = ३० भन्दा बढी • BMI असामान्य देखिएमा स्वस्थ जीवनशैली सुधारको उपायहरू अवलम्बन गर्न प्रोत्साहन गर्नु। **६. नसर्ने रोग सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन** - स्क्रिनिंग कार्यक्रमसँगै नसर्ने रोगहरूको जोखिम तत्व जस्तै सुर्तिजजन्य पदार्थ र मदिराको सेवन, अस्वस्थकर खानपान, शारीरिक निश्कृयता आदिको रोकथाम, नियन्त्रण तथा नियमन सम्बन्धी परामर्श तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, - सामाजिक सञ्जाल मार्फत नसर्ने रोगका जोखिम तत्वहरूको रोकथाम सम्बन्धी प्रचार प्रसार गर्ने, - रेडियो नेपाल, नेपाल टेलिभिजन तथा एफ.एम. रेडियो तथा सामाजिक सञ्जालहरू मार्फत यस अभियान र नसर्ने रोग सम्बन्धी जनचेतना दिने - पत्रकार अन्तरक्रिया कार्यक्रम तथा प्रेस मिट मार्फत यो अभियानको बारेमा जानकारी गराउने यस कार्यक्रमको प्राविधिक सहजीकरण गर्नका लागि "म स्वस्थ, मेरो समुदाय स्वस्थ" कार्यक्रम अन्तर्गत स्थानीय तहमा नियुक्त हुने जनस्वास्थ्य अधिकृतको जिम्मेवारी हुनेछ नियमित स्वास्थ्यकर्मी क्षमता अभिबृद्धि, परीक्षण तथा उपचार सामग्रीहरू नै यो अभियानमा प्रयोग गरिने छन। उपचारका लागि प्रयोग हुने औषधीहरू नियमित प्रक्रियाबाट नै सुनिश्चित गरिने छ।
बजेट बाँडफाँड	
अनुगमन	• प्रत्येक स्वास्थ्य सेवा केन्द्रले अभियान महिनाको प्रत्येक दिनको प्रतिवेदन तयार गरी स्थानीय

तथासुपरि वेक्षण	तह मार्फत जिल्ला स्तिथ स्वास्थ्य कार्यालयलाई पठाउनु पर्ने छ • अभियान सम्पन्न भैसकेपछि राष्तिर्य स्तरमा संयुक्त रुपमा अभियानको प्रभावकारिता मूल्याङ्कन गरि आवश्यक पुंरवोलोकन गर्ने यस कार्यक्रमको अनुगमन र मूल्याङ्कनका लागि "नसर्ने रोगहरू (मधुमेह, उच्च रक्तचाप, मृगौला सम्बन्धी रोग, शरीरको उचाई र तौलको अनुपात) पहिचानका लागि लागि एक महिने अभियान सञ्चालन निर्देशिका २०८१" अनुरुप गर्नु पर्ने छ र "नसर्ने रोगहरूको रोकथाम र नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना २०२१(२०२५" अनुसारको स्थानीय तहको समन्वय समितिले गर्नु पर्ने छ। • अध्यक्षः मेयर/अध्यक्ष • सदस्यः प्रमुख प्रशासकीय अधिकृत • सदस्यः महिला, बालबालिका तथा समाज कल्याण शाखा प्रमुख • सदस्यः शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख • सदस्यः प्रशासन, योजना तथा अनुगमन शाखा • सदस्यः पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख • सदस्य सचिवः स्वास्थ्य महाशाखा/शाखा प्रमुख
अभिलेख प्रतिवेदन	- कार्यक्रम सम्पन्न भए पश्चात इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा पठाउनु पर्नेछ। - "नसर्ने रोगहरू (मधुमेह, उच्च रक्तचाप, मृगौला सम्बन्धी रोग, शरीरको उचाई र तौलको अनुपात) पहिचानका लागि एक महिने अभियान सञ्चालन निर्देशिका २०८१" को अनुसूची २ र ३ को ढाँचामा प्रतिवेदन पेस गर्नु पर्नेछ
सन्दर्भ सामग्री	नसर्ने रोगहरू (मधुमेह, उच्च रक्तचाप, मृगौला सम्बन्धी रोग, शरीरको उचाई र तौलको अनुपात) पहिचानका लागि एक महिने अभियान सञ्चालन निर्देशिका २०८१

२) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण

परिचय	विश्वभर नसर्ने रोगहरूको रोगभार बढ्दै गइरहेको छ र विश्वमा हुने कूल मृत्युमध्ये करिब ७० % मृत्यु नसर्ने रोगको कारणले हुने गरेको छ विश्वव्यापरिकरणसँगै तिब्र रुपमा परिवर्तन हुदै गएको जीवनशैली (खानपान र रहन सहन) लेनसर्ने रोगका जोखिमका कारक तत्वहरू बढ्दै गएका छन् । नेपालमा पनि नसर्ने रोगहरूको भार बढ्दै गइरहेको छ र नेपालमा हुने कूल मृत्युमध्ये दुई तिहाई भन्दा बढि हिस्सा (७१ प्रतिशत) नसर्ने रोगहरूको कारणले हुने गर्दछत्यसै गरि विश्वव्यापी रुपमा देखिएका सवै किसिमका स्वास्थ्य समस्याहरू मध्ये १४ प्रतिशत समस्या वा रोगको भार मानसिक स्वास्थ्य समस्या, नसा तथा लागुऔषधको प्रयोगले ओगेटेको छ सन् २०१७ मा विश्व स्वास्थ्य संगठनले सार्वजनिक गरेको प्रतिवेदन अनुसार विश्वभर ३२२ मिलियन जनसङ्ख्या डिप्रेशन र २४४ मिलियन जनसङ्ख्या चिन्ताजन्य समस्याबाट ग्रसित रहेको पाईएको छ यस्तो खालको समस्याबाट नेपाल पनि अछुतो रहन सकेको छैन नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ र नसर्ने रोग र मानसिक स्वास्थ्य सेवामा आम नागरिकको पहुँच स्थापित गर्नका लागि समुदाय स्तरबाट नै पहल गर्न जरुरि छ।त्यसैले महिला स्वास्थ्यस्वयं सेविकाहरूहरूलाई नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण प्रदान

	गर्न आवश्यक छ।
उद्देश्य	महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई सो अभिमुखीकरण प्रदान गरि नसर्ने रोग तथा मानसिक स्वास्थ्यसेवामा क्षमता अभिवृद्दी गर्ने।
अपेक्षित प्रतिफल	नसर्ने रोग तथा मानसिक स्वास्थ्यका बारेमा सचेतना अभिवृद्धि हुने, रोगको समयमा नै पहिचान भई समुदायमा नै उचित व्यवस्थापन हुने, प्रेषणको भरपर्दो पद्दति विकास हुनेछ र नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्या र सेवाको अन्तर घट्ने छ।
सञ्चालन प्रकृया	प्रस्तुत कार्यक्रम सामुदायिक मानासक स्वास्थ्य सेवा प्याकेज २०७४ का अवधारणा अनुसार प्रत्येक पालिका स्तरमा सञ्चालन गरिने छ • अभिमुखीकरण कोअवधि १ दिनको हुनेछ • तालीमका स्रोत व्यक्ति :PEN तथा mhGAP तालिम प्राप्त मनोचिकित्सक, Psychologist (Clinical and General), MDGP, MO, Nursing Staff, Paramedics हुन सक्नेछ • सहभागीः महिला स्वास्थ्यस्वयं सेविकाहरू • एउटा ब्याचमा २०-२५ जना मात्र सहभागी गर्नुपर्नेछ।
प्रतिवेदन	कार्यक्रम सञ्चालनको अभिलेख अनिवार्यरूपमा प्रदेश तथा केन्द्रमा प्रतिवेदन गनुपर्नेछ।
सन्दर्भ सामाग्री	- PEN तालिम सामग्री - mhGAP तालिम सामग्री सामुदायिक मानासक स्वास्थ्य सेवा प्याकेज, २०७४ का अवधारणा

३) मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्माहत्या रोकथाम सम्बन्धी जनचेतना कार्यक्रम

परिचय	मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्माहत्या रोकथाम सम्बन्धी जनचेतना कार्यक्रम
उद्देश्य	मानसिक रोगभार बढ्दै गएको भए तापनि समुदायमा सचेतना, समयमै पहिचान तथा उचित व्यवस्थापनका चुनौतिहरू यथावत रहेका छन् यसलाई कमी गर्नका लागि Mass Screening तथा Awareness Campaign प्रभावकारी उपाय बन्न सशक्त छ
अपेक्षित प्रतिफल	मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्माहत्या रोकथाम ,रोगहरूको सम्बन्धमा सचेतना अभिवृद्धी गरी सेवाको पहुँच वृद्धी गर्ने।
सञ्चालन प्रकृया	मानसिक स्वास्थ्यका बारेमा सचेतना अभिवृद्धि हुने, रोगको समयमा नै पहिचान भई समुदायमा नै उचित व्यवस्थापन हुने, प्रेषणको भरपर्दो पद्दति विकास हुनेछ र मानसिक स्वास्थ्य समस्या र सेवाको अन्तर घट्ने छ कार्यक्रम सञ्चालन गर्दा सेवाको पहुँच नपुगेको, उपेक्षित,सिमान्तकृत तथा वन्चितिकरणमा परेको समुदायलाई प्राथमिकतामा राखी सम्बन्धित स्थानीय तह तथा स्वास्थ्य कार्यालयलाई सहभागी गराई शिविर ,Rally, Hoarding Board, School/community based activities तथा अन्य सचेतना कार्यक्रम सञ्चालन गर्ने
बजेट बाडफाड	कार्यक्रमको लागि ७५३ पालिकामा (५० हजार/प्रति पालिका) बजेट बिनियोजन भएको छ। बजेट व्यवस्था गरिएको छखर्च नियामावली तथा नेपाल सरकारका कानुनका अधिनमा रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ
प्रतिवेदन	कार्यक्रम सञ्चालनको अभिलेख HMIS मा प्रविष्ट गरि अनिवार्यरूपमा प्रदेश तथा केन्द्रमा प्रतिवेदन

	गनुपर्नेछ
सन्दर्भ सामाग्री	सामुदायिक मानासक स्वास्थ्य सेवा प्याकेज २०७४ का अवधारणा

४) सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन मार्गदर्शन र मानसिक स्वास्थ्यमा नमूना पालिका सम्बन्धी कार्यक्रम

परिचय	नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवा नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ र आधारभूत स्वास्थ्य सेवा भित्र मानासिक स्वास्थ्य सेवा पनि पर्दछ। राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना २०७७ ले मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुंच सुनिस्चित गर्ने भन्ने रणनीति लिएको छ। आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने मुख्य दायित्व स्थानीय तहको रहेको र मानसिक स्वास्थ्यमा कम लागतमा उच्च प्रतिफल हुने गरि समुदाय स्तरमै नियन्त्रण, रोकथाम र व्यवस्थापन गर्नका लागि "सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन मार्गदर्शन)स्थानीय तहका लागि मानसिक स्वास्थ्यमा नमूना पालिका विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न ७ स्थानीय तहमा बजेट बिनियोजन गरिएको छ।
उद्देश्य	- मानसिक स्वास्थ्यका कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय तहलाई मार्गदर्शन हुने - समुदाय स्तरबाटै मानसिक स्वास्थ्य सम्बन्धी नियन्त्रण, रोकथाम र व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन हुने - मानसिक स्वास्थ्यमा नमूना पालिका सम्बन्धी क्रियाकलापहरूबारे स्थानीय तहलाई स्पस्ट हुने - संविधान प्रदत्त मानसिक स्वास्थ्य सेवा सम्बन्धी हक नागरिकले स्थानीय तहबाटै प्राप्त गर्ने
अपेक्षित प्रतिफल	मानसिक स्वास्थ्यका कार्यक्रमहरू सञ्चालन गरि मानसिक स्वास्थ्यमा नमूना पालिका हुनका लागि स्थानीय तहलाई मार्गदर्शन हुनेछ।
	सम्बन्धी स्थानीय तहका स्वास्थ्य शाखा - कोशी प्रदेशको इलाम नगरपालिका र सन्दकपुर गाउँपालिका - गण्डकी प्रदेश, गोरखा जिल्ला स्तिथ पालुंगटार र सिरानचोक गाउँपालिका - बागमती प्रदेशको हेटौंडा उपमहानगरपालिका - कर्णाली प्रदेशको शारदा नगरपालिका - सुदुर पश्चिम प्रदेशको परशुराम गाउपालिका
सञ्चालन प्रकृया	- सम्बन्धित स्वास्थ्य शाखाले स्थानीय तहका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, महिला बालबालिका शाखा, शिक्षा शाखा, प्रहरी, स्वास्थ्य संस्था प्रमुखहरू, महिला राष्ट्रिय स्वास्थ्य स्वयं सेविका, स्वास्थ्यका कार्यरत साझेदार सङ्गसंस्थाहरू, पत्रकार, नागरिक समाज, उपभोक्ता मञ्च, मानसिक स्वास्थ्यसँग सम्बन्धित विभिन्न समूह, सङ्ग संस्थाहरू आदि समावेश गरि "सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन मार्गदर्शन, मानसिक स्वास्थ्यमा नमूना पालिका विकास" सम्बन्धी अभिमुखीकरण गर्ने - सो कार्यक्रममा विभिन्न निकायहरूको भूमिकाका बारेमा छलफल गर्ने - "मानसिक स्वास्थ्यमा नमूना पालिका विकास सम्बन्धी मार्गदर्शन" मा भएका क्रियाकलापहरूलाई प्राथमिकीकरण गरि कार्यक्रम सञ्चालन गर्नका लागि कार्ययोजना निर्माण

	गरि बजेटको बाँडफाँड गर्ने - कार्यक्रम सञ्चालन भए नभएको बारे अनुगमन गर्ने, अध्यावधिक समीक्षा गर्ने - कार्यक्रम सम्पन्न भए पश्चात नमूना पालिका समबन्धि स्कोरिंग गर्ने र प्राप्त अङ्क बारे समीक्षा गर्ने  स्थानीय तहमा मानसिक स्वास्थ्यमा कार्यरत साझेदार संस्थाहरूको प्राविधिक सहयोग लिई यो कार्यक्रम सञ्चालन गर्नु पर्ने छ।
बजेट बाँडफाँड	बजेट बाडफाड गर्दा अभिमुखीकरण, कार्यक्रम सञ्चालन, अनुगमन र अद्यावधिक समीक्षा र नमूना पालिका स्कोरिंग अङ्क प्राप्त बारे समग्र समीक्षा गर्ने क्रियाकलापहरूलाई मध्यनजर गरि बाँडफाँड गर्नु पर्दछ। - कोशी प्रदेशको इलाम नगरपालिका — ७५ हजार - कोशी प्रदेशको सन्दकपुर गाउँपालिका — ५५ हजार - गण्डकी प्रदेश, गोरखा जिल्ला स्तिथ पालुंगटार नगरपालिका — १० लाख ५ हजार - गण्डकी प्रदेश सिरानचोक गाउँपालिका — ५५ हजार - बागमती प्रदेशको हेटौंडा उपमहानगरपालिका -१ लाख - कर्णाली प्रदेशको शारदा नगरपालिका- ६० हजार - सुदुर पश्चिम प्रदेशको परशुराम गाउपालिका — २५ हजार
अनुगमन	स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको नसर्ने रोग तथा मानसिक स्वास्थ्य शाखासँग समन्वय र सहकार्यगर्नु पर्ने छ। सम्बन्धित शाखाबाट प्राविधिक सहयोग लिनु पर्ने छ।
प्रतिवेदन	इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा अनिवार्य रुपमा प्रतिवेदन गर्नुपर्नेछ।
सन्दर्भ सामाग्री	सङ्घबाट निर्माण भएको "सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन मार्गदर्शन, स्थानीय तहका लागि मानसिक स्वास्थ्यमा नमूना पालिका विकास" दस्तावेज

६. इपिडिमियोलोजी तथा महामारी नियन्त्रण

१) अन्तर्राष्ट्रिय स्थल नाकाहरूमा अवस्थित हेल्थ डेस्कहरूको लागि कार्यलय सञ्चालन खर्च (१७ स्थानीय तह)

परिचय	नेपालमा महामारीजन्य रोगहरूको जोखिम उच्च रहेको छ। दक्षिणमा भारतसँग खुला नाका र उत्तरमा चिन सँगको नाकाबाट मानिसहरूको आगमन अत्याधिक रहने हुनाले, आगमन गरेका मानिसहरूले रोग पनि भित्राउन सक्ने जोखिम रहन्छ। त्यसैले त्यस्ता सिमा नाकाहरूमा स्वास्थ्यकर्मी खटाई नेपालभित्र आगमन गर्ने यात्रु र नागरिकहरूको स्वास्थ्य जाँच गरि रोगहरूको आगमन न्यूनिकरण हुने र सम्भावित महामारीबाट बच्न सकिने हुनाले, महामारीको पूर्व तयारी र व्यवस्थापनको लागि सिमा नाकामा कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गरिएको छ।
उद्देश्य	सिमा नाकामा अपस्थित हेल्थ डेस्कमा यात्रुहरूको नियमित रुपमा रोगको निगरानी र नमूना परीक्षण गर्ने।
अपेक्षित प्रतिफल	यात्रुहरूबाट देश भित्रन सक्ने संक्रामक रोगहरूको निगरानी हुने।
सञ्चालन प्रकृया	➢ नीति योजना बनाउन बैठक बस्ने। ➢ ईन्टरनेट, बिजुली तथा अन्य आवश्यकता अनुरुप हेल्थ डेस्क सञ्चालनमा खर्च गर्न सकिने। ➢ नेपाल सरकारको कार्य सञ्चालन निर्देशिका बमोजिम खर्च गर्न सकिने। ➢ परामर्श पनि समावेश भएकोमा बजेटको परिधि भित्र रहि जनशक्ति राख्न सकिने।
बजेट बाडफाड	कार्यक्रममा यसै शीर्षकमा बिनियोजित बजेटको परिधि भित्र रहि नियमअनुसार खर्च गर्न
प्रतिवेदन	कार्यक्रम सम्पन्न भए पश्चात सो को प्रतिवेदन सम्वन्धित संस्थामा, स्वास्थ्य निर्देशनालय र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा अनिवार्य रुपमा पठाउनु पर्नेछ

३) महामारी जन्य रोगहरूको औषधी तथा किट खरिद

परिचय	नेपालमा महामारीजन्य रोगहरूको र विपद्को जोखिम उच्च रहेको छ।विधिन्न किसिमको रोग, महामारी तथा विपद्को कारण सृजित आपत्कालीन अवस्थामा तत्कालै त्यस्ता रोगहरूको निदान गर्न किट खरिद गर्नुपर्ने तथा आवश्यक पर्दा नमूना ढुवानी पनि गर्नुपर्ने भएकाले यस कार्यक्रम बनाइएको हो।
उद्देश्य	रोहरूको निदान गर्न किट खरिद तथा नमूना ढुवानी र उपचार तथा प्रतिकार्यको लागि औषधी खरिद।
अपेक्षित प्रतिफल	रोगहरूको उचित निदान भई उपचारमा सहयोग हुने।
सञ्चालन प्रकृया	• सार्वजनिक खरिद नियमावली अनुरुप आवश्यक परीक्षण किट खरिद गर्ने। • रोग निदानको लागि नमूना सङ्कलन तथा ढुवानी गर्ने।
बजेट बाडफाड	कार्यक्रममा यसै शीर्षकमा बिनियोजित बजेटको परिधि भित्र रहिनियमअनुसार खर्च गर्न
प्रतिवेदन	कार्यक्रम सम्पन्न भए पश्चात सो को प्रतिवेदन सम्वन्धित संस्थामा, स्वास्थ्य निर्देशनालय र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा अनिवार्य रुपमा पठाउनु पर्नेछ

४) महामारीजन्य रोगहरूको रोकथाम, अनुसन्धान र नियन्त्रण कार्यको लागि द्रुत प्रतिकार्य टोली (Rapid Response Team) अभिमुखीकरण र स्वास्थ्य आपतकालीनअवस्थामा RRT परिचालन

परिचय	नेपालमा महामारीजन्य रोगहरूको र विपद्को जोखिम उच्च रहेको छ। विभिन्न किसिमको रोग, महामारी तथा विपद्को कारण सृजित आपत्कालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुर्याउन, त्यस्तो अवस्थाको पहिचान, प्रतिकार्य तथा व्यवस्थापन गर्नका लागि प्रदेश र स्थानीय तहका द्रुत प्रतिकार्य टोली परिचालन गर्नुपर्ने।
उद्देश्य	विभिन्न किसिमका रोग, महामारी तथा विपद्को कारण सृजित आपत्कालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुऱ्याउन आपतकालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा टोली परिचालन गर्न, महामारी तथा विपद्को अवस्थाको पहिचान, प्रतिकार्य तथा व्यवस्थापन गर्न
अपेक्षित प्रतिफल	विपद् र संक्रामक रोगहरूको महामारीबाट सृजित आपत्कालीन अवस्थामा स्वास्थ्य सेवा पुग्ने तथा द्रत गतिमा त्यस्तो अवस्थाको प्रतिकार्य र व्यवस्थापन हुने।
सञ्चालन प्रकृया	१) आपतकालिन अवस्थामा द्रुत प्रतिकार्य समितिको बैठक बस्ने। २) आपतकालिन अवस्थामा स्थानीय तहमा संरचना भएको द्रुत प्रतिकार्य टोलीलाई खटाइने। ३) नेपाल सरकारको कार्य सञ्चालन निर्देशिका बमोजिम खर्च गर्न सकिने।
बजेट बाडफाड	कार्यक्रममा यसै शीर्षकमा बिनियोजित बजेटको परिधि भित्र रहिनियमअनुसार खर्च गर्न
प्रतिवेदन	कार्यक्रम सम्पन्न भए पश्चात सो को प्रतिवेदन सम्वन्धित संस्थामा, स्वास्थ्य निर्देशनालय र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा अनिवार्य रुपमा पठाउनु पर्नेछ

ब.उ.शि.नं. ३७००११०७ स्वास्थ्य व्यवस्थापन कार्यक्रम

नियमित तथ्याङ्कको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्थाहरूको मासिक बैठक, डाटा भेरिफिकेशन तथा भ्यालिडेशन एवम् अर्धवार्षिक र वार्षिक समीक्षा

परिचय	स्थानीय तहहरूमा स्वास्थ्य सूचना व्यवस्थापनलाई सुदृढ र व्यवस्थित बनाउने उद्देश्यले स्वास्थ्य संस्थाबाट प्रदान गरेका सेवाको अभिलेखअनुसारको प्रतिवेदन भए नभएको एकिन गर्नुको साथै स्वास्थ्य कार्यालयले तोकेको स्वास्थ्य संस्थामा प्रत्येक महिनामा महिला स्वास्थ्य स्वयमसेविका, खोप क्लिनिक, गाउँघर क्लिनिक, सरकारी तथा गैर सरकारी स्वास्थ्य संस्थाहरू र स्वास्थ्यकर्मीहरूबाट प्रदान गरिएका सेवाहरूलाई लेखाजोखा गरी सञ्चालित स्वास्थ्य कार्यक्रमको लक्ष्य प्रगतिको समीक्षा, सूचना सङ्कलन, प्राप्त सूचनालाई भेरिफिकेशन साथै सूचनाको गुणस्तर सुधार गर्ने र स्थानीयतहहरूमा प्राप्त सूचनाहरूलाई डि एच आई एस, एल एम आई यस लगायत विभिन्न प्रणालीहरूमा अनलाईन रिपोटिङ्ग गर्ने कार्यका लागि सबै स्थानीयतहहरूमा यो क्रियाकलाप समावेश गरिएको छ।
उद्देश्य	• स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवाहरूको अभिलेखअनुसारको अनलाईन प्रतिवेदन डिएचआईएस, ईएलएमआईएस PAMS मा पूर्णरुपमा प्रविष्ट भए नभएको एकिन गर्ने। • स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिएका सेवाका आधारमा सञ्चालित स्वास्थ्य कार्यक्रमको लक्ष्य प्रगतिको समीक्षा, सूचना सङ्कलन, प्राप्त सूचनालाई भेरिफिकेशन साथै सूचनाको गुणस्तर सुधार गर्ने। • स्थानीयतहहरूमा स्वास्थ्य सूचना व्यवस्थापनलाई सुदृढ र व्यवस्थित बनाउने।
अपेक्षित प्रतिफल	• स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवाहरूको अभिलेखअनुसारको अनलाईन रिपोटिङ्ग डिएचआईएस, ईएलएमआईएस PAMS मा प्रविष्ट भएको हुनेछ। • मासिक रूपमा सङ्कलित सूचना भेरिफाइ भई गुणस्तर सुधार भएको सुनिश्चित हुनेछ। • स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिएका सेवाहरूको तथ्याङ्कमा आधारित समीक्षा भएको हुनेछन्। • स्थानीयतहहरूको स्वास्थ्य सूचना व्यवस्थापन सुदृढ र व्यवस्थित भएको हुनेछ। • योजना तर्जुमा तथा कार्यक्रमहरूको प्रगति मापनका लागि गुणस्तरीय तथ्याङ्कको उपलब्धता भएको हुनेछ।
सञ्चालन प्रकृया	• यस क्रियाकलाप बमोजिम प्रत्येक स्थानीयतहका स्वास्थ्य शाखाहरूले प्रत्येक महिनाको ७ गते भित्र सम्बन्धित स्वास्थ्य संस्थाहरूबाट डिएचआईएस प्रणालीमा अनिवार्य रुपमा प्रतिवेदन भएको सुनिश्चित गर्नुपर्नेछ। • प्राप्त भएको प्रतिवेदन सम्बन्धित स्वास्थ्य संस्थाको अभिलेखसँग मिलान गरी डाटा भेरिफिकेशन सहित मासिक बैठक गर्नु पर्नेछ। Data verify गर्दा data transfer भएको मिलेको वा नमिलेको हेर्नु पर्दछ। Master Register, Service Register, Tally Sheet, Reporting Form, Monthly Monitoring Sheet आदिबाट Data समायोजन गर्दा त्रुटी फेला परेमा सेवा रजिस्टरमा भए अनुसारको Data प्रणालीमा

	सच्याउन लगाउनु पर्दछ। • डाटा भेरिफिकेशनमा देखिएका त्रुटीहरू सच्याई त्रुटी नदोहोरिने गरि कार्य गर्नुपर्नेछ। • मासिक बैठकमा स्वास्थ्य शाखा प्रमुख, मातहतका स्वास्थ्य संस्था प्रमुखहरूको अनिवार्य उपस्थिति हुनुपर्नेछ। मासिक बैठकको माईन्यूट तयार गरी स्वास्थ्य शाखामा राख्नुपर्दछ। • अनलाईन प्रविष्ट भएको तथ्याङ्कलाई आधारमानी २०८२ भाद्र महिना भित्रमा वार्षिक समीक्षा र २०८२ माघ महिनामा अर्धवार्षिक समीक्षा गर्नुपर्नेछ। • समीक्षाका लागि आवश्यक मार्गदर्शन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको वेवसाईट mohp.gov.npबाट प्राप्त गर्न सकिनेछ साथै प्रस्तुतीकरणको Template का लागि सम्बन्धित स्वास्थ्य कार्यालयसँग समन्वय गर्नु पर्नेछ। • समीक्षा कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्वास्थ्य कार्यालयसँग समन्वय गर्नुपर्नेछ। • समीक्षा भन्दा अगाडी सबै स्वास्थ्य संस्थाबाट प्रदान भएको सेवाको मासिक विवरण स्वास्थ्य संस्था आफैले निकाली सबै विवरण चुस्त दुरुस्त भएको एकिन गरी संस्था प्रमुखले प्रमाणित गरी स्वास्थ्य संस्थामै फाईलिङ गरि राख्नु पर्दछ र सो को अनुगमन स्थानीय तहले गर्नुपर्दछ। • स्थानीय तह अन्तरगत रहेका सबै स्वास्थ्य संस्थाहरूको भौगोलिक अवस्थिति सहितको विवरण Nepal Health Facility Registry https://nhfr.mohp.gov.np/ मा तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीको विवरण Nepal Health Workforce Management Information System (NHWMIS) http://nhwr.mohp.gov.np मा अनिवार्यरूपमा अद्यावधिक भएको सुनिश्चित गर्नुपर्दछ। जिल्लास्तरमा हुने समीक्षा तथा छलफल कार्यक्रमहरूमा यी प्रणालीहरूबाट तथ्याङ्क तयार गरी स्वास्थ्य संस्थाको विवरण, स्वास्थ्य संस्था देखिने नक्सा तथा अद्यावधिक जनशक्तिको विवरण प्रस्तुती गर्नुपर्दछ। • सन्दर्भ सामग्रीः स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीः अभिलेख तथा प्रतिवेदनसम्बन्धी निर्देशिका
बजेट बाँडफाँड	प्राप्त बजेट खर्च गर्दा अर्थ मन्त्रालयद्वारा जारी कार्यक्रम सञ्चालन निर्देशिका (पछिल्लो संस्करण), सार्वजनिक खरिद ऐन, नियमावली तथा आर्थिक व्यवस्थापन सम्बन्धी नियम अनिवार्य पालना गर्नु पर्नेछ।
अभिलेख तथा प्रतिवेदन	आर्थिक वर्ष समाप्त भए पश्चात यस क्रियाकलाप सम्बन्धी भए गरेका कार्यहरू तथा स्थानीय तहको स्वास्थ्य सूचक सहितको प्रोफाईल तयार गरि सम्बन्धित जिल्लास्थित स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय तथा स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखा info@hmis.gov.np मा अनिवार्य रुपमा पठाउनुपर्नेछ।

ब.उ.शि.नं. ३७००११०९ राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र

मदिराजन्य तथा सुर्तीजन्य पदार्थ नियमन तथा नियन्त्रणका लागि बैठक, अनुगमनका साथै यसको न्यूनीकरणका लागि सञ्चार कार्यक्रम

परिचय	सुर्तीजन्य पदार्थ तथा मध्यपान को सेवनको कारण बिश्व लगायत नेपालमा नसर्ने रोगहरू जस्तै मुटुको रोग, कलेजोको रोग, सुगर, ब्लड प्रेसर आदि को समस्या हुने र त्यसबाट धेरै मानिसक मृत्यु हुने गर्छ। मानिसहरूको व्यवहार परिवर्तन गर्न उनीहरूमा यस्ता पदार्थहरूको सेवनले गर्दा पार्ने व्यक्तिगत असर, पारिवारिक समस्या र आम समाजलाई पार्ने समस्याहरूको वास्तविक बोध गराई उनीहरूको जिबन सैली मा परिवर्तन ल्याउनु आवस्यक हुन्छ। यौ समस्या ब्यक्ति स्वयं को प्रयास, परिवारका सदस्यको सहयोग र समाजको सामुहिक प्रयासबाट सम्भावना हुन्छ। यसको प्रयोगमा कमी ल्याउन विभिन्न किसिमका स्वास्थ्य शिक्षा कार्यक्रमहरू, र सम्बन्धित सरोकारवालाहरूको सहयोग जस्तै, चुरोट तथा रक्सि बिक्रेताहरूले त्यसको बिक्री वितरण को लागि प्रचार प्रसार नगर्ने, बिक्री गर्ने समय तोक्ने, जोखिममा पर्ने समूह जस्तै बच्चा हरू, गर्भवती आमाहरू आदि लाई बिकी नगर्ने। यसरि सबैको सक्रिय सहभागीतामा धुम्रपान र मध्यपान लाई एक सामाजिक समस्याको रुपमा अङ्गीकार गरि समयमै स्वास्थ्य शिक्षा, सञ्चार तथा उपयुक्त बातावरण को सृजना गरेर न्यूनीकरण गर्न सकिन्छ।
उद्देश्य	• धुम्रपान र मध्यपानको अवस्था र त्यसबाट पर्ने व्यक्तिगत र सामुहिक असरको बारेमा सरोकारवालालाई अभिमुखीकरण तथा छलफल गर्ने • मदिराजन्य तथा सुर्तीजन्यको सेवनलाई न्यूनीकरणका लागि प्रभावकारी अनुगमन गर्न • स्थानीय निकायहरूसँगको सहकार्यमा धुम्रपान तथा मध्यपान न्यूनीकरणको अभियानमा उनीहरूलाई प्रतिबद्ध गराउन पहल गर्ने र जनचेतना जनाउने।
अपेक्षित प्रतिफल	समुदायमा मानिसको धुम्रपान तथा मध्यपान गर्ने व्यवहार परिवर्तन गरि त्यसको प्रयोगको दर कम गर्न सकिने र त्यस्ता अम्मल को कारण हुन सक्ने मृत्यु घटाउने।
सञ्चालन प्रक्रिया	क. समन्वय बैठक ख. अनुगमन कार्यक्रम सञ्चालन हुने स्थानः स्थानीय तहहरू। लक्षित समूह/सहभागी समूहः सर्वसाधारण, महिला, बालबालिका, पत्रकार, महिला स्वास्थ्य स्वंयसेविका, स्वास्थ्यकर्मी, शिक्षक, विद्यार्थी, युवा समूह , स्थानीय अगुवा, स्थानीय नेता, समाज सेवीहरू, पिछडिएका वर्ग, आमा समूह लगायत सम्बन्धित सरोकारवालाहरू। **अनुगमनकर्ता** • स्वास्थ्य शिक्षा प्रशासक/अधिकृत — १ जना • स्वास्थ्य कार्यालय प्रमुख — १ जना • स्वास्थ्य शाखा प्रमुख / उप प्रमुख – १ जना *बजेटलाई ध्यानमा राखेर विषय विज्ञहरूलाई सहजकर्ताको रुपमा तोक्न सकिने छ।*

	विधिः पूर्वतयारी ● विस्तृत कार्ययोजना तयार गर्ने, कुन कार्यक्रम प्रदेश, जिल्ला तथा स्थानीयतहको कुन स्थानमा सञ्चालन गर्ने हो भन्ने कुरा निर्धारण गर्ने र कार्यक्रममा सबैको भूमिका स्पष्ट पार्ने; ● कार्यक्रम सञ्चालनको मिति, स्थान र समय निर्धारण गर्ने; ● कार्यक्रम सञ्चालनको लागि आवश्यक सामग्री, सन्देश, प्रस्तुतीकरणको तयारी गर्ने; ● राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रको वेब साइट र फेसबुक पेजबाट संदेश सामग्री लिन सकिन्छ www.nheicc.gov.np,www.facebook.com/nheicc **अन्तरक्रिया कार्यक्रममा समाबेश गर्न सकिने बिषयबस्तुहरूः** ● सुर्तीजन्य पदार्थ तथा मध्यपानको वर्तमान अवस्था ● सुर्तीजन्य पदार्थ तथा मध्यपानको स्वरूप र यसको सेवनले स्वास्थ्यमा पार्ने असरहरू ● सुर्तीजन्य पदार्थ तथा मध्यपान सेवनको न्यूनीकरण का लागि सम्बन्धित निकायको भूमिका ● उपलब्ध ऐन, नियमको पालना र कानुनी प्राबधान। ● जिल्लास्तरमा सुर्तीजन्य तथा मदिराजन्य पदार्थ नियन्त्रण कार्ययोजना अभिमुखीकरण सञ्चालनको प्रक्रिया, शैशिक सामग्री तथा शिक्षण बिधिहरू : ● कार्यक्रममा उपस्थितहरूको उपस्थिती सङ्कलन गर्ने। ● सहभागीहरूलाई स्वागत तथा परिचयात्मक कार्यक्रम। ● सामुहिक छलफल, लेक्चर, परामर्श आदिको बिधिबाट पैरवी वा अभिमुखीकरण दिने। ● पम्फ्लेट, फ्लिप चार्ट, मेटा कार्ड, न्युज प्रिन्ट आदिको माध्यमबाट शिक्षण गराउने।
बजेट बाँडफाँड	साविजर्नक खरिद ऐन, नियमावली तथा अर्थ मन्त्रालयको स्विकृत आर्थिक कार्यविधि अनुसार कार्यालय प्रमूखबाट स्विकृत कार्यक्रम सञ्चालन गर्नु पर्ने। प्रदेशको आवश्यकतालाई ध्यानमा राखेर प्रदेशले थप बजेटको व्यवस्था गरि कार्यक्रमलाई अझै प्रभावकारी बनाउन सक्नेछन।
अभिलेख प्रतिवेदन	कार्यक्रम सम्पन्न भएपछि सोको अभिलेख राख्ने र त्रैमासिक प्रगतिको प्रतिवेदन तयार गरी प्रदेश स्थित सम्वन्धित मन्त्रालय र राष्ट्रिय स्वास्थ्य शिक्षा,सूचना तथा सञ्चार केन्द्रमा पठाउनुपर्ने छ।

ब.उ.शि.नं. ३७००१११० राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र

स्वास्थ्यकर्मीहरूलाई इम्प्लान्ट/आ.यु.सि.डी तालिम

परिचय	स्वास्थ्य संस्थाहरूमा कार्यरत तोकिएका स्वास्थ्य सेवा प्रदायकहरूबाट सुरक्षित गुणस्तरीय परिवार योजनाको लामो अवधिको साधनहरू (इम्प्लान्ट/आ.यु.सि.डी) को सेवा प्रदान गर्ने दक्ष जनशक्ति तयार गर्न यो ८ दिने सीपमूलक तालिमको आयोजना गरिएको हो।
उदेश्य	सम्बन्धित स्थानीय तहका स्वास्थ्य संस्थाहरूमा लामो अवधि काम गर्ने, अस्थाइ परिवार योजनाका सेवाको पहुँच र उपयोग बढाउन संस्थामा कार्यरत तोकिएका स्वास्थ्य सेवा प्रदायकहरूको दक्षता अभिवृद्धी गर्ने यो तालिमको उद्देश्य रहेको छ।
अपेक्षित प्रतिफल	स्थानीय तहको हरेक सरकारी स्वास्थ्य संस्थाबाट गुणस्तरिय परिवार योजना सेवाका लागि लामो अवधि गर्भनिरोध गर्ने साधन इम्प्लान्ट/आ.यु.सि.डी सेवा प्रवाह गर्नको लागि दक्ष जनशक्ति तयार भएको हुने।
सञ्चालन प्रक्रिया	एक स्वास्थ्य संस्थामा न्यूनतम एक जना परिवार योजनाको लामो अवधिको साधनको सेवा सेवाप्रदायक हुने सुनिश्चित गराइ अविछिन्न सेवा प्रवाहका लागि स्वास्थ्य संस्थाको अग्रिम नक्सांकन गर्नपर्नेछ र आवश्यक स्थानका उपयुक्त स्वास्थ्यकर्मीहरूका लागि तालिमको योजना तय गर्नुपर्नेछ। **सहभागी छनौटको मापदण्डः** **इम्प्लान्टः** सरकारी स्वास्थ्य संस्थाहरूमा हे.अ., सि.अ.हे.व., अ.हे.व., स्टाफ नर्स, सि.अ.न.मी., अ.न.मी. पदमा कार्यरत तथा सम्वन्धित परिषदमा दर्ता भई इम्प्लान्ट सेवा प्रदान गर्न इच्छुक स्वास्थ्यकर्मीहरू यो तालिममा सहभागी हुनेछन्। **आ.यु.सि.डीः** सरकारी स्वास्थ्य संस्थाहरूमा स्टाफ नर्स, सि.अ.न.मि., अ.न.मी. आदि पदमा कार्यरत तथा सम्वन्धित परिषदमा दर्ता भई आ.यु.सि.डी सेवा प्रदान गर्न इच्छुक नर्सिङ्ग कर्मचारी यो तालिममा सहभागी हुनेछन्। **प्रशिक्षकको मापदण्डः** सम्वन्धित काउन्सिलमा दर्ता भएका क्लिनिकल ट्रेनिंग स्किल तालिम र ईम्पलान्ट तालिम प्राप्त चिकित्सक, हे.अ. तथा नर्सिङ्ग स्टाफहरू ईम्पलान्ट तालिमको प्रशिक्षक हुनेछन्। सम्वन्धित काउन्सिललमा दर्ता भएका क्लिनिकल ट्रेनिंग स्किल तालिम र आ.यु.सि.डी तालिम प्राप्त चिकित्सक तथा नर्सिङ्ग स्टाफहरू आ.यु.सि.डी तालिमको प्रशिक्षक हुनेछन्। **प्रक्रियाः** बजेट बिनियोजन भएका सम्बन्धित स्थानीय तहले प्रदेशको स्वास्थ्य तालिम केन्द्र/ मानव संसाधन विकास केन्द्रसँग समन्वय गरि स्थानीय तहलाई पायक पर्ने राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट सुचिकृत इम्प्लान्ट/आ.यु.सि.डी ट्रेनिंग साइटमा तालिम सञ्चालन गर्नुपर्नेछ। तालिम सञ्चालनका लागि निरन्तर स्वास्थ्य तालिम केन्द्रसँग समन्वय गर्नुपर्नेछ। कार्यालयले तोकेको कर्मचारीले आवश्यक समन्वय गरी सहभागी छनौट गर्ने र

	सरोकारवालाहरूको सहभागितामा मापदण्ड अनुसारको सहभागी तथा प्रशिक्षकहरूको व्यवस्थापन गरी कार्यक्रम सञ्चालन तथा नियमानुसार समयमा सम्पन्न गर्नुपर्नेछ। बजेटको परिधि भित्र रहि इम्प्लान्ट वा आ.यु.सि.डी तालिम मध्ये आवश्यकताको आधारमा कुनै एक तालिम छनोट गरि एक ब्याच तालिम सञ्चालन गर्नु पर्नेछ।
बजेट बाँडफाड	त्रैमासिक लक्ष्य तथा विनियोजित बजेटको परिधिमा रही खर्चको बाँडफाँड टिप्पणी प्रमुखबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ। तालिम प्राप्त दक्ष जनशक्तिबाट निजहरूले काम गर्ने संस्थाबाट सेवा सुरू गर्नका लागि न्यूनतम सेवा सामग्रीहरू (इम्प्लान्ट सेट/आ.यु.सि.डी) उपलब्ध नभएको वा अप्रयाप्त भएको खण्डमा विनियोजित बजेटको परिधि भित्र रहि तालिम सञ्चालनको खर्च मापदण्डलाई असर नहुने गरि बिनियोजित बजेटबाट बांडफाड गरि खरिद गर्न सकिनेछ।
सन्दर्भ सामग्री	स्वास्थ्य तालिम व्यवस्थापन निर्देशिका, २०७७, सम्बन्धित तालिमको प्रशिक्षक, सहभागी र सन्दर्भ पुस्तिका।
अभिलेखिकरण	सहभागिहरूले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले जारि गरेको तालिम रजिस्ट्रेसन फाराम भर्नुपर्नेछ र सो फाराम सम्बन्धित स्थानीय तहहरूले प्रदेश स्वास्थ्य तालिम केन्द्रमा पठाइ प्रदेश तालिम केन्द्रले TIMS सफ्टवेयरमा प्रविष्टि गरि सफलतापूर्वक तालिम हासिल गर्ने सहभागिहरूलाई मात्र प्रमाणिकरण गर्नुपर्नेछ। सोको जानकारी सम्बन्धित स्वास्थ्य कार्यालयहरूमा पठाउन पर्नेछ।
प्रतिवेदन	सम्पन्न कार्यक्रमको प्रगति विवरण २१ दिनभित्र योजना शाखा तथा लेखा शाखामा तोकिएको ढाँचामा अनिवार्य रुपमा तोकिएको व्यक्तिले बुझाउनु पर्दछ। प्रतिवेदन राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रमा समेत पठाउनु पर्नेछ।

ब.उ.शि.नं. ३७००१११५ उपचारात्मक सेवा महाशाखा

आधारभूत तथा आकस्मिक सेवाको लागि औषधी खरिद

परिचय	आधारभूत तथा आकस्मिक सेवाको लागि औषधी खरिद गर्ने
उदेश्य	आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि आवश्यक निशुल्क औषधीहरूको उपलब्धता सुनिश्चित गर्ने
अपेक्षित प्रतिफल	आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि आवश्यक निशुल्क औषधीहरूको समयमै आपूर्ति हुदा अभाव नहुने
सञ्चालन प्रक्रिया	- अघिल्लो आ.व.को कार्यक्रम तथा क्रियाकलाप सञ्चालन सम्बन्धी बिस्तृत प्रतिवेदन उपचारात्मक सेवा महाशाखामा अनिवार्य पठाएपछि मात्र यस आ.व.को कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ। - आधारभूत तथा आकस्मिक सेवाको लागि औषधी खरिद गर्न स्थानीय तहको जनसङ्ख्या, रोग भार, गत आ.व. मा खपत भएको औषधीको परिमाण लगायतका विषयहरूलाई आधार मानी पुर्वानुमान तयार गर्ने। - ९८ प्रकारका आधारभूत औषधी र १८ प्रकारका औषधीजन्य सामग्री खरिद गर्दा स्वास्थ्य सेवा विभागद्वारा स्थानीय तहले खरिद गर्नुपर्ने वर्गीकृत औषधी खरिद अनुसार गर्नुपर्नेछ (केन्द्र, प्रदेश र स्थानीय तहले खरिद गर्नुपर्ने औषधीको विवरण www.dohs.gov.np र csd.dohs.gov.np मा रहेकोछ)। साथै व्यवस्थापन महाशाखाले तयार गरेको Technical Specification Bank (TSB) अनुसार खरिद गर्नुपर्नेछ। - वर्गीकृत औषधी मध्ये स्थानीय तहले खरिद गर्ने औषधी समयमा नै खरिद गरि प्रदेश र सङ्घबाट प्राप्त हुने औषधी समेतको आपसी समन्वयमा स्वास्थ्य संस्थाहरूमा बाह्रै महिना उपलब्ध हुने सुनिश्चितता गर्नु पर्ने छ। - आकश्मिक अवस्थामा आवश्यकता अनुसार थप औषधी समेत खरिद गर्न सकिनेछ। - केन्द्र, प्रदेश तथा स्वास्थ्य कार्यालयबाट स्टक लिई सोही बमोजिम औषधी एक्स्पायर नहुने वा स्टक मौज्दात अत्यधिक नहुने गरि खरीद गर्नुपर्ने। - विनियोजित बजेट मध्ये आवश्यकताको आधारमा ढुवानी, रिप्याकिंगको लागि समेत प्रयोग गर्न सकिनेछ।
आर्थिक वाँडफाँड	सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार खरीद गर्ने।
अभिलेख तथा प्रतिवेदन	कार्यक्रम कार्यान्वयनको अवस्थाबारे प्रत्येक तीन महिनामा अनिवार्य रूपमा उपचारात्मक सेवा महाशाखाको इमेल csd.teku@gmail.com मा प्रतिवेदन पठाउनु पर्नेछ साथै नियमित रूपमा eLMIS मा प्रविष्ट गर्नुपर्नेछ।
सन्दर्भ सामग्री	सार्वजनिक खरिद ऐन तथा नियमावली

स्वास्थ्य चौकी (आधारभूत स्वास्थ्य सेवा केन्द्र) को न्यूनतम सेवा मापदण्ड कार्यक्रम (अभिमुखीकरण, समीक्षा, फलोअप, अनुगमन तथा सुदृढीकरण समेत)

परिचय	स्वास्थ्य चौकीको (आधारभूत स्वास्थ्य सेवा केन्द्र) को न्यूनतम सेवा मापदण्डको अभिमुखीकरण, फलोअप तथा अनुगमन, समीक्षा र सुदृढीकरण
उद्देश्य	- आधारभूत स्वास्थ्य सेवा केन्द्र (स्वास्थ्य चौकी) को न्यूनतम सेवा उपलव्धताको अवस्था बारे मूल्याङ्कन गरि आवश्यकता अनुसार सुदृढीकरण गर्ने। - कमीकमजोरीको आधारमा योजना बन्ने
अपेक्षित प्रतिफल	स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्डको समीक्षाबाट कार्यक्रमको हालसम्मको उपलब्धि र समस्याको पहिचान भै आगामी दिनमा गुणस्तरीय सेवा प्रवाह गर्न सहज हुने
सञ्चालन प्रक्रिया	- अघिल्लो आ.व.को कार्यक्रम तथा क्रियाकलाप सञ्चालन सम्बन्धी बिस्तृत प्रतिवेदन उपचारात्मक सेवा महाशाखामा अनिवार्य पठाएपछि मात्र यस आ.व.को कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ। - यस अघि अभिमुखीकरण नभएको भए आफ्नो स्थानीय तह मातहतका स्वास्थ्य संस्थाहरूका स्वास्थ्य चौकी प्रमुख र व्यवस्थापन समिति अध्यक्षलाई सहभागी गराई स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड सम्वन्धी १ दिने अभिमुखीकरण सञ्चालन गर्नुपर्नेछ। - स्वास्थ्य कार्यालयका फोकल पर्सन वा प्रतिनिधिसमेतको सहभागितामा वर्षको दुई पटक न्यूनतम सेवा मापदण्ड सम्बन्धी फलो अप गर्ने। - सम्पूर्ण आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूका इन्चार्ज र स्वास्थ्य संस्था व्यवस्थापन समितिका पदाधिकारीहरूलाई सहभागी गराई वर्षको एक पटक १ दिने समीक्षा समीक्षा गर्ने। - समीक्षा गर्दा कार्यक्रम सञ्चालनमा देखापरेका राम्रा पक्ष र समस्या तथा चुनौती र सोको समाधानका साथै कार्ययोजना कार्यन्वयनको बारे छलफल गर्ने। - समीक्षा गर्दा उपचारात्मक सेवा महाशाखाले तयार गरेको Review Template को प्रयोग गर्नुपर्नेछ। - स्वास्थ्य संस्थाको गुणस्तरीय सेवा र सुदृढीकरणको लागि न्यूनतम सेवा मापदण्डमा देखा परेका समस्या पहिचान गरि समाधानको लागि आवश्यक औजार, उपकरण लगायतका अन्य सामग्रीहरू खरिद गर्न सकिनेछ।
आर्थिक वाँडफाँड	अर्थमन्त्रालय को पछिल्लो कार्य सञ्चालन निर्देशिका अनुसार खर्च गर्नुपर्ने छ।
अभिलेख तथा प्रतिवेदन	कार्यक्रम कार्यन्वयनको अवस्था बारे प्रत्येक तीन महिनामा अनिवार्य रुपमा उपचारात्मक सेवा महाशाखाको इमेल csd.teku@gmail.com मा प्रतिवेदन गर्नुपर्नेछ। सोहि प्रतिवेदनको आधारमा आगामी आ.व. को बजेट तथा कार्यक्रम निर्धारण गरिनेछ।
सन्दर्भ सामग्री	स्वस्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड सम्बन्धी tools तथा अभिमुखीकरण मार्गदर्शन

आगोले पोलिएका गरिब तथा विपन्न विरामीहरूको उपचारको लागि कीर्तिपुर अस्पताल र सुषमा कोइराला मेमोरियल अस्पताललाई अनुदान (कीर्तिपुर तथा शंखरापुर नगरपालिका, काठमाडौं)

परिचय	आगोले पोलिएका गरिब तथा विपन्न विरामीहरूको उपचारको लागि कीर्तिपुर अस्पताल र सुषमा कोइराला मेमोरियल अस्पताललाई अनुदान
उदेश्य	• आगोले पोलेका गरिब तथा विपन्न नागरिकहरूलाई सेवा प्रदान गर्ने।
अपेक्षित प्रतिफल	• आगोले पोलेका गरिब तथा विपन्न नागरिकले सहज रुपमा उपचार प्राप्त गर्ने।
सञ्चालन प्रक्रिया	• अघिल्लो आ.व. को कार्यक्रम तथा क्रियाकलाप सञ्चालन सम्बन्धी बिस्तृत प्रतिवेदन उपचारात्मक सेवा महाशाखामा अनिवार्य पठाएपछि मात्र यस आ.व.को कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ। • स्थानीय तहले सम्वन्धित अस्पताललाई अनुदान उपलव्ध गराउनुपर्नेछ। • स्थानीय तहबाट अनुदान प्राप्त गरिसकेपछि अस्पतालले विनियोजित बजेटबाट आगोले पोलेका गरिव तथा विपन्न नागरिकको उपचारको लागि आवश्यक पर्ने सामग्री खरिद गर्नुपर्नेछ। • आगोले पोलेका गरिव तथा विपन्न विरामीको ड्रेसिंगमा आवश्यक पर्ने गज, बैन्डेज, मलम लगायतका सलाईन आदि खरिद गर्नुपर्नेछ। • विनियोजीत बजेटबाट सेवा प्रदान गर्दा गरिव तथा बिपन्न बिरामीलाई निशुल्क सेवा प्रदान गर्नुपर्नेछ। बिरामीका लागि लागेको खर्च रकम सहितको विवरण तयार गरी स्वास्थ्यसंस्थामा राख्नुका साथै उपचारात्मक सेवा महाशाखामा अनिवार्य पठाउनुपर्दछ। • सम्वन्धित अस्पतालले कार्यविधि बनाएर स्वीकृतगराई सोहि अनुसार खर्च गर्नुपर्नेछ। • बिरामीहरूको विवरण मासिक रुपमा एचएमआईएसमा प्रविष्टि गर्नुपर्दछ। • कार्यक्रम तथा सेवा सम्बन्धी सञ्चालनका लागि उपचारात्मक सेवा महाशाखासँग अनिवार्य समन्वय गर्नुपर्नेछ।
आर्थिक वाँडफाँड	
अभिलेख तथा प्रतिवेदन	कार्यक्रम सम्पन्न भए पश्चात प्रदेश तथा उपचारात्मक सेवा महाशाखामा (csd.teku@gmail.com) सेवाग्राहीहरूको बिस्तृत विवरण सहितको प्रतिवेदन अनिवार्य रुपमा पठाउनु पर्नेछ।
सन्दर्भ सामग्री	सार्बजनिक खरिद ऐन तथा नियमावली

सामाजिक परीक्षण सञ्चालन

परिचय	स्वास्थ्य संस्थाहरूमा सामाजिक परीक्षण कार्यक्रम सञ्चालन
उदेश्य	स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गर्ने
अपेक्षित प्रतिफल	□ स्वास्थ्य संस्थाहरूको सामाजिक परीक्षण सम्पन्न हुने □ स्वास्थ्य संस्थाहरूले दिने सेवाहरू तथा स्वास्थ्य सम्वन्धी सामुदायिक क्रियाकलाप हरूको बारेमा समुदायलाई जानकारी हुने

सञ्चालन प्रकृया	□ अघिल्लो आ.व. को कार्यक्रम तथा क्रियाकलाप सञ्चालन सम्बन्धी बिस्तृत प्रतिवेदन उपचारात्मक सेवा महाशाखामा अनिवार्य पठाएपछि मात्र यस आ.व.को कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ। □ सामाजिक परीक्षण गर्न उपचारात्मक सेवा महाशाखाद्वारा तयार भएको "स्वास्थ्य क्षेत्रका लागि सामाजिक जवाफदेहिता सङ्घीय मार्गदर्शन २०७७" मा उल्लेखित बिधि तथा प्रक्रिया पुर्याई गर्नुपर्ने छ। □ सम्वन्धित स्थानीय तहले सामाजिक परीक्षण बारे सथानीय तहका जनप्रतिनिधि तथा सरोकारवाला सवैलाई सहभागी गराई अभिमुखीकरण गर्नुपर्नेछ। □ सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार तेश्रो पक्ष छनौट गरि सामाजिक परीक्षण गर्नुपर्नेछ। □ स्थानीय तहले सम्वन्धित स्वास्थ्य संस्थामा सामाजिक परीक्षण कार्यक्रमको अनुगमन गर्नुपर्नेछ।
आर्थिक वाँडफाँड	अर्थ मन्त्रालयको पछिल्लो कार्यसञ्चालन निर्देशिका तथा सार्वजनिक खरिद नियमावली अनुसार बजेट खर्च गर्नुपर्नेछ।
अभिलेख तथा प्रतिवेदन	कार्यक्रम सम्पन्न भए पश्चात प्रदेश तथा उपचारात्मक सेवा महाशाखामा (csd.teku@gmail.com) प्रतिवेदन अनिवार्य पठाउनु पर्नेछ।
सन्दर्भ सामग्री	स्वास्थ्य क्षेत्रका लागि सामाजिक जवाफदेहिता सङ्घीय मार्गदर्शन २०७७

ब.उ.शि.नं. ३७००१११६ नर्सिङ्ग तथा सामाजिक सुरक्षा कार्यक्रम

अस्पतालमा आधारित जेरियाट्रिक वार्ड स्थापना, सामाजिक सेवा एकाइ र एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालन कार्यक्रम

परिचय	नेपालको संविधान, २०७२ को धारा ३५ मा प्रत्येक नागिरकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनी स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हक अन्तर्गत राखेको छ। नेपाल सरकारको स्वास्थ्यमा सर्वव्यापी पहुँचलाई सुनिश्चित गर्न लिइएका विभिन्न निति तथा रणनितिलाई कार्यान्वयनका लागि सामाजिक सुरक्षा अन्तर्गत विभिन्न अस्पतालहरूमा सामाजिक सुरक्षा एकाइ, ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालन कार्यक्रम र लैङ्गिक हिंसा प्रभावितहरूलाई प्रतिकारका निम्ति अस्पतालहरूमा एकद्वार संकट व्यवस्थापन केन्द्र सञ्चालन जस्ता कार्यक्रमहरूको अवलम्बन गरिएको छ।
उद्देश्य	• लक्षित समूहका बिरामीहरूको स्वास्थ्य सेवामा समतामुलक पहुँच एवम् उपयोग वृद्धि गर्ने। • लक्षित समूहसम्म निःशुल्क तथा आंशिक छुटमा विशेषज्ञ सेवाहरू उपलब्ध गराउने। • स्वास्थ्य बीमा, विपन्न नागरिक औषधी उपचार कार्यक्रम, ज्येष्ठ नागरिक (जेरियाट्रिक) स्वास्थ्य सेवा, नवजात शिशु स्वास्थ्य, गरीब तथा विपन्न वर्गका लागि निःशुल्क आकस्मिक सेवा लगायत सबै सामाजिक सुरक्षा कार्यक्रमहरूको संयोजन एवम् सहजीकरण गर्ने र सेवाको छुटमा दोहोरोपन हुन नदिने। • लैङ्गिक हिंसा पीडित व्यक्तिहरूलाई स्वास्थ्य उपचारका साथै अन्य आवश्यक सेवाहरू एकद्वार संकट व्यवस्थापन केन्द्र उपलब्ध गराई लैङ्गिक हिंसा नियन्त्रणमा योगदान पुर्‍याउने।
अपेक्षित प्रतिफल	आधारभूत स्वास्थ्य सेवाबाट लक्षित समूहको स्वास्थ्यमा सुधार भई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच पुगेको हुनेछ।
सञ्चालन प्रक्रिया	सामाजिक सेवा एकाई (स्थापना तथा सञ्चालन) निर्देशिका, २०७८ (परिमार्जन २०७९), जेरियाट्रिक (ज्येष्ठ नागरिक) स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७७, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालन निर्देशिका, २०७७ बमोजिम सञ्चालन गर्नु पर्नेछ।
बजेट बाँडफाँड	एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, सामाजिक स्वास्थ्य इकाई र जेरियाट्रिक (ज्येष्ठ नागरिक) स्वास्थ्य सेवा सञ्चालन गर्न एकमुष्ठ रकम बिनियोजन भएको छ। उक्त बजेटबाट ३५% बजेट एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालन गर्न बाँडफाँड गरी बाकी हुन आउने रकम सामाजिक स्वास्थ्य इकाई र जेरियाट्रिक (ज्येष्ठ नागरिक) स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्न गत वर्षको खर्च र सेवाग्राहीको सङ्ख्याको आधरमा बाँडफाँड गर्नुपर्दछ। यसरी बाँडफाँड गरिएको रकम सामाजिक सेवा एकाई (स्थापना तथा सञ्चालन) निर्देशिका, २०७८ (परिमार्जन २०७९), जेरियाट्रिक (ज्येष्ठ नागरिक) स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७७, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालन निर्देशिका, २०७७ बमोजिम खर्च गर्नु पर्नेछ।
अभिलेख तथा प्रतिवेदन	मासिक रुपमा सेवा प्रदान गरेको सेवाग्राहीहरूको प्रतिवेदन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको website मा रहेको OCMC, SSU, Geriatric Portal System मा नियमित प्रविष्ठ

	गर्नुपर्नेछ।
सन्दर्भ सामग्री	सामाजिक सेवा एकाइ (स्थापना तथा सञ्चालन) निर्देशिका, २०७८ (परिमार्जन २०७९), सामाजिक सेवा एकाई कार्यक्रम सञ्चालन मार्गदर्शन, ज्येष्ठ नागरिक सेवा सञ्चालन मार्गदर्शन २०८२।८३, जेरियाट्रिक (ज्येष्ठ नागरिक) स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७७, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालन निर्देशिका, २०७७, कार्य सञ्चालन निर्देशिका, २०८१ एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालन मार्गदर्शन २०८२।८३

अस्पतालमा ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालन, सामाजिक सेवा इकाई र एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालन कार्यक्रमका लागि निम्नानुसार बजेट बाँडफाँड गरिएको छ।

क्र.सं.	अस्पतालको नाम	एकद्वार संकट व्यवस्थापन केन्द्र	सामाजिक सेवा एकाई	ज्येष्ठ नागरिक कार्यक्रम	जम्मा बजेट (रु. हजारमा)	कैफियत
१	दमक अस्पताल	√			५००	जनशक्ति बाहेकको लागि मात्र बजेट बिनियोजन गरिएको
२	रगेंली अस्पताल	√			४००	
३	कटारी अस्पताल	√			४००	
४	बर्दिवास अस्पताल, महोत्तरी	√	√	√	१२००	
५	लालबन्दि अस्पताल	√			४००	जनशक्ति बाहेकको लागि मात्र बजेट बिनियोजन गरिएको
६	मन्थली अस्पताल, रामेछाप	√			१०००	
७	कीर्तिपुर बर्न सेन्टर (फेक्ट नेपाल)		√	√	१५००	
८	धुलिखेल अस्पताल	√	√	√	७९६०	
९	ठोकर्पा अस्पताल, सिन्धुपाल्चोक	√	√		५००	जनशक्ति बाहेकको लागि मात्र बजेट बिनियोजन गरिएको
१०	गर्हौं प्रथमिक अस्पताल, स्याङ्जा	√			३००	
११	गोकुलेश्वर अस्पताल, दार्चुला	√			५००	
जम्मा					१४६६०	

नोटः आवश्यकता अनुसार प्रदेश र स्थानीय तहले आफ्नो स्रोतबाट कार्यक्रम थप विस्तार गर्न सक्नेछ र सो कार्यक्रमको नियमित आर्थिक स्रोत तत् तत् निकायबाटै नै सुनिश्चित गर्नुपर्नेछ।

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि यातायात खर्च

परिचय	देशभर करिब ५१ हजार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले स्वास्थ्य सेवामा

	पुर्याउदै आएको योगदानको उच्च कदर गर्दै स्वयंसेविकाको सेवालाई थप प्रोत्साहन गर्न आ.व २०७८/७९ को बजेट वक्तव्यको बुदाँ नं. ३६ मा "मुलुकभरका ५१ हजार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई प्रदान गरिदै आएको यातायात खर्चमा शत प्रतिशत बृद्धि गरी प्रति व्यक्ति रु. १२ हजार पुर्याएको" भन्ने व्यवस्था भए बमोजिम महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई यातायात खर्च प्रदान गरिएकोछ।
उद्देश्य	महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले प्रदान गर्ने सेवाहरूमा थप प्रोत्साहन गर्ने।
अपेक्षित प्रतिफल	यातायात खर्च दिए पश्चात महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाहरूको मनोवल उच्च हुनेछ र सामुदायिक स्वास्थ्य सेवामा सुधार भएको हुनेछ।
सञ्चालन प्रक्रिया	▪ सर्वप्रथम यातायात खर्च प्रदान गर्नु अघि स्थानीय तहका स्वास्थ्य संस्थाले आफ्नो मातहतका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको अभिलेख तयार गर्नु पर्नेछ। ▪ स्वास्थ्य संस्था प्रमुखले प्रत्येक महिना प्रतिवेदन बुझाउन आउँदा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको लागि निरन्तर क्षमता अभिवृद्धि सामग्रीको कुनै एक मोड्युलमा छलफल गरेको हुनु पर्नेछ। त्यसपछि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको आमा समूहको बैठकमा सो विषयमा छलफल गरेको बैठकको माइन्युटिङ्ग वा अभिलेखमा प्रमाणित गरेपछि मात्र यातायात खर्च वितरण गर्नु पर्नेछ। ▪ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई तोके बमोजिम यातायत खर्च रकम बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ। ▪ गत आ.व.मा बजेट अपुग भएका स्थानीय तहहरूले सो आ.व. मा यातायात खर्च रकम दिन नसकेको अवस्थामा अन्यत्र स्रोतबाट व्यवस्थापन नभएको प्रमाणका आधारमा आ.व. २०८२।०८३ मा पठाइएको बजेटबाट दोहोरो नपर्ने व्यवस्था गरी र थप माग नगर्ने गरी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि यातायात खर्च उपलब्ध गराउन सकिनेछ। नोटः सङ्घीय सरकारले तोके बमोजिमको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको सङ्ख्या सहितको विवरण मात्र DHIS2 मा रहेका FCHV App मा अनिवार्य प्रविष्ट गर्नु पर्ने छ। रकम वितरण गरिएको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको सङ्ख्या र FCHV App मा भएको विवरण फरक नपरेको सुनिश्चित गर्नु पर्दछ।
बजेट बाँडफाँड	यस आ.व. २०८२/८३ का लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि जम्मा रु.१२,०००/- का दरले उपलब्ध गराउने गरी LMBIS Code २.७.२२.११३०३ मा रकम एकमुष्ठ प्रविष्ट गरिएको छ।
अभिलेख तथा प्रतिवेदन	स्थानीय तहका स्वास्थ्य शाखाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको यातायात खर्च वितरण गरिएको अभिलेख साथै FCHV App मा भएको विवरणको विधुतीय प्रति समेत राखी त्यसको प्रतिवेदन नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखामा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमको ईमेलः nationalfchvprogram2045@gmail.com मार्फत उपलब्ध गराउनु पर्दछ।
सन्दर्भ सामग्री	राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनिती, २०६७ (पहिलो संशोधन २०७६), बजेट वक्तव्य २०७८/७९, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको लागि निरन्तर क्षमता अभिवृद्धि सामग्री, २०७६

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई पोशाक प्रोत्साहन

परिचय	देशभरका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको पोशाकमा एकरुपता ल्याउनका लागि परिमार्जित राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६७ (पहिलो संशोधन, २०७६) मा पोशाकको नमूना निर्धारण गरेको छ र पोशाकको खर्च सङ्घीय सरकारबाट उपलब्ध हुँदै आएको छ।
उद्देश्य	देश भरका सेवारत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको पहिचानमा एकरूपता कायम गरी प्रोत्साहन गर्ने।
अपेक्षित प्रतिफल	- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको पोशाकमा एकरूपता कायम भएको हुनेछ। - स्वयंसेविकाहरूको मनोबल उच्च भई सामुदायिक स्वास्थ्य सेवामा सुधार भएको हुनेछ।
सञ्चालन प्रक्रिया	▪ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको पोशाक प्रोत्साहनको रकम प्रचलित ऐन नियम अनुसार एकमुष्ट वितरण गर्नु पर्नेछ। ▪ रकम वितरण गर्दा बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ। ▪ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको पोशाकको नमूना राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनिती, २०६७ (पहिलो संशोधन २०७६) को अनुसूची ६ मा तोके बमोजिम हुनुपर्नेछ। <u>नोटः</u> ▪ **सङ्घीय सरकारले तोके बमोजिमको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको सङ्ख्या सहितको विवरण अनिवार्य रूपमा DHIS 2 मा रहेको FCHV App मा प्रविष्टि गर्नु पर्नेछ।** ▪ गत आ.व. (२०८१/८२) मा बजेट अपुग भएका स्थानीय तहहरूले सो आ.व. मा पोशाक प्रोत्साहन रकम दिन नसकेको अवस्थामा अन्यत्र स्रोतबाट व्यवस्थापन नभएको प्रमाणका आधारमा आ.व. २०८२/०८३ मा पठाइएको बजेटबाट दोहोरो नहुने व्यवस्था गरी र थप माग नगर्ने गरी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि पोशाक प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछ।
बजेट बाँडफाँड	नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखामा प्राप्त विवरण र परिवार कल्याण महाशाखामा दर्ता भएका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको संख्याका आधारमा दोहोरो नपर्ने गरी जनही रु. १०,०००।- का दरले पोशाक प्रोत्साहनको लागि LMBIS Code. २.७.२२.११३०३ मा आवश्यक बजेट नेपाल सरकारको तर्फबाट विनियोजन गरिएको छ र पोशाक भत्तामा सामाजिक सुरक्षा कर लाग्नेछ। यदि रकम अपुग भएमा स्थानीय तहले बजेट व्यवस्थापन गर्न सक्नेछ।
अभिलेख तथा प्रतिवेदन	महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको पोशाक भत्ता वितरण गरिएको अभिलेख सङ्कलन गरी त्यसको प्रतिवेदन प्रदेशको स्वास्थ्य निर्देशनालय र नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा (ईमेलः nationalfchvprogram2045@gmail.com) मा उपलब्ध गराउनु पर्नेछ।
सन्दर्भ सामग्री	राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६७ (पहिलो संशोधन, २०७६
फोकल	महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमको फोकल व्यक्ति सम्बन्धित स्थानीय तहको

व्यक्ति	नर्सिङ कर्मचारी वा नर्सिङ्ग कर्मचारी नभएको खण्डमा स्वास्थ्य शाखा प्रमुखले तोकेको कर्मचारी हुनु पर्नेछ।
नोट	महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस र कार्यक्रमको वार्षिक समीक्षाको लागि स्थानीय तहबाट बजेट व्यवस्थापन गरी सञ्चालन गर्न सकिनेछ।

विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम

परिचय	विद्यालय स्वास्थ्य कार्यक्रमलाई शिक्षा क्षेत्र सँगको समन्वयमा क्रमश विस्तार गर्दै उच्च माध्यामिक विद्यालयसम्म प्रत्येक विद्यालयमा न्यूनतम १ जना स्वास्थ्य जनशक्ति उपलब्ध हुने गरी विद्यालयमा स्वास्थ्यका कार्यक्रम तथा जनचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ भनि राष्ट्रिय स्वास्थ्य नीति, २०७६ मा उल्लेख भए बमोजिम विद्यालय तहबाटै बालबालिकालाई स्वस्थ जीवनशैली अपनाउन तथा समग्र स्वास्थ्य, सरसफाइ र किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्य सुधारको आवश्यकतालाई मध्यनजर गर्दै विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा निर्देशिका,२०८१ बमोजिम कार्यक्रम सञ्चालन गरिएको छ। यस महाशाखाद्धारा आ.व. २०७६/७७ देखि १२ वटा स्थानीय तहको १०४ वटा विद्यालयहरूबाट कार्यक्रम शुरुवात गरी आ.व २०८२/८३ मा ८२ वटा विद्यालयहरूमा कार्यक्रम थप गरी जम्मा ३२५ वटा सामुदायिक विद्यालयहरूमा कार्यक्रम लागु भएको छ।
उद्देश्य	• विद्यालय तहबाटै बालबालिकाहरूलाई स्वस्थ जीवन शैली अपनाउन प्रेरित गर्ने। • विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवाको पहुँच पुर्याउने। • स्वास्थ्य प्रवर्धनात्मक विद्यालय प्रमाणिकरण गर्ने। • विद्यालयमा स्वस्थ, सफा र सिकाइ मैत्री वातावरण तयार गर्ने। • किशोरकिशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्य तथा किशोरीहरूको महिनावारीसँग सम्बन्धित समस्याहरूको समाधान गर्न सहयोग गर्ने। • विद्यालय उमेरका बालबालिकाहरूको मानसिक स्वास्थ्यमा प्रबर्धन गर्ने • स्वास्थ्यसँग सम्बन्धित अन्य कार्यक्रमहरू कार्यान्वयन गर्ने।
अपेक्षित प्रतिफल	• विद्यालय स्वास्थ्य कार्यक्रम शिक्षा क्षेत्रसँग समन्वय गर्दै विद्यालय तहबाटै बालबालिकालाई स्वस्थ जीवनशैली अपनाउन तथा समग्र स्वास्थ्य, सरसफाइ र किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्यमा सुधार भएको हुनेछ। • कार्यक्रम सञ्चालन भएको विद्यालयहरू स्वास्थ्य प्रवर्धनात्मक विद्यालय प्रमाणिकरण हुनेछन्।
सञ्चालन प्रक्रिया	यस शीर्षकमा विनियोजन गरिएको बजेट विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम निरन्तर र थप स्थानीय तहमा कार्यक्रम विस्तार गर्नका लागि चाहिने जनशक्ति नियुक्त गर्न, पारिश्रमिक दिन, सेवा प्रवेश तालिम प्रदान गर्न, आवश्यक औषधी उपकरण खरिद गर्न र कार्यक्रमको वार्षिक समीक्षा र अनुगमन गर्न वाहेक अन्य शीर्षकमा खर्च गर्न पाइने छैन। यस शीर्षकमा विनियोजित रकम अपुग भएमा सम्बन्धित स्थानीय तहबाट बजेट व्यवस्थापन गरी कार्यक्रमलाई निरन्तरता दिन सकिने छ। विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा निर्देशिका, २०८१ अनुसार यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। यस आ.व.मा कार्यक्रम विस्तार गरिएको

सम्बन्धित पालिकहरूले निर्देशिका बमोजिमको पालिका स्थित विद्यालय स्वास्थ्य समिति र विद्यालयतहमा विद्यालय स्वास्थ्य एकाई अनिवार्य रुपमा गठन गरी नियमित बैठक बस्नुपर्नेछ।

सम्पर्क व्यक्ति

विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रमको लागि समबन्धित स्थानीय तहको नर्सिङ्ग कर्मचारीलाई फोकल व्यक्ति तोक्नु पर्नेछ। नर्सिङ्ग कर्मचारी नभएको खण्डमा स्वास्थ्य शाखाको प्रमुखले तोकेको व्यक्ति यस कार्यक्रमको फोकल व्यक्ति हुन सक्नेछ।

हेल्थ एम्बेस्डरको व्यवस्था

विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम निर्देशिका, २०८१ को परिच्छेद ५ को दफा १२ अनुसार कार्यक्रम लागु भएको विद्यालयहरूमा हेल्थ एम्बेस्डरको छनौट गरी एमबेस्डरको जिम्मेवारीबारे अभिमुखीकरण र आवस्यक क्षमता अभिवृद्दि गर्नुपर्नेछ। स्थानीय तहले विद्यालय स्वास्थ्य समन्वय समिति र विद्यालय स्वास्थ्य एकाईको बैठकमा छलफल गरी विद्यालय र विद्यालय नर्सको समन्वयमा हेल्थ एम्बेस्डरको व्यवस्था गर्नुपर्नेछ।

स्वास्थ्य प्रवर्धनात्मक विद्यालयको प्रमाणिकरण

विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा निर्देशिका, २०८१ को परिच्छेद ३ दफा ६ अनुसूची ४ बमोजिमको स्वास्थ्य प्रवर्धनात्मक विद्यालयको मापदण्डहरू बारे विद्यालय र सरोकारवालाहरूलाई अभिमुखीकरण गर्नुपर्नेछ। विद्यालयले मापदण्ड अनुसार स्वंमूल्याङ्कन गरी आवस्यक दस्तावेज र प्रमाणिकरणको लागि पेस गरेको निवेदनको आधारमा स्थलगत अनुगमन वा स्वमूल्याङ्कनको आधारमा मापदण्डको न्यूनतम अङ्क प्राप्त गरेको खण्डमा जिल्ला स्थित प्रमाणिकरण समितिमा पेस गर्नुपर्नेछ र कार्यक्रम लागू भएको विद्यालयहरूलाई क्रमश स्वास्थ्य प्रवर्धनात्मक विद्यालय प्रमाणिकरण गर्दै लैजानु पर्नेछ।

सेवा प्रवेश तालिम (यस आ.व. मा कार्यक्रम विस्तार गरिएको स्थानीय तहको हकमा)

आ.व २०८२/८३ मा कार्यक्रम विस्तार गरिएको पालिकाहरूको हकमा र रिक्त विद्यालय नर्सको लागि पदपुर्ती गरेका स्थानीय तहहरूले विद्यालय नर्स नियुक्त गरेपछि अनिवार्य रुपमा सेवा प्रवेश तालिम प्रदान गर्नुपर्नेछ। सेवा प्रवेश तालिम प्याकेज नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखाको वेबसाईट (nssd.dohs.gov.np) बाट प्राप्त गर्न सकिन्छ।

- तालिममा प्रशिक्षण कार्यका लागि सम्बन्धित विषयबस्तुमा प्रशिक्षक प्रशिक्षण तालिम लिएका वा यस्तै प्रकारको तालिम सञ्चालन गरेको अनुभव भएका प्रशिक्षक छनोट गर्नुपर्नेछ।
- तालिम प्रशिक्षण कार्यको लागि यस महाशाखाबाट प्राविधिक रुपमा आवश्यकता अनुसार सहजीकरण गरिनेछ।
- अभिमुखीकरण पश्चात कार्ययोजना बनाउन लगाउने

कार्यक्रमको अनुगमन र समिक्षाः

- सम्बन्धित स्थानीय तहले यस कार्यक्रमको नियमित अनुगमन र सुपरिवेक्षण गर्नुपर्नेछ।

	• अनुगमनमा जाँदा अनुगमनकर्ताले विद्यालय नर्सले अनुसूची-९ बमोजिम हरेक विद्यार्थीको Child Assessment Form भरे नभरेको एकिन गर्नुका साथै मासिक प्रतिवेदन अनुसारको क्रियाकलपाको अभिलेख समेतको अवलोकन गर्नुपर्ने हुन्छ। • अनुगमन गर्ने स्थानीय तहका प्रतिनिधिहरूले विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन गर्ने क्रममा विद्यालय स्तरमा हुने समस्या समाधानका लागि समेत सम्बन्धित विद्यालय व्यवस्थापन समितिसँग समन्वय र सहजीकरण गर्नुपर्नेछ। • स्थानीय तहले वर्षको १ पटक समीक्षा कार्यक्रमको आयोजना गर्नुपर्नेछ र सो समीक्षामा आएका पृष्ठपोषण अनुसार कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्नेछ।
बजेट बाँडफाँड	• विद्यालय नर्सको पारिश्रमिकका लागि प्रति विद्यालय नर्स प्रति महिना प्रति व्यक्ति रु ३४,७३०/- का दरले १२ महिनाको मासिक तलबमा मात्र खर्च गर्नुपर्नेछ। • विद्यालय नर्सको पारिश्रमिकका लागि रकम अपुग हुन गएमा स्थानीय तहबाट व्यवस्था गर्नुपर्नेछ। साथै स्थानीय तहले विद्यालयनर्सहरूलाई चाडबाड खर्च, पोसाक र महङ्गी भत्ता प्रदान गर्न सक्नेछ। • कार्यक्रम लागू गर्ने नयाँ स्थानीय तहले बिनियोजित बजेट विद्यालय नर्सको पारिश्रमिकका लागि प्रति विद्यालय नर्स प्रति महिना प्रति व्यक्ति रु. ३४,७३०/- का दरले (१२ महिनाको मासिक तलबमा मात्र) • आ.व २०८२/८३ मा विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम थप गरिएको स्थानीय तहले कार्यक्रमका लागि आवश्यक उपकरण र सेवा प्रवेश अभिमुखीकरणका लागि खर्च गर्नुपर्नेछ। रकम अपुग हुन गएमा स्थानीय तहबाट व्यवस्था गर्न सक्नेछ। *नोटः लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सम्बन्धित स्थानीय तहले यस कार्यक्रमका लागि विनियोजित बजेटमा थप गरी थप विद्यालयमा समेत यो कार्यक्रम लागू गर्नु पर्नेछ।*
अभिलेखीकरण	विद्यालय, विद्यालय नर्स, शिक्षकहरू र विद्यार्थीका विवरणहरू विद्यालय नर्सहरूले आफ्नो कार्यलयमा मूल दर्ता बनाई अभिलेख राख्नु पर्नेछ। विद्यालयनर्सहरूले प्रदान गरेको सेवाहरू स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम सम्बन्धी सफ्टवेयर (स्कुल हेल्थ् नर्सिङ इन्फर्मेशन सिस्टम/School Health Information System) मा प्रविष्ट गर्नुपर्नेछ। सफ्टवेयरमा प्रविष्ट गर्न हरेक विद्यालय नर्सहरूका लागि user name र password प्रदान गरिनेछ। विद्यालय नर्सहरूले विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम निर्देशिका, २०८१ को अनुसूची ९ बमोजिम Child assessment form भर्नु पर्नेछ र अनुसूची १० बमोजिम प्रतिवेदन तयार गर्नुपर्नेछ।
प्रतिवेदन	सम्बन्धित स्थानीय तहले विद्यालय नर्स नियुक्ति गरी सकेपछि सो को विवरण र सेवा प्रवेश तालिम प्रदान गरेको विवरण समेत स्वास्थ्य सेवा विभागको नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखामा पेस गर्नुपर्ने हुन्छ। विद्यालय नर्सले विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा निर्देशिका,२०८१ अनुसारका अभिलेख फाराम भरी सम्बन्धित स्थानीय तहमा प्रत्येक महिनाको रिपोर्टिङ्ग गर्नुपर्ने हुन्छ। सम्बन्धित स्थानीय तहले प्रत्येक महिना विद्यालय नर्सद्वारा प्रदान गरिएको सेवाको प्रतिवेदन र अनुगमनको प्रतिवेदन स्वास्थ्य सेवा विभागको नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखाको ईमेल nursing2075@gmail.comमा पेस गर्नु पर्ने हुन्छ।
सन्दर्भ सामग्री	विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा निर्देशिका, २०८१, विद्यालय नर्सहरूको लागि सेवा प्रवेश तालिम प्याकेज।

क्षमता अभिवृद्धि	स्थानीय तहबाट सञ्चालन हुने विभिन्न स्वास्थ्य सम्बन्धित सान्दर्भिक तालिमहरूमा विद्यालय नर्सहरूलाई अनिवार्य रुपमा सहभागी गराउनु पर्नेछ।

सामुदायिक स्वास्थ्य तथा नर्सिङ्ग सेवा घरदैलो कार्यक्रम

परिचय	समुदायमा परिवार केन्द्रित स्वास्थ्य सेवा तथा जीवनपथको अवधारणा अनुरुप प्रत्येक व्यक्तिको स्वास्थ्य तथ्याङ्क (पारिवारिक लागत सहित) राखी नियमित अनुगमन गर्नुका साथै सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर-किशोरी स्वास्थ्य तथा प्रजनन् स्वास्थ्य, सर्ने तथा नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रण तथा ज्येष्ठ नागरिक लगायतका सेवाको विकास तथा विस्तार गर्न आ.व. २०७८/७९ देखि नमूना कार्यक्रमका रूपमा मधेश प्रदेश र बाग्मती प्रदेशका एक-एक स्थानीय तह क्रमशः बर्दिबास नगरपालिका र भक्तपुर नगरपालिकामा सुरुवात गरी लागू गरिएको यस कार्यक्रम आ.व. २०७९/८० मा बाग्मती प्रदेश अन्तर्गतको स्थानीय तह चन्द्रागिरी नगरपालिकामा, आ.व. २०८०/८१ मा गण्डकी प्रदेश अन्तर्गतको स्थानीय तह वालिङ्ग नगरपालिका, आ.व. २०८१/०८२ मा कोशी प्रदेश अन्तर्गतको स्थानीय तह इटहरी उपनगरपालिकामा र यस आ.व २०८२/८३ मा बारबर्दिया नगरपालिकामा थप गरिएको छ।
उद्देश्य	– परिवारमा प्रत्येक व्यक्तिको स्वास्थ्य तथ्याङ्क राखी स्वास्थ्य आवश्यकता अनुसार अनुगमन गर्ने र त्यसलाई नियमित रुपमा अद्यावधिक गर्ने। – घरैबाट र बाल्यकालदेखि स्वास्थ्य जीवनशैली प्रबर्द्धन गरी सर्ने तथा नसर्ने रोगहरू कम गराउने। – जीवनपथको अवधारणा अनुरुप गर्भवती, सुत्केरी, पूर्वप्रसुति, नवजात शिशु स्वास्थ्य, बाल स्वास्थ्य, किशोर-किशोरी, वयस्कदेखि ज्येष्ठ नागरिकहरूलाई घर तथा समुदायस्तरमा नियमित स्वास्थ्य सेवा परिक्षण, प्रबर्द्धन र प्राथमिक उपचार प्रदान गरी स्वास्थ्य समस्या कम गर्ने तथा आवश्यकता अनुसार सम्बन्धित ठाँउमा प्रेषण गर्ने। – विभिन्न स्वास्थ्य समस्याहरूको स्क्रीनिङ्ग गर्ने (जस्तैः रक्तचापको जाँच, पिसावमा Albumin, Sugar, रगतमा Sugar को जाँच, समुदायमा व्यक्तिहरूको शरीरको तौलको मापन, Self-Breast Examination (SBE), Body Mass Index (BMI) र Visual Inspection with Acetic Acid (VIA) आदि।) – समुदायमा हुने स्वास्थ्यको विभिन्न कार्यक्रमलाई एकीकृत गरी एकीकृत स्वास्थ्य सेवा पुर्याउने। – व्यवहार परिवर्तनमा आधारित स्वास्थ्य शिक्षा प्रदान गर्ने जस्तैः स्वस्थ्य जीवनशैली र सन्तुलित खाना प्रोत्साहन गर्ने। – स्वास्थ्य बीमामा सहभागी र पुनः दर्ता सेवा बढाउनका लागि परामर्श दिने।
अपेक्षित प्रतिफल	समुदायका व्यक्तिहरूको स्वास्थ्य तथ्याङ्कको अभिलेखिकरण राख्नका साथै व्यक्तिहरूको स्वास्थ्य आवश्यकता अनुसार नियमित घरभेट गरी स्वास्थ्य आवश्यकता शीघ्र पहिचान गरी आवश्यक्ता अनुसार स्वास्थ्य संस्थामा प्रेषण गर्ने र समस्त समुदायलाई स्वास्थ्य जीवनशैलीको अनुशरण गर्न सहयोग गर्नेछ।
सञ्चालन प्रक्रिया	कार्यक्रम लागू भएका प्रत्येक स्थानीय तहले "सामुदायिक स्वास्थ्य कार्यक्रम निर्देशिका २०७८" बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहले तपसिल अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

१. जनशक्तिको छनौटः निर्देशिकामा उल्लेखित भए बमोजिम सामुदायिक नर्स तथा सामुदायिक स्वास्थ्य अधिकृत नियुक्ति गर्नपर्नेछ। प्रत्येक वडामा न्यूनतम एक जना सामुदायिक नर्सलाई र एक स्थानीय तहमा एक जना सामुदायिक स्वास्थ्य अधिकृत नियुक्ति गर्नुपर्नेछ। जनशक्तिको छनौट गर्दा नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखालाई जानकारी गराउनु पर्नेछ।

२. कार्यविवरणः सामुदायिक नर्स तथा सामुदायिक स्वास्थ्य अधिकृतको कार्यविवरण "सामुदायिक स्वास्थ्य कार्यक्रम निर्देशिका २०७८" को अनुसूची ६ र ७ बमोजिम हुने छ र सोको सार संक्षेप निम्नानुसार रहेको छ।

३. अभिमुखीकरणः यस आ.व.मा कार्यक्रम थप गरिएको स्थानीय तहको हकमा नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखाबाट सामुदायिक नर्स, सामुदायिक स्वास्थ्य अधिकृत, महिला सामुदायिक स्वास्थ्य स्वंय सेविका, जनप्रतिनिधि लगायत अन्य सरोकारवाला निकायहरूलाई कार्यक्रम र सूचना प्रणाली सम्बन्धी अभिमुखीकरण दिइने छ। यसका लागि स्थानीय तहले कर्मचारी नियुक्ति भए पछि नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखासँग समन्वय गर्नुपर्नेछ।

४. कार्य सञ्चालन प्रक्रियाः

- निर्देशिका बमोजिम स्थानीय तहले करार सेवामा प्रत्येक स्थानीय तहमा एक जना सामुदायिक स्वास्थ्य अधिकृत र प्रत्येक वडामा न्यूनतम एक जनासम्म सामुदायिक नर्स नियुक्ति गर्नुपर्नेछ।
- स्वीकृत फाराम र सूचाङ्क अनुसार Visiting Service Providers, Roaming Nurse जस्ता कार्यक्रमहरू सञ्चालन भई राखेका स्थनीय तह र महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाको सहयोगमा सामुदायिक नर्सले प्रत्येक घरमा गई स्वास्थ्यका साथै अन्य सम्पूर्ण विवरण लिने र समय-समयमा अद्यावधिक गर्ने साथै स्वास्थ्य जोखिम अनुसार Follow up गर्ने।
- सबै सूचनाहरू Software मा प्रविष्ट गरी अनुगमन सूचाङ्क अनुसार घरघरमा Follow up गर्न योजना बनाई आवश्यकता अनुसार स्वास्थ्य सेवा, सूचना प्रवर्द्धन, प्रेषण र अन्य कार्यहरू गर्ने।
- उक्त योजना अनुसार दैनिक (साप्ताहिक), मासिक रुपमा व्यक्ति, परिवार केन्द्रित घरभेट गरी स्वास्थ्य सूचना र सेवा प्रदान गर्ने।
- सामुदायिक नर्सको वडा कार्यालयमा बनाई आफ्नो वडाको प्रत्येक नागरिकको Health Profile तयार गर्ने र स्थानीय तहले सबै वडाबाट Health Profile जम्मा गरी आफ्नो स्थानीय तहको सबै नागरिकको स्वास्थ्य स्थिति र सूचाङ्क Digitalized गर्ने। तथ्याङ्कहरू पालिका स्थित dashboard मा अध्यावधिक भए/नभएको सुनिश्चित गर्ने।
- सामुदायिक स्वास्थ्य अधिकृतले सामुदायिक नर्ससँग नियमित छलफल गरी साप्ताहिक, मासिक, वार्षिक कार्य योजना बनाई काम गर्ने।
- स्थानीय तहले कार्यक्रमको अर्ध वार्षिक तथा वार्षिक समीक्षा गरी थप व्यवस्थित गर्दै यस

	कार्यक्रमलाई निरन्तरता दिने। – सामुदायिक नर्सहरूले कार्यक्रममा Community Health Information System को माध्यमबाट स्वास्थ्य र अन्य सामाजिक सूचाङ्कहरू नियमित अद्यावधिक गरी अभिलेख प्रतिवेदन तयार गर्ने। उक्त प्रतिवेदन स्थानीय तह र सरोकारवाला निकायहरू बिच प्रस्तुतिकरण/कार्यक्रम समीक्षामा छलफल गरी सोहि अनुसार स्थानीय तहको स्वास्थ्य योजना बनाउन सहयोग गर्ने। **५. औषधी र औषधीजन्य सामग्री र भौतिक पूर्वाधार व्यवस्थापन** – सम्बन्धित स्थानीय तहले "सामुदायिक स्वास्थ्य कार्यक्रम निर्देशिका २०७८" को अनुसूची ९ मा उल्लेख भए बमोजिमका कार्यक्रम सञ्चालनका लागि भौतिक पूर्वाधार, उपकरण, औषधी र औषधीजन्य सामग्रीको व्यवस्थापन गर्नुपर्नेछ। – सम्बन्धित स्थानीय तहले छनौट भएको वडा कार्यालयसँगको समन्वयमा सामुदायिक स्वास्थ्य अधिकृत र सामुदायिक नर्सका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, अन्य आवश्यक सामग्री साथै काम गर्नका लागि अनुकूल वातावरण सुनिश्चित गर्नुपर्नेछ। – सामुदायिक स्वास्थ्य अधिकृतको कार्यकक्ष सम्बन्धित नगरस्थानीय तहको भवनमा तथा सामुदायिक नर्सको कार्यकक्ष सम्बन्धित वडा कार्यालयको भवनमा व्यवस्थापन गर्नुपर्नेछ। **६. कार्यक्रमको अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण** – कार्यक्रमको नियमित अनुगमन तथा नियमन स्थानीय तहले गर्नुपर्नेछ र सोको सल्लाह, सुझाव, निष्कर्ष, छलफल सहितको प्रतिवेदन वा माईनुट स्थानीय तहले महाशाखालाई उपलब्ध गराउनु पर्नेछ। सङ्घको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय वा स्वास्थ्य सेवा विभागका प्रतिनिधिबाट पनि कार्यक्रमको आवधिक रुपमा अनुगमन हुनेछ। – सामुदायिक नर्सले प्रदान गरेको सेवाको अभिलेखिकरण र प्रतिवेदनका लागि नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखाको सूचना प्रणाली अनुसार गर्नु पर्नेछ। – सम्बन्धित स्थानीय तह र स्वास्थ्यकर्मीहरूलाई यस बारे अभिमुखीकरण गरिने छ। – Software मा तथ्याङ्क र सेवाको प्रविष्ट गर्नका लागि प्रत्येक सामुदायिक नर्सलाई Tablet र सामुदायिक स्वास्थ्य अधिकृतलाई Laptop प्रदान गर्नुपर्नेछ। यी सामान खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ संसोधित अनुसार गर्नुपर्नेछ। नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखाले तयार गरेको Specification अनुसार Tablet र Laptop खरिद गर्नुपर्नेछ। – सम्बन्धित स्थानीय तहले आयोजना गर्ने वार्षिक समीक्षा कार्यक्रममा सामुदुयिक घर दैलो कार्यक्रमलाई पनि संलग्न गरी सञ्चालन गर्नुपर्नेछ।
बजेट बाँडफाँड	▪ सामुदायिक नर्स तथा सामुदायिक स्वास्थ्य अधिकृतलाई क्रमशः रू. ३४,७३०/- र रू. ४५,८५१/-। प्रति महिना (१२ महिनाको मासिक तलब मात्र) अनुसार पारिश्रमिक दिनु पर्नेछ। ▪ स्थानीय तहले सामुदायिक स्वास्थ्य नर्स र सामुदायिक स्वास्थ्य अधिकृतहरूलाई चाडबाड खर्च, पोशाक र महङ्गी भत्ता प्रदान गर्नसक्नेछ।

	▪ कार्यक्रम लागू गर्ने नयाँ स्थानीय तहको हकमा – सामुदायिक नर्स तथा सामुदायिक स्वास्थ्य अधिकृको क्रमशः प्रति महिना प्रति व्यक्ति रु. ३४,७३०/- र रू. ४५,८५१/- का दरले (१२ महिनाको मासिक तलबमा मात्र) – प्रत्येक सामुदायिक नर्सका लागि ट्याबलेट र सामुदायिक स्वास्थ्य अधिकृतका लागि ल्यापटप खरिद, – सामुदायिक नर्सका लागि आवश्यक उपकरण खरिद (निर्देशिका, अनुसूची ९) – सेवा प्रवेश अभिमुखीकरणका लागि खर्च गर्नुपर्नेछ। **बाँकी बजेटः** कार्यक्रमका लागि आवश्यक उपकरण, औषधी, औषधीजन्य सामग्रीको खरिद, कार्यक्रमसँग सम्बन्धित अनसाइट कोचिंग, अनुगमनका लागि खर्च गरिनु पर्नेछ। (विनियोजित बजेट अधिक भएको स्थानीय तहको हकमा मात्र) पुनश्चः • स्थानीय तहले विनियोजित बजेट खर्च गर्दा सर्वप्रथम अनिवार्य दायित्वका विषय- पारिश्रमिकमा बजेट छुट्टाए पछि मात्र बाँकी बजेट खरिद तथा अनुगमनमा खर्च गर्नुपर्नेछ। • पारिश्रमिकका लागि अपूग बजेट सम्बन्धित स्थानीय तहबाट गर्नुपर्नेछ। साथै कार्यक्रम लागू भएको दोस्रो वर्षदेखि कार्यक्रमका लागि आवश्यक उपकरण, औषधी, औषधीजन्य सामग्रीको खरिदको व्यवस्था सम्बन्धित स्थानीय तहबाट गर्नुपर्नेछ। • लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहहररुले कार्यक्रम सञ्चालन गर्नको लागि थप बजेटको व्यवस्था गर्नुपर्नेछ।
अभिलेख तथा प्रतिवेदन	सामुदायिक नर्सले अनुसूची १० को आधारमा तथ्याङ्कको अभिलेख तयार गर्नु पर्नेछ र सामुदायिक अधिकृतले स्थानीय तहमा तोकिएको व्यक्तिसँग समन्वय गरी सो तथ्याङ्कको अभिलेख सहि भएको सुनिश्चित गरे पश्चात मासिक, चौमासिक र अर्धवार्षिक रुपमा अनुसूची ११ बमोजिम प्रतिवेदन स्थानीय तह तथा स्वास्थ्य सेवा विभागको नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखामा पठाउनु पर्नेछ। अभिलेख तथा प्रतिवेदनका लागि सहजीकरण गर्नका लागि नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखाले तयार गरेको सूचना प्रणाली (Community Health Information System CHIS) को प्रयोग गर्नुपर्नेछ।
सन्दर्भ सामग्री	सामुदायिक स्वास्थ्य कार्यक्रम निर्देशिका २०७८
क्षमता अभिवृद्धि	स्थानीय तहबाट सञ्चालन हुने विभिन्न स्वास्थ्य सम्बन्धित सान्दर्भिक तालिमहरूमा सामुदायिक नर्स, सामुदायिक स्वास्थ्य अधिकृतलाई सहभागी गराउनु पर्नेछ।

ब.उ.शि.नं. ३७००३१०२ आयुर्वेद सेवा कार्यक्रम

नेपालको संविधान २०७२ मा नेपालको परम्परागत चिकित्सा पद्दतिको रुपमा रहेको आयुर्वेद, प्राकृतिक चिकित्सा र होमियोप्याथिक लगायतका स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्धन गर्ने भनी प्राथमिकताका साथ उल्लेख गरिएको छ। संविधानका अनुसूचीहरूमा आयुर्वेद तथा वैकल्पिक चिकित्साका विभिन्न आयामलाई महत्वपूर्ण स्थान दिइएको छ। सोह्रौं पञ्चवर्षिय योजनाको परिच्छेद ५ को स्वस्थ, शिक्षित र सिपयुक्त मानवपुजि निर्माण अन्तरगत ५.४ रुपान्तरणकारी रणनीति स्वास्थ्य तथा जनसङ्ख्या (५) मा गुणस्तरीय, भरपर्दो तथा एकीकृत स्वास्थ्य प्रणालीको विकास गर्ने अवधारण अनुरुप आयुर्वेद लगायतका चिकित्सा प्रणालीलाई विकास र विस्तार गर्दै स्तरोन्नति गराउने उल्लेख छ। ५.५ प्रमुख कार्यक्रम स्वास्थ्य तथा जनसङ्ख्या (१५) को मानसिक तथा वैकल्पिक स्वास्थ्य सम्बन्धी कार्यक्रममा मानसिक स्वास्थ्य प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन; नागरिक आरोग्य कार्यक्रमलाई सङ्घ संस्था, सहकारी र समुदायसँगको समन्वयमा वडा तथा समुदायस्तर सम्म विस्तार; "मेरो स्वास्थ्य- मेरो जिम्मेवारी" अभियानलाई समुदायस्तर सम्म विस्तार; मनोरञ्जन केन्द्र, योग केन्द्रहरू मार्फत ज्येष्ठ नागरिकको शारीरिक, मानसिक तथा आध्यात्मिक स्वस्थताको प्रवर्द्धन गर्ने उल्लेख छ। आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा व्यवस्थापन तथा प्रवाहका लागि सङ्घमा केन्द्रिय आयुर्वेद चिकित्सालय र होमियोप्याथीक अस्पताल, प्रदेश स्तरमा आयुर्वेद चिकित्सालयहरू, ७७ वटै जिल्लामा जिल्ला स्तरीय आयुर्वेद स्वास्थ्य संस्था तथा स्थानीय स्तरमा ३०५ वटा आयुर्वेद औषधालयवाट आयुर्वेद स्वास्थ्य सेवा प्रवाह भै ७५३ स्थानीय तह मध्ये ३१३ मा आयुर्वेद स्वास्थ्य संस्थाको सेवा विस्तारित छ भने वाँकि ४४० स्थानीय तहमा नागारिक आरोग्य सेवा केन्द्र मार्फतत सेवा प्रवाह हुने गरि व्यवस्था गरीएकोछ। यस सन्दर्भमा स्थानीय तह अन्तर्गत आयुर्वेद संस्थाहरूमा सङ्घीय सशर्त अनुदानबाट यस आ.व.मा सञ्चालन हुने देहाय बमोजिमका कार्यक्रमहरूको गुणस्तरीय सञ्चालन, व्यवस्थापकीय पक्षको सुधार तथा कार्यक्रम सञ्चालनमा एकरूपता ल्याउन यो मार्गदर्शन तयार पारीएको छ। यस मार्गदर्शनमा एक औषधालयको लागि बजेट तथा कार्यक्रम तयार गरिएको हो। स्थानीय तहमा एक भन्दा बढी औषधालय रहेको खण्डमा औषधालय संख्याको आधारमा प्रत्येक औषधालयलाई यसै अनुपातमा बजेट तथा कार्यक्रम हुने छ।

आयुर्वेद औषधालयको लागि औषधी खरिद

परिचय	गुणस्तरीय औषधी र स्वास्थ्य सामग्रीको सहज तथा प्रभावकारी आपूर्ति एवम् उपयोगलाई सुनिश्चित गर्दै आयुर्वेद स्वास्थ्य संस्थाहरूमा सेवा लिन आउने सेवाग्राहीलाई तोकिएका औषधी निःशुल्क रूपमा निरन्तर उपलब्ध गराउने उदेश्यले यो कार्यक्रम राखिएको हो।
उद्देश्य	• निःशुल्क अत्यावश्यक औषधीहरूको उपलव्धता सुनिश्चित गर्ने। • स्थानीय रुपमा देखिने रोगहरूको प्राथमिकता अनुसार निरन्तर व्यवस्था हुने गरि आवश्यक आयुर्वेद औषधी खरिद गर्ने। • निःशुल्क औषधी सहितको सेवा निरन्तर प्रवाह गर्ने।
अपेक्षित प्रतिफल	अत्यावश्यक औषधी सहितको सेवा नियमित उपलब्ध हुनेछ।
सञ्चालन प्रकृया	• आयुर्वेद स्वास्थ्य संस्थाको विरामी तथ्याङ्क अनुसार खरिद गर्ने आयुर्वेद औषधीको प्राथमिकता एवम् परिमाण निर्धारण गर्ने। • औषधी खरिद गर्दा अनुसूची-५ अनुसारका निःशुल्क बितरण गरिने अत्यावश्यक आयुर्वेद

	औषधीहरूको मिति २०७४।७।२३ को स्वीकृत सूची (२३ वटा) अनुसारका औषधी खरिद गर्नु पर्नेछ। • प्राप्त बजेटको परिधी भित्र रहि प्रचलित कानून वमोजिम औषधी खरिद गर्ने। • यसरी औषधी खरिद गर्दा WHO-GMP Guideline/National GMP Guideline/औषधी उत्पादन कुशल अभ्यास (दोस्रो सशोधन) संहिता, २०८२ बमोजिम प्रमाणीकरण गरिएको उद्योगबाट उत्पादित औषधीलाई प्राथमिकतामा राखी खरिद गर्ने। • खरिद गरिने औषधीहरूको ब्याच नं., निर्मित मिति र म्याद समाप्ति मिति स्पष्ट भएको हुनुपर्ने र कम्तिमा १ वर्ष म्याद समाप्ति मिति बाँकि रहेको हुनपर्नेछ। • औषधीको बट्टा / प्याकेजिङ बाहिर अनिवार्य रूपमा स्पष्ट देखिनेगरी "नेपाल सरकारद्वारा निःशुल्क वितरणको लागि " भनि उल्लेख गरीएको हुनुपर्नेछ। • सम्भव भए सम्म सिंहदरबार वैद्यखाना विकास समितिबाट उत्पादित अत्यावश्यक औषधीहरू खरिद गर्ने। • खरिद गरिने औषधीको औषधी व्यवस्था विभागमा दर्ता भई नविकरण समेत भएको उत्पादन अनुज्ञापत्र र बजार विक्रिवितरण प्रमाण पत्र अनिवार्य रुपमा पेस गर्नु पर्नेछ। • औषधी उत्पादक कम्पनीहरूले यस आ.व.का लागि राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित सूचना अनुसारको थोक मूल्य दरलाई समेत आधार मानि लागत अनुमान तयार गर्ने। • अनुसूची ६ बमोजिमको गुणस्तर परीक्षण प्रतिवेदन र चूर्ण औषधीहरूको हकमा मान्यता प्राप्त औषधी परीक्षण प्रयोगशालाबाट microbial test comply भएको प्रमाणपत्र र औषधी दाखिला प्रतिवेदनको छायाँप्रति सहित औषधी दाखिला भएको मितिले १ महिना भित्र आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा अनिवार्य रूपमा पठाउनुपर्नेछ। • औषधी खरिद गर्दा गुणस्तर परीक्षण गरी रेकर्ड अद्यावधिक हुनु पर्नेछ। • औषधीको गुणस्तर परीक्षण अनुसूची-६ मा तोकिए वमोजिम हुनेछ।खरिद सम्वन्धमा अनुसूची- ८ वमोजिम को फाराम भरि अध्यावधिक गर्नुपर्ने छ। • कार्यक्रम सञ्चालनका लागि कार्य योजना तयार गरी सोही अनुसार गर्ने।
बजेट बाँडफाँड	कार्यक्रम सञ्चालनबाट बचत रहेको रकमबाट ज्येष्ठ नागरिक र स्तनपायी आमाको लागि समेत औषधि खरिद गर्ने।
सन्दर्भ सामग्री	मार्गदर्शन, निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम।

ज्येष्ठ नागरिकको लागि स्वास्थ्य प्रवर्धन सेवा

परिचय	आयुर्वेद स्वास्थ्य संस्थाहरूमा सेवा लिन आउने ज्येष्ठ नागरिक सेवाग्राहीहरूको पहिचान गरी नियमित रूपमा स्वास्थ्य जाँच तथा प्रबर्धन गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो।
उद्देश्य	ज्येष्ठ नागरिकहरूको शारीरिक जाँच गरी रसायन चिकित्सा र योगको माध्यमबाट स्वास्थ्य संरक्षण,प्रवर्धन र उचित परामर्श दिने।
अपेक्षित प्रतिफल	• ज्येष्ठ नागरिकहरूले नियमित रूपमा आवश्यक सेवा एवम् औषधोपचार प्राप्त गर्नेछन्। • योग तथा उपयुक्त आहारविहार अपनाएर जीवनशैली परिवर्तन गरी स्तरीय जीवनयापन गर्न सक्नेछन्। • रसायन औषधीहरूको प्रयोगबाट ज्येष्ठ नागरिकहरूको स्वास्थ्य संरक्षण र प्रवर्धन भएको

	हुनेछ।
सञ्चालन प्रकृया	• आयुर्वेद स्वास्थ्य संस्थाहरूमा सेवा लिन आउने ज्येष्ठ नागरिक सेवाग्राहीको पहिचान गरी नियमित रूपमा स्वास्थ्य जाँच गर्ने। • आचार रसायन, आहार-विहार, व्यायाम, योग तथा पूर्वपञ्चकर्म विधिको आधारमा सेवा प्रदान गर्न आवश्यक तोकिए बमोजिमका औषधीहरू बजेट शिर्षकमा व्यवस्था भए बमोजिमको बजेटको परिधि भित्र रहि औषधी खरिद गर्ने। • समुदायमा स्वास्थ्य सेवाबाट बञ्चित, आर्थिक रूपले बिपन्न वर्गका ज्येष्ठ नागरिकहरूका लागि काम गरिरहेका स्थानीय सङ्घ संस्थाहरू, बृद्धाश्रम, योग केन्द्रहरूसँग समेत समन्वय गर्न सकिनेछ। • कार्यक्रमको अभिलेख अनुसूची -३ वमोजिम अद्यावधिक राख्नु पर्ने छ। • यस कार्यक्रमको प्रतिवेदन तोकिएको ढांचामा सम्बन्धित निकायमा पठाउनु पर्नेछ। लक्षित समूहः- ज्येष्ठ नागरिकहरू।
बजेट बाँडफाँड	२०,०००/- (व्यवस्थापन खर्च)।
सन्दर्भ सामग्री	निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम।

स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी तथा अन्य औषधी वितरण

परिचय	मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाउन, आमा र बच्चाको स्वास्थ्य सुधार गर्न तथा कुपोषणजन्य रोगबाट बचाउन, सुत्केरी महिलालाई शतावरी चूर्ण वितरण गरि पर्याप्त दूध बढाउन यो कार्यक्रम प्रस्ताव गरिएको हो।
उद्देश्य	• आमा र बच्चाको स्वास्थ्य सुधार गर्ने तथा कुपोषणजन्य रोगबाट बचाउने। • स्तनपानको महत्वबारे स्तनपायी महिलाहरूलाई जनचेतनामूलक स्वास्थ्य शिक्षा प्रदान गर्ने। • मातृशिशु मृत्युदर घटाउने।
अपेक्षित प्रतिफल	• शतावरी चूर्ण, दशमूल तेलको समेत प्रयोगबाट शिशु र आमाको स्वास्थ्यमा सुधार हुनेछ। • स्तनपायी महिलाहरू आफ्नो शिशुलाई स्तनपान गराउन उत्प्रेरित हुने छन्। • बच्चाको शारीरिक र मानसिक बृद्धि र विकासमा सघाउ पुग्नेछ। • कुपोषणजन्य रोगहरूको रोकथाम हुनेछ। • बाल मृत्युदर घटाउन मद्धत पुग्नेछ।
सञ्चालन प्रकृया	• स्वास्थ्य संस्थामा आउने समवन्धित सेवाग्राहीलाई अनुसूची -४ मा तोकिए बमोजिमको औषधीका साथै दशमूल तेल समावेश गरी नियमित रूपमा सेवा प्रदान गर्ने। • स्वास्थ्य स्वयंसेविका समेतको समन्वयमा सुत्केरी महिलाको लगत सङ्कलन गर्ने • शिशु र आमाको नियमित रूपमा स्वास्थ्य जाँच गर्नुपर्नेछ। • आवश्यकतानुसार सुत्केरी महिलाको पर्याप्त दूध बढाउन शतावरी (कुरिलो चूर्ण) ६ महिनासम्म खुवाउनुपर्नेछ। तत्काल सुत्केरी भएको अवस्था छ भने आमालाई एक महिनासम्म दशमूल तेलको मालिस प्रयोग गर्न दिनुपर्नेछ। • मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाउन बर्थिङ सेन्टर, खोपकेन्द्र, पूर्व प्रसूति

	जाँच गर्ने स्थानहरूसँग समेत समन्वय गर्न सकिनेछ। • कार्यक्रमको अभिलेख अनुसूची-३ वमोजिम अद्यावधिक राख्नु पर्ने छ। लक्षित समूहः स्तनपायी महिला (बच्चा जन्मेपछि ६ महिना सम्म)।
बजेट बाँडफाँड	२०,०००/- (व्यवस्थापन खर्च)
सन्दर्भ सामग्री	मार्गदर्शन, निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम।

पंचकर्म (पूर्वकर्म)

परिचय	पूर्वकर्म कार्यक्रमका माध्यमबाट आयुर्वेद स्वास्थ्य संस्थाहरूमा आउने सेवाग्राहीहरूको उपचार तथा स्वास्थ्य प्रवर्धन गर्न यो कार्यक्रम सञ्चालन गरिएको हो।
उद्देश्य	आयुर्वेद स्वास्थ्य संस्थाहरूमा आउने सेवाग्राहीहरूको जाँच गरी पूर्वकर्मको माध्यमबाट आवश्यक उपचार, स्वास्थ्य संरक्षण, प्रवर्धन गर्ने।
अपेक्षित प्रतिफल	यस सेवाबाट बिरामीहरू तथा सेवाग्राहीहरूको आवश्यक उपचार, स्वास्थ्य संरक्षण, प्रवर्धन र पुनर्स्थापनामा सघाउ पुग्नेछ।
सञ्चालन प्रकृया	• आयुर्वेद स्वास्थ्य संस्थाहरूमा आएका सेवाग्राहीलाई स्वास्थ्य जाँच गरि समस्याको पहिचान गरी आवश्यकता अनुसार पूर्वकर्म सेवाका लागि सिफारिस गर्ने। • पंचकर्म अन्तर्गत पूर्वकर्मको रूपमा स्नेहन, स्वेदन, शिरोधारा, कटीवस्ति, ग्रीवा वस्ति, नस्य आदि आवश्यकतानुसार सञ्चालन गर्ने। • स्वेदन कर्म को लागि अनुसूची-२ वमोजिम का द्रव्य रोगानुसार प्रयोग गर्ने। • पूर्वपञ्चकर्म कार्यक्रम सञ्चालन भएका आयुर्वेद स्वास्थ्य संस्थाहरूमा सेवा प्रयोजनका लागि अनुसूची १ मा तोकिए बमोजिमको फाराम भर्ने। कार्यक्रम सञ्चालन गर्नु पर्ने समयः कार्यालय सञ्चालन रहने समयमा नियमित रुपमा।
सन्दर्भ सामग्री	मार्गदर्शन, निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम।
बजेट	१,००,०००।— औषधी खरिद व्यवस्थापन तथा सञ्चालन खर्च

विद्यालय आयुर्वेद तथा योग शिक्षा

परिचय	स्वस्थवृत्त (दिनचर्या, ऋतुचर्या, आहारविहार आदि), सदवृत्त, आचार रसायन, जीवनशैलीसम्बन्धी सचेतना तथा स्थानीयस्तरमा प्राप्त हुने जडिवुटीको उपयोगीता बारे जानकारी गराउन र योगको बारेमा जानकारी दिनुका साथै योगका विभिन्न क्रियाकलापहरूको अभ्यास गराउन विद्यालय आयुर्वेद स्वास्थ्य तथा योग शिक्षा कार्यक्रम राखीएको हो।
उद्देश्य	• स्वस्थवृत्त (दिनचर्या, ऋतुचर्या, आहार, विहार आदि), स्वस्थ जीवनशैली सम्बन्धी सचेतना गराउने। • योगको बारेमा जानकारी दिने तथा योगका विभिन्न क्रियाकलापहरूको अभ्यास गराउने। • घर वरिपरीका जडिबुटि र यिनको उपयोगको सम्वन्धमा सामान्य जानकारी गराउने।
अपेक्षित प्रतिफल	• स्वस्थवृत्त (दिनचर्या, ऋतुचर्या, आहार, विहार आदि), स्वस्थ जीवन शैली सम्बन्धी सचेतना प्राप्त भई स्वस्थ समाज निर्माण भएको हुनेछ। • स्थानीयस्तरमा प्राप्त हुने जडिवुटीको उपयोगिता बारे जानकारी भई विद्यालय परिसर तथा आफ्नो घरवरिपरि पनि रोप्न प्रोत्साहित हुनेछन्।

	• स्वस्थ जीवनका लागि योगको महत्व बारेमा जानकारी प्राप्त भई योग अभ्यास आफूले पनि गर्ने र अरुलाई पनि सिकाउने छन्।
सञ्चालन प्रकृया	• विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालनका लागि सम्वन्धित विद्यालयबाट प्रतिवद्दता पत्र लिई दुई वटा माध्यामिक विद्यालय छनौट गर्ने। • प्रत्येक विद्यालयका प्रधानाध्यापक, स्वास्थ्य तथा शारिरीक शिक्षा विषयका शिक्षक, नर्सिङ कर्मचारी (विद्यालय नर्सिङ कार्यक्रम सञ्चालन भएको विद्यालयको हकमा) समेत प्रति विद्यालय कम्तिमा चार जना शिक्षक/ शिक्षिकालाई विभागले तयार गरेको Module For Ayurveda and Yoga Education at School मा आधारित रहि अभिमुखीकरण तालिम कार्यक्रम सञ्चालन गर्ने। • तालिम प्रदान गरिएका विद्यालयका सम्वन्धित शिक्षक/शिक्षिका मार्फत नियमित रुपमा हप्तामा कम्तिमा १ कक्षाका दरले उल्लेखित मोड्युलमा आधारित रहि कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने। त्यसका लागि विद्यालयमा नियमित समय छुट्याउन विद्यालय व्यवस्थापन समितिसँग छलफल गरि पहल गर्ने। • विद्यार्थिहरू माझ योगाभ्यास प्रतिष्पर्धा गराइ उत्कृष्ठ विद्यार्थिलाई प्रोत्साहन गर्न सकिने छ। • सम्बन्धित औषधालयको एक जना प्राविधिक कर्मचारीलाई फोकल पर्सन तोक्ने। उक्त फोकल पर्सनले विद्यालयमा योगाभ्यास गराउनुका साथै त्रैमासिक रूपमा विद्यालय योग शिक्षा कार्यक्रम सञ्चालनको अनुगमन तथा समन्वय गरि विभागमा अनिवार्य रुपमा प्रतिवेदन पठाउने।
सन्दर्भ सामग्री	मार्गदर्शन, Module for Ayurveda and Yoga Education at School तथा अन्य प्रचलित ऐन नियम।
बजेट	७०,०००।—

नागरिक आरोग्य कार्यक्रम अभियान सञ्चालन

परिचय	नागरिकलाई शारीरिक व्यायाम, योग र आरोग्य सेवाको विस्तार तथा स्वच्छ र सन्तुलित आहारमा जोड दिई स्वस्थ जीवनशैली अपनाउन अभिप्रेरित गरिने नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम अनुसार स्थानीय तहसँगको सहकार्य र आम नागरिकको सहभागितामा नागरिक आरोग्य अभियान सञ्चालनार्थ यो कार्यक्रम राखिएको हो।
उद्देश्य	"मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" को मूल मर्ममा रहि आफ्नो र समुदायको स्वास्थ्यको जिम्मेवारी बोध गरि स्थानीय तहमा स्वस्थ जीवनशैली अवलम्वनका लागि अभियानमूलक कार्यक्रमका रुपमा नागरिक आरोग्य अभियान सञ्चालन गर्ने।
अपेक्षित प्रतिफल	• नागरिकहरू आफ्नो र समुदायको स्वास्थ्य प्रति सचेत भएको हुनेछन। • स्वस्थ जीवनशैली अवलम्वनको माध्यमबाट नागरिकको स्वास्थ्य प्रवर्धन भएको हुनेछ। • विभिन्न सर्ने तथा नसर्ने रोगहरू न्यूनीकरण गर्न सघाउ पुग्नेछ।
सञ्चालन प्रकृया	• सामूहिक रूपम योग एवम् सकारात्मक जीवनशैली (आयुर्वेद जीवनशैली एवम् स्वस्थकर आहार विहार) सम्बन्धी जानकारी दिने व्यवस्था मिलाउने। • स्थानीय जडिबुटी परिचय, प्रयोग, रोपण एवम् संरक्षण सम्बन्धी अभियानमूलक कार्यक्रम

	सञ्चालन गर्ने। • उल्लेखित कार्यक्रम बाहेक थप बजेटको सुनिश्चितता भै पालिकाबाट सम्बन्धित कुनै वडामा स्थापना हुने नागरिक आरोग्य सेवा केन्द्रको हकमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको समन्वय र परामर्श अनुसार खर्च बाँडफाँड गरि व्यवस्थापन गर्नुपर्नेछ।
बजेट बाँडफाँड	३०,०००/- (व्यवस्थापन खर्च)
सन्दर्भ सामग्री	मार्गदर्शन, नागरिक आरोग्य कार्यक्रम सञ्चालन निर्देशिका- २०७६, अन्य निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम।

नागरिक आरोग्य केन्द्र स्थापना र सञ्चालन तथा अभियान सञ्चालन।

परिचय	नागरिकलाई शारीरिक व्यायाम, योग र आरोग्य सेवाको विस्तार तथा स्वच्छ र सन्तुलित आहारमा जोड दिई स्वस्थ जीवनशैली अपनाउन अभिप्रेरित गरिने नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम अनुसार स्थानीय तहबाट आम नागरिकको सहभागितामा नागरिक आरोग्य अभियान सञ्चालनार्थ यो कार्यक्रम राखिएको हो।
उद्देश्य	"मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" को मूल मर्ममा रहि आफ्नो र समुदायको स्वास्थ्यको जिम्मेवारी बोध गरि स्थानीय तहमा स्वस्थ जीवनशैली अवलम्वनका लागि अभियानमूलक कार्यक्रमका रुपमा नागरिक आरोग्य अभियान सञ्चालन गर्ने।
अपेक्षित प्रतिफल	• नागरिकहरू आफ्नो र समुदायको स्वास्थ्य प्रति सचेत भएको हुनेछन। • स्वस्थ जीवनशैली अवलम्वनको माध्यमबाट नागरिकको स्वास्थ्य प्रवर्धन भएको हुनेछ। • विभिन्न सर्ने तथा नसर्ने रोगहरू न्यूनीकरण गर्न सघाउ पुग्नेछ।
सञ्चालन प्रकृया	• यस आ.व. मा पहिलो पटक बजेट व्यवस्था भई नागरिक आरोग्य सेवा केन्द्र स्थापना हुने स्थानीय तहले सम्बन्धित जिल्लाको आयुर्वेद स्वास्थय निकाय को सहजीकरणमा स्थानीय तहको उपयुक्त स्थानमा पूर्वाधारको व्यवस्था गरि नागरिक आरोग्य सेवा केन्द्र स्थापना गर्ने। • गत आ.व. देखी स्थानीय तहमा संचालित नागरिक आरोग्य सेवा केन्द्र साविक वमोजिम सञ्चालन गर्ने। • नागरिक आरोग्य कार्यक्रम सञ्चालनको लागि साविकमा प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थाबाट व्यवस्थापन भै आएका आआफ्नो स्थानीय तहमा संचालित नागरिक आरोग्य सेवा केन्द्रको सम्बन्धित स्थानीय तहले स्वामित्व लिई साविक वमोजिम कार्यक्रम करार गरि, सेवा सञ्चालन, अभियानकर्ता परिचालन तथा अभियान सञ्चालन गर्ने। • अनुसूची ९ बमोजिम यस आ.व.का लागि निरन्तरता / अभियानकर्ता छनौट /कार्यक्रम करार तथा परिचालन गरि तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्ने। • आधारभूत आयुर्वेद सेवा तथा सामान्य आयुर्वेद उपचार सेवा प्रदान गर्ने। • सामूहिक रूपम योग एवम् सकारात्मक जीवनशैली (आयुर्वेद जीवनशैली एवम् स्वस्थकर आहार विहार) सम्बन्धी जानकारी दिने व्यवस्था मिलाउने। • उल्लेखित कार्यक्रम बाहेक सम्बन्धितत पालिकाबाट थप बजेटको सुनिश्चितता भएमा यसै अनुरूप अन्य कार्यक्रमहरू समेत सञ्चालन गर्न सकिनेछ।
	लक्षित समूहः- आम सेवाग्राहीहरू तथा नागरिकहरू।

सन्दर्भ सामग्री	मार्गदर्शन, नागरिक आरोग्य कार्यक्रम सञ्चालन निर्देशिका- २०७६, अन्य निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम।

स्थानीय तहमा आयुर्वेद सेवा कार्यक्रम, नागरिक आरोग्य अभियान अनुगमन तथा समन्वय।

परिचय	आयुर्वेद सेवा कार्यक्रको प्रभावकारी कार्यान्वयन तथा नागरिकलाई शारीरिक व्यायाम, योग र आरोग्य सेवाको विस्तार तथा स्वच्छ र सन्तुलित आहारमा जोड दिई स्वस्थ जीवनशैली अपनाउन अभिप्रेरित गरिने नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम अनुसार स्थानीय तहसँगको सहकार्य र आम नागरिकको सहभागितामा नागरिक आरोग्य अभियान तथा समन्वयका लागि यो कार्यक्रम राखिएको हो।
उद्देश्य	"मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" को मूल मर्ममा रहि आफ्नो र समुदायको स्वास्थ्यको जिम्मेवारी बोध गरि स्थानीय तहमा स्वस्थ जीवनशैली अवलम्वनका लागि अभियानमूलक कार्यक्रमका रुपमा नागरिक आरोग्य अभियान सञ्चालन, समन्वय तथा सहजिकारण समेत गर्ने।
अपेक्षित प्रतिफल	• नागरिकहरू आफ्नो र समुदायको स्वास्थ्य प्रति सचेत भएको हुनेछन। • स्वस्थ जीवनशैली अवलम्वनको माध्यमबाट नागरिकको स्वास्थ्य प्रवर्धन भएको हुनेछ। • विभिन्न सर्ने तथा नसर्ने रोगहरू न्यूनीकरण गर्न सघाउ पुग्नेछ। • नागरिकक आरोग्य सेवा केन्द्र स्थापना तथा आयुर्वेद औषधालय र नागरिक आरोग्य सेवा केन्द्र मार्फत सञ्चालन हुने कार्यक्रम सञ्चालनमा आवश्यक समन्वय तथा सहजीकरण भै कार्यक्रम सञ्चालनमा प्रभावकारीता आउनेछ।
सञ्चालन प्रकृया	• सामूहिक रूपम योग एवम् सकारात्मक जीवनशैली (आयुर्वेद जीवनशैली एवम् स्वस्थकर आहार विहार) सम्बन्धी जानकारी दिने व्यवस्था मिलाउने। • नागरिक आरोग्य सेवा केन्द्र स्थापना तथा आयुर्वेद औषधालय र नागरिक आरोग्य सेवा केन्द्र मार्फत सञ्चालन हुने कार्यक्रम सञ्चालनमा आवश्यक अनुगमन,समन्वय तथा सहजीकरण गर्ने। • सम्बन्धित स्थानीय तह समेतको बजेट व्यवस्था र समन्वयमा आधारभूत आयुर्वेद सेवा सञ्चालन गर्न सकिनेछ।
बजेट बाँडफाँड	बजेट विनयोजन भए अनुसार।
सन्दर्भ सामग्री	मार्गदर्शन, नागरिक आरोग्य कार्यक्रम सञ्चालन निर्देशिका- २०७६, अन्य निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम।

नोटः यस मार्गदर्शन कार्यान्वनमा कुनै दुविधा, अस्पष्टता वा कठिनाई भएमा विभागले थप स्पष्टता/सहजीकरण गर्नेछ।

अनुसूची -१
पंचकर्म (पूर्वकर्म) सेवा सम्बन्धी फाराम

१. नाम, थरः-

२. उमेरः-

३. लिङ्गः-

४. ठेगानाः- महा/उप/नगरपालिका/गाउपालिका वडा नं.

५. पेशाः-

६. सम्बन्धित बिरामी वा अभिभावकको दस्तखतः—

८. कार्यालय प्रयोजनको लागि (२ प्रति मध्ये १ प्रति सेवाग्राहीलाई)
(क) मूल दर्ता नं.
(ख) सहायक रजिस्टर दर्ता नं.

९. सेवाः पूर्वकर्म (स्नेहन र स्वेदन), शिरोधारा, प्रतिमर्स नश्य कर्म तथा अन्य सेवाहरू।

अनुसूची -२
स्वेदन कर्मको लागि आवश्यक द्रव्यहरू

प्रायशः पातहरूको प्रयोग गरिन्छ र फल, बोक्रा, जरा वा काण्डको पनि प्रयोग गर्न सकिन्छ।

सिमली (निर्गुण्डी)	पुनर्नवा	गहत	दशमूल	बृहत पंचमूल
लघुपञ्चमूल	गुर्जो	तण्डुल (चामल)	शीतल चिनी (शिग्रु)	तितेपाती
बरुण (सिप्लिगान)	एरण्ड	अर्क(आंक)	तिल	सिस्नु आदि

अनुसूची -३

निः शुल्क विशेष स्वास्थ्य सेवाको प्रयोजनको लागि भरिने फारम

१. नाम,थरः-

२. उमेरः-

३. लिङ्गः-

४. ठेगानाः- महा/उप/नगर/गाउंपालिका वडा नं.

५. पेशाः-

६. सम्बन्धित बिरामी वा अभिभावकको दस्तखतः-

७. सेवाको किसिमः-

(क) ज्येष्ठ नागरिक (ख) स्तनपायी आमा

८. कार्यालय प्रयोजनको लागि (२ प्रति मध्ये १ प्रति सेवाग्राहीलाई)

(क) मूल दर्ता नं.

(ख) सहायक रजिस्टर दर्ता नं.

सि.नं.	मिति	सेवाको किसिम	औषधीको नाम	फायल	ग्रा./मि. ग्रा	पुनरावृति मिति	विरामीको दस्तखत	दस्तखत (औषधी वितरण शाखा)

<u>सिफारिश गर्ने</u>
(उपचारमा संलग्न स्वास्थ्यकर्मी)
नामः
पदः
दस्तखतः

<u>स्वीकृत गर्ने</u>
संस्था प्रमुख
नामः
पदः
दस्तखतः

अनुसूची -४

स्तनपायी आमाका लागि औषधीहरू

क्र. सं	औषधीको नाम	प्रयोग	मात्रा	प्रयोग विधि	प्रयोग अवधि	कैफियत
१	शतावरी (कुरिलो) चूर्ण	स्तन्य वर्द्धक, पोषक,रोग प्रतिरोध शक्ति वर्द्धक	चूर्ण ३-६ ग्राम स्वरस १०-२० मि.लि. क्वाथः ५०-१०० मि.लि	रस निकालेर , चूर्ण (Powder) बनाएर अथवा पकाएर क्वाथको रूपमा	आवश्यकतानुसार सुत्केरी भएको ६ महिना सम्म	

अनुसूची -५

अत्यावश्यक आयुर्वेद औषधी सूची

१. निःशुल्क प्रदान गरिने निम्नानुसारका औषधीहरू निरन्तर रुपमा प्राप्त हुने व्यवस्था मिलाउनु पर्नेछ।

क्र.सं.	औषधीको विवरण	क्र.सं.	औषधीको विवरण
१.	अविपत्तिकर चूर्ण	१३.	खदिरादी वटी
२.	हिंग्वाष्टक चूर्ण	१४.	षडविन्दु तेल
३.	महायोगराज गुग्गुल	१५.	योगराज गुग्गुल
४.	महानारायण तैल	१६.	महाशुदर्शन चूर्ण
५.	सितोपलादि चूर्ण	१७.	महाशंख वटी
६.	टंकण भस्म	१८.	विल्वादि चूर्ण
७.	पुष्यानुग चूर्ण	१९.	जात्यादि तेल
८.	बालामृत	२०.	कैशोर गुग्गुल
९.	मृगमदासाव	२१.	चन्द्रप्रभावटी
१०.	सर्पगन्धाघन वटी	२२.	त्रिफला
११.	निम्बादि चूर्ण	२३.	अश्वगन्धा चूर्ण
१२.	गन्धक रसायन		

२. औषधी व्यवस्थापन

१) औषधी खरिद

औषधी खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गर्नुपर्ने छ।

क) बिनियोजित बजेटबाट ऐन नियमको परिधि भित्र रही तोकिएका औषधीहरू खरिद गर्नुपर्ने छ।

ख) औषधीको खर्च- औषधीको आम्दानी खर्चको अभिलेख छुट्टा छुट्टै सहायक जिन्सी खाता खडा गरी खर्च व्यवस्थापन गर्नुपर्ने छ। यसरी राखिएको अभिलेख भण्डारको अभिलेख र उपचार रजिस्टरको अभिलेखसँग भिडेको हुनुपर्ने छ।

अनुसूची -६
औषधी गुणस्तर सम्बन्धी व्यवस्था

सम्बन्धित निकायबाट नविकरण गरी अद्यावधिक भएको उत्पादन अनुज्ञापत्र तथा बजार बिक्री बितरण प्रमाणपत्र संलग्न हुनुपर्ने छ। गुणस्तर परिक्षणका लागि एक जना आयुर्वेद विषयको प्राविधिक रहने गरि कम्तिमा ३ जनाको गुणस्तर परीक्षण समिति गठन गरि परीक्षण गराउने।

(क) चूर्ण औषधीहरूको निम्नानुसार परीक्षण व्यवस्था गर्नेः

क्र.सं.	औषधीको नाम	तौल	रूप/वर्ण	स्पर्श	रस	गन्ध	एकरूपता	कैफियत

प्रत्येक व्याचको स्वीकृति प्राप्त औषधी परीक्षण प्रयोगशालाबाट Microbial Test पूरा गरेको (Comply) प्रमाणपत्र संलग्न हुनु पर्ने।

(ख) गुग्गुल/वटी औषधीहरूको निम्नानुसार परीक्षण व्यवस्था गर्नेः

क्र.सं.	औषधीको नाम	तौल		रूप/वर्ण	स्पर्श (Hardness)	एकाई तौल (Fineness)	रस	गन्ध	एकरूपता	कैफियत
		प्रति वटि	प्रति बट्टा							

(ग) भष्म/पिष्टी औषधीहरूको निम्नानुसार परीक्षण व्यवस्थ गर्नेः

क्र.सं.	औषधीको नाम	तौल	स्वरूप (form)	रूप/वर्ण (colour)	रेखापूर्णता	वारितर	निश्चन्द्रिका	रस	गन्ध	कैफियत

(घ) मलहम एवम् तैल औषधीहरूको निम्नानुसार परीक्षण व्यवस्था गर्नेः

क्र.सं.	औषधीको नाम	तौल	रूप/वर्ण (colour)	स्पर्श (smoothness)	सान्द्रता	गन्ध	एकरूपता	कैफियत

अनुसूची - ७
अत्यावश्यक आयुर्वेद औषधी तथा अन्य खरिद र जिन्सी अध्यावधिक गर्दा भर्नुपर्ने खपत विवरण फारम

क्र.सं.	औषधीको नाम	औषधीको मासिक खर्च विवरण		औषधी हस्तान्तरण गरेको संस्थाको संख्या	कैफियत
		परिणाम	इकाइ		
१.					
२.					

अनुसूची - ८

औषधीको मौज्दात विवरण फारम

क्र. सं.	औषधीको नाम	औषधी प्राप्तिको स्रोत/कार्यक्रम								औषधीको जम्मा परिमाण	इकाई तौल खुल्ने गरी के.जी /ग्राम/ फाईल	कैफियत
		गत आ.व. को बाँकी मौज्दात	आयुर्वेद विभाग बाट प्राप्त	अत्यावश्यक आयुर्वेद औषधी खरिद	अन्यबाट औषधी खरिद/ प्राप्त	ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्धन सेवा	स्तनपायी आमा तथा शिशु सेवा	पञ्चकर्म (पूर्व कर्म) को लागि औषधी खरिद	दातृ निकायबाट प्राप्त औषधी			

अनुसूची - ९

नागरिक आरोग्य सेवा केन्द्र तथा नागरिक आरोग्य अभियान सञ्चालन गर्ने अभियानकर्ता

१. स्थानीय तहको स्वास्थ्य शाखा मार्फत जिल्ला स्थित प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थासमेतसँग आवश्यक समन्वय गरि साविकका/नयाँ अभियानकर्ता (वैद्य, चौथो तह) परिचालन/नयाँ छनौट/कार्यक्रम करार क्र.सं.२ र ३ बमोजिम हुनेगरी गर्ने।

२. अभियानकर्ताको हकमा कम्तिमा AAHW वा सो सरहको अध्ययन गरि आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएको हुनु पर्ने।

३. उमेरः १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको।

अभियानकर्ताको कार्य विवरणः

१. आधारभूत आयुर्वेद सेवा तथा सामान्य आयुर्वेद उपचार सेवा प्रदान गर्ने।

२. प्रत्येक महिनाको कार्य तालिका बनाई त्यसको आधारमा कार्यहरू सम्पादन गर्ने।

३. प्राप्त नागरिक आरोग्य अभियानसँग सम्बन्धित पुस्तक, पम्पलेट, ब्रोसर तथा हाते पुस्तिका लगायतका सूचनामूलक सामाग्रिहरू सम्बन्धित व्यक्ति, समुदाय तथा विद्यालयमा वितरण गर्ने।

४. नागरिक आरोग्य समिति र समूह समेतको सहयोगमा विद्यार्थी, शिक्षक, जनप्रतिनिधि, नागरिक समाज लगाएतको सहभागितामामा नागरिक आरोग्य अभियान सञ्चालन गर्ने। उक्त अभियानमा विभागबाट प्राप्त भएको प्रश्नावलीहरूका आधारमा समुदायको तथ्याङ्क सङ्कलन तथा जीवनशैली परीक्षण गर्ने।

५. स्वस्थ जीवनशैली, योग तथा जडिबुटी सम्बन्धी जानकारी स्थानीय विद्यालयलाई दिने।

६. स्थानीयरुपमा क्रियाशील योग समूह को सहयोगमा वृहत योग साधना तथा ध्यान शिविर अवश्यकता र माग अनुसार सम्वन्धित वार्ड/स्थानीय तहको समन्वयमा सञ्चालन गर्ने।

७. सम्पादित कामको सङ्क्षिप्त प्रतिवेदन सम्वन्धित वार्ड/स्थानीय तहको पत्र सहित अर्धवार्षिक रूपमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा पठाउने।

८. पालिकाले तोके बमोजिमका आयुर्वेद सेवा कार्यक्रमसँग सम्बन्धित अन्य कार्यहरू गर्ने।